अभिलेख
ABHILEKHA

वर्ष ३१ | २०८० | पूर्णाङ्क ३१



राष्ट्रिय अभिलेखालय

रामशाहपथ, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमेरिकाबाट फिर्ता भएका गाताचित्र

भागवत पुराण लगत संख्या ४/७५०

विष्णु धर्म लगत संख्या १/१००२ ने.सं. २१०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख
ABHILEKHA

वर्ष ३१ ✿ २०७० ✿ पूर्णाङ्क ३१

प्रधान सम्पादक
प्रकाश दर्नाल

सम्पादक
उत्तमराज खनाल
सुभद्रा भट्टराई
राजु रिमाल

दुई शब्द

राष्ट्रिय अभिलेखालयलाई नेपालको ज्ञानको भण्डार अर्थात ज्ञानको सागर भनेमा अत्युक्ति नहोला । भूपरिवेष्ठित भएकोले यहाँ समुद्र छैन । तर यहाँको हिमाल, पहाड र तराइ जहाँ कोशी, गण्डकी र कर्णाली जलले सिंचित सभ्यतामा पुर्खाले छोडेर गएका दर्शन, तन्त्र, ज्योतिष, आयुर्वेद, योग, पुराण, धर्म, न्याय, कला, इतिहास, संस्कृति, साहित्य, ज्ञान, विज्ञान, शिल्प आदिका ग्रन्थहरू संकलित हुँदा अथाह ज्ञानको सागर हुन पुगेको अध्येताहरूमा लुकेको छैन ।

सातौ आठौ शताद्वी देखिका हजारौ हस्तलिखित ग्रन्थहरू, लाखौ माइक्रोफिल्म ग्रन्थहरू, विभिन्न लिपिका विभिन्न विषयको दुर्लभ ग्रन्थहरूको संकलनले गर्दा राष्ट्रिय अभिलेखालयमा नेपालको मात्र नभएर संसार भर ज्ञानको सागरको रूपमा प्रतिष्ठित भएको पाइन्छ । तसर्थ नेपाल लुम्विनी, सगरमाथा, पशुपतिनाथ, मुक्तिनाथ र हिमालयको देशकारूपमा मात्र प्रशिद्ध नभइ अमुल्य हस्तलिखित ग्रन्थहरूको ज्ञान सागरको रूपमा पनि स्थापित हुदैछ भन्ने तथ्य यूनेस्कोको Memory of the World Heritage मा हालै सूचीकृत सुश्रुत संहिता र निश्वासतत्व संहिताले देखाउछ ।

अभिलेखालयलाई समय सापेक्ष ढंगले पुर्नसंगठित नगर्ने हो भने यसले आफ्नो गौरव थाम्न हम्मे हुने देखिन्छ । यसको विद्यमान अभिलेख संरक्षण ऐन २०४६ र अभिलेख संरक्षण नियमावली २०६३ मा धेरै सुधार गर्नु पर्ने अवस्था आइ सकेको छ। यसको स्तरोन्नति हुन नसकनुनै तिब्र विकासमा वाधक भएको टडकारो देखिन्छ। ज्ञान सागरको रूपमा रहेको यो अभिलेखालयलाई सार्वजनिक रिकर्डको रूपमा लैजानु यसको नाम अनुसार सार्थकता हुन्छ । त्यसो नभएमा देशको कैयन महत्वपूर्ण सूचनाहरू तथा रेकर्डहरूको कागजातहरू हराएर वा नासिएर जान्छन ।

अहिले अभिलेखालयलाई दक्ष जनशक्तिको अभाव साह्रै खडकिएको अवस्था छ । अभिलेख, रसायन र माईक्रोफिल्म यी ३ वटै विधा अभिलेखालयको महत्वपूर्ण अंशहरू हुन । लिच्छवि तथा नेवारी लिपि पढ्ने, लिप्यान्तर गर्ने तथा भाषाको ज्ञान, कागजपत्रहरूको संरक्षण गर्ने, डिजिटल प्रविधिको दक्षता अहिलेको समयमा नभई नहुने आवश्यकता भए पनि अभिलेखालय हाल यी कुराहरूबाट वञ्चित जस्तै हुन पुगेको छ। ती ज्ञान सागरलाई कसरी भविष्यको लागि जोगाउने भन्ने गम्भिर समस्या र चुनौतिमा अभिलेखालय अहिले उभिएको छ। अभिलेखालयमा प्रयोग भएको माइक्रोफिल्महरूमध्ये एसेटिकमा समस्या देखिएको छ। उक्त रिलहरूमा एसिडले गर्दा गन्ध आई फिल्मनै नष्ट भएको छ। यसलाई जोगाउन तुरन्त अर्को प्रति बनाउन आवश्यक पर्छ । तर प्राथमिकतामा नपरेको कारणले आर्थिक, प्राविधिक तथा जनशक्तिको अभावमा कतै हाम्रो गौरवमा ग्रहण पो लाग्ने हो कि भन्ने चिन्ता लागेको छ। यसमा पुरातत्व विभाग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा सम्पूर्ण जनसाधारण र अध्ययन, अन्वेषकहरूको ध्यान आकृष्ट गर्न चाहान्छु ।

मितिः २०७० चैत्र

प्रकाश दर्नाल
प्रमुख
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक : राष्ट्रिय अभिलेखालय
फोन नं. : ४२६४३५३
Website: www.narchives.gov.np
प्रकाशन मिति : २०७० साल, चैत्र
प्रकाशित प्रति : ५००
मूल्य रू. : २५/-
मुद्रक : कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं
फोन नं. : ४२२५६९६
Email: koshi_press@yahoo.com

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय-सूची

विषय	लेखक	पृष्ठ संख्या
अधिराजवंशावलीमा र अरू वंशावलीमा शाहवंशको पुस्तेवारी	- डा. महेशराज पन्त	१
कुशेश्वर महादेवस्थानका अभिलेख	- पुरूषोत्तमलोचन श्रेष्ठ	१३
चैनपुरको मेजरपाटी र त्यहाँको अभिलेख	- डा. सोमप्रसाद खतिवडा	२०
नेपाली भाषाका प्राचीन केही अभिलेखमा पात्रविधानको विश्लेषण	- डा. भूपहरि पौडेल	२६
नेपालको प्रशासनमा 'मिझार'	- डा. भवेश्वर पंगेनी	३६
जगज्योति मल्लको स्वरोदय खोजी	- काशीनाथ तमोट	५१
तिब्बतमा गोर्खा मुद्राको निर्यात र प्रचार : ऐतिहासिक अध्ययनको एक पाटो	- देविचन्द्र श्रेष्ठ	५८
हराएका प्राचीन हस्तलिखित ग्रन्थका गाताचित्र राष्ट्रिय अभिलेखालयमा फिर्ता एक चर्चा	- प्रकाश दर्नाल	६३
स्वयम्भूमा प्राप्त भएको अप्रकाशित लिच्छविलिपि अभिलेख	- श्यामसुन्दर राजवंशी	६८
लिच्छविकालको एउटा अप्रकाशित शिलापत्रको विषयमा	- प्रकाश खड्का	७४
राष्ट्रिय अभिलेखालयमा रहेका "मणि काबुम्" को छोटो परिचय	- कल्पना पराजुली	८१
The Transliteration of the Gtsang khrims yig chen mo– A Tibetan legal code kept at the National Archives of Nepal	- Dr. Christoph Cüppers	८४
Pt. Amritananda Bandya – A Buddhist intellect from Patan and His 'Naipaliya Devata Stuti Kalyana Pancavimsatika'	- Prof. Shanker Thapa	११६
Karunastava strotra of Bandhava Acharya	- Sankar Sagar Shrestha	१२४
कौसी तोषाखानाबाट प्राप्त लालमोहर		१२७
आर्थिक वर्ष २०६६/६७ को वार्षिक गतिविधि		१३५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अधिराजवंशावलीमा र अरू वंशावलीमा शाहवंशको पुस्तेवारी

- डा. महेशराज पन्त*

१. अधिराजमहाराजराजगुरुवंशावली भनी राष्ट्रिय अभिलेखालयको ढड्डामा चढेको एउटा वंशावलीको मूलको फ्याक्सिमिलि र मूलपाठ आफ्नो छोटो वक्तव्यसहित अभिलेख पत्रिकाको यसभन्दा अघिल्लो अङ्कमा छपाएको थिएँ।[१] श्री ३ जङ्गबहादुरको सम्बन्धमा यस वंशावलीमा भएका ५ थरी विषयवस्तु— १) कोतपर्व र श्री ५ सुरेन्द्रको सिंहासनारोहण (१०६-११३ श्लोक) २) वि.सं. १९१२ को भोटसँगको लडाइँ (१२२-१२९ श्लोक) ३) वि.सं. १९१४ को गदरमा जङ्गबहादुरले अङ्ग्रेजको पक्ष लिई गरेको युद्ध र त्यसबाट नेपाललाई भएको लाभ (१३४-१५२ श्लोक) ४) चीनबादशाहबाट जङ्गबहादुरले पाएका तक्मा (१५२ श्लोकपछिको गद्यवाक्य) ५) श्री ५ का छोरीको जङ्गबहादुरका छोरासँग र जङ्गबहादुरकी छोरीको श्री ५ को छोरासँग विवाह (१६३-१६४ श्लोक)–मध्ये अघिल्ला ३ थरीको विषयमा ४ महीना जतिअगाडि राजधानी दैनिकमा छोटो लेख छपाएँ ।[२] अभिलेखको यस अङ्कमा चाहिँ त्यही वंशावलीबाट श्री ५ को पुस्तेवारीको विषयमा लेख्दैछु ।

२. गोरक्षाधीशचम्पू भन्ने नाउँले एउटा संस्कृतकाव्य नरहरिनाथको सम्पादनमा वि.सं. २०१३ मा छापिएको छ । श्री ५ सुरेन्द्रविक्रम शाहको जन्म भएसम्मको कुरा परेको, १०४ पद्यमा टुङ्गिएको त्यस चम्पूमा र यस अधिराजमहाराजराजगुरुवंशावलीको १०४ पद्यसम्मको भागमा एकाध ठाउँमा पाठान्तरबाहेक सर्वत्र हूबहू एकनासको पाठ छ । यस कारण १७४ पद्य र त्यसपछिको गद्यवाक्य तथा थप १५ श्लोकमा टुङ्गिएको अधिराजमहाराजराजगुरुवंशावली भनेको गोरक्षाधीशचम्पूमै राणाजीको र पाँडे गुरुज्यूको कुरा थपी तयार गरिएको पुस्तक हो भनी भन्नुपर्छ । यसैले राष्ट्रिय अभिलेखालयको ढड्डामा श्री ५, श्री ३ र गुरुज्यूको विषयमा लेखिएको यस वंशावलीको नाउँ अधिराजमहाराजराजगुरुवंशावली भनी राखेको उचित देखिन्छ ।

यस वंशावलीमा श्री ५ को पुस्तेवारी १०४ पद्यमा टुङ्गिएपछि श्री ३ जङ्गबहादुरको कुरा आउँछ । उनको महिमा गाउने प्रसङ्गमा श्री ५ सुरेन्द्रविक्रमका छोरा श्री ५ त्रैलोक्यविक्रमको विवाह श्री ३ जङ्गकी छोरीसँग भई जन्मेका श्री ५ पृथ्वीवीरविक्रमको नाउँ यहाँ आएको

---

* संशोधन-मण्डलसँग आबद्ध हुनुहुन्छ ।

१. महेशराज पन्त २०६९ क ।

२. ऐजन २०७० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ । यस कारण अधिराजमहाराजराजगुरुवंशावलीबाट अधिराज अर्थात् श्री ५ सम्मको वंशावली छुट्ट्याई त्यसलाई अधिराजवंशावली भन्ने नाउँले यस लेखमा व्यवहार गरिएको छ ।

३. राजाहरू धेरैजसो आफ्नो वंशको उत्पत्ति देवता वा ख्यातनामा पुरुषसँग जोडी पुस्तेवारी लामो देखाउन खोज्छन् । उदाहरणको लागि लिच्छविवंशको उत्पत्ति ब्रह्मादेखि भएको र त्यो वंश इक्ष्वाकु हुँदै लिच्छविसम्म पुगेको, सुदीर्घ इतिहासको प्रख्यापन तात्कालिक शिलापत्रमा गरिएको छ ।[३] नेपालखाल्डोमा राजधानी भएको मल्लवंशले कहीँ भगवान् विष्णुदेखि[४] र कहीँ रघुदेखि[५] आफ्नो वंशको उठान गरेको कुरा यसको अर्को दृष्यान्त हो । यसै गरी राजस्थान मेवाडको राजवंशसँग जोडेर गोरखाली शाहवंशको पुस्तेवारीका थरी थरी संस्करण उपलब्ध छन् । अधिराजवंशावली तिनमध्ये एक हो ।

४. ऋषिराज भट्टारकदेखि श्री ५ पृथ्वीवीरविक्रम शाह (वि.सं. १९३२-१९६८)सम्मको ५७ पुस्ताको वंशावली यस अधिराजवंशावलीमा आएको छ । त्यो पुस्तेवारी तल सारणीको रूपमा दिँदा यस वंशावलीमा ती ती राजाको कुरा कहाँ कहाँ आएको छ भनी देखाउन हरेक नाउँको पछाडि कोष्ठभित्र पद्यसङ्ख्या र कुनै पद्यपछिको गद्यवाक्यमा आएको छ भनें धनचिह्न +ले त्यो बुझाइन्छ–

१) **ऋषिराज भट्टारक** (४-६, ६+)
२) **शिव भट्टारक** (६+)
३) **मदन भट्टारक** (६+)
४) **तिला भट्टारक** (६+)
५) **श्यामा भट्टारक** (६+)
६) **गोवर्धन भट्टारक** (६+)
७) **हरि भट्टारक** (६+)
८) **श्रीनिधि भट्टारक** (६+)
९) **भास्कर भट्टारक** (६+)
१०) **नीलाम्बर भट्टारक** (६+)
११) **अभय भट्टारक** (६+)
१२) **नागजात्मा भट्टारक** (६+)
१३) **देवराज भट्टारक** (६+, ८)
१४) **अयुत बम्ब राणाजी** (८-१०)
१५) **वराबू बम्ब** (११)
१६) **कनकवर बम्ब** (११)
१७) **यशो बम्ब राणाजी** (११)
१८) **औदुम्बर राव** (१२)
१९) **भट्टार्क राणा राव** (१३)
२०) **वीरविक्रमजित्** (१३)
२१) **जिल्ल राणा** (१४)
२२) **अजिल्ल राव** (१४)
२३) **अटल्ल राणा** (१४)
२४) **तुथादिराज** (१४)
२५) **विमिकिराज** (१५)
२६) **हरि राणा राव** (१५)
२७) **श्रीब्रह्म राणा** (१५)
२८) **बखान** (१६)
२९) **मनोरथ** (१६)
३०) **जयद् राणा** (१६-१७)
३१) **भोज राणाजी राव** (१७)
३२) **भूपति राणाजी राव** (१७-२८)
३३) **उदय बम्ब** (१७+, २९) **फत्ते सिंह** (१७+, २८) **मन्मथ** (१७+, २९) **सदल** (छोरी) (१७+-२७)
३४) **ब्रह्मानीक** (३०) **भूपाल** (३०-३५)
३५) **खांचा** (३५-३६) **मिंचा** (३५, ३७)
३६) **जयन्त** (३७)
३७) **सूर्य खान** (३८)

---

३. द्वितीय जयदेवको, [मानदेव]संवत् १५७ (वि.सं. ७९०) कार्तिकशुक्लनवमीको, पशुपतिको शिलापत्र (धनवज्र वज्राचार्य २०३०: ५४८-५६२ मा १४८ संख्या) ।

४. प्रताप मल्लको पशुपतिको शिलापत्र (डिल्लीरमण रेग्मी २०२३: ११४-१२० मा ६० सङ्ख्या) ।

५. प्रताप मल्लको हनूमान्ढोका कृष्णदेवलको शिलापत्र (गौतमवज्र वज्राचार्य २०३३: २०२-२०४ मा १६ संख्या) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३८) **मीचा खान** (३८) **विचित्र खान** (३८)

३९) **कुलमण्डन साह** (३९-५८)

४०) **१. २. कालु साह** (४१-४३) **३. ४. ५. ६. ७. यशोबंब साह** (५८- ५९)

४१) **नरहरि साह** (६०) **द्रव्य साह** (६१-६१+)

४२) **पुरन्दर साह** (६१+)

४३) **छत्र साह** (६१+) **राम साह** (६१+)

४४) **डम्बर साह** (६१+)

४५) **कृष्ण साह** (६१+)

४६) **रुद्र साह** (६१+)

४७) **पृथ्वीपति साह** (६१+)

४८) **वीरभद्र साह** (६२-६९) **चन्द्ररूप साह** (६४-७१)

४९) **नरभूपाल साह** (७१-७६)

५०) **पृथ्वीनारायण साह** (७७-८५)

५१) **सिंहप्रताप साह** (८६-८७)

५२) **रणबहादुर साह** (८८-१०३)

५३) **गीर्वाणयुद्धविक्रम साह** (१०३+)

५४) **राजेन्द्रविक्रम साह** (१०३+, १०७+, १०९+)

५५) **सुरेन्द्रविक्रम साह** (१०३+, १०९-११४, १५२)

५६) **त्रैलोक्यविक्रम साह** (१५४-१५६, १६१+)

५७) **पृथ्वीवीरविक्रम साह** (१६१+)

५. गोरखाली शाह राजाहरूका वंशावलीमध्ये राम शाह (राज्यकाल वि.सं. १६६६-१६९३)ले चित्रविलासलाई लेखाएको, संस्कृतभाषाको राजवंशावली[६] सबभन्दा पुरानो हो । राम शाहकै पुस्तेवारीसम्म भएको, संस्कृतभाषामा लेखिएको अर्को एउटा वंशावली पनि छ । गोरक्षराजवंशावली भन्ने नाउँमा त्यो वंशावली प्रकाशित छ ।[७] संस्कृतवंशावलीको क्रममा श्री ५ राजेन्द्रविक्रम शाह (वि.सं. १८७०-१९३८) को नाउँमा दरिएको राजकल्पद्रुममा राखिएको शाह राजाहरूको वंशावली पनि सम्झनुपर्छ ।[८]

राजपूतानाका थरीथरीका राजाहरूको वृत्तान्त ख्यातनाउँले प्रख्यात छ । उदयपुर राज्यको त्यस्तै ख्यातमा राजपूतानाबाट नेपाल पसेका रजपूत र उनका वंशधर नेपाली शाह राजाहरूको पुस्तेवारी दिइएको छ ।[९] श्री ३ वीरशमशेरले आफ्ना भाइ खड्गशमशेरलाई वि.सं. १९४३ मा पालपा धपाएसम्मको, नेपालको इतिहास परेको, राजस्थानका श्यामलदासले लेखेको वीरविनोदमा गोरखाली राजाहरूको पुस्तेवारी दिइएको छ । उदयपुरको ख्यात र वीरविनोदमा दिइएका पुस्तेवारीमा खास फरक छैन भने पनि हुन्छ । अघिल्लोमा लगातारको पुस्तेवारी दिँदा पहिलो पुर्खाको रूपमा **कुम्भकर्ण**, त्यसपछि उनका छोरा **अयुत**को नाउँ दिइएकोमा पछिल्लोमा चाहिँ **अयुत**बाटै लगातारको पुस्तेवारी उठाई **अयुत**लाई **कुम्भकर्ण**को वंशधर र **कुम्भकर्ण**लाई **समरसिंह**का छोरा भनी पृथ्वीराजरहस्य भन्ने ग्रन्थको आधारमा लेखिएको छ ।[१०]

पछि पछि भने नेपाली भाषामा लेखिएका वंशावलीको लर्को लाग्छ । तिनमध्ये पाइएसम्ममा सबभन्दा पुरानो, वि.सं. १८९१ ज्येष्ठशुक्लदशमी दशहरा अर्थात् असार ४ गतेको दिन देउपाटनका सिद्धिनारायण ब्राह्मणले लेखिसिद्ध्याएको राजोपाख्यान हो ।[११] यसपछि त्यही छाँटले लेखिएका वंशावलीका थरीथरीका संस्करणको पालो आउँछ । नेपालीमा लेखिएका,

---

६. दिनेशराज पन्त २०४५: ६५४-६५६ ।

७. नरहरिनाथ २०१३: ५७३-५७५ ।

८. हरप्रसाद शास्त्री १९६१/६२: २४२-२४३ ।

९. उदयपुरको **ख्यात**मा भएको, शाह राजासम्बन्धी वृत्तान्त गौरीशंकर हीराचंद ओझाको उदयपुर का इतिहासमा उद्धृत छ भन्ने कुरा सूर्य्य विक्रम ज्ञवाली १९८९/९०: २ बाट थाहा हुन्छ । आफूसँग उदयपुर का इतिहास नभएकोले सूर्य्य विक्रम ज्ञवाली १९९३: परिशिष्ट खमा उद्धृत **द्रव्यशाहका पुर्खाहरूको नामावली**बाट काम चलाइएको छ ।

१०. श्यामलदास [१९४३] २०४३: १८४८-१८४९ = थियोडोर रिकार्डी, जूनियर २०३२: २४६-२४७ ।

११. महेशराज पन्त २०३१: १६४-१६५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्ता वंशावलीलाई आजभोलि भाषावंशावली भन्ने नाउँ दिइएको छ ।

श्री ५ हरूको प्राचीनकालदेखिको, जस्तो प्रकारको वंशावली यस अधिराजवंशावलीमा छ; त्यस्तो प्रकारको वंशावली भाषावंशावलीका विभिन्न संस्करणमा पनि पाइन्छ । उदाहरणको लागि श्री ५ सुरेन्द्रको जन्म अर्थात् शाके १७५१ (वि.सं. १८८६) आश्विनशुक्लसप्तमीसम्मको इतिहास परेको, ड्यान्यल राइटको हिस्टरि अफ् नेपाल्को मूल रूप भएको,[१२] हाल केम्ब्रिजविश्वविद्यालयमा रहेको वंशावली (आइन्दा केम्ब्रिजवंशावली)मा;[१३] वि.सं. १९४७ श्रावणकृष्णत्रयोदशीसम्मको इतिहास परेको, नेपाल देशको इतिहास भन्ने नामले प्रकाशित वंशावलीमा;[१४] संशोधन-मण्डलको सङ्ग्रहमा रहेको, वि.सं. १९४८ कार्तिककृष्णषष्ठीसम्मको इतिहास परेको अप्रकाशित वंशावली (आइन्दा मण्डलवंशावली)मा[१५] र वि.सं. १९३३ चैत्रशुक्लअष्टमीसम्मको घटना सरासर लेखेपछि श्री ५ हरूको श्री ५ त्रिभुवनसम्मको कुरा थपिएको संक्षिप्त वंशावलीमा[१६] देखिएका पुस्तेवारी अघि सार्न सकिन्छ ।

६. सबभन्दा पहिले चित्रविलासको राजवंशावली र राजेन्द्रविक्रम शाहको राजकल्पद्रुमबाट राम शाहको पुस्तेवारी उतारिन्छ–

राजवंशावली	राजकल्पद्रुम
	१) **विक्रम**
१) **जिल्लराज**	२) **जिल्लराज**
२) **अजित**	३) **अजित**
३) **अटल्लराज**	४) **अटल्लराज**
४) **तूथाधिराज**	५) **तुथाराज**
५) **विमिकिराज**[१७]	६) **विमिकिराज**
६) **हरिराज**	७) **हरिराज**
७) **ब्रह्मणिक**	८) **ब्रह्मराज**
८) **मन्मथराज**	९) **मन्मथ**
९) **जैन खान**	१०) **जैन खान**
१०) **सूर्य खान**	११) **सूर्य खान**
११) **मीचा खान**	१२) **मीचा खान**
१२) **विचित्र खान**	१३) **विचित्र**
१३) **यशोब्रह्म साहि**	१४) **यशोब्रह्म साही**
१४) **द्रव्य साहि**	१५) **द्रव्य साही**
१५) **पूर्ण साहि**	१६) **पूर्ण साही**
१६) **राम साहि**	१७) **राम साहि**

६.१. अधिराजवंशावलीअनुसार उठानदेखि एक्काइसौँ पुस्ताका **जिल्ल** राजवंशावलीमा पहिलो पुस्ता भएर आएका छन् त राजकल्पद्रुममा भने **जिल्ल**का बाबुदेखि पुस्तेवारी उठाइएको छ । **जिल्ल**का बाबुको नाउँमा अधिराजवंशावलीमा र राजकल्पद्रुममा केही रूपभेद छ । खुलाएर भन्दा अघिल्लोमा नाउँ **वीरविक्रमजित्** छ त पछिल्लोमा चाहिँ खालि **विक्रम** मात्र छ ।

राजवंशावलीमा **अटल्लराज**का छोराको नाउँ **तूथाधिराज** र राजकल्पद्रुममा **तुथाराज** मात्र छ । अघिल्लोमा भएको नाउँ छन्दोऽनुरोधले भएको हुनुपर्छ । अघिल्लोमा भएको यही नाउँमा अघिल्लो वर्ण ह्रस्व गरी लेखिएको **तुथाधिराज** अधिराजवंशावलीमा छन्दमै भएको कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ । **हरिराज**का छोराको नाउँ राजवंशावलीमा **ब्रह्मणिक** र राजकल्पद्रुममा **ब्रह्मराज**

---

१२. ऐजन २०६९: २७८ ।

१३. १७४-१७८ पृष्ठ = ड्यान्यल राइट १९३३: २७४-२७८ ।

१४. नेपाल देशको इतिहास २०२९: १-६ ।

१५. २१०-२२० पृष्ठ ।

१६. दिनेशराज पन्त २०६५: १०९-१११ ।

१७. मूलमा **विमिकिराट्** भए पनि छन्दोऽनुरोधले °राजको ठाउँमा °राट् लेखिएकोले माथि **विमिकिराज** लेखिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुनुचाहिँ धेरैजसो वंशावलीमा **ब्रह्मणिक** वा यसका सामान्य रूपभेद आए पनि ती त्यति चल्तीका नाउँ नभएकाले पछिल्लोमा **ब्रह्मराज** भनी बनाएको हुनुपर्छ। यस कारण राजवंशावली र राजकल्पद्रुमको मूल एउटै हो भनी भन्दा फरक पर्दैन।

६.२. राजवंशावली र राजकल्पद्रुमलाई एकापट्टि र अधिराजवंशावलीलाई अर्कोपट्टि राखी यी २ का पुस्तेवारीमा परेका नाउँमा सानोतिनो रूपभेद वास्ता नगर्ने हो भने अघिल्लोअनुसार **हरि**का नाति, **ब्रह्मणिक/ब्रह्मराज**का छोरा **मन्मथ** पछिल्लोमा **हरि** (२६ पुस्ता)का छोरा **श्रीब्रह्म** (२७ पुस्ता) र **हरि**देखि **मन्मथ** (३३ पुस्ता)को बीचमा अरू ६ पुस्ता बितेको देखिन्छ। अघिल्लोअनुसार **मन्मथ**का छोरा **जैन खान, जैन खान**का छोरा **सूर्य खान** भएकोमा पछिल्लोअनुसार **मन्मथ**का छोरा **भूपाल** (३४ पुस्ता), **भूपाल**का छोरा **मिंचा** (३५ पुस्ता), **भूपाल**का नाति **जयन्त** (३६ पुस्ता) र **भूपाल**का पनाति **सूर्य खान** (३७ पुस्ता) हुन्छन्। छोटकरीमा शब्दान्तरमा भन्दा अघिल्लोअनुसार **मन्मथ**का नाति **सूर्य खान** पछिल्लोअनुसार **मन्मथ**का जनाति हुन पुग्छन्। अघिल्लोअनुसार **सूर्य खान**का नाति **विचित्र खान** पछिल्लोअनुसार **सूर्य खान**का कान्छा छोरा (३८ पुस्ता) हुन पुग्छन्। अघिल्लोअनुसार **विचित्र खान**का छोरा **यशोब्रह्म शाह** पछिल्लोअनुसार **विचित्र खान**का नाति (४० पुस्ता) हुन पुग्छन्। अर्को शब्दमा भन्दा पछिल्लोअनुसार **विचित्र खान**का छोरा **कुलमण्डन शाह** (३९ पुस्ता), **कुलमण्डन शाह**का छोरा **यशोब्रह्म शाह** (४० पुस्ता) भएकोमा अघिल्लोमा **कुलमण्डन शाह**को नामै नपरी **विचित्र खान**का छोरा **यशोब्रह्म शाह** हुन पुगेका छन्।

७. अब गोरक्षराजवंशावलीबाट **राम शाह**को पुस्तेवारी उतारिन्छ–

१) **अयित बुम्**[१८]
२) **वरा बुम्ब**
३) **कनक बुम्**
४) **आम् बुं**
५) **औदुम्ब राई**
६) **भट्ट राई**
७) **जील्ल राई**
८) **अजीत**
९) **आल बुम्**
१०) **तूथा**
११) **वीमिकी राइ**
१२) **हरि राइ**
१३) **ब्रह्मणीक**
१४) **मन्मथ**
१५) **जै खान**
१६) **सूर्य खान**
१७) **खाञ्चा मीञ्चा**
१८) **मित्रा साह**
१९) **विचित्र**
२०) **जस बुं**
२१) **दर्वै**
२२) **पूर्ण साह**
२३) **राम साह**

७.१. राजाहरूका नाउँ अति नै भ्रष्ट तरीकाले गोरक्षराजवंशावलीमा लेखिएको कुराको खयाल नराख्ने हो भने अधिराजवंशावलीअनुसार चौधौँ पुस्ताका **अयुत** यस वंशावलीमा पहिलो पुस्ता भएर आएका छन्। अधिराजवंशावलीअनुसार १९ पुस्ताका **भट्टारक** (मूलमा- **भट्टार्क**)का छोरा **वीरविक्रमजित्** र उनका छोरा **जिल्ल** भएकोमा गोरक्षराजवंशावलीअनुसार **भट्टारक** (मूलमा- **भट्ट राई**)का छोरा **जिल्ल** हुन्छन् र यहाँ **वीरविक्रमजित्**को नाउँ कतै आउँदैन।

---

१८. गोरक्षराजवंशावलीका सम्पादकले **बुम्** वा त्यसका रूपभेदमा सर्वत्र **वु** प्रकाशित गराए पनि यो शब्द **वर्मा**को तद्भव भएकोले (महेशराज पन्त २०६६: ३००-३१४) मैले **बु** गरेको हुँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अधिराजवंशावलीअनुसार छब्बीसौँ पुस्ताका **हरि**का छोरा **श्रीब्रह्म** (२७ पुस्ता) र उनको सातौँ पुस्तामा **मन्मथ** (३३ पुस्ता), **मन्मथ**का छोरा **ब्रह्मानीक** र **भूपाल** (३४ पुस्ता), **भूपाल**का छोरा **खांचा** र **मिंचा** (३५ पुस्ता), **मिंचा**का छोरा **जयन्त** (३६ पुस्ता), **जयन्त**का छोरा **सूर्य खान** (३७ पुस्ता), **सूर्य खान**का छोरा **मीचा खान** र **विचित्र खान** (३८ पुस्ता), **विचित्र खान**का छोरा **कुलमण्डन साह** (३९ पुस्ता), **कुलमण्डन साह**का छोरा **यशोबंब साह** (४० पुस्ता) भएकोमा गोरक्षराजवंशावलीअनुसार **हरि**का छोरा **ब्रह्मणीक**, **ब्रह्मणीक**का छोरा **मन्मथ**, **मन्मथ**का छोरा **जै खान**, **जै खान**का छोरा **सूर्य खान**, **सूर्य खान**का छोरा **खाञ्चा** र **मीञ्चा**, **मीञ्चा**का छोरा **मित्रा साह**, **मित्रा साह**का छोरा **विचित्र**, **विचित्र**का छोरा **यशोबंब साह** (मूलमा- **जस बुं**) देखिएका छन् । अर्को शब्दमा भन्दा **हरि**देखि **यशोबंब**सम्म अधिराजवंशावलीअनुसार १५ पुस्ता बितेकोमा यस वंशावलीअनुसार ९ पुस्ता बितेको देखिन्छ ।

८. अब उदयपुरको ख्यात र वीरविनोदबाट **राम शाह**सम्मको, शाह राजाहरूको पुस्तेवारी उतारिन्छ–

ख्यात	वीरविनोद
	समरसिंह
१) **कुम्भकर्ण**	**कुम्भकरण**
२) **अयुत**	१) (कुम्भकरणको वंशमा) अयुत
३) **परा वर्म**	२) **वरा वर्म**
४) **कवि वर्म**	३) **कवि वर्म**
५) **यश वर्म**	४) **यश वर्म**
६) **उदुम्बर राय**	५) **उदम्बर राय**
७) **भट्ट राय**	६) **भट्ट राय**
८) **जिल्ल राय**	७) **जिल्ल राय**
९) **अजल राय**	८) **अजल राय**
१०) **अटल राय**	९) **अटल राय**
११) **तुत्था राय**	१०) **तुत्था राय**
१२) **भामसी राय**	११) **भीमसी राय**
१३) **हरि राय**	१२) **हरि राय**
१४) **ब्रह्मनिक राय**	१३) **वृह्मनिक राय**
१५) **मन्मथ राय**	१४) **मन्मथ राय**
१६) **भूपाल खान**	१५) **भूपाल खान**
१७) **मीचा खान**	१६) **खाचा मीचा खान**
१८) **जयन्त खान**	१७) **जयन्त खान**
१९) **सूर्य खान**	१८) **सूर्य खान**
२०) **मीया खान**	१९) **मीयां खान**
२१) **विचित्र खान**	२०) **विचित्र खान**
२२) **जगदेव खान**	२१) **जगदेव खान**
२३) **कुलमण्डन शाह**	२२) **कुलमण्डन शाह**
२३) **आसोवन शाह**	२३) **१. २. कालू शाह ३. ४. ५. ६. ७. असोवन शाह**
२४) **द्रव्य शाह**[19]	२४) **नरहरि शाह द्रव्य शाह**
	२५) **पुरन्दर शाह**
	२६) **पूर्ण शाह राम शाह**

८.१. **ऋषिराज भट्टारक**देखि १३ पुस्तासम्मको नाउँ वीरविनोदमा नदिई त्यहाँ गोरक्षराजवंशावलीमा जस्तै **अयुत**देखि मात्र क्रमपूर्वकको पुस्तेवारी उठाइएको छ ।[20] **अयुत**देखि **राम शाह**सम्म गोरक्षराजवंशावलीमा २३ पुस्ता र अधिराजवंशावलीमा ३० पुस्ता भएकोमा वीरविनोदमा चाहिँ त्यही अन्तरालमा २६ पुस्ता मात्र गएको छ ।

यही कुरा खुलाएर भन्दा— गोरक्षराजवंशावली, ख्यात र वीरविनोदअनुसार **अयुत**का खनातिका छोरा **जिल्ल** भएकोमा अधिराजवंशावलीअनुसार **अयुत** (१४ पुस्ता)का खनातिका नाति **जिल्ल** (२१ पुस्ता) हुन्छन् । यसो हुनुमा ती तीनै वंशावलीमा **वीरविक्रमजित्** (२० पुस्ता)को नाउँ नहुनु हो । यसरी **अयुत**देखि **जिल्ल**सम्म

१९. सूर्य्य विक्रम ज्ञवाली १९८९/९०: परिशिष्ट खमा उदयपुरको **ख्यात**को आधारमा द्रव्य शाहसम्म मात्र पुस्तेवारी दिइएको छ । सूर्य्य विक्रम ज्ञवाली १९८९/९० द्रव्य शाहको जीवनचरित्र भएकोले द्रव्य शाहपछिको पुस्तेवारी त्यहाँ असम्बद्ध भएकोले त्यतिमै रोकिएको होला ।

२०. सूर्य्य विक्रम ज्ञवालीले प्रस्तुत गरेअनुसार, ख्यातको लेखाइबाट अच्युतका बाबु भनी कुम्भकर्णको नाउँ लिइएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अधिराजवंशावलीअनुसार ८ पुस्ता बितेकोमा ती तीनै वंशावलीअनुसार भने ७ पुस्ता मात्र बित्नु हो । **जिल्लका** छोरा (२२ पुस्ता)देखि **मन्मथ** (३३ पुस्ता)सम्म अधिराजवंशावलीअनुसार १२ पुस्ता बितेकोमा ती तीनै वंशावलीअनुसार ७ पुस्ता मात्र बितेको देखिन्छ । अधिराजवंशावलीअनुसार **सूर्य खान** (३७ पुस्ता)का छोरा **मीचा खान** र **विचित्र खान** (३८ पुस्ता), **विचित्र खान**का छोरा **कुलमण्डन साह** (३९ पुस्ता) भएकोमा गोरक्षराजवंशावलीअनुसार **सूर्य खान**का छोरा **खाञ्चा** र **मीञ्चा, मीञ्चा खान**का छोरा **मित्रा साह, मित्रा साह**का छोरा **विचित्र, विचित्र**का छोरा **यशोबंब, यशोबंब**का छोरा **द्रव्य साह** तथा ख्यात र वीरविनोदअनुसार भने **सूर्य खान**का छोरा **मीया/मीयां खान, मीया/मीयां खान**का छोरा **विचित्र खान, विचित्र खान**का छोरा **जगदेव खान, जगदेव खान**का छोरा **कुलमण्डन शाह, कुलमण्डन शाह**का छोरा **आसोवन/असोवन शाह, आसोवन/असोवन शाह**का छोरा **द्रव्य शाह** भएका छन् । यसरी अधिराजवंशावलीअनुसार **सूर्य खान** (३७ पुस्ता) देखि **द्रव्य शाह** (४१ पुस्ता)सम्म ५ पुस्ता बितेकोमा गोरक्षराजवंशावलीअनुसार ६ पुस्ता तथा ख्यात र वीरविनोदअनुसार भने ७ पुस्ता बितेको देखिन्छ ।

अधिराजवंशावलीअनुसार **भूपाल** (३४ पुस्ता)का छोरा **मिंचा** (३५ पुस्ता) भएकोमा गोरक्षराजवंशावली, ख्यात र वीरविनोदअनुसार **सूर्य खान**का छोरा **मीञ्चा/ मीया/ मीयां खान** भएका छन् । यसो हुनुमा अधिराजवंशावलीअनुसार **भूपाल**का छोरा **मिंचा खान** र **मिंचा खान**का पनाति **मीचा खान** (३८ पुस्ता)लाई गोरक्षराजवंशावलीमा एउटै सम्झनु हो । उता ख्यात र वीरविनोदमा चाहिँ **मीचा खान**का पनातिको नाउँ **मीया/मीयां खान** भनी दिइएको छ ।

अधिराजवंशावलीमा दिइएका, **अयुत** (१४ पुस्ता)का नातिसम्मका नाउँमा, ख्यातमा दिइएका तिनै नाउँमा र वीरविनोदमा दिइएका तिनै नाउँमा केही रूपभेद छ । तर पच्चीसौँ पुस्ताको नाउँ अधिराजवंशावलीमा **विमिकि**[२१] भएकोमा ख्यातमा **भामसी** र वीरविनोदमा **भीमसी** भएको उल्लेखनीय छ ।

९. अब नेपाली भाषामा लेखिएको राजोपाख्याननाउँको वंशावलीबाट राम शाहसम्मको पुस्तेवारी दिनुपरेको छ । त्यो वंशावली अझै अप्रकाशित अवस्थामा रहेकोले सबभन्दा पहिले त्यसको सम्बद्ध अंश उतारिन्छ–

श्री २ राजेन्द्रविक्रम शाहका पुरुषाहरू प्राचीन प्रथम उत्पन्नमाह ।। ।। नेपाल पश्चिमदिशामा सैरनाम एक उत्तम पर्व्वत थियो इनै स्थानविषये चन्द्रमाको र शुद्ध क्षत्रियानिसित संयोग भै पुत्रजन्म भैगयो ।। ।। पुत्रका नाम ।। ।। हेमनारायण ।। अस्य पुत्र ।। ।। भद्रसिंह ।। अस्य पुत्र ।। सूरनारायणसिह ।। अस्य पुत्र ।। ।। हरिनारायण सिंह ।। जंवीर गन्हपति ।। अस्य पुत्र ।। ।। माधवमुकुंदसिंह ।। अस्य पुत्र ।। ।। हरिप्रतापसिंह ।। अस्य पुत्र ।। ।। दलथवणसिंह ।। गिरिनागरपति ।। अस्य पुत्र ।। ।। रामसिंह ।। अस्य पुत्र ।। ।। नारायणसिंह ।। चितवरगन्हकारि ।। अस्य पुत्र ।। ।। शूरप्रतापसिंह ।। अस्य पुत्र ।। ।। रामनारायणसिंह ।। अस्य पुत्र द्वी २ ।। ।। जैमलसिंह ।। फत्येसिंह ।। ।। कांछा संतान शून्य ० ।। ।। जेठा पुत्र ।। ।। विष्णुसिंह ।। अस्य पुत्र ।। २ ।। अतलसिंह ।। जेठा ।। ।। कान्छा हरिसिंह ।। गन्हेवाल गया ।। ।। अतलसिंहपुत्र ।। अजयसिंह ।। अस्य पुत्र ।। ।। दलजीत इनले साह पद्वी कहाया ।। ।। अस्य पुत्र ।। ।। जसबंसाह ।। अस्य पुत्र द्वी २ ।। ।। जेठा नरहरिसाह ।। लमजूङ्पति ।। कांछा द्रव्यसाह ।। गोर्षा आइ छ ६ थरले राजा गराया ।। अस्य पुत्र ।। २ ।। ।। पूरणसाह ।। ।। छत्रसाह ।। जेठा संतान शून्य ० ।। ।। पूरणसाहपुत्र ।। ।। राजा रामसाह ।। मिश्रबाह्मणगुरूपद्वीकारी ।। फेरी इ राजाले मानापाथि तुल्याइ चलन गराया ।। फेरी कारबारमा दश वर्षसम ब्याज नआयाको दामका दुगोना अन्नको तिनगुना गरी लिनु रीत चलाया ।।

(८४ ख - ८५ क पत्रबाट)

९.१. राजोपाख्यानको यस वर्णनको आधारमा गोरखाली राजाहरूको पुस्तेवारी यसरी ठडिन्छ–

२१. **ऋ र रि, ब र व, श र स** तथा ह्रस्वदीर्घ इत्यादिमा थरीथरीका वंशावलीमा भएको भेद यहाँ देखाइएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१) **चन्द्रमा + क्षत्रियाणी**
२) **हेमनारायण**
३) **भद्रसिंह**
४) **शूरनारायणसिंह**
५) **हरिनारायणसिंह**
६) **माधवमुकुन्दसिंह**
७) **हरिप्रतापसिंह**
८) **दलथवणसिंह**
९) **रामसिंह**
१०) **नारायणसिंह**
११) **शूरप्रतापसिंह**
१२) **रामनारायणसिंह**
१३) **जैमलसिंह फत्तेसिंह**
१४) **विष्णुसिंह**
१५) **अतलसिंह हरिसिंह**
१६) **अजयसिंह**
१७) **दलजित् साह**
१८) **जसबं साह**
१९) **नरहरि साह द्रव्य साह**
२०) **पूरण साह**
२१) **छत्र साह राम साह**

९.२. माथि चर्चा गरिएका अरू सबै वंशावलीमा भन्दा नितान्त भिन्न पुस्तेवारी यस वंशावली अर्थात् राजोपाख्यानमा छ । यो पुस्तेवारी राजवंशावली, गोरक्षराजवंशावली, राजकल्पद्रुम, ख्यात, वीरविनोद र अधिराजवंशावलीमा तथा तल चर्चा गरिने, नेपाली भाषामा लेखिएका, अरू अरू वंशावलीमा दिइएका नाउँसँग **द्रव्य शाह**को बाबुको नाउँदेखि मात्रै मेल खान्छ । मैले हेरेका, अरू कुनै पनि वंशावलीमा **यशोब्रह्म शाह**का बाबुको रूपमा नदेखिएका **दलजित् शाह**लाई यस राजोपाख्यानमा **यशोब्रह्म शाह**का बाबु भनी लेखिएको छ । **चन्द्रमा**को एक्काइसौँ पुस्तामा **राम शाह**लाई देखाउने यस राजोपाख्यानमा शाह राजाहरू **चन्द्रवंशी** भनी प्रख्यात भएकाले **चन्द्रमा**देखि नै पुस्तेवारी उठाइएको देखिन्छ ।

९.३. राजोपाख्यानमा दिइएको पुस्तेवारीसँग ठ्याम्मै मिल्ने पुस्तेवारी श्री गोर्षाका राजाको वंसावली भन्ने नाउँले प्रकाशित छ ।[२२] पृथ्वीनारायण शाहका छोरा सिंहप्रताप अर्थात् प्रतापसिंह शाहसम्मको त्यस पुस्तेवारीमा केही भेद छ भने कुनै कुनै राजाको नाउँमा राजोपाख्यानसँग हिज्जे नमिल्नु मात्र हो ।

९.३.१. राजोपाख्यानमा दिइएको पुस्तेवारीसँग निकै मिल्ने पुस्तेवारी गोरखा खोपलाङका कुलराज पाँडेको घरमा भेट्टिएको छ ।[२३] द्रव्य शाहका छोरा पूरण शाहसम्मको त्यस पुस्तेवारीमा र राजोपाख्यानमा दिइएको पुस्तेवारीमा मुख्य भेद के छ भने अघिल्लोमा आदिपुरुष हेमनारायणको चन्द्रमासँग विवाह हुँदा भद्रसिंहको जन्म भयो भनी लेखिएको छ त पछिल्लोमा चाहिँ चन्द्रमाको र क्षत्रियाणीको संयोग भई जन्मिएका हेमनारायणका छोरा भद्रसिंह भन्ने छ ।[२४]

१०. अब केम्ब्रिजवंशावली, नेपाल देशको इतिहास र मण्डलवंशावली र संक्षिप्त वंशावलीमा देखिएका पुस्तेवारी अधिराजवंशावलीसँगै सारणीको रूपमा तल दिइन्छन्–

---

२२. मोहनप्रसाद खनाल २०२६: १०८-११० ।
२३. दिनेशराज पन्त २०६५ क: २६-२७ ।
२४. दिनेशराज पन्तले आफ्नो गोरखाको इतिहासमा ठाउँठाउँमा हेमनारायणदेखि उठाई राजेन्द्रविक्रमसम्मको कुरा भएको वंशावलीको चर्चा गरे (२०४१: ३४, ४१-४२, ७९, ९९, १००, १९२, १९३, २८८, २९१) पनि परराष्ट्रमन्त्रालयमा १०७ सङ्ख्याको खाममा रहेको त्यो वंशावली अझै अप्रकाशित अवस्थामै रहेकोले यस विषयमा बढी कुरा भन्न सकिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केम्ब्रिजवंशावली	अधिराजवंशावली	नेपाल देशको इतिहास	मण्डलवंशावली	संक्षिप्त वंशावली
१ ऋषिराज भट्टारक	१ ऋषिराज भट्टारक	१ ऋषिराज भट्टारक	१ ऋषिराज भट्टारक	१ ऋषिराज भट्टारक
२ शिव भट्टारक	२ शिव भट्टारक	२ शिव भट्टारक	२ शिव भट्टारक	२ शिवराज भट्टारक
३ श्रीमद् भट्टारक	३ मदन भट्टारक	३ पृथ भट्टारक	३ पदम भट्टारक	३ श्रीमद् भट्टारक
४ श्रीतिला भट्टारक	४ तिला भट्टारक	४ दिलराम भट्टारक	४ दिलाराम भट्टारक	४ तिला भट्टारक
५ श्यामा भट्टारक	५ श्यामा भट्टारक	५ श्याम भट्टारक	५ श्याम भट्टारक	५ श्यामा भट्टारक
६ गोवर्ध भट्टारक	६ गोवर्धन भट्टारक	६ गोवर्धन भट्टारक	६ गोवर्धन भट्टारक	६ गोवर्धन भट्टारक
७ हरि भट्टारक	७ हरि भट्टारक	७ हरि भट्टारक	७ हरि भट्टारक	७ हरि भट्टारक
८ निधि भट्टारक	८ श्रीनिधि भट्टारक	८ निधि भट्टारक	८ निधि भट्टारक	८ निधि भट्टारक
९ भास्कर भट्टारक	९ भास्कर भट्टारक	९ भास्कर भट्टारक	९ भास्कर भट्टारक	९ भास्कर भट्टारक
१० नीला भट्टारक	१० नीलाम्बर भट्टारक	१० लीला भट्टारक	१० देवशर्म भट्टारक	१० नीला भट्टारक
११ अभय भट्टारक	११ अभय भट्टारक	११ अभय भट्टारक	११ अभय भट्टारक	११ अभय भट्टारक
१२ नागजाल भट्टारक	१२ नागजात्मा भट्टारक	१२ नामजान भट्टारक	१२ जात भट्टारक	१२ नागजात्म भट्टारक
१३ देवशर्मा भट्टारक	१३ देवराज भट्टारक	१३ देवशर्मा भट्टारक	१३ देवशर्म भट्टारक	१३ देवशर्मा भट्टारक
१४ अयुतबं राणाजी	१४ अयुतबम्व राणाजी	१४ अयुतबम राणाजी	१४ अयुतबं राणाजी	१४ अयुतबं राणाजी
१५ बराबुबं राणाजी	१५ वराबूबम्ब	१५ शिवराम राणाजी	१५ वराम्बु राणाजी	१५ बराबुं राणाजी
१६ कनकबं राणाजी	१६ कनकवरबम्ब	१६ कनकवम राणाजी	१६ कनकबं राणाजी	१६ कनकबुं राणाजी
१७ यशोबं राणाजी	१७ यशोबम्ब राणाजी	१७ यशोबम राणाजी	१७ यशोबं राणाजी	१७ यशोबुं राणाजी
१८ औदुम्बर राणाजी राव	१८ औदुम्बर राव	१८ औदुम्बर राणाजी राव	१८ औडम्बर राणाजी राव	१८ औडंबर राणा राव
१९ भट्टारक राणाजी राव	१९ भट्टार्क राणा राव	१९ भट्टारकबम राणाजी राव	१९ भट्टारकबु राणाजी राव	१९ भट्टारक राणाजी राव
२० वीरविक्रमाजित् राणाजी राव	२० वीरविक्रमजित्	२० वीरविक्रम राणाजी राव	२० वीरविक्रम राणाजी राव	२० वीरविक्रमाजित् राणाजी राव
२१ जिल्ल राणाजी राव	२१ जिल्ल राणा	२१ जिल्लहरा राणाजी राव	२१ जिल्लह राणाजी राव	२१ जिल्ल राणाजी राव
२२ अजिल्ल राणाजी राव	२२ अजिल्ल राव	२२ अजिल्लहरा राणाजी राव	२२ अजिल्लह राणाजी राव	२२ अजिल्ल राणाजी राव
२३ अटल्ल राणाजी राव	२३ अटल्ल राणा	२३ अतल राणाजी राव	२३ अटल राणाजी राव	२३ अटल राणाजी राव
२४ तुथा राणाजी राव	२४ तुथादिराज	२४ तुथा राणाजी राव	२४ तुथा राणाजी राव	२४ तुथा राव
२५ बिमिकि राणाजी राव	२५ विमिकिराज	२५ दीपिका राणाजी राव	२५ दिमिक्या राणाजी राव	२५ बिमिकि राव
२६ हरि राणाजी राव	२६ हरि राणा राव	२६ हरि राणाजी राव	२६ हरि राणाजी राव	२६ हरि राव
२७ ब्रह्मा राणाजी राव	२७ श्रीब्रह्म राणा	२७ ब्रह्म राणाजी राव	२७ ब्रह्म राणाजी राव	२७ ब्रह्मनीक राव
२८ बखान राणाजी राव	२८ बखान	२८ बखान राणाजी राव	२८ बखान राणाजी राव	२८ बखान राव
२९ मनोरथ राणाजी राव	२९ मनोरथ	२९ मनोरथ राणाजी राव	२९ मनोरथ राणाजी राव	२९ मनोरथ राव
३० जय राणाजी राव	३० जयद् राणा	३० जय राणाजी राव	३० जय राणाजी राव	३० जय राव
३१ जगत्र राणाजी राव		३१ जगत् राणाजी राव	३१ जगत् राणाजी राव	३१ जगत् राव
३२ भोज राणाजी राव	३१ भोज राणाजी राव	३२ भोज राणाजी राव	३२ भोज राणाजी राव	३२ भोज राव
३३ भूपति राणाजी राव	३२ भूपति राणाजी राव	३३ भूपति राणाजी राव फत्तेसिंह राणाजी राव (भैयाद)	३३ भूपति राणाजी राव भैयाद फत्यसिं राणाजी राव	३३ भूपति राव
३४ उदयबं राणाजी राव फत्यसिं राणाजी राव मन्मथ राणाजी राव	३३ उदयबंब फत्तेसिंह मन्मथ सदल (छोरी)	३४ उदयबम राणाजी राव मन्मथ राणाजी राव सनदर (छोरी)	३४ ब्रह्मनिक राणाजी राव सवदल (छोरी)	छोरा
३५ सदल (छोरी) ब्रह्मणीक राणाजी राव भूपाल राणाजी राव	३४ ब्रह्मानीक भूपाल	३५ विक्रम राणाजी राव	३५ मनरथ राणाजी राव	संदल (छोरी)
३६ खाचा मिचा खान	३५ खांचा मिंचा	३६ ब्रह्माणिका राणाजी राव भूपाल राणाजी राव	३६ विक्रम राणाजी राव भूपाल राणाजी राव	ब्रह्मनीक राव भूपति राव
३७ जयन्त खान	३६ जयन्त	३७ हरिहरसिंह अजपसिंह खान	३७ खांचा मिंचा	खाँचा मिचा खान
३८ सूर्य खान	३७ सूर्य खान	३८ जयन्त खान	३८ जयन्त खान	जयन्त खान
३९ मिचा खान	३८ मीचा खान विचित्र खान	३९ सूर्य खान	३९ सूर्य खान	सूर्य खान
४० विचित्र खान	३९ कुलमण्डन साह	४० सिम खान	४० सिंचा खान	मिवा खान
४१ जगदेव खान	४० २. कालु साह ७. यशोबंब साह	४१ विचित्र खान	४१ विचित्र खान	विचित्र खान
४२ कुलमण्डन साह	४१ नरहरि साह द्रव्य साह	४२ जयदेव खान	४२ जयदेव खान	जगदेव खान उर्फ कुलमण्डन साह
४३ २. कालु साह ७. यशोबं साह	४२ पुरन्दर साह	४३ कुलमदन शाह	४३ कुलमण्डन साह	२. कालु साह यशोबं साह
४४ नरहरि साह द्रव्य साह	४३ छत्र शाह राम साह	४४ २. कालु शाह ७. यशोबम शाह	४४ ३. कल साह ७. यशोबम साह	नरहरि साह द्रव्य साहँ
४५ पुरन्दर साह		४५ नरहरि शाह द्रव्य शाह	४५ नरहरि साह द्रव्य साह	पुरन्दर साह
४६ छत्र शाह राम साह		४६ पुरन्दर शाह	४६ श्रीपुर साह	छत्र साह राम साह
		४७ क्षेत्र शाह राम शाह	४७ छत्र साह राम साह	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१०.१. यी ५ वंशावलीमा दिइएको पुस्तेवारी धेरैजसो मिले पनि कहीँ कहीँ फरक नपरेको भने होइन । उदाहरणको लागि केम्ब्रिजवंशावलीअनुसार **ऋषिराज भट्टारकदेखि राम शाहसम्म** ४६ पुस्ता, अधिराजवंशावलीअनुसार ४३ पुस्ता, नेपाल देशको इतिहास र मण्डलवंशावलीअनुसार ४७ पुस्ता र र संक्षिप्त वंशावली अनुसार ४५ पुस्ता[२५] बितेको देखाउनु नै पर्याप्त छ ।

१०.१.१. नेपाली भाषाका ४ वंशावलीमा बत्तीसौँ पुस्तामा **भोज** भएकोमा अधिराजवंशावलीअनुसार भने **भोज** एकतीसौँ पुस्तामा हुन्छन् । खुलाएर भन्दा ती ४ वंशावलीअनुसार तीसौँ पुस्ताका **जय**का छोरा **जगत्र** वा **जगत्** र उनका छोरा **भोज** भएकोमा अधिराजवंशावलीअनुसार तीसौँ पुस्ताका **जयत्**का छोरा **भोज** भएका छन्। शब्दान्तरमा भन्दा अरू वंशावलीअनुसार **जय**का नाति **भोज** अधिराजवंशावलीअनुसार **जयत्**का छोरा भएका छन् । अरू वंशावलीअनुसार बाबुको नाउँ **जय/जयत्** र उनका छोराको नाउँ **जगत्र/जगत्** भएकोले र यी २ नाउँ उस्तै उस्तै भएकाले अधिराजवंशावलीमा यी २ नाउँलाई एउटै नाउँ ठानी १ पुस्ता घटाइएको देखिन्छ ।

सूर्य खानका छोरा केम्ब्रिजवंशावलीअनुसार **मिचा खान**, नेपाल देशको इतिहासअनुसार **सिम खान**, मण्डलवंशावलीअनुसार **सिंचा खान** र संक्षिप्त वंशावलीअनुसार **मिवा खान** तथा **सूर्य खान**का नाति चारै वंशावलीअनुसार **विचित्र खान** हुन्छन् । अघिल्ला ३ वंशावलीअनुसार **विचित्र खान**का छोरा **जगदेव/जयदेव खान**, **जगदेव/जयदेव खान**का छोरा **कुलमण्डन साह** भएकोमा संक्षिप्त वंशावलीअनुसार भने **विचित्र खान**का छोरा **जगदेव खान** उर्फ **कुलमण्डन साह** हुन्छन् । अधिराजवंशावलीअनुसार चाहिँ **सूर्य खान**का छोरा **मीचा खान** र **विचित्र खान**, **विचित्र खान**का छोरा **कुलमण्डन साह** हुन्छन् ।

यसरी चारै वंशावलीमा भएको १) **जगत्र/जगत्**को नाउँ अधिराजवंशावलीमा नपर्दा २) अरू ४ वंशावलीअनुसार बाबुछोराको रूपमा देखिने **मिचा/सिम/सिंचा/मिवा खान** र **विचित्र खान** यहाँ दाजुभाइको रूपमा देखाइँदा तथा ३) अघिल्ला ३ वंशावलीमा **विचित्र खान**का नातिको रूपमा देखाइएका **कुलमण्डन/कुलमदन साह** यहाँ **विचित्र खान**का छोराको रूपमा देखाइँदा **ऋषिराज भट्टारकदेखि राम शाहसम्म** केम्ब्रिजवंशावलीअनुसार ४६ पुस्ता भएकोमा अधिराजवंशावलीअनुसार ४३ पुस्ता हुन गएको हो । अघिल्ला ३ वंशावलीमा बाबुछोरा भएका **जगदेव/जयदेव खान** र **कुलमण्डन/कुलमदन साह**लाई संक्षिप्त वंशावलीमा भने एउटै मानिसका २ वटा नाउँ मानिएकोले केम्ब्रिजवंशावलीमा भन्दा यहाँ १ पुस्ता घट्न गएको हो ।

केम्ब्रिजवंशावली र अधिराजवंशावलीमा **मन्मथ**का छोरा **ब्रह्मणीक/ब्रह्मनीक** र **भूपाल** भएकोमा नेपाल देशको इतिहासमा **मन्मथ**का छोरा **विक्रम**, **विक्रम**का छोरा **ब्रह्माणिका** र **भूपाल** भएकाले १ पुस्ता बढी भई ४७ पुस्ता भएको हो ।

---

२५. **ऋषिराज भट्टारक**देखि **राम शाह**सम्म यति पुस्ता गयो भनी संक्षिप्त वंशावलीबाट स्पष्ट बुझिँदैन । यस वंशावलीमा **भोज**का छोरा **भूपति राव**सम्म सरासर ३३ पुस्ता गएपछि त्यहाँ यस्तो **इनैका छोराकी संदल भन्याकि छोरि राम्री छ भनि पात्साहले माग्यो [...] भूपति राव प्रभृति धेरै रजपूत षेत रह्या. [...] ब्रह्मनीक राव भूपति राव इ दुइको मिलाप नहुदा येउटा वाहि बस्या. भूपति राव उत्तर पाहाड रिडि भन्याका ठाउमा आइपुग्या. [...] षांचा मिचा भन्याका २ छोरा जन्म्या. [...] इन्का पुस्त मीचा षान् ३६ जयंत षान् ३७** [...] (दिनेशराज पन्त २०६५: ११०) लेखिएकोले **ब्रह्मनीक**का भाइको रूपमा **भूपति** फेरि देखा पर्छन् । **भोज**का छोरा **भूपति**की नातिनी **संदल**को **ब्रह्मनीक** र **भूपति**सँगको नातो यस लेखाइबाट खुल्दैन । तर अघिबाट नाउँ आएका **भूपति**मा ३३ पुस्ता र पछिबाट नाउँ आएका **भूपति**का छोरा **मिचा खान**मा ३६ पुस्ता भएको कुरा संक्षिप्त वंशावलीबाट बुझिएकोले अघिबाट नाउँ लिइएका **भूपति** र **मिचा खान**को बीचमा अरू २ पुस्ता बितेको देखिन आएको छ । **जयन्त खान**देखि **राम शाह**सम्म यस वंशावलीअनुसार ९ पुस्ता बितेकोले **ऋषिराज भट्टारक**देखि **राम शाह**सम्म ३६+९=४५ पुस्ता बितेको देखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उता मण्डलवंशावलीमा चाहिँ अन्त जस्तो **भूपति**का छोरा **मन्मथ** नभई **भूपति**का छोरा **ब्रह्मनिक**, **ब्रह्मनिक**का छोरा **मनरथ**, **मनरथ**का छोरा **विक्रम** र **भूपाल** भएकाले **राम शाह**सम्म नेपाल देशको इतिहासमा जस्तै सतचालीसै पुस्ता बिते पनि वंशक्रमचाहिँ तलमाथि परेको छ । संक्षिप्त वंशावलीमा **ब्रह्मनीक** र **भूपति** दाजुभाइको रूपमा देखिएको कुरा पनि यहाँनिर भन्नुपर्छ ।

केम्ब्रिजवंशावली, अधिराजवंशावली र नेपाल देशको इतिहासअनुसार **भूपति**का छोरा **मन्मथ** हुन्छन् । अघिल्ला २ वंशावलीअनुसार **मन्मथ**का छोरा **ब्रह्मणीक/ब्रह्मानीक** भएकोमा पछिल्लो वंशावलीअनुसार **ब्रह्माणिका** त **मन्मथ**का नाति हुन्छन् । मण्डलवंशावलीअनुसार **भूपति**का छोरा **ब्रह्मनिक** र उनका छोरा **मनरथ** भएका छन् । **मनरथ** यो नाउँ **मन्मथ**कै रूपभेद जस्तो मलाई लाग्छ । नाममा सानो रूपभेदको वास्ता नगर्ने हो भने अघिल्ला २ वंशावलीमा छोरा भएको मान्छे मण्डलवंशावलीमा नाति र अघिल्लामा नाति भएको मान्छे पछिल्लोमा छोरा भएको छ । नेपाल देशको इतिहास र मण्डलवंशावलीअनुसार **मन्मथ/मनरथ**का छोरा **विक्रम** भएकोमा केम्ब्रिजवंशावली र अधिराजवंशावलीअनुसार **मन्मथ**का छोरा **ब्रह्मणिक** भएका छन् ।

११. वंशावलीहरूमा दिइएको, शाहवंशको पुस्तेवारीमा भएको यो भेद अझ निकै लम्ब्याउन नसकिने होइन । अनुश्रुतिको भरमा थरीथरीका मानिसले पुस्तेवारी तयार गरेकाले नै माथिमाथिको पुस्तेवारी ज्यादा फरक देखिएको हो ।

१२. यी वंशावलीहरूमा इतिहास नमिलेको एउटा टड्कारो उदाहरण दिई यो लेख टुङ्ग्याउनुपरेको छ । अधि-राजवंशावली (१७-२७ श्लोक)मा **भूपति राणाजी राव** (३२ पुस्ता)की छोरी **सदल**लाई मुगल बादशाह **अकबर**ले बिहे गर्न खोज्दा नमानेको र त्यही कारणले लडाइँ भएको कुरा लेखिएको छ । यही घटना केम्ब्रिजवंशावलीमा **भूपति**का छोरा **फत्त्यसिंह**की छोरी **सदल**सँग जोडिएको छ ।[२६] नेपाल देशको इतिहास र मण्डलवंशावलीमा भने **अकबर**ले विवाह गर्न मागेकी कन्याका बाबु **फत्त्यसिंह**लाई **भूपति**का भैयाद भनिएको छ ।[२७] **भूपति राणाजी राव** र **द्रव्य शाह**को बीचमा अधिराजवंशावलीअनुसार ८ पुस्ताको, केम्ब्रिजवंशावलीअनुसार **फत्त्यसिंह** र **द्रव्य शाह**को बीचमा ९ पुस्ताको तथा नेपाल देशको इतिहास र मण्डलवंशावलीअनुसार **भूपति**का भैयाद **फत्त्यसिंह** र **द्रव्य शाह**को बीचमा ११ पुस्ताको अन्तर छ । वि.सं. १६१२ देखि १६६२ सम्म राज्य गर्ने **अकबर**का सामानकालिक गोरखाली राजा **द्रव्य शाह** र उनका छोरा **पूर्ण शाह** भएकाले **द्रव्य शाह**भन्दा नौ पुस्ताअगाडिका **भूपति**को वा **द्रव्य शाह**भन्दा १० वा १२ पुस्ता अगाडिका **फत्त्यसिंह**को **अकबर**सँग भिडन्त हुन सक्दैन । केम्ब्रिजवंशावलीलाई अङ्ग्रेजीमा उल्था गराई प्रकाश गराउने ड्यान्यल राइट (१९३३: २७५)ले यस घटनाको सन्दर्भमा **अकबर**को नाउँ आउँदा नमिल्ने वा अशुद्ध जनाउन लेखिने गरेको, ल्याटिन भाषाको sic यसैले **अकबर** नाउँको पछाडि हालेको ।

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

अधिराजमहाराजराजगुरुवंशावली
= महेशराज पन्त २०६९ क मा हेर्नू ।
केम्ब्रिजवंशावली
= केम्ब्रिजविश्वविद्यालयको पुस्तकालयको

२६. केम्ब्रिजवंशावली १७६ क पत्र = ड्यान्यल राइट १९३३: २७५ ।

२७. नेपाल देशको इतिहास २०२९: २ ।
मण्डलवंशावली : २११-२१२ ।
संक्षिप्त वंशावली (दिनेशराज पन्त २०६५: ११०)मा बादशाहको नाउँ दिइएको छैन र बादशाहले विवाह गर्न खोजेकी राजकुमारीलाई **भूपति**की नातिनी भनिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

म्यानुयुस्क्रिप्ट् याइ. १९५२(ए) सङ्ख्याको, श्री ५ सुरेन्द्रको जन्म भएसम्मको कुरा परेको अप्रकाशित भाषावंशावली ।

गोरक्षराजवंशावली

= नरहरिनाथ २०१३ मा हेर्नू ।

गौतमवज्र वज्राचार्य २०३३

= वि.सं. २०३३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको हनूमान्ढोका राजदरबार ।

चित्रविलास राजवंशावली

= वि.सं. २०४५ मा काठमाडौँबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनैको गोरखाको इतिहास ३ भागका ६५४-६५६ पृष्ठमा छापिएको चित्रविलासले बनाएको राजवंशावली ।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको मेड्इईभ्ल् नेपाल् ४ भाग ।

ड्यान्यल राइट १९३३

= ई.सं. १८७७ (वि.सं. १९३३) मा केम्ब्रिजबाट यूनिभ्र्सिटि प्रेसद्वारा प्रकाशित, ड्यान्यल राइटको हिस्टरि अफ् नेपाल्, ट्रान्स्लेट्इड् फ्रम् द पर्बतिया बाइ मुन्शी श्यू शङ्कर् सिङ्घ् यान्ड् पन्डिट् श्री गुणानन्द् : विद् यान् इन्ट्रडक्टरि स्केच् अफ् द कन्ट्रि यान्ड् पीप्ल् अफ् नेपाल्, बाइ दि एड्इटर् (नेपालको इतिहास– मुन्शी शिवशङ्कर सिंह र पण्डित गुणानन्दले पर्वतेबाट उल्था गरेको; सम्पादकले लेखेको, नेपालको मुलुक र दुनियाँको चिनारी गराउने बयानसहित) ।

थियोडोर रिकार्डी, जूनियर २०३२

= ई.सं. १९७५ (वि.सं. २०३२)मा काठमाडौँबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित कैलाश ३ ठेली ३ सङ्ख्याका १९९-२८६ पृष्ठमा छापिएको, थियोडोर रिकार्डी, जूनियरको यान् अकाउन्ट् अफ् नेपाल् फ्रम् द वीर् विनोद् अफ् श्यामल्दास् (श्यामलदासको वीरविनोदबाट नेपालको बयान) ।

दिनेशराज पन्त २०४१

= वि.सं. २०४१ मा काठमाडौँबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनैको गोरखाको इतिहास १ भाग ।

दिनेशराज पन्त २०४५

= वि.सं. २०४५ मा काठमाडौँबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनैको गोरखाको इतिहास ३ भाग ।

दिनेशराज पन्त २०६५

= वि.सं. २०६५ मा काठमाडौँबाट खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानद्वाराप्रकाशित,दिनेशराज पन्तद्वारा सम्पादित संक्षिप्त वंशावली ।

दिनेशराज पन्त २०६५ क

= वि.सं. २०६५ मा काठमाडौंबाट डा. ठाकुरनाथ पन्तस्मृतिगुठीद्वारा प्रकाशित, दिनेशराज पन्तको विद्वच्छिरोमणि हेमराजको गोरखासम्बन्धी अनुसन्धान ।

धनवज्र वज्राचार्य २०३०

= वि.सं. २०३० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको लिच्छविकालका अभिलेख ।

नरहरिनाथ २०१३

= वि.सं. २०१३ मा काठमाडौँबाट इतिहासप्रकाशसंघद्वारा प्रकाशित इतिहासप्रकाश २ अङ्क ३ भागका ५७३-५७५ पृष्ठमा छापिएको, नरहरिनाथद्वारा सम्पादित गोरक्षराजवंशावली ।

नेपाल देशको इतिहास २०२९

= वि.सं. २०२९ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित प्राचीन नेपाल २० संख्याका १-२४ पृष्ठमा प्रकाशित नेपाल देशको इतिहास ।

मण्डलवंशावली

= संशोधन-मण्डलको सङ्ग्रहमा रहेको, वि.सं. १९४८ सम्मको कुरा परेको अप्रकाशित भाषावंशावली ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महेशराज पन्त २०३१

= वि.सं. २०३१ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित पूर्णिमा ३१ पूर्णाङ्कका १६१-१७२ पृष्ठमा छापिएको, महेशराज पन्तको गोपालराजवंशावली र भाषावंशावलीको साधर्म्यका केही उदाहरण ।

महेशराज पन्त २०६६

= ई.सं. २००९ (वि.सं. २०६६)मा अल्मोडाबाट अल्मोरा बुक डीपोद्वारा प्रकाशित, मारी लकौंत-तिलुइनद्वारा सम्पादित, बाईज़् यान्ड् मीडिअम्ज़्: हिस्टरि, कल्चर् यान्ड् पलइटिक्स् इन् द सेन्ट्रल् हिमालयन् किङ्डम्ज़् (हुड्केहरू र धामीहरू– मध्य हिमालयका राज्यमा इतिहास, संस्कृति र राजनीति)का २९३-३२६ पृष्ठमा छापिएको, महेशराज पन्तको टुवर्ड्ज़् अ हिस्टरि अफ् द खस एम्पाइर् (खससाम्राज्यको इतिहासतर्फ) ।

महेशराज पन्त २०६९

= वि.सं. २०६९ मा प्रकाशित पूर्णिमा १३४ पूर्णाङ्कका २७८-२८५ पृष्ठमा छापिएको, महेशराज पन्तको केम्ब्रिजवंशावली-२ बाट केशचन्द्रसम्बन्धी प्रकरण ।

महेशराज पन्त २०६९ क

= वि.सं. २०६९ मा काठमाडौँबाट नेपालसरकार संस्कृति पर्यटन तथा नागरिक-उड्डयनमन्त्रालय पुरातत्त्वविभागको राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित अभिलेख ३० पूर्णाङ्कका ५-४७ पृष्ठमा छापिएको महेशराज पन्तको अधिराजमहाराजराजगुरु वंशावली ।

महेशराज पन्त २०७०

= वि.सं. २०७०।६।१।३ मा ललितपुरबाट राजधानी न्यूज पब्लिकेशनद्वारा प्रकाशित राजधानीको १३ वर्ष १८५ अङ्कको ७ पृष्ठमा प्रकाशित, महेशराज पन्तको महाराजवंशावलीमा श्री ३ जङ्गबहादुर ।

मोहनप्रसाद खनाल २०२६

= वि.सं. २०२६ मा काठमाडौँबाट मोहनप्रसाद खनालद्वारा प्रकाशित, उनैको इतिहास प्रभात ।

राजवंशावली

= चित्रविलासमा हेर्नू ।

राजोपाख्यान

= सिद्धिनारायणमा हेर्नू ।

वीरविनोद

= श्यामलदास [१९४३] २०४३ मा हेर्नू ।

श्यामलदास [१९४३] २०४३

= ई.सं. १८८६ (वि.सं. १९४३)मा उदयपुरबाट राजयन्त्रालयद्वारा प्रकाशित, श्यामलदासको वीरविनोद– मेवाड्का इतिहास् (वीरविनोद– मेवाडको इतिहास) २ भाग ३ खण्ड ।

ई.सं. १९८६ (वि.सं. २०४३)मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा फेरि प्रकाशित ।

संक्षिप्त वंशावली

= दिनेशराज पन्त २०६५ मा हेर्नू ।

सिद्धिनारायण राजोपाख्यान

= देउपाटन बस्ने ब्राह्मण सिद्धिनारायणले वि.सं. १८९१ ज्येष्ठकृष्णदशमी (आषाढ ४ गते) लेखिसिद्ध्याएको वंशावली । अप्रकाशित यस वंशावलीको मूल प्रति प्यारिसको आँस्तित्यु दे सिभिलिजास्यौं आँदियन्नमा सिल्विं लेविको सङ्ग्रहमा छ ।

सूर्य्य विक्रम ज्ञवाली १९८९/९०

= ई.सं. १९३३ (वि.सं. १९८९/९०)मा दार्जिलिङबाट नेपाली साहित्यसम्मेलनद्वारा प्रकाशित, सूर्य्य विक्रम ज्ञवालीको द्रव्यशाहको जीवन चरित्र वा गोर्खा विजयको इतिहास ।

हरप्रसाद शास्त्री १९६१/६२

= ई.सं. १९०५ (वि.सं. १९६१/६२)मा कलकत्ताबाट प्रकशित, हरप्रसाद शास्त्रीको ए क्याट्अलग् अफ् पाम्-लीफ् यान्ड् सिलेक्ट्इड् पेपर् म्यानुयुस्क्रिप्ट्स् बिलङ्इङ् टु द डर्बार् लाइब्ररि नेपाल् (नेपाल राजकीय पुस्तकालयका, ताडपत्रका पुस्तक र कागतका छनौट पुस्तकहरूको सूचीपत्र) १ भाग ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुशेश्वर महादेवस्थानका अभिलेख

- पुरुषोत्तमलोचन श्रेष्ठ*

अनेक तीर्थस्थल र देवालयहरूले समेत प्रसिद्ध रही आएको नेपालको एक जिल्ला सिन्धुली पनि हो । यस जिल्लाको पश्चिमोत्तरमा काभ्रे, रामेछाप र सिन्धुलीको सङ्गमस्थलको पनि रोशी खोला (लीलावती/पुण्यमाता) र सुनकोशीको सङ्गममा (दुम्जा-३) कुशेश्वर महादेवस्थान छ । यस तीर्थका बारेमा सुनेको थिएँ तर यहाँ पुग्ने अवसर भने वि.सं.२०६५ सालमा पाएँ । बनेपाका मित्र श्रीकृष्ण जोशी+भक्तपुरका मित्र विनोदराज शर्माले कुशेश्वर महादेव दर्शन गर्न जाने कुरा चलाएपछि हामी तीनैजना मित्रहरू सोमवारको दिन पारेर त्यहाँ गई महादेवको दर्शनपुजन गऱ्यौं । इतिहास र संस्कृतिका विद्यार्थी पनि भएकोले त्यहाँका सम्पदाहरू पनि अवलोकन गऱ्यौं ।[१] अंशुवर्माको एउटा अभिलेख यहाँ रहेको जानकारी थियो । त्यो फेला पार्न सकिएन । जे होस् त्यति धेरै महत्त्व बोकेको यो प्राचीन स्थलमा कतै पनि एउटै शिलालेख/अभिलेख नदेखेपछि त्यही मन्दिरका पुजारी विष्णुबाबासित यस बारेमा जान्न खोज्दा उहाँले 'अलपत्र अवस्थामा रहेका दुईवटा शिलालेखहरू त सत्तलमा सुरक्षित गरी राखेको छु' भन्नुहुँदै सो मन्दिरसँगै पूर्वपट्टिको सत्तलमा हामीलाई लगी त्यहाँको एक कोठाबाट दुईवटा शिलालेख ल्याएर देखाउनु भयो । तीमध्ये एउटा मल्लकालको **(रणसिद्धिमल्लको ने.सं.७९६ को अभिलेख)** र अर्को शाहकालको **(रणध्वज थापाको वि.सं.१८७७ को अभिलेख)** रहेछ । मैले उहाँको अनुमति लिएर ती शिलालेखको फोटो लिएँ ।

... वि.सं.२०७० साल श्रावण २८ गते काम विशेषले राष्ट्रिय अभिलेखालयमा गएको थिएँ । सोही क्रममा त्यहाँ **अभिलेख**का सम्पादक सुभद्रा भट्टराईज्यूसित भेट भयो । उहाँले सो पत्रिकाको आउँदो असोज अङ्कका लागि लेख-अनुरोध गर्नु भएपछि अभिलेखसम्बन्धी कुनै एक लेख दिने वचन दिएर घर

* प्राध्यापक, भक्तपुर बहुमूखी क्याम्पस, भक्तपुर

१ काठमाडौंबाट ७० कि.मि. बसको यात्रा गरेपछि यस रमणीय स्थलमा पुगिन्छ । गुम्बजशैलीको कुशेश्वर महादेवमन्दिर दक्षिणाभिमुख छ । सो मन्दिरपरिसरलाई पर्खालले घेरिएको छ । यसको दक्षिणमा दायाँबायाँ फलैंचा र बीचमा कुशेश्वर मन्दिर जाने मूलढोका सहितको पाटी छ । 'आदिलिङ्ग' को रूपमा प्रख्यात रही आएको कुशेश्वर-महादेव स्वयंभूलिङ्ग स्वरूपमा छ । यसको उत्तरमा सुनकोशी बग्छ । सुनकोशीको पल्लो किनारमा (रामेछाप जिल्ला) विश्वामित्र गुफा छ । कुशेश्वर महादेवमन्दिरको पूर्वमा परम्परागत शैलीका पाटी र यज्ञशाला छन् । त्यही परिसरमा 'कैलाश' भनी प्रसिद्ध उमामहेश्वरको प्रस्तरमूर्ति (ईस्वीको दशौं शताब्दी) सहितको सानो मन्दिर छ । सो मन्दिरको दक्षिणपट्टि मल्लकालीन वटुकभैरवको मूर्ति स्थापित सानो मन्दिर छ । कुशेश्वर महादेवमन्दिरको उत्तरपूर्वमा सुनकोशी वारि दुर्गातीर्थ आर्यघाट छ । कुशेश्वर महादेवमन्दिरको पश्चिममा रोशी खोला छ र पश्चिमोत्तरमा रोशी+कोशीको संगम छ । रोशी पारि काभ्रे जिल्ला पर्छ । कुशेश्वर महादेवमन्दिरको पश्चिममा सरस्वतीको सानो मन्दिर पनि छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फर्कें । अभिलेखसम्बन्धी लेख दिने कुराले कुशेश्वरका अभिलेख पनि स्मरण हुन आयो । ती अभिलेखका फोटोहरू त मेरो कम्प्युटरमा विगत पाँच वर्षदेखि त्यत्तिकै थिए । मैले ती अभिलेख प्रकाशमा ल्याउँला भन्दा भन्दै बिर्सिसकेको थिएँ । हालसम्मको खोजमा, कुशेश्वर महादेवस्थानबाट इतिहासको तीनवटै कालखण्डका तीनवटा अभिलेख प्राप्त हुन आएका छन् । तीमध्ये लिच्छविकालको **अंशुवर्माको अभिलेख** र शाहकालको **रणध्वज थापाको वि.सं.१८७७ को अभिलेख** चार दशक अघि नै प्रकाशमा आइसकेको छ ।[२] मल्लकालको **रणसिद्धिमल्लको ने.सं.७९६ को अभिलेख** भने आजसम्म पनि प्रकाशमा आएको देखिएन । तत्कालीन इतिहास र संस्कृतिका केही महत्त्वपूर्ण कुरा थाहा पाउन यी अभिलेख उपयोगि हुने लागेर विज्ञ पाठकहरूका सामु प्रस्तुत गरेको छु ।

अंशुवर्माको अभिलेख

यो अभिलेख **नेपालको प्राचीन अभिलेख**[३] र **लिच्छविकालका अभिलेख**[४]मा पनि छापिएको छ । कुशेश्वर महादेवमन्दिरको उत्तरपूर्वपट्टिको सत्तलपछाडि यो अभिलेख कुँदिएको प्रस्तर रहेको बताइन्छ ।

मूलपाठ

१. ... ... कीर्ति ... ...
२. ... ... कलहाभिमानी नृपः ...
३. ... ... पुण्य ... मा ... ...

अनुवाद[५]

....कीर्ति (फैलिएका) ..... श्रीकलहाभिमानी राजाले .....पुण्य ......

व्याख्या

'कसरी मेरा दुनियाँ सुखी होलान्' भनी मुखले मात्र नभएर कामले पनि हरबखत जनताको हीतमा काम गरिरहेको देखाउन मन पराउने अंशुवर्मा सरस्वतीभक्त पनि थिए । लक्ष्मी (धन) र सरस्वती (विद्या) को बाटो फरक रही आएको छ । 'लक्ष्मी' कमाउने हो भने 'सरस्वती'को बाटोलाई बिर्सनु पर्ने हुन्छ । तर सामन्तबाट राजासम्म हुनपुगेका अंशुवर्मा यस्ता विद्याप्रेमी थिए जसले सरस्वतीलाई रिझाउन लक्ष्मीसंग कलह गरे । धनवज्र वज्राचार्यका अनुसार त्यही कुरा झल्काउन अंशुवर्माले 'श्रीकलहाभिमानी' उपनाम लिएका हुन् ।[६]

यो अभिलेखका अधिकांश भाग खण्डित एवं लुप्त भइसकेकोले कुन विषयको अभिलेख यो थियो भन्ने जान्न सकिएको छैन । तर जे होस् ९४ सिन्धुलीमा पनि लिच्छविकालको अभिलेख पाइएको छ भन्ने कुरा नै हाम्रो लागि महत्त्वपूर्ण हुन आएको छ । तत्कालीन नेपालको राज्यसीमा पूर्वमा पनि बृहत् भूभागसम्म फैलिएर रहेको पुष्टि यसले गरेको छ । हरिराम जोशी लेख्छन् :

यस अभिलेखको प्राप्ति उपत्यका बाहिर दुम्जामा भएको हुनाले उत्तरप्राचीनकालीन नेपालको राज्यसीमा नेपाल खाल्डो मात्र नभएर यसभन्दा बाहिर

---

२ मोहनप्रसाद खनाल, **अभिलेख-संकलन**, साझा प्रकाशन, काठमाण्डौं : २०२७, पृष्ठ ३, ९३ ।

३ हरिराम जोशी, **नेपालको प्राचीन अभिलेख**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं : २०३०, पृष्ठ ३५० ।

४ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर : दोस्रो संस्करण २०५३, पृष्ठ ३७७ ।

५ वज्राचार्य, पूर्ववत्, पृष्ठ ३७७ ।

६ धनवज्र वज्राचार्य, 'श्रीकलहाभिमानी राजा', **पूर्णिमा**, १/२०२१, पृष्ठ ३-७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि यढा-यढा सम्मन् फैलिएको थियो भन्ने कुराको प्रमाणीकरणमा सहायक हुन आएको छ।[७]

यस अभिलेखका बारेमा वज्राचार्यको विचार यस्तो छ :

पूर्व २ नं ...दुम्जामा पाइएको यस अभिलेखले लिच्छविकालमा नेपालराज्य उपत्यका र आसपासमा मात्र सीमित थिएन भन्ने सिद्ध गरेको छ । यस दृष्टिले यस अभिलेखको महत्त्व कम छैन ।[८]

यस अभिलेखमा आएको 'पुण्य' विचारणीय छ । पुण्यप्राप्तिका लागि तीर्थस्थल/देवस्थल जाने नेपाली संस्कृति पूर्व प्राचीनकालदेखि नै चली आएको छ । चौंसठ्ठी शिवलिङ्गमध्येका पहिला कुशेश्वर हुन् । चौसठ्ठी शिवलिङ्ग तीर्थयात्राको यो शृंखला कुशेश्वरबाट शुरू भएर पशुपतिनाथमा पुगेर पूर्ण हुने परम्परा विगतका केही दशकअघिसम्म पनि वर्तमान रहेको कुरा बूढापाकाहरू सुनाउँछन् । शायद यसै कारण पशुपतिनाथलाई केन्द्र मानेर यसको वरपर र उपत्यकाबाहिरका समेत प्राचीन शैवमन्दिर एवं शिवलिङ्गहरूको शृंखलाबद्ध अवस्थितितिर विचार गर्ने हो भने पनि पशुपतिनाथक्षेत्रदेखि दक्षिण-पूर्वी भेक नै बढ्ता उल्लेखनीय देखिन आउँछ ।[९] यताबाट पनि चौसठ्ठी शिवलिङ्गको दर्शनपुजन गर्ने संस्कृति अंशुवर्माको समयमा राजकीय स्तरमै लोकप्रिय भइसकेको विदित हुन्छ । शैवधर्म र पशुपतिनाथको विशेष महत्त्व बढाउने महत्त्वपूर्ण धार्मिक काम शैवानुयायी अंशुवर्माले गरेको देखिन आएको छ ।[१०] कुशेश्वर महादेव त्यस कुराको अपवाद होइन । त्यहाँ रहेको उनको त्यो अभिलेख यस कुराको साक्ष भएर रहेको छ ।

रणसिद्धिमल्लको ने.सं.७९६ को अभिलेख



---

७ हरिराम जोशी, **नेपालको प्राचीन अभिलेख**, पूर्ववत्, पृष्ठ ३५० ।

८ धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, पूर्ववत्, पृष्ठ ३७७ ।

९ डा.पुरुषोत्तमलोचन श्रेष्ठ, **अनन्तलिङ्गेश्वर**, अमनलोचन श्रेष्ठ, भक्तपुर : २०६४, पृष्ठ १४५ । '...सोमलिङ्गेश्वर, चरखण्डेश्वर, सुवर्णेश्वर, अनन्तलिङ्गेश्वर, गोकुलेश्वर, पिशाचेश्वर, डोलेश्वर, विकटेश्वर, काशीविश्वेश्वर, नन्दीकेश्वर, आशापुरेश्वर, धनेश्वर गोखुरेश्वर आदि उदाहरणस्वरूप छन् ।'

१० डा.जगदीशचन्द्र रेग्मी, **लिच्छवि-इतिहास**, नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर : २०५३, पृष्ठ १०१ । 'ई.सं.६०५ देखि स्वतन्त्र रूपमा राजकाज गर्न थालेपछि उनीले पशुपतिनाथको भक्ति दर्शाउने 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत:' (भगवान् पशुपतिनाथका पाउको अनुग्रह पाएका) भन्ने धार्मिक उपाधि लिन थालेको थाहा पाइन्छ । यसरी राजाले पशुपतिनाथसम्बन्धी धार्मिक उपाधि लिन थालेको हुनाले शैवधर्म र पशुपतिनाथलाई राजकीय धर्म र राजकीय राष्ट्रिय देवता मान्न थालिएको तथ्य स्पष्ट हुन आउँछ ।'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो अभिलेख कुँदिएको शिलापत्र ४० से.मि. लामो र २२ से.मि. चौडा छ । यसको शीर्षभागमा बीचमा त्रिशूल र दुइतिर चन्द्र र सूर्य अङ्कित छन् । यसको लिपि प्रचलित नेपालभाषामा र यसको भाषा संस्कृत+नेपालभाषा रहेको छ । यहाँ संवत् ७९६ छ ।

मूलपाठ

१. ३ॐ श्री ३ भवानीशंकराभ्यां नमः ।। ३ॐ नम
२. शिवाभ्यां नवयौवनाभ्यां नगेन्द्रकन्या वृ ..(?)
३. तराभ्यां नयनस्यनाश्रेष्टववूह्यराभ्यां नमो नम
४. :शंकरपार्वतीभ्यां ।। ।। अव्दे नेपालिसंख्येऋतु नि-
५. धि नगे संहिते माघकृष्णेच भूते मल्लश्रीरणसि-
६. द्धियनयकृतं स्थापिता श्री भवान्या :। प्राकायाजि-
७. ताया सकल कलुषहं जन्मजन्माद्धि तंवानत्वा
८. श्रीचन्द्र चूडंक्षणमयि विमृशंहेतुतस्मिस्थि-
९. रोतु ।। श्रिये : संतु ।। संवत् ७९६ माघकृ-
१०. ष्ण शिवरात्र्यां । श्रीरणसिद्धिमल्लदेवन स्वकी-
११. य भार्य्या श्री २ सिद्धीश्रीदेवीपुत्र श्री२ म-
१२. धुरिपुमल्ल प्रभृति सकुटुंवस्य उत्त-
१३. रोत्तर जयप्राप्ति कामनया श्री३ भवा-
१४. नी पतिष्ठा कृता प्राकार स्थापन मिति
१५. ।। शुभं भुयात ।।

भावानुवाद

ने.सं. ७९६ माघकृष्ण शिवरात्रि (शुक्लादिमान अनुसार) का दिनमा श्री रणसिद्धि मल्लदेवले आफ्नी पत्नी सिद्धीश्रीदेवी पुत्र मधुरिपुमल्ल सहित कुटुम्वहरूले भवानीशङ्कर प्रतिष्ठा गरी पर्खालसमेत लगाउनु भयो ।

व्याख्या

ने.सं.७९६ (वि.सं.१७३३) तिर काठमाडौं उपत्यकाका तत्कालीन कान्तिपुर राज्यमा नृपेन्द्र मल्ल (ने.सं.७९४-८००), ललितपुर राज्यमा सिद्धिनर सिंह मल्ल (ने.सं.७४०-८०१) र भक्तपुर राज्यमा जितामित्र मल्ल (ने.सं.७९३-८१६) शासन गर्दै थिए । काठमाडौं उपत्यकाबाट हालसम्म फेलापरेका त्यस ताकाका ऐतिहासिक सामग्रीहरूमा रणसिद्धिमल्ल कतै पनि देखापर्न आएका छैनन् । यसो हुँदा पूर्वतिरकै तात्कालिक ऐतिहासिक सामग्रीतिर दृष्टि दिनुपर्ने हुन्छ ।

चाँगु, साँखु, नालदुम, दोलखा लगायत सिन्धुली पूर्वतिरका प्रदेश हुन् । कहिलेकाहीँ ललितपुरलाई समेत साथ लिएर भक्तपुरलाई उछिन्दै कान्तिपुरले यी प्रदेशहरूमा लामो समयसम्म आफ्नो आधिपत्य जमाउन सफल भएका थिए ।[११] शिवसिंह मल्लले (ने.सं.६९८-७४०) कान्तिपुर राज्यको विस्तार गर्दा पूर्वतिर मकवानपुर लगायत सिन्धुलीसम्म प्रभाव फैलाएका थिए ।[१२] एक शताब्दीसम्म स्वतन्त्र रहेको दोलखा पनि शिवसिंहको पालामा कान्तिपुर राज्यमा मिल्यो । पूर्वतिरबाट नेपाल उपत्यका पस्ने प्रमुख मार्गमा सामरिक महत्त्वको सिन्धुलीगढी पनि थियो जसलाई त्यसपछि कान्तिपुरका प्रतापमल्ल (ने.सं.७६१-७९४) र उनीपछिका शासकहरूले समेत आफ्नो राज्य अन्तर्गत बनाइराख्न सफलता पाएको देखिन्छ । आफ्नो राज्य अन्तर्गत पर्ने पूर्वतिरका यी प्रदेशहरूमा प्रशासन चलाउन कान्तिपुरका राजाहरूले विशेषगरी आफ्नै बन्धुवर्ग मल्ल/प्रधानाङ्गहरूलाई त्यहाँका स्थानीय शासकका

११ पुरुषोत्तमलोचन श्रेष्ठ, **चट्टानअभिलेख र अन्य सम्पदा**, बबिता श्रेष्ठ, भक्तपुर : २०६७, पृष्ठ ९०-९८ ।

१२ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, **दोलखाको ऐतिहासिक रूपरेखा**, नेपाल र एसियाली अध्ययन संस्थान, कीर्तिपुर : २०३१, पृष्ठ ३८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रूपमा खटाएर पठाउँथे ।[१३] यो कुरा रणसिद्धि मल्लको प्रसङ्गले पनि खुल्न आएको छ । यी रणसिद्धि मल्ल कान्तिपुरतर्फका, प्रताप मल्लहरूका बन्धुवर्ग हुन भन्ने बुझिन्छ । उनी प्रताप मल्लको पालादेखि नै कान्तिपुर राज्यको मातहतमा रही दोलखा लगायत सिन्धुलीसम्मको प्रशासन हेर्ने जिम्मा पाएका यस भेकका प्रमुख प्रशासक थिए । दोलखामा प्राप्त ने.सं. ७९३ को अंशबण्डा सम्बन्धी सरकारी सनदपत्रबाट यो कुरा स्पष्ट थाहा पाइन्छ । उनले गरिदिएको उक्त सनदपत्रमा लागेको लाहाछापमा समेत 'श्रीश्रीरणसिद्धिमल्ल' अङ्कित छ ।[१४]

यस कुराको चर्चा माथि पनि भइसकेको छ कि नेपालका चौंसठ्ठी शिवलिङ्गहरूमध्येको पहिलो शिवलिङ्ग र सोही अनुरूप प्रथम तीर्थस्थलको रूपमा कुशेश्वर महादेवस्थानको महत्त्व पुराणकालदेखि नै रही आएको बोध हुन्छ । **हिमवत्खण्ड**मा वर्णित 'कुशेश्वरमाहात्म्य' यस कुराको उदाहरणस्वरूप छ । रणसिद्धिमल्लको प्रभावक्षेत्र सिन्धुलीसम्म थियो भन्ने कुरा कुशेश्वर महादेवस्थानमा फेलापरेको यो अभिलेखले प्रकारान्तरमै आभास गराएको छ । आफ्नो इलाकाक्षेत्रभित्र पर्ने तीर्थस्थल भएको हुँदा रणसिद्धि मल्ललाई त्यहाँ बराबर दर्शनपूजन गर्न जान सजिलो र पाइक परेको थियो भनी जान्न सकिन्छ। यसो हुँदा उनले त्यहाँ भवानीशङ्कर प्रतिष्ठा गरी पर्खाल लगाइदिएका हुन् भन्ने कुरा थाहा पाइन्छ ।

रणध्वज थापाको वि.सं.१८७७ को अभिलेख



---

१३ भक्तपुर पनि यस कुराको अपवाद थिएन । भक्तपुरका तत्कालीन राजा जगत्प्रकाश मल्ल (ने.सं.७६४-७९३) प्रताप मल्लका समकालीन हुन् । पूर्वतिरका साँखु, चाँगु नालदुम, नाला लगायतका प्रदेशहरू हात पार्न यी दुई राजाहरूबीच बराबर हानथाप नै चलेको थियो । नाला प्रदेश आफ्नो राज्यको अधीनमा आएको बेलातिर जगत्प्रकाश मल्लले आफ्ना एक बन्धु प्रधानाङ्ग विश्व भारोलाई त्यहाँका प्रमुख बनाएर पठाएका थिए । यो कुरा नाला भगवतीमन्दिरको ने.सं.७७१ को शिलाभिलेखको निम्न अंशबाट पनि जान्न सकिन्छ :
शङ्करमान राजवंशी, **भक्तपुर-शिलालेख-सूची**, वीर पुस्तकालय, काठमाडौं : २०२०, पृष्ठ ५३ । 'सम्वत् ७७१ आषाढशुक्ल पंचम्यां दिने ... खप्वया तुपलाछे टोल प्रधानाङ्ग विश्वभारोन नालास प्रमाण जुया वेलस ...'
(ने.सं.७७१ आषाढशुक्ल पञ्चमीमा भक्तपुर तुपलाछे टोलका प्रधानाङ्ग विश्वभारो नालाका मन्त्री भएको बेलामा ...)'

१४ धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, **दोलखाको ऐतिहासिक रूपरेखा**, पूर्ववत्, पृष्ठ १३६ । 'श्रेयोस्तु ।। सम्वत् ७९३ फालगुन शुधि १० श्रीरनसिद्धिमरजुन भिङख्वार, मानिकसिंङन दोरखा वेहारछेया रर्नचन्द्रया कृष्णया दह, कंचन दोरा निम्ह तर केहेयात फुयकाबिया थ्वमिसजुको मुसा प्रजा शुधान बिया जुरो, आओनरि शुनानं खव मखु धक कचंग्र थनसा, राजदंड ३०० मोहोर काय दु जुरो, गन चोनसां गन ओनसा कचंग्र थनेमदु ।।शुभ।। दत्तसाखि धोकम भा, दोरखा प्रमान डाम्ह ।। शुभ (लाहाछापमा)-श्रीश्रीरणसिद्धिमल्ल ।' **(कल्याण होस् । संवत् ७९३ फाल्गुन शुक्ल दशमी । श्रीरणसिद्धिमल्लजु, भिङ्ख्वार, माणिकसिङ्ले दोलखा विहारछेंका रत्नचन्द्र र कृष्णको अपुताली सम्पत्ति दुइ डोलाका दिदी बहिनीलाई बाँडी दिइयो । यिनीहरूको जति मुसा प्रजासमेत बाँडी दिइयो । अबदेखि कसैले पनि हो, होइन भनी कचिङ्गा उठाए भने ३०० मोहर राजदण्ड लिनू । जहां गए, बसे पनि कचिङ्गल उठाउन पाइदैन । यसका दृष्टसाक्षी धोकम भा, दोरखाका पञ्च प्रमान । शुभ)**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो अभिलेख कुँदिएको शिलापत्रको लम्बाइ र चौडाइ माथि वर्णित शिलापत्रको जत्रै छ । यसको पनि शीर्षभागमा बीचमा त्रिशूल छ र दुइतिर चन्द्र र सूर्यका प्रतीक दुई चक्का अङ्कित छन् । यसको लिपि देवनागरीमा र भाषा संस्कृतमा छ । यहाँ संवत् १८७७ छ ।

मूलपाठ

१. ॐ स्वस्ति श्रीशरसप्रस्ववनिभिः संवत्सरे
२. संभितेमासे फाल्गुनिकेः रणध्वज म-
३. हामन्त्रिप्रसूः स तिथौ ।। धर्मदिव्यति-
४. धार्मिका व्यरचयात् पानीयशालाशु-
५. रामारात् काव्यहिते कुशेश्वरमाहा-
६. देवस्य मद्भक्तितः ।।१।। ।।
७. स्वदतां परदतांवा जौहरति वसुः
८. धारा षस्तिवष सहासा विवियायां
९. जाईत्य क्रिमि ।। श्रीसंम्वत् १८७७
१०. सारमिति माघवदि ११ रोज
११. सुभम सुरं भवत् सवदाकारं
१२. सुभं ।। ।।

भावानुवाद

रणध्वज महामन्त्रीले धर्मादेवीको नाममा यस पवित्र स्थलमा आउनेहरूका लागि पानीयशाला (पानी खाने ठाउँ) कुशेश्वर महादेवको भक्तिभावमा वि.स. १८७७ साल, माघ वदि ११ रोजका दिन बनाइदिनु भयो । यसलाई नष्ट गरेमा, बिगारेमा त्यो मानिस साठी हजार वर्षसम्म नरकमा कीरा भइ रहन्छ । सदाकाल शुभ होस् ।

व्याख्या

यस अभिलेखका **रणध्वज** बूढा काजी अमर सिंह थापाका छोरा हुन् । त्यसैगरी यस अभिलेखका **धर्मदेवी** अमरसिंह थापाकी साहिंली पत्नी हुन् । रणध्वज धर्मदेवीतर्फबाट जन्मेका जेठा छोरा थिए । यी कुरा पशुपतिनाथमन्दिरको अमरसिंह थापाको अभिलेखबाट थाहा पाइन्छ ।[१५] रणध्वज थापाले भीमसेन थापाको मुख्य सहायक भई कारोबारी काजीका रूपमा शक्तिशाली भएर राजकाजमा लाग्न पाएका थिए ।[१६]

अमरसिंह थापाको परिवार राजकाज र युद्धका मैदानमा मात्र कुशल र शूरवीर नभएर लोकहीतलाई ध्यानमा राखी धर्मकर्म गर्ने र कृति राख्ने कुरामा पनि प्रख्यात थिए भन्ने बुझिन्छ । वि.सं.१८६५ मा रणध्वज थापाले **टैड्याङ्चामा कालिका, ज्यला र कामाक्षादेवीहरू**को स्थापना गरी ती देवताहरूको पूजाआजाका लागि गुठी राखेको कुरा पशुपति-भंडारको गीर्वाणयुद्धविक्रम शाहको अभिलेखबाट जानिन्छ ।[१७] वि.सं.१८७१ मा अमरसिंह थापा, धर्मदेवी र रणध्वज थापासहित भई पशुपतिनाथमन्दिरमा चाँदीको खापा र तोरण बनाएर चढाएका थिए । यो कुरा पशुपतिनाथमन्दिरको अमर सिंह थापाको अभिलेखबाट थाहा पाइन्छ । त्यसैगरी अर्को उदाहरण कुशेश्वर महादेवस्थानको यो अभिलेख पनि हो । रणध्वजले आफ्नी आमाको नाममा कुशेश्वर महादेवस्थानमा पानीयशाला बनाउन लगाएको कुरा यस अभिलेखबाट विदित हुन्छ । अमरसिंह थापाको परिवार शिवका परम भक्त थिए भन्ने कुरा पनि उनीहरूले कृतिसहित राख्न लगाएका अभिलेखबाट ज्ञात हुन्छ ।

पशुपति-भंडारको गीर्वाणयुद्धविक्रम शाहको अभिलेखमा भीमसेन थापा, रणजित पांडे, वालनरसिंह कुवंर लगायत रणध्वजलाई समेत 'काजि' (मन्त्री)

---

[१५] धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, **शाहकालका अभिलेख**, नेपाल र एसियाली अनुसन्धान केन्द्र, काठमाडौं : २०३७, पृष्ठ ५७८-५७९ ।

[१६] महेशराज पन्त, 'नेपाल-अंग्रेजयुद्धको तयारी', **पूर्णिमा**, २ पूर्णाङ्क, पृष्ठ ७० ।

[१७] धनवज्र वज्राचार्य, टेकबहादुर श्रेष्ठ, **शाहकालका अभिलेख**, पूर्ववत्, पृष्ठ ४६१-६४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनिएको छ। कुशेश्वर महादेवस्थानको यस अभिलेखमा भने रणध्वजले 'काजि' नभनी आफ्नो नामको अघिल्तिर सिधै 'महामन्त्रि' को पदवी लिनपुगेका छन् । यो कुरा महत्त्वपूर्ण छ । यस बारेमा छुट्टै अध्ययन गर्न सकेमा नयाँ कुरा प्रकाशमा आउने आशा गर्न सकिन्छ । जे होस् यताबाट उनी पहिलेभन्दा पनि बढ्ता प्रभावशाली र शक्तिशाली हुनपुगेका थिए भन्ने छनक मिल्छ ।

निष्कर्ष र सुझाव

कुशेश्वर महादेवस्थानमा फेला परेका यी तीन कालखण्डका तीन अभिलेखको पृष्ठभूमिमा सिन्धुलीभेकले इतिहासका सबै कालखण्डमा अनवरत रूपले उत्तिकै धार्मिक एवं राजनैतिक र सामरिक महत्त्व पाउँदै आएको तथ्य स्पष्ट हुन्छ । प्राचीनकालदेखि नै यो पूर्वबाट नेपालखाल्डो पस्ने आर्थिक रूपले समेत महत्त्व पाएको एक प्रमुख मार्ग सहितको समृद्ध प्रदेश थियो भनी मान्न सकिन्छ । कुशेश्वर महादेवस्थानको अवस्थानले पनि यस भेकको विशेष धार्मिक महत्त्व पूर्व प्राचीनकालदेखि नै रही आएको बोध हुन्छ । तीर्थयात्रा गर्ने संस्कृतिले हामीलाई पूर्व प्राचीनकालदेखि नै नेपालमा धार्मिक पर्यटन चली आएको कुरा पनि जानिन्छ । शैवधर्म र पशुपतिनाथलाई राष्ट्रिय स्तरमै उकास्ने परम्परा बसालेका अंशुवर्माले पनि एक तीर्थयात्रीका रूपमा कुशेश्वरदेखि पशुपतिनाथसम्मको तीर्थयात्रा पूर्ण गरेका थिए भन्ने कुरा पनि यसै प्रसङ्गमा स्वत: जानिन्छ। तीर्थयात्रा पर्यटन आज पनि वर्तमान छ।

सिन्धुली र यहाँको गौरव कुशेश्वर महादेवस्थान इतिहास धर्म-संस्कृति र पुरातत्त्वका दृष्टिले महत्त्वपूर्ण छ । यहाँका सम्पदा हाम्रै सम्पदा हुन्, विश्वकै सम्पदा हुन् । यी सम्पदाको मौलिक स्वरूपलाई नबिगारौं । पहिले जस्तो थियो आज पनि उही स्वरूपलाई कायम गरी यी सम्पदाहरूलाई बचाएर राखौं । हाम्रो संस्कृतिका मूर्त एवं अमूर्त सम्पदालाई चिनाउने हाम्रा अभिलेख पनि हुन् । यी हाम्रा राष्ट्रिय निधि हुन्, हामीलाई चिनाउन हाम्रा पुर्खाले हाम्रो जिम्मा लगाएर गएका अकाट्य साक्ष हुन् । यी हराए भने हामी पनि हराउने छौं । यसैले अभिलेखको रक्षा गरौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चैनपुरको मेजरपाटी र त्यहाँको अभिलेख

- डा. सोमप्रसाद खतिवडा*

१. परिचयः

मेजरपाटी नामैबाट कुनै फौजीसँग सम्बन्धित पाटी हो भन्ने बुझ्न सकिन्छ। यहाँ प्रसंगवस चर्चा गरिने विषयवस्तु पनि त्यस्तै गोरखाली मेजरद्वारा निर्मित पाटी हो। सामान्यतया धार्मिक र सामाजिक भावनाले पाटीहरू निर्माण गर्ने कार्य सामान्य हो । विगतमा यातायातका साधनको विकास नभएकाले धार्मिक स्थल र मानिसहरू हिंड्ने बाटामा पाटीहरू निर्माण गर्ने चलन थियो। तसर्थ पाटी निर्माण गर्ने कार्य सामान्य थियो र देशका विभिन्न भागहरूमा अनेक प्रकारका पाटीपौवाहरू निर्माण भएका छन् । यहाँको चर्चा गरिने मेजरपाटी पाटीनै भएपनि ऐतिहासिक दृष्टिले यसको महत्व अतुलनीय छ, जुन चैनपुर बीच बजारमा अवस्थित रहेको छ ।

चैनपुर बीच बजारमा रहेको मेजरपाटी वास्तवमा यहाँको सवैभन्दा पुरानो ऐतिहासिक विषयवस्तु पनि हो। तसर्थ पूर्वी पहाडको इतिहासमा यसको महिमा अतुलनीय रहेको छ।

२. स्थापनाः

मध्यकालतिर किराँतहरूले पूर्वी पहाडमा शासन चलाउँदा चैनपुर भेगलाई केन्द्र बनाएको कुरा इतिहासमा पाउन सकिन्छ । तर पुराना ऐतिहासिक सामग्रीहरू ज्यादै कम मात्रामा पाइने यस भेगको प्रशासनिक केन्द्रका हाल अवशेषहरू पनि पाउन सकिएका छैनन् । यता चैनपुर पूर्वी नेपालको महत्वपूर्ण नाकाका रूपमा रहेकाले उनीहरूले यस केन्द्रमा कस्ता प्रशासनिक भवनहरू निर्माण गराएका थिए भन्ने कुरा पनि स्पष्ट छैन । सेनहरूले पूर्वी नेपालमा प्रभुत्व जमाएपछि पनि किराँतीहरूलाई नै पहाडी भागको प्रशासनिक जिम्मा दिएकाले एकीकरण अभियानताका पनि पृथ्वीनारायणका सेनाले यस भेगमा लिम्बू शासकहरूसँग नै संघर्ष गर्नु परेको विवरण पाइन्छ । पछि एकीकरणको संक्रमण कालमा भने लेप्चाहरूले विद्रोह गर्दा यसै भेगलाई निसाना बनाएको ऐतिहासिक विवरण पाइने हुँदा चैनपुर भेगनै यस भेगको महत्वपूर्ण किल्लाका रूपमा रहेको कुरा बुझ्न सकिन्छ । यसै क्रममा वि.सं. १८४८ तिर यहाँका लेप्चाहरूको विद्रोह दवाउन केन्द्रबाट खटिएका बखतवार सिंह बस्नेत खटिएका र उनले चैनपुर बजारमा मनराजी बगैंचा र हिटी निर्माण गराएको देखिन्छ । त्यस बेलासम्मका कुनै पनि भग्नावशेष र ऐतिहासिक भवनहरू हालसम्म यस भेगमा पाउन सकिएका छैनन् । तर पनि त्यसपछि यसैलाई स्मरण गर्नका लागि उनका छोराहरूले चैनपुर बजारमा एउटा पाटी समेत निर्माण गराउन लगाएका थिए, जुन हालसम्म पनि मेजरपाटीका नामले चैनपुर बीच बजारमा अवस्थित छ ।

---

* सहप्राध्यापक, संस्कृति स्नातकोत्तर क्याम्पस, विराटनगर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चैनपुरको मेजरपाटी बखतवार सिंह बस्नेतका छोराहरूले निर्माण गर्न लगाएका हुन् भन्ने कुरा त्यहाँको पाटीमा रहेको अभिलेखको जेठा छोरा काजी प्रसाद सिंह बस्न्यात, माइला छोरा काजी बखतमान सिंह बस्न्यात, कान्छा छोरा काजी हितमानसिंह बस्न्यातले पनि "तनै चिताई चार ब्राह्मणलाई लागाई पौउवा बनायाऊ" भन्ने विवरणले स्पष्ट पारेको छ । यहाँ यस अभिलेखबाट बखतवार सिंह वस्नेतका चार भाई छोराहरूले मेजरपाटी निर्माण गराएको कुरा स्पष्ट छ । तर यसको निर्माण तिथि भने हाल खिइएर गएको छ । पुरानो देवनागरी लिपी र अशुद्ध नेपाली र संस्कृत भाषा मिलाएर खोपिएको उक्त अभिलेखमा पाटी निर्माण तिथि दिइएको नभए पनि अभिलेखमा अन्त्यमा वि.सं. १९०२ लेखिएको देखिने हुँदा उक्त पाटी त्यसभन्दा केही वर्ष अगाडि निर्माण गरिएको हुनसक्ने देखिन्छ ।

३. नामकरणः

मेजरपाटी बखतवार सिंह बस्नेतका छोराहरूले निर्माण गराएको कुरा स्पष्ट छ । तर उनीहरूले उक्त पाटीको नाम र प्रयोजन अभिलेखमा स्पष्ट पारेका छैनन् । उनीहरूले त बखतवार सिंह बस्नेतले निर्माण गराएका बगैंचा र हिटीको रेखदेख गर्ने स्थानका रूपमा र त्यस भेगबाट हिंडडुल गर्ने मानिसहरूलाई बास बस्न सजिलो होस् भन्ने मनसायले निर्माण गराएको देखिन्छ । नेपालमा पाटी, धर्मशाला र पौवा गरी यात्रीहरूका लागि जम्मा तीन प्रकारका विश्रामालयहरू निर्माण गरिदिने चलन थियो । यिनीहरूमध्ये धर्मशालामा आवासका लागि थप सुविधाहरूको पनि व्यवस्था हुन्थ्यो भने पौवाहरू वास वस्नका लागि बनाइन्थे, जसमा खाने पानीको सुविधा पनि पुऱ्याइएको हुन्थ्यो । यता पाटीहरू भने सामान्य प्रकारका हुन्थे, जसमा खानेपानीको व्यवस्था हुँदैनथ्यो । यहाँ अभिलेखमा नै यसलाई पौवा बनाया भनिएकाले त्यसमा खानेपानीको समेत व्यवस्था भएको बुझ्न सकिन्छ । अघि बखतवार सिंह बस्नेतले नै त्यस स्थानमा हिटीको समेत व्यवस्था मिलाएबाट त्यहाँ निर्मित पाटी स्वाभाविक रूपमा पौवाका रूपमा रहेको बुझ्न सकिन्छ । तर आज आएर भने यस्ता भवनहरूलाई पाटी, पौवा र धर्मशाला सवै प्रकारका नामहरूले जान्ने गरिन्छ, जसमा सुविधाका आधारमा वर्गीकरण गर्ने चलन रहेको देखिँदैन ।

बखतवार सिंह वस्नेतका छोराहरूले पाटी निर्माण गराएर छाडे पनि त्यसको नामकरण भने गरेका थिएनन् । कालान्तरमा उक्त पाटी कसले निर्माण गराए भन्ने कुरा स्थानीय मानिसहरूले भुल्दै गए र राणाकाल तिर त्यस भेगमा मेजरहरू बसेर प्रशासन चलाउन लागेकाले त्यसलाई मेजरपाटी भन्न लागे । बखतवार सिंह बस्नेतका नामको मन्दिर बख्तेश्वर शिवालय यस पाटीको नजिकै भए पनि त्यसलाई उक्त पाटीसँग भने समन्वय गरिएन र उक्त शिवालय र पाटी अलगअलग नामले चिनिन लागे । यसरी हालसम्म पनि यस पाटीलाई मेजरपाटीका नामले नै जान्ने गरिन्छ । राणा कालमा र २००७ सालको आन्दोलनमा पनि यस पाटीबाट महत्वपूर्ण प्रशासनिक कार्यहरू भएका देखिन्छन् ।

४. महत्वः

चैनपुरको मेजरपाटी पूर्वी नेपालको सवैभन्दा पुरानो हालसम्म जीवित रहेको भवन, प्रशासनिक केन्द्र र पाटी भएकाले ऐतिहासिक दृष्टिले यसको अत्यधिक महत्व रहेको छ । यसका साथै एकीकरणपछि यही भवनबाट यस भेगको प्रशासनिक व्यवस्था मिलाउने चलन रहेकाले पनि यसको महत्व बढेको हो । वास्तवमा पूर्वी नेपालको सवैभन्दा पुरानो भवन पनि यही हो । एकीकरण पछिका कोशी पूर्वको प्रशासनिक कार्य तराईमा मोरङ विजयपुरबाट र पहाडमा यही भेगबाट चलाइन्थ्यो । मोरङ विजयपुरका त्यस्ता प्रशासनिक भवनहरू हाल अवशेषका रूपमा मात्र जमिनमुनि पुरिएर रहेका हुनाले यस्ता केन्द्रको खोजी कार्य अझसम्म पनि अपूरो नै रहेको छ । तर चैनपुर भेगको प्रशासनिक भवन हालसम्म पनि मेजरपाटीका नामले जीवित छ र यसले यस भेगको पुरानो इतिहास

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जिवन्त रूपमा बोकेर रहेको देखिन्छ । तसर्थ पनि यसको विशेष महत्व रहेको हो । वि.सं. १९९१, २०४५ र २०६८ सालका विनासकारी भुकम्पहरूले समेत यस पाटीलाई क्षति पुऱ्याउन सकेको देखिंदैन ।

५. कलापक्षः

मेजरपाटी तेली इँटाले बनेको छ । दुईतले यो पाटी काठमाडौं उपत्यकाका मध्यकालिक पाटीका वास्तुसँग मिल्दो जुल्दो रहेको देखिन्छ । यसको छाना झिँगटीले छाइएको छ । चैनपुर बीच बजारमा रहेको यो



पाटी हेर्दा यसले पुरानो कलाको ज्वलन्तता प्रष्ट्याउने गर्दछ । यसका झिँगटीका पर्खाल बाहिर निस्किएका छानाहरूलाई टुँडालहरूले अड्याइएका छन् । यस पाटीको अगाडिनै बखतवार सिंह वस्नेतका छोराहरूले राखेको अभिलेख ठड्याइएको देखिन्छ । यसरी मध्यकालिक कला दर्शाउने हालसम्म प्राप्त पूर्वी नेपालको कला वस्तु यही मेजरपाटी भएकाले कलावास्तुकलाका दृष्टिले पनि यसको विशेष महत्व रहेको देखिन्छ । गुठीका नाममा रहेको यस पाटीमा हाल एउटा होटल संचालन गरिएको छ । यसले यहाँको पुरानो गौरवलाई विनास गरेको हुनाले यसको उचित व्यवस्थापन गर्न आवश्यक देखिन्छ । यसलाई तत्काल संग्रहालयका रूपमा विकास गर्न तथा यस भेगमा पाइने पुरातात्विक र कलावस्तुहरू संग्रह गर्न आवश्यक छ ।

६. अभिलेखः

चैनपुरको ऐतिहासिक गरिमा दर्साउने सवैभन्दा महत्वपूर्ण वस्तु यहाँको अभिलेख हो । चैनपुर बीच बजारमा रहेको मेजरपाटीको बाहिर पेटीमा गाडिएको उक्त अभिलेख खिइएर पढ्नै नसकिने भएको छ । तसर्थ यसलाई यथासक्य चाँडो संरक्षण गरी पाटीभित्र राख्न आवश्यक देखिन्छ । संस्कृत र पुरानो नेपाली भाषा तथा पुरानो देवनागरी लिपीमा लेखिएको उक्त अभिलेख बखतवार सिंह वस्नेतका छोराहरूले राख्न लगाएको कुरा माथिनै प्रसङ्गवस चर्चा गरिएको छ । यसले पूर्वी पहाडको इतिहास जीवन्त रूपमा बोकेको हुनाले यसको महत्व अतुलनीय छ ।

चैनपुरको मेजरपाटीको पेटीमा रहेको अभिलेखमा बखतवार सिंह बस्नेतले गराएको निर्माणका



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वस्तुहरूको संरक्षण गर्न गुठी राखिदिएको चर्चा पाइन्छ । त्यस्तै गुठीको आम्दानीको व्यवस्था तथा खर्चको बाँडफाँडको विवरण पनि यस अभिलेखमा दिइएको देखिन्छ । अभिलेखमा पुजाआजाका लागि गोतामे थरका ब्राह्मणलाई जिम्मा दिएको देखिन्छ । उनले निर्माण गर्न लगाएका भीमसेनका मन्दिर लगायतका केही निर्माणका सामाग्रीहरू हालसम्म पनि जीवित छन् र तिनीहरूलाई गौतमहरूले नै व्यवस्थापन गर्ने गरेको पाइन्छ । यसरी मेजरपाटी अभिलेख चैनपुर भेगको मात्र नभएर पूर्व नेपालकै महत्वपूर्ण वास्तुका रूपमा रहेको छ । यस अभिलेखको पूर्ण पाठ तल दिइएको छ ।

चैनपुरको मेजरपाटी अभिलेख

श्री १

चन्द्र सूर्य

श्री बखतेश्वर महादेव

२

श्री ...मसान श्री ५ महाराज रणबाहादुर सा:

३

स्वस्ति श्री सुमंगल पुत्रये नम: सजपति सिंदूर वदनो देवो पत्यदयं कुजस्मराणाम् ँचऊ(..) णि रिवतमसांरो सन्निा रायतु विघ्रानाम् ।।१।। स्वस्ति श्री सौ(धा) च: प्रमुष नृपमुणै सैन्द्र पृथ्वीनारायणो भुत्सुरपतिरिच नेपाल देसे(त्य)साह: श्रीमान् सिंहपैतापो विदित गुणास्य स्वस्तिाी जसुनुत्था सित्तात्तथा ।। नृपति रणवहादुर साहो वभुत्ता।।२।। एर्विण सवितासनो परियते: उन्मुख दाचित (लि) वाणातिपयैकतो हिरियत: पूर्वे किरातस्यले: तत्काले रणयुवकेस्य विभुनादत्ताधिकारो बखतवारो सिंह, पदान्तके (युत्येसज्यो)यधोनर्ययौ।।३।। गलासिद्धिपुरेष्टवेद गज चन्द्रा(स्योत्यि)ले विक्रमा (र्का) वेदरातिकुलं विजित्वसकुल स्वम्प्याजसकायितान् । एत्वास समिद्भवे नृपत यर(श्न) दिकत्वा पितं तस्मान्नु (ए) त्मनार राज जग विद्यायो जयश्री युता ।।४।। तस्मै श्री तस्मै धिराविवाय पदमादात्से (त्री) यत्पुन्यक्षेत्रका (णी) नेन्द्र: सच (..) र्न्तमकरोन्दिसा दिमिसोधम: प्रासादा लयमिश्वरत्य कुलमुद्धार्वु चवास्मा तकंस्वा राम बहुश्क्षोक तुचयत्र (प) रेतथा सत्प्रयाम् ।।५।। स्वस्ती वर्तस्मि चलैक विषये सिंहासना आसिन श्री मत्का: श्यप गोत्र संव्य च नृपश्रेव्यैस (त्र) का (प्रि)गुणी भारद्वज कुलोद्भव (ल)कहरसिंहो भवन्ततत्सुत सिंहोत्लो जनिधार्मिको भि बखतवार: (स्म) रास्यायुध:।।६।। प्रसादसिंह कुलमान सिंहकस्य तथात्योहित मानसिंह: ।। पित्राप्त संकल्पित पूर्त रक्षांत क्षेत्र संथापनदयाधुस्म ।।७।। चतुर्षुदिक्षुंप्रतिकिलि सामन्ता मुद्रां किराजपत्रां । सदान्तदाना यच पुजनाय गौरिवस्यान्दार वतेश्वरस्य ।।८।। अत: परंदेसामाषया लिखतो । श्री सम्वत १८४८ सालमा पूर्व देसका पल्लो किरातमा: वैरिले कुल गर्दा १ सर्दार कहरसिंह बस्न्यातका कान्छा छोरा काजी बषतवार सिंह वस्न्यातलाई कुंपनि लि गै कुल गऱ्यो वैरीलाई मारी तेस मुलुकको वन्दोवस्त गरी आ: भनी हुकुमगरी वक्संदा प्रभुको हुकुम सिर चह्राई कंपनि लिगै सिधिपुरमा वैरिसँग लडाञी गऱ्या: लडाइँ जितुम भने कुल गर्न्या बैरी जोजो हुन् तिनलाई मारी मुलुकको वन्दोवस्त गरी आनन्द पुर्वक वस्याका थिया । तस्तै वषतमा आफूलाई जेष्ठ पुत्र प्रसाद सिंह बस्न्यात पैदा भयाको शहर कान्तिपुरबाट षबरले पिता अत्यन्त खुशि भै काजी बषतवारसिंह बस्न्यातले पनि आफ्ना साथमा आयाका उमराव भलो आाद मिलाई यथायोग्य गरी (षि)लवत सिरो । ८ उदिया ब्राह्मणा वैरागियो सिसन्यासी मालमि..क अतित जफत गरी गरिव गुरुवाहरूलाई अन्न बस्त्र द्रव्यादी षुस गराया: अव येस जगामा केही किर्तिको स्थापना गर्दिञै: भनी चैनपुरगढी बर्घैंचा बनाई बषत सुन्दर हिटी मनराजी बर्घैंचा भन्या उचलाई शहर कांतिपुरमा आया १ को दर्शन गरी आफूले गरि आयाको बृतांत परिविन्दि चह्राया तेसरी आया १ बाट पनि बषत सुन्दर हिटी मनराजी बर्घैंचाका जगेरा गर्नलाई गुठी निमित्या तेही चयनपुरका अम्बलको बर्घैंचाका व्याँसीखोला सठोबार किल्ला हाली काजी बषतवार सिंह बस्न्यातका नाउमा गुठीको लालमोहर गरि बक्सेनुभयो काजी बषतवार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंह बस्न्यातले पनि जातजातका फलफूल लगाई बघैंचा अधिक सुन्दर गरी वन्याया बषत सुन्दरहिटी मनराजी बघैंचा (चि) ताई गर्ने निमित्ये तुलाराम उपाध्या गोताम्यालाई राखी पर्वपर्वमा रुद्री पाठ गराई ब्राह्मणा भोजन गर्न लगाया ताहाँ पछि काजी बषतवर सिंह बस्न्यातका जेठो छोरा काजी प्रसाद सिंह बस्न्यात, माइला छोरा काजी बखतमान सिंह बस्न्यात, कांछा छोरा काजी हितमानसिंह बस्न्यातले पनि तनै चिताई चार ब्राह्मणलाई लागाई पौउवा बनाया २८.. नित्यक पूजा चलाया: ताहा उप्रान्त काजि कुलमान सिंह बस्न्यात क्षत्री काजी मदनमान सिंह वस्न्यात क्षेत्रीबाट गुठी षेत पायाको आम्दानीले नेत्यनैमित्यका पूजा भजनको तेलवत्ती भजन गर्नालाई भजनको षर्च पौवा देवलके पत्क्या विग्र्याको बनाउन्याका निम्ति चलाई पुजाहारी गुठीयार ब्राह्मण पौवा लि नगर्ची बानदारहरूलाई खानगी दिन निमित्ये गुठी षेतमा आको आम्दानीको तपशिपशिल लेषि . सनद गरी शिलापत्र राख्या गुठीयारले सनदमा लेखिया बमोजिम पूथा गै..को षर्च कति नपुग्या चलाउनु कामदारलाई पनि (दरिया) बमोजिम १ को खान्की दिनु सनदमा लेख्यामाफिक खर्चगरी बाँकी रह्याको र घरकुरिया बस्याको सेमीसाउन्या फागु गाउँघरमा परिआयाको दंडकुंड गैह्र आस्मानी आम्दानी सालबसालको जगेरा खाख्नु दैवमत परि बालिनलायाका समयमा तेही जगेराबाट लेषिया बमोजिम पूजा गैह्रको खर्च चलाउनु:काम नअड्काउनु गुठीयारले सालबसाल आम्दानी खर्चको बही बुझाउनु गुठीका खेतमा पाखो: आवाद गुल्जार राख्नु पोवा देवलिये हिटी बघैंचा र बघैंचाका पर्खाल विग्रे भत्क्यकाको सालबसाल बनाउँदै रहनु गुठीका जगा खेतपाखामा (ला पानीपाखा निकासै) ले नगर्नु । ब्राह्मण, क्षेत्री, बैश्य, शुद्र चारै वर्णले यो धर्म किर्ति स्थापनाको नास नगर्नु । जसले यस कीर्तिको नास गरी लख्या बमोजिंको धर्म चलाहसंभार गराई ..लाई पंचमहायत्रको पुण्य मिल्ला । स्वदत्ता द्विगुणो युराय प्रतित्तानुखालबात । परयत्ता परमस्वदक्त निर्गुहलं भवेत् । ११ । सुर्येणो भोनेय कालो महाभूता । नपल्लच गुणायुसा शुभस्वेह ....।

चैनपुरको मेजरपाटी अभिलेखको तल्लो भाग निकै जीर्ण छ र यसलाई राम्रोसँग पढ्न सकिंदैन । यसैगरी अभिलेख कमसल स्थानीय प्रस्तरमा लेखिएको हुनाले धेरै अक्षरहरू खिइएर गएका पनि छन् । अभिलेख पुरानो देवनागरी लिपि र नेपाली भाषामा लेखएिको छ । नेपाली भाषा पनि पुरानो छ भने संस्कृत भाषाको प्रयोग पनि यसमा मिसाएर गरिएको देखिन्छ । यो अभिलेख कुँद्नका लागि दक्ष कालिगढको आवश्यकता पर्दथ्यो, जो काठमाडौं उपत्यकातिर बाटनै ल्याइएको देखिन्छ । तर अभिलेखका लागि प्रस्तर भने स्थानीय नै प्रयोग गरिएको छ । यस अभिलेखमा पाटी नभनेर पौवा वनाएको चर्चा पाइने हुनाले त्यस स्थानमा पानीको धारा पनि राखिएको हुन सक्ने देखिन्छ । साथै उक्त स्थानमा अघि बख्तवरसिंह बस्नेतले नै सुन्दर बगैंचा बनाएको विवरण पनि देखिन्छ । अभिलेखमा चर्चा गरिएअनुसार उक्त बगैंचाको रेखदेख र व्यवस्थाका लागि गुठी समेत राखिएको देखिन्छ । यसरी यहाँको पौवा अहिलेसम्म पनि मेजर पाटीका नाममा प्रख्यात छ भने यसको अभिलेख पनि यस भेगको सवैभन्दा महत्वपूर्ण ऐतिहासिक सामाग्री मानिन्छ ।

निश्कर्ष:

पूर्वी नेपालमा पुराना अभिलेखहरूको अभाव छ । यहाँ प्राचीन कालका अभिलेख हालसम्म एउटा पनि पाउन सकिएको छैन भने मध्यकालका अभिलेखको पनि निकै कमी छ । यसमा पनि कोशीदेखि पूर्वतिर त इतिहास झल्काउने अभिलेखको अनिकालै परेको छ भने पनि हुन्छ । यस भेगको जानकारी दिने अभिलेखहरू देशका अन्य भागहरूमा पनि निकै कम मात्रामा पाइएका छन् । तसर्थ यस भेगमा जेजति प्रकारका अभिलेखहरू पाइन्छन्, यहाँको पुरानो इतिहास र संस्कृतिका लागि तिनीहरूको विशेष महत्व रहेको पाइन्छ ।

पूर्वी नेपालको चैनपुर बीच बजारमा रहेको मेजरपाटी अभिलेख यस भेगको निकै महत्वपूर्ण मानिन्छ । यहाँको मेजरपाटी पनि ऐतिहासिक दृष्टिले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यत्तिकै महत्वपूर्ण छ । उक्त स्थानमा वि.सं. १८४८ तिर धारा र पाटी बन्न लागेको विवरण यस अभिलेखले दिएको छ। तर उक्त पाटी भने त्यति पुरानो नभएर राणा कालतिरको बनेको हो। उक्त पाटीमा रहेको अभिलेखका आधारमा उक्त पाटी वि.सं. १९०१ तिर बख्तवार सिंह बस्नेतका छोरानातिहरूले बनाएको देखिन्छ। उक्त पाटी राणा कालभर स्थानीय प्रशासन चलाउन निकै उपयोगी सावित भयो भने राणा शासनको अन्त्यपछि पनि त्यहिंबाट यस भेगको शासन चलाउने गरिन्थ्यो। तसर्थ ऐतिहासिक दृष्टिले यस पाटी र त्यहाँको अभिलेखको ठूलो महत्व रहेको छ ।

सन्दर्भ ग्रन्थसूची

१. आचार्य, वावुराम, श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनि, काठमाडौं: राजदरवार, दोश्रो सं. २०६१ ।

२. कर्माचार्य, माधव, ँवालासेंसी र बालेश्वर महादेवऊ क्षितिज वर्ष २, अंक २, चैनपुरः चैनपुर साहित्य सङ्गम, २०५६ ।

३. ...., ँ आशा खत्री र वानेश्वर गुठी, क्षितिज वर्ष २, अंक १, चैनपुरः चैनपुर साहित्य सङ्गम, २०५६ ।

५. खतिवडा, सोमप्रसाद, चैनपुरको इतिहासमा काजी आशा खत्रीको योगदान, रिसर्चर वर्ष १, अंक १, विराटनगरः अनुसन्धान विकास केन्द्र, २०६९ ।

४. ढुङ्गेल, रमेश, ँपल्लो किराँतको चैनपुरः एक महत्वपूर्ण प्रदेशऊ, प्राचीन नेपाल संख्या ११३, काठमाडौं: पुरातत्त्व विभाग, २०४६ ।

५. ...., ँचैनपुर गोला र गोवाः एक ऐतिहासिक परिचयऊ, सरस्वती मावि स्मारिका, चैनपुरः सरस्वति मावि, २०६५ ।

६. भट्टराई, ओमप्रकास, ँश्री सिद्धकाली देवीको धार्मिक महिमा र दर्शन पद्धतिऊ, क्षितिज वर्ष १, अंक २, चैनपुरः चैनपुर साहित्य सङ्गम, २०५६ ।

७. नेपाल, ज्ञानमणि, नेपाल निरूक्त, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।

८. बुढाथोकी, तारावहादुर, संखुवासभाः एक चिनारी, खाँदवारीः सुमन श्रेष्ठ, २०६६ ।

९. शाक्य, भरतकुमार, २००७ सालको जनक्रान्ति र चैनपुर, चैनपुरः चैनपुर साहित्य सङ्गम, २०५६ ।

१०. ह्यमिल्टन, एफ्बी, एन् एकाउन्ट अफ् द किङ्गडोम अफ् नेपाल, नयाँ दिल्लीः एसियन एजुकेसनल सर्भिस, १९९७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाली भाषाका प्राचीन केही अभिलेखमा पात्रविधानको विश्लेषण

- डा. भूपहरि पौडेल*

विषयप्रवेश

'अभिलेख' भनेका सुरक्षित ऐतिहासिक महत्त्वका सामग्री हुन् । कुनै पनि व्यक्ति र संस्थाले इतिहासका रूपमा सुरक्षित राख्नुपर्ने अभिलेखीय सामग्रीलाई विशेष सुरक्षाव्यवस्था गरी थन्क्याएको हुन्छ । त्यस्ता अभिलेखले भाषा, साहित्य, संस्कृति, मानवशास्त्र, समाजशास्त्र, भूगोल, पुरातत्त्व, इत्यादि विषयको इतिहास निर्माण गर्न सहयोग पुऱ्याएको हुन्छ । नेपाली भाषाका अभिलेखको उठान शाके संवत् ९०३ अर्थात सं. १०३८ बाट भएको हो भन्ने चर्चामा आएको छ । अन्वेषण र अध्ययनबाट प्राप्त भएका पुराइतिहासको विश्लेषण गर्दा प्राकमानवले आफ्ना विचारहरू ढुङ्गा, भित्ता र काठका बोक्रामा कोर्ने गर्थे र त्यस्ता साङ्केतिक विचार नै उनीहरूका अभिव्यक्तिका नमुना हुन् भन्ने पुरातत्त्वविद् र प्राकइतिहासकारहरूको अभिमत रहेको छ । नेपाली भाषा अभिलेखका रूपमा आउनुपूर्व जनबोलीमा सीमित थियो । मानिसमा आफ्नो विचार सुरक्षित गर्नुपर्छ भन्ने सोच भएर पनि त्यसको आवश्यक सीप, कला र सामग्रीको पहिचान गर्ने क्षमताको अभावमा भाषा, साहित्य र संस्कृतिका अमूल्य रत्नहरू पनि मुखजावतमै सीमित थिए । त्यस्ता सीमित विचारमध्ये लोकगीत, कथा, उखान, टुक्का, गाउँखाने कथा, जीवनी, संस्मरण, यात्रा, दैनिकी इत्यादि प्रमुख हुन् । त्यस्ता सामग्रीले मानिसलाई ज्ञान र मनोरञ्जन दुवै दिने गर्थे । हालसम्म नेपाली भाषाका प्रामाणिक र अप्रामाणिक प्राचीन अभिलेखहरू जे जति उपलब्ध र चर्चामा छन् तिनीहरूको अध्ययन गर्दा त्यस्ता अभिलेखभन्दा धेरै पहिलेदेखि नेपालीहरूले आफ्ना विचार लेखेका थिए होलान् तर तिनीहरूको सुरक्षा हुन सकेन । गहिरिएर विचार गर्दा मानिस नै सृष्टिको जीवन्त अभिलेख हो । उसको पार्थिव देह विसर्जन भए पनि चेतनात्मक निराकार र साकार प्रस्तुति भने पृथ्वीको साझा अभिलेखका रूपमा सुरक्षित रहन्छ । यसैलाई 'नासो' पनि भनिन्छ । त्यो दिने र लिने सृष्टिको मानवसमुदायकै कुनै अङ्ग हुनसक्छन् । नेपाली भाषाका सन्दर्भमा चर्चा गर्दा सं. १०३८ देखि अहिले सम्म अभिलेख, वाङ्मयग्रन्थ प्रकाशित, अप्रकाशित साहित्यग्रन्थ, धर्मशास्त्र, दर्शन, विज्ञान आदि नेपालीहरूका चेतनाका 'अभिलेख' अथवा 'रेकर्ड' हुन् । त्यस्ता अभिलेख सामग्रीहरूमा पात्रहरूको क्षेत्रगत भूमिका रहेको हुन्छ किनभने पात्रबिना कुनै पनि विषयमा पूर्णता हुँदैन । प्राचीन नेपाली अभिलेखलाई विषयगत पूर्णतातर्फ डोऱ्याउने अभिलेखको पात्रविधानगत अन्बेषणाकात्मक अध्ययन

* पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आवश्यक देखिनछ । यसबाट प्राचीन नेपाली अभिलेखीय सामग्रीमा पात्रहरूको भूमिका र योगदानको विश्लेषण गर्न सहयोग पुग्ने देखिन्छ ।

अभिलेखीय भाषाको अध्ययनपरम्परा

नेपालका विभिन्न भौगोलिक क्षेत्रमा स्थलगत अन्वेषणभ्रमण गरेर धेरैले नेपाली अभिलेखको अन्वेषण अध्ययन एवं प्रकाशनमा अथक प्रयत्न गरेका भए पनि भाषाशास्त्रीय कोणबाट भने विश्लेषण भएको पाइँदैन । भाषाशास्त्री बालकृष्ण पोखरेलले नेपाली अभिलेखीय सामग्रीहरूमा प्रयुक्त भाषाको व्याकरण तथा भाषाशास्त्रीय अध्ययन र विश्लेषणको स्पर्शात्मक स्वरूप देखाउन खोजेका भए पनि उनी त्यसैमा केन्द्रित रही अध्ययनको नयाँचरण विस्तार गर्नतर्फ उनको दृष्टि केन्द्रित रहन सकेन । वास्तवमा अहिले सम्मको अन्वेषणअनुसार नेपाली भाषाका प्राचीन लेख्य सामग्री अभिलेख हुन् । त्यस्ता अभिलेखको भाषिक अध्ययन आवश्यक छ । भाषाका प्रकारमा अभिलेखको भाषा पनि पर्छ । जस्तोः नेपाली कथ्यभाषाको विकासक्रम नेपाली भाषाको केन्द्रित बोली, प्राचीन नेपाली वाङ्मयग्रन्थको भाषा, नेपाली काव्यमा प्रयुक्त भाषा, नेपाली आख्यानको भाषा, नेपाली नाटकको भाषा, निबन्ध, समालोचनाको भाषा, प्राध्यापनको भाषा, कचहरीको भाषा, राजनीतिक भाषा, किसानको भाषा, धनाढ्यहरूको कथ्य भाषा, गृहिणीको भाषा, जँड्याहा, जुवाडे र चोरको भाषा,फुटपाथे ज्योतिषको भाषा, चोर, डाँका, दलालहरूको भाषाको अध्ययनले नेपाली भाषाको विकासक्रमको अध्ययनमा सहयोग पुगेजस्तै अभिलेखीय भाषाको अध्ययनले पनि यसको सिद्धान्त र प्रयोग पक्षको विश्लेषणमा सहयोग पुग्ने देखिन्छ । वास्तवमा नेपाली भाषाका प्राचीन अभिलेखहरूको प्रामाणिकतामा भाषाका अध्येता र इतिहासकारले शङ्का-उपशङ्का कथ्य बोलीमा प्रकट गरे पनि त्यस्ता शङ्कास्पद मानिएका अभिलेखको शुद्ध पाठ पनि प्रकाशमा आएको पाइँदैन । सं.१०३८ देखि वि.सं. २००० सम्मका नेपाली अभिलेखको अध्ययन गर्दा मध्यकाल र पछिल्लो समयका अभिलेखको भाषा र प्राचीन अभिलेखको भाषामा निकै ठूलो उल्टो अन्तर रहेको पाइन्छ । त्यो अन्तर भनेको समयगत नभएर शब्द र वाक्यको प्रयोगधर्मितामा पाइने अन्तर नै हो । त्यसकारण नेपाली अभिलेखको भाषाको अध्ययनले ऐतिहासिक अभिलेखको समय, स्थान र प्रयोगगत अन्तरको पहिचान गर्न मद्दत मिल्ने देखिन्छ ।

प्राचीन नेपाली अभिलेख परम्परा

नेपाली भाषा र इतिहासकारका अन्वेषकका अथक प्रयत्नबाट पुराना अभिलेखहरू प्राप्त भइरहेका छन् । पृथ्वीनारायण शाहपूर्वका नेपाली अभिलेख र उनी र उनको जीवनकालपछि जारी गरिएका अभिलेखहरूको भाषिक अध्ययनका क्रममा समवर्ती र उत्तरवर्ती अभिलेखका तुलनामा पूर्ववर्ती अभिलेखको भाषाका विशेषता केलाउँदा केन्द्रीय, माझाली, डोटेली, बझाङली भाषिकाको अझै स्वरूपगत भिन्नता पाउन सकिन्छ । अर्को कुरो, रत्नाकर देवकोटा, धर्मराज थापा, योगी नरहरिनाथ, जयराज पन्त, देवकान्त पन्त, प्रदीप रिमालका अन्वेषणात्मक लोकगीतको परम्परित अध्ययन बाट लोकजीवनमा कथ्य नेपालीको प्रारम्भदेखि नै मुखजावत हुँदैआएका लोकसाहित्यिक परम्पराका सामग्री पनि अभिलेखीय सामग्री नै हुन् । लोकजीवनका सुख, दुःख, अर्मपर्म, श्रम, सीप, धार्मिक-सांस्कृतिक पर्वका कथ्य-प्रस्तुति अलिखित अभिलेख हुन् । यसबाट सं. १०३८ देखि नेपाली भाषाका लेख्य सामग्रीहरू अभिलेखीय सामग्रीका रूपमा आएका पाइए पनि जुम्लाको सिञ्जादरमा प्रारम्भ भएका नेपाली वाणीको पहिलो शब्दसमूहात्मक अभिव्यक्तिदेखि नै नेपाली अभिलेखको परम्परा मान्नु उपयुक्त हुन्छ किनभने अभिलेखले ढुङ्गा, तामाको पाता, मड्याएको कागजमा लेखिएका सामग्रीलाई मात्र बुझाउँदैन, जनबोलीको प्रथम प्रहरदेखि विकसित भएको भाषिक अभिव्यक्तिका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सामग्रीलाई पनि बुझाउँछ । त्यसैले समयसन्दर्भअनुसार 'अभिलेख' को परिभाषा र अर्थ फेर्नु पर्ने आवश्यकता महसुस हुन थालेको छ ।

प्राचीन नेपाली अभिलेखका प्रमुख अन्वेषक

अहिलेसम्म परिभाषामा अटाएर सीमाङ्कित भएका अभिलेखका नेपाली अन्वेषकको सङ्ख्या बढिरहेको छ । जस्तोः योगी नरहरिनाथ, बाबुराम आचार्य, जनकलाल शर्मा, अम्बिका उपाध्याय, नयराज पन्त, बालकृष्ण पोखरेल, महेशराज पन्त, दिनेशराज पन्त, ज्ञानमणि नेपाल, धनबज्र बज्राचार्य, गौतमबज्र बज्राचार्य, भोलानाथ पौडेल, रामजी तिवारी, टेकबहादुर श्रेष्ठ, मोहनप्रसाद खनाल, हरिराम जोसी, पूर्णप्रकाश नेपाल 'यात्री', गोविन्द टन्डन, जगदीशचन्द्र रेग्मी, कमल दीक्षित, रुक्मनाथ पौडेल, जगमान गुरुङ, रमेश ढुङ्गेल, भवेश्वर पंगेनी, इत्यादि प्रमुख हुन् भने नेपाल-जर्मन हस्तलिखित संरक्षण ग्रन्थ परियोजना पनि नेपालका दुर्लभग्रन्थ र अभिलेखहरूको सुरक्षणतर्फ विशेष परियोजना चलाएको देखिन्छ । त्यस्तै राष्ट्रिय अभिलेखालयले आफ्नो मातहतका कर्मचारीहरुलाई देशै भरी पालैपालो अभिलेख सङ्कलन कार्यक्रम परिचालन गरेर यसको संरक्षण र सुरक्षातर्फ धेरै महत्त्वपूर्ण कार्य गरिआएको देखिन्छ । राष्ट्रिय अभिलेखालयका अनुसन्धान अधिकारीका हैसियतले जनकलाल शर्मा, राधेश्याम भट्टराई, प्रकाश दर्नाल इत्यादि विद्वानले दुर्लभ र लोपोन्मुख अभिलेख सङ्कलन, पञ्जीकरण तथा सुरक्षणतर्फ पुऱ्याएको योगदान नेपालका अभिलेखको परम्परामा अविस्मरणीय र संस्मरणीय रहेको छ ।

प्राचीन नेपालका अभिलेखीय सामग्रीका प्रकाशक

अभिलेखीय सामग्रीका आधारमा लेख-रचना र ग्रन्थप्रकाशन गर्ने व्यावसायिक प्रकृतिका प्रकाशक पाइए पनि व्यावसायिक दृष्टिले तत्कालै नाफा नहुने भन्ने महसुस गरिएका अभिलेख ग्रन्थका प्रकाशकहरू पाउन गाह्रो छ । प्राज्ञिक उन्नयनका निम्ति स्थापना भएका नगण्य प्रकाशकले नेपालका अभिलेखीय ग्रन्थ प्रकाशमा ल्याएको देखिन्छ । लिच्छविकालदेखि शाहकालसम्मका दुर्लभ अभिलेख प्रकाशमा ल्याउने प्रमुख प्रकाशकमध्ये संशोधन मण्डल, वीर पुस्तकालय, राष्ट्रिय अभिलेखालय नेपाल राजकीय प्रजा प्रतिष्ठान, नेपाल र एशियाली अनुसन्धान केन्द्र, साझा प्रकाशन (पाठ्यक्रमीय प्रयोजनका सामग्री मात्र प्रकाशमा ल्याएको), राइनो पब्लिकेशन (प्रा.लि.), जगदम्बा प्रकाशनलाई परिगणना गर्न सकिन्छ । नेपाली भाषाका प्राचीन, मध्य र आधुनिक कालका अभिलेख प्रकाशकको सहज उपलब्धता नभए पनि हालसम्म प्रकाशित अभिलेख ग्रन्थहरू पनि दुर्लभ प्रायः हुँदै गएका छन् ।

नेपाली प्राचीन अभिलेखमा भाषिक विविधता

नेपालमा पाइने अभिलेखमा भाषिक विविधता भेटिन्छ । जस्तोः नेपालको लिच्छविशासन कालमा संस्कृत राजभाषा थियो । त्यसकारण लिच्छविकालका अभिलेखहरू संस्कृत भाषामा छन् । त्यस्तै मल्लकालमा नेपाल भाषाको प्रमुख स्थान रहे पनि संस्कृत, मैथिली पनि अध्ययन, लेखन र व्यवहारका भाषा थिए । नेपालका सुदूरपश्चिम, मध्यपश्चिम, पश्चिम एवं पूर्वका विजयपुर, लिम्बुवान्, चौदण्डी, आदि राज्यहरूको शासनव्यवस्थामा पनि नेपाली भाषामै अभिलेखहरू जारी भएको पाइन्छ ।

अभिलेखको अन्वेषणमा भाषा र लिपिज्ञानको आवश्यकता

अभिलेखको अन्वेषणमा भाषा र लिपिज्ञानको आवश्यकता पर्छ । जस्तोः देवनागरी, नेवारीका १६ लिपि, तिब्बतियन, किरात आदि लिपिको ज्ञान आवश्यक पर्छ । त्यस्तै : मैथिली, सुनुबार आदि नेपालका जनजातिका उपलब्ध लिपि र भाषाज्ञान पनि आवश्यक छ । अर्को कुरो लिम्बु भाषाको पनि लिपि छ, यसलाई श्रीजङ्घा लिपि भनिन्छ । नेपालको मल्लकालमा भाषा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साहित्य, इतिहास, कला र वास्तुकलाको यथेष्ट विकास भएको थियो । यस कालखण्डमा लेखिएका कयौँ काव्य, नाट्यग्रन्थहरू नेवारी लिपिमा पाइन्छन् । अतः प्राचीन, मध्यकालीन तथा आधुनिक कालको भाषाज्ञानका निम्ति राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचलित भाषा एवं लिपिज्ञानको आवश्यकता पर्छ । नेपालका प्रमुख लिपि विशेषज्ञका रूपमा योगी नरहरिनाथ, हेमराज शाक्य, शङ्करमान राजवंशी, महेशराज पन्त, दिनेशराज, ज्ञानमणि नेपाल, बेणीमाधव ढकाल, रुक्मनाथ पौडेल, मोहनप्रसाद खनाल, इत्यादि हुन् ।

अभिलेखको वर्गीकरण

पहिला-पहिला लेख्ने कागज र छाप्ने मेसिनको अभाव थियो । नेपालमा किताब छाप्ने मेसिन भित्रिएको श्री ३ प्राइमिनिस्टर जङ्गबहादुर राणा बेलायलतको यात्रा गरेर फर्किएपछि मात्र हो । त्यो बेलासम्म नेपालमा लेख्ने व्यवसाय मात्र थियो, छाप्ने व्यवसाय थिएन । भारतमा छापिएका किताब नेपालमा भित्रिन्थे । नेपालमा अत्याधुनिक मुद्रणउपकरण भित्रिए र अति गोप्य तथा संवेदनशील विषय-सामग्री जस्ताः परीक्षाका प्रश्नपत्र, निर्वाचनका मतपत्रको संकेत प्रकाशन र मुद्रण भइरहेको समयमा पनि व्यापारिक उद्देश्यका प्रकाशकहरू भारतमा सस्तो मुद्रण गरेर नेपालमा अति महंगोमा सामान बेच्छन् भने दुई सय वर्ष अगाडिका नेपालको पाठ्यसामग्रीका अवस्थाबारे अनुमान गर्न सकिन्छ । त्यसकारण राज्य, समुदाय र व्यक्तिका तर्फबाट जारी भएका विषयलाई पछि संभौटो रहिरहोस् भन्ने उद्देश्यले हम्मेसि नष्ट नहुने उपाय अबलम्बन गरी संस्कृत, नेपाली, नेवारी, मैथिली आदि ज्यादा चल्तीका भाषामा लेख्ने चलन थियो । अभिलेखको रूप हेर्दा लेखकहरू लेख्ने कलामा निपुण थिए भन्ने बुझिन्छ । अहिले आएर अभिलेख भाषा, साहित्य र इतिहास निर्माणका महत्त्वपूर्ण सामग्री बनेका छन् । त्यस्ता ऐतिहासिक अभिलेखहरू भुर्जपत्र, ताडपत्र, कनकपत्र, शिलालेख, ताम्रपत्र, सनदपत्र, रुक्का, तिर्जा, तमसुक, चिठी, राजामहाराजाका प्रशस्ति, लोकगाथा काव्य, भारतगाथा, वाङ्मय ग्रन्थ इत्यादिलाई प्रमुख रूपमा लिन सकिन्छ । यस्ता अभिलेखमध्ये राष्ट्रिय इतिहास निर्माणका दृष्टिले समेत विशिष्ट महत्त्वका ट्रकका ट्रक कागजपत्रीय सामग्रीहरू कौसी तोसा खानाले केही वर्ष अघि कवाडीका रूपमा पठाएको बुझिएको छ । अतः अभिलेखीय सामग्री र इतिहासको महत्त्व तथा यसले मुलुकको राष्ट्रिय जीवनमा पार्ने सकारात्मक प्रभावबारे पटक्कै ज्ञान नभएका प्रशासकले अभिलेखहरू नष्ट गर्ने कार्यमा अग्रगण्य भूमिका निर्वाह गरेको बुझिएको छ ।

अर्को कुरो, योगी नरहरिनाथ, जनकलाल शर्मा, मोहनप्रसाद खनाल, पूर्णप्रकाश नेपाल 'यात्री', बालकृष्ण पोखरेल इत्यादि अन्वेषक विद्वानले नेपाली अभिलेख र वाङ्मय ग्रन्थको अन्वेषण गरेर उपयुक्त सामग्रीहरू फेला नपारेका भए नेपाली भाषा र साहित्यको इतिहासको समयावधि अति छोटो हुने थियो । त्यसकारण नेपाली साहित्यको इतिहास निर्माणका साथै स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि स्तरीय शोधसामग्री र अध्ययन-अध्यापनस्तरीय सामग्रीहरू जुटाउन प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने विद्वानका प्रयत्न प्रशांसनीय रहेका छन् ।

नेपाली प्राचीन अभिलेखका प्रमुख विषय

अभिलेखका प्रमुख विषयका रूपमा तलका बुँदालाई प्रमुख रूपमा लिन सकिन्छ :

(क) ब्राहमणलाई दान, विर्ता, जग्गाको सीमा निर्धारण,
(ख) आफ्ना विश्वासपात्रका जमिनको कर माफी,
(ग) मठ-मन्दिरको पूजा, पर्व र जात्रा सञ्चालनार्थ आवश्यक गुठीको व्यवस्था,
(घ) राष्ट्रसेवकले अनुकरणीय कार्यगरेवापत उनीहरूलाई पुरस्कार अथवा इनाम दिएका सन्दर्भ,
(ङ) सोभै विषय नखुट्टिएका केहि अभिलेख,
(च) आफूलाई पढाएको र आफ्नो जन्मौति लेखिदिएवापत बकस दिएको, इत्यादि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालका ऐतिहासिक अभिलेखहरू अध्ययन गर्दा तात्कालिक राजा-महाराजा संस्कृत विद्या, ब्राह्मण, देवता, मठमन्दिर, गुम्बा र जमिनको सम्मान गर्थे भन्ने बुझिन्छ । उपर्युक्त विषय नै प्राचीन नेपाली अभिलेखमा उल्लेख भएको पाइन्छ । वि.सं. १८६२ मा तात्कालिक राजा रणबहादुर शाहले ब्राह्मणहरूका विर्ता हरण गरे तर त्यसबाट उनको र राष्ट्रको जीवनमा उथलपुथल आएको थियो । त्यस्तै, २०१६ सालमा श्री ५ महेन्द्रले विर्ता उन्मूलन गरे । त्यसपछिका वर्षमा नेपालका धेरै गुठीजग्गा रैकरमा परिणत भए । गुठी संस्थानमा पहुँचवाला कर्मचारी नै गुठीव्यवस्था खल्बल्याउने कार्यमा लागिपरे । तीनधारा संस्कृत छात्रावासको गुठी, नर्मदेश्वर, पशुपति, गुह्येश्वरी, इत्यादि नेपालका शक्तिपीठ र आराध्यदेव पशुपतिका नाममा रहेका गुठीजग्गा किनबेचमा परिणत भए । त्यस्ता गुठी जग्गामा विशाल घर बने । गुठीजग्गा मास्न पाउँदा जग्गादलाल प्रफुलित हुन थाले । त्यसपछि नेपालमा अशान्ति, राजनीतिक अस्थिरता, हत्या, हिंसा जस्ता घटना बढ्दै गएको बुझिन्छ । त्यसकारण दाताको उद्देश्य विपरीत अर्थात् तामापत्र, शिलापत्र, लालमोहर, सनदसवालमा लेखिएका प्रावधानको उल्लङ्घन गरे त्यस्ता अभिलेखका प्रतिपाद्य विषयलाई व्यक्तिको स्वार्थपूर्तिका विषय कुनै पनि समयमा बनाउनु उचित होइन । दाताका आस्था र श्रद्धाले स्थापना गरेका गुठी र त्यसको प्रयोजनका निम्ति जारी गरिएका अभिलेख नेपाली समाज, संस्कृति र धर्मका धरोहर हुन् ।

प्राचीन नेपाली अभिलेखको शुद्धपाठ र प्रामाणिक इतिहास

प्राचीन नेपाली अभिलेखहरूको खोजी, अध्ययन र प्रकाशन विशेषतः २००७ सालको राजनीतिक परिवर्तन पछि मात्र विस्तार भएको पाइन्छ । २००७ सालभन्दा पहिले नेपाली भाषाका अभिलेख विदेशीहरूका प्रयत्नबाट खोतलिए पनि धेरैजसो त खोजकर्ताकै मुलुकमा भित्रिए । नेपाली इतिहासका विद्वानले नेपालका अभिलेख विदेशी सङ्ग्रहालयबाट प्राप्त गरेर नेपालको इतिहासका विषयमा प्रकाश पार्ने क्रम बढेर गएको छ । अतः विदेशी मुद्राको लोभमा नेपालका अभिलेख गुमाउन सहयोग पुऱ्याएका र नेपालको इतिहासलाई अभिलेखका माध्यमबाट प्रस्तुत गर्ने राष्ट्रवादी अन्वेषकले पनि अभिलेख जारी भएको मिति भन्दा धेरै पछि आएर यसको अन्वेषण र अध्ययन गरेका हुनाले कयौँ अभिलेखका तिथिमिति र शब्द-वाक्य खिइएर अस्पष्ट हुँदै गएका छन् । यही अस्पष्ट र अभिलेख अध्ययन गर्ने विज्ञानमा ज्ञान र धैर्यको कमीले पनि अभिलेखका शुद्धपाठ नपढिएको हुनसक्छ । त्यहीकारण संशोधन मण्डलले नेपाली अभिलेखको शुद्धपाठ प्रस्तुत गर्दै प्रामाणिक इतिहास निर्माणतर्फ अभियान चलाएको हुनसक्छ । यस अभियानमा नयराज पन्तको अग्रसरतामा महेशराज पन्त, दिनेशराज पन्त, ज्ञानमणि नेपाल, धनबज्र बज्राचार्य, गौतमबज्र बज्राचार्य, भोलानाथ पौडेल, रामजी तिवारीले विशिष्ट कार्य गरेको देखिन्छ । चालीसको दशकपछि 'इतिहास' शब्दसँग नाता जोडिएकाहरू मध्ये कुनै पुरानै विषयको पुनरावृत्ति गर्न, कुनै प्रभावहीन भाषा र शैलीमा ग्रन्थरचना गर्न, कुनै पाठ्यक्रमीय प्रयोजनका गाइड र गेसपेपर प्रकाशन गराएर इतिहासका ग्रन्थहरूको अवमूल्यन गर्न, केही पदलोलुप र घमण्डी तथा केही चाहीं पार्टीका र गोर्खा सैनिकका दस्तावेज जस्ता महत्त्वपूर्ण ऐतिहासिक अभिलेखीय सामग्रीको अन्वेषण अध्ययन र प्रकाशन तर्फ अग्रसर भएर पनि त्यसलाई पूर्णता दिन नभ्याएका हुनाले चालीसको दशकपछि नेपालमा प्रामाणिक इतिहासकारको खडेरी परेको अनुभव हुन थालेको छ । अर्को कुरो, प्रामाणिक इतिहास तयार गर्न संस्कृत, नेपाली, हिन्दी, अंग्रेजी, नेवारी, तिब्बतियन भाषा र लिपिज्ञानका साथै अभिलेखहरू शुद्धसँग पढ्न सक्ने क्षमताको पनि आवश्यकता पर्छ । संशोधन मण्डलका सदस्यहरू नयराज पन्तका गुरुबाजीबाट दीक्षित भएका हुनाले उनीहरूमा ज्योतिष, व्याकरण, इतिहास आदि विषयको राम्रो ज्ञान थियो । संशोधन मण्डलइतर व्यक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र संस्थाले नेपाल राष्ट्रको इतिहासमा शुद्ध र प्रामाणिक इतिहासनिर्माणमा प्रयत्नसम्म पनि गरेको देखिदैन । त्यसैले नेपालको प्रामाणिक इतिहास र संशोधन मण्डल पर्यायवाची शब्दका रूपमा विकसित भएको पाइन्छ ।

अभिलेखमा पाइने राजकीय अभिव्यक्ति र जनबोली

नेपालको लिच्छवि, मल्ल, शाहकालका साथै क्षेत्रीय प्रदेशका टुक्रे राज्यका दरबारमा बोलिने भाषाका अति आदरार्थीका पदावली राजाका तर्फबाट जारी भएका अभिलेखमा प्रयोग भएको देखिन्छ भने जनस्तरबाट राखेका गुठी र त्यसको स्मारकका रूपमा जारी भएका अभिलेखमा जनबोलीलाई नै स्थान दिएको देखिन्छ । यसको अभिप्राय के हुनसक्छ भने राज्याधीश, भाइभारदार र उच्चपदस्थ कर्मचारीहरू शिष्ट र राजकीय भाषाको प्रयोगका निहुँमा मुख्यत: विरुदावल्याभिव्यक्तिपरक पदावली प्रयोगमा ज्यादा जोड दिन्थे भने जनताहरू सामाजिक भाषालाई नै अभिलेखमा प्रयोग गर्थे । अत: प्राचीन, मध्यकालिक र आधुनिक समयका अभिलेखमा राज्यका शासकस्तरीय तथा सामाजिक तहका पात्र र बोलीलाई नै स्थान दिइएको देखिन्छ ।

नेपाली प्राचीन अभिलेखमा पात्रविधान

काव्य, आख्यान, नाटकमा जस्तै अभिलेखीय सामग्रीमा

१. ग्यारिजनमा सेवारत रहँदा कौसी तोषा खानामा सुरक्षा समूहका जवान पुण्यप्रसाद पौडेल (केही वर्षअघि सेवा निवृत्तपश्चात् दिवङ्गत) ले यस लेखका चर्चाकारलाई बताएका थिए । सेवानिवृत्तपश्चात् पनि पात्रविधानको ऐतिहासिक महत्त्व रहेको छ । अभिलेखमा पात्रविधानको महत्त्वबारे तलका बुँदामा प्रकाश पार्न सकिन्छ :

(क) 'पात्रविधान' नभएका अभिलेख जारी भएको इतिहासमा भेटिदैन,

(ख) पात्रविधानबाट अभिलेख जारी गर्न, लेख्ने वा उदृङ्कन गर्ने, अभिलेख उदृङ्कनका प्रयोजीय पात्र, इत्यादिका विषयमा ज्ञान प्राप्त हुन्छ,

(ग) अभिलेखको विश्लेषण र मूल्याङ्कनमा पात्रहरूको सर्वोपरि महत्त्व रहेको हुन्छ,

(घ) पात्रविधान नगरिएका अभिलेख अपूर्णका साथै अपठनीय र अप्रामाणिक समेत ठहरिन्छन् इत्यादि ।

माथिका बुँदाका आधारमा अभिलेखीय सामग्रीमा पात्रविधानको ऐतिहासिक महत्त्वबारे आकलन गर्न सकिन्छ ।

नेपाली प्राचीन अभिलेखमा पात्रविभाजनको आवश्यकता

मानवीय र मानवेतर गरी पात्रविधानलाई दुई किसिमबाट वर्गीकरण गर्न सकिन्छ । मानवीय पात्रमा राजामहाराजा, जनस्तरबाट लेखक, दानदातव्य प्राप्त गर्ने पात्र वा व्यक्ति, जगाको कर माफी गरिएका र अन्य प्रयोजनीय व्यक्ति, साक्षी, ईश्वर इत्यादि पर्छन भने मानवेतर पात्रमा पक्षी, जमिन, दरबार, मन्दिर, गुम्बा आदिलाई लिन सकिन्छ ।

प्राचीन नेपाली केही अभिलेखमा पात्रविधान

प्रामाणिक अभिलेखहरूको खोजी अध्ययन र व्याख्या अत्यन्त कठिन कार्य हो । त्यसैले यस विधामा धेरै विद्वान विदुषी लागिपर्दैनन् । त्याग, साधना र प्रामाणिक इतिहास निर्माणको सैद्धान्तिक एंव प्रयोगात्मक ज्ञान प्राप्त नगरी इतिहासका ग्रन्थनिर्माणमा कोही प्रवृत्त हुँदैन । त्यस्तो सार्वभौम ज्ञान प्राप्त नगरी हठान् प्रवेश गर्ने व्यक्ति इतिहासको बदनाम पात्र बन्दछ । नेपालका ऐतिहासिक अभिलेखमा प्रयुक्त पात्रहरूको भूमिका पद, प्रतिष्ठा र कार्यक्षेत्रअनुसार अलग-अलग रहेको पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(क) **श्री शाके १०१६ को अभिलेखमा पात्रविधान**

१. स्वस्ति । श्री सा
२. के १०१६ पि-
३. छ्यक वामुष-
४. डगहाकोकी -
५. तिंषंभ ।। शुभ ।[१]

उपर्युक्त अभिलेखमा बामु खड्का नामका एक मात्र व्यक्ति मानवीय पात्रका रूपमा देखापरेका छन् । अन्वेषक मोहनप्रसाद खनालको व्याख्या अनुसार खड्गाहा अर्थात् खड्का अङ्गरक्षाकका रूपमा देखापर्छन् तर उनी कसका अङ्ग्गरक्षाक थिए र पछि यो शब्द थरका रूपमा कसरी विकसित भयो ? यो छुट्टै इतिहास अध्ययनको विषय रहेको छ ।

(ख) **सं.१०३८ (श्री शाके ९०३) को अभिलेखमा पात्रविधान**

त्यस्तै पूर्णप्रकाश नेपाल 'यात्री' को अन्वेषणबाट पत्ता लागेको भन्ने मानिएको भूपाल दामुपालको समयको शिलालेखको मिति सं.१०३८ र शाके ९०३ उल्लेख छ । यस अभिलेखलाई भाषाशास्त्री बालकृष्ण पोखरेलले पाँचसय वर्षमा पहिलो स्थान दिएका छन् । पोखरेलले खुरे टिपोटमा लेखेअनुसार यो अभिलेखमा धेरै विद्वानले प्रामाणिकता उपर शङ्का उठाएको बुझिन्छ । यस अभिलेखमा प्रयोग भएका पात्रका नाम निम्न छन् :

१. दामुपालः पुण्य मल्लका पूर्वज आदिपालका नातेदार कत्यूरी नरेश ।
२. साउँपालः सोमपाल [२]

सं. १०३८, शाके संवत् ९०३ को यो अभिलेख बामु खँड्काको स्तम्भ लेखभन्दा जेठो देखिन्छ ।

(ग) **सं. १३३७ को अच्छाम पञ्चदेवलका अभिलेखमा पात्रविधान**

सं. १३३७ को अच्छाम पञ्चदेवलमा रहेको शिलालेखका पात्र निम्न छन्ः

आक्षज मल्लदेव-जितारी मल्लका जेठो छोरा अक्षय मल्ल[३]

यो अभिलेखमा अभिलेख जारी गर्ने राजा अक्षय मल्लको नाम मात्र उल्लेख छ । अभिलेख कुद्ने सूत्रधारको नाम लेखिएको छैन । पदीय विधानको सङ्केत मात्र छ ।

(घ) **सं. १३७८ को गोर्खा अभिलेखका पात्रविधान**

श्री शाके १२४३ सं. १३७८ को मिति लेखिएको गोर्खाको अभिलेख अन्तिम चापवंशी नरेश आदित्य मल्लको मानिएको छ । यस अभिलेखमा पात्र निम्न छन् :

(अ) मानवीय पात्र
१. अन्तिम चापवंशी नरेश आदित्य मल्ल
२. वासगावा लामा[४] (गुम्बाका रक्षाक)

(आ) मानवेतर पात्र
१. गुम्बा (स्थानविशेष)
२. सुन (धातुविशेष)

यस अभिलेखमा गुम्बाको घच्चपच्च गर्नेलाई १०० तोला सुनको दण्ड हुने बेहोरा लेखिएको छ ।

(ङ) **सं. १३९३ को राजा पुण्य मल्लको ताम्रपत्रमा पात्रविधान**

सं. १३९३ को अपाडराज पुण्य मल्ल राइको ताम्रपत्रमा विधान गरिएका पात्रका नाम यस्ता छन् :

(अ) मानवीय पात्र
१. हुम्, दाङका पेखक, अडै, अधिकारी, महर, मँ हँतौ

---

१. मोहनप्रसाद खनाल, नेपाली भाषाका हजार वर्ष राइनो पब्लिकेसन प्रा.लि.(२०६८ पुस) पृष्ठ १७ ।
२. बालकृष्ण पोखरेल (सम्पादक) पाँच सय वर्ष, ललितपुरः साझा प्रकाशन (पाँचौ संस्करण २०६२) पृष्ठ १ ।
३. पूर्ववत्, पृष्ठ १७ ।
४. पूर्ववत्, पृष्ठ १८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. जयाकर पण्डित
३. राजा पुण्यमल्ल
४. सबै भँडारीहरू
५. गोल्हण (लेखक)
(आ) मानवेतर पात्र (स्थानवाची)
१. पिउथर्पु (राजा बसेको ठाउँ)

(इ) साक्षीपात्र
१. सूर्य, चन्द्र
२. बुद्धधर्मका सङ्घहरू
३. लामाहरूका चारैतीर्थ (बोधगया, सारनाथ, लुम्बिनी, कपिलवस्तु) छ

यस अभिलेखमा मानवीय पात्र, राजा बसेको स्थान साचीपात्र, र साक्षी पात्रका रूपमा सूर्य, चन्द्रमा, वुद्धधर्मका सङ्घ तथा चारैतीर्थ (स्थानवाची) रहेको पाइन्छ । नेपाली भाषाका सुरुसुरुका अभिलेखमा सीमित पात्रहरू र उत्तरोत्तरकालका अभिलेखमा अधिक सङ्ख्यामा पात्रहरूको विधान गरिएको पाइन्छ ।

(च) सं. १४१३ को कनकपत्रमा पात्रविधान[६]

सं. १४१३ को कनकपत्रमा निम्न पात्रहरूको विधान गरिएको छ :

(अ) मानवीयपात्र
- अधिकारी, कार्की, खँड्का, बुढा, थापा, अडै, व्यापारी, साहानी
- गोल्हु जैसी
- देवपाल भँडारी
- बिन्या कठायत
- धौपाल-देवपाल
- आदित्य मल्लः जितारी मल्लका छोरा (नागवंशका खसनरेश)
- पुण्य मल्ल-पृथ्वी मल्लका बाबु (पुण्य मल्ल सूर्यवंशी नरेश आदिपालका वंशज श्री जयाख्यका सुपुत्र हुन् ।
- आदित्य मल्लका नाति खसनरेश प्रतापमल्ल

(आ) मानवेतर पात्र (स्थानवाची)

जुम्ला, दुल्लु कुहैना पलाता रासकोट, छिद्याँ, पाथर राशि गमौडी, काठ्याखेत बौजकोट, पाट्य कुइना, हेपकोट, लंखुंनाडा चरि (खर्क), जाँबु गाउँ कुम्भी नरक

(इ) ईश्वरीय पात्र
ब्रह्मा, विष्णु, ईश्वर, बुद्ध सङ्घ

(ई) साक्षीका रूपमा रहेका पात्रहरू
१. आछामी राउला
२. भर्ताकोटी राउला
३. वृहस्पति राउला
४. फैत्याल राउला
५. कुँवर भार
६. बलाल चन्द
७. अमु भँडारी
८. किदी थापा
९. इत्सकु जोइसी
१०. शेकरदेव भँडारी

(उ) अभिलेखका लेखक (पात्र) : श्री शिवदेव पण्डित[६]

संवत् १४१३ को अभिलेखमा मानवीय, स्थानवाची, मानवेतर, ईश्वरीय, साक्षीका रूपमा रहेका पात्रहरू तथा अभिलेखका लेखक पात्र गरी धेरै पात्रविधान गरिएको छ । यसबाट नेपाली भाषाका प्राचीन अभिलेखीय संरचना संक्षिप्त रूपबाट विस्तृती करण हुँदै गएको बुझिन्छ ।

(छ) प्राचीन नेपाली अन्य अभिलेखमा पात्रविधान

विशेष गरी पृथ्वीनारायण शाहपूर्वका नेपाली अभिलेख प्राचीन कालको सिमानामा पर्छन् । यस

---

५. पूर्ववत्, पृष्ठ १९-२१ ।
६. पूर्ववत्, पृष्ठ २२-२६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कालका अभिलेखको अध्ययनबाट नेपाली भाषा लेख्य रूपमा परिणत हुन शताब्दीऔँदेखि प्रयत्नरत थियो । सम्भवतः सं. १०३८ (श्री शाके संवत् ९०३) को अभिलेखभन्दा पहिलेदेखि नै नेपाली भाषा लेख्य रूपमा आएको थियो । शिलापत्र, तामापत्र र कागजपत्रका रूपमा प्रस्तुत भइसकेको थियो । त्यस्ता केही अभिलेखीय सामग्रीहरू नष्ट भए होलान् केही सामग्री अझै अन्वेषणका विषय हुनसक्छन् । तल नेपाली प्राचीन प्रमुख अभिलेखमा प्रयुक्त पात्रविधानको विश्लेषण गर्न सकिन्छ :

श्री शाके ११७७ को तामापत्रमा पात्रविधान

(क) मानवीय पात्र

- श्रीमद् अशोकचल्लदेव
- सर्ववर्मा महामात्य विश्वदेव
- शिष्ट राघव
- विग्रह विभागका अधिकारी कार्की (रक्षा विभागाधिकारी)
- लापु लामा
- उधौ लामा [७]

(ज) अभिलेखमा महिलाको नामपद

महिलालाई अभिलेखमा सर्वप्रथम स्थान दिएको सम्मवतः अशोक चल्लका पालाकै अभिलेखमा हुनसक्छ । यस अभिलेखमा प्रयुक्त पात्रलाई तल प्रस्तुत गर्न सकिन्छ :

(क) मानवीय पात्र विधान

- बुद्ध
- अशोकचल्ल
- सउना कार्की
- साउना नी कर्क्यानी[८] इत्यादि

(ख) सांस्कृतिक पात्रविधान

- देवल

उपयुक्त अभिलेखअनुसार अशोकचल्लका समयमा बुद्ध र हिन्दूधर्मको समन्वय थियो भन्ने बुझ्न सकिन्छ । अर्को कुरो त्यस समयमा पुरुषसरह महिलाको स्थान थियो भन्ने पनि प्रष्ट हुन्छ । अशोक चल्लको यस अभिलेखमा राजा अशोकचल्लको नाम उल्लेख भएपछि सउना कार्कीसँगै साउना कर्क्यानीको नाम पनि अभिलेखमा आएको छ । त्यसकारण अहिलेसम्म प्राप्त भएका नेपाली भाषाका प्राचीन अभिलेखमध्ये अशोक चल्लको अभिलेखलाई महिलाको सम्मान गरिएको प्रथम अभिलेखका रूपमा लिन सकिन्छ । वैदिक साहित्यदेखि नेपाली साहित्यसम्मका काव्य, आख्यान र नाट्यकृतिमा महिलाका नाम मुख्य र गौण पात्रका रूपमा प्रयोग गरिएको छ भने नेपाली भाषाका विधागत ग्रन्थमा पनि महिलाको नाम पात्रका रूपमा प्रयोग गरिएको छ तर, इतिहास ग्रन्थमा महिलालाई संयोजिका, विद्रोहिणी र षड्यन्त्र कारिणी रूपमा पनि वर्णन गरिएको पाइन्छ ।

निष्कर्ष

प्राचीन नेपाली अभिलेखीय सामग्रीहरू प्रकाशमा आएका भए पनि तिनीहरूको विभिन्न कोण बाट अझै अन्वेषण हुन सकेको पाइँदैन । वास्तवमा अभिलेख इतिहास निर्माणका महत्त्वपूर्ण सामग्री हुन् । अनुश्रुति, अन्तर्वार्ता, क्षेत्रगत पहिचान र सामान्य अवलोकन, घरायसी र वंशीयपरम्परा इतिहास निर्माणका सहायक सामग्री हुनसक्छन् । नेपालका इतिहासकार अम्बिकाप्रसाद उपाध्यायदेखि बालचन्द्र शर्मा, सूर्यविक्रम ज्ञवाली, ढुण्डिराज भण्डारी, डिल्लीरमण रेग्मीले ऐतिहासिक अभिलेख एवं पुरातात्त्विक सामग्रीकै आधार लिए पनि उनीहरूले प्रायः विदेशी विद्वानका नेपालपरक इतिहासका ग्रन्थलाई नै आधार मानेको देखिन्छ । त्यही कारण बालचन्द्र शर्मा, ढुण्डिराज भण्डारी, डिल्लीरमण रेग्मी र सूर्य विक्रम ज्ञवालीले शासक स्तुतिपरक इतिहास लेखनमा विशेष जोड दिए । सं. १०३८ देखि २००० सालसम्मका

७. मोहनप्रसाद खनाल, नेपाली भाषाका हजार वर्ष पूर्ववत्, पृष्ठ २०-२१ ।

८. पूर्ववत्, पृष्ठ २३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेखमा उल्लेख भएका राजामहाराजाहरूको इतिहासलेखनमा मात्र जोड दिँदा अभिलेखमा उल्लेख, भएका जनस्तरीय पात्रहरू जस्तैः अभिलेखका लेखक प्रयोजनीय पात्र, साक्षी, इत्यादिको तात्कालिक समाजमा के कस्तो भूमिका थियो र उनीहरूको कृतिगत योगदान भाषा-साहित्यका विधामा कुन स्तरको थियो । यो विषय इतिहासको गर्भमा विलीन भएको पाइन्छ । २००७ सालको राजनीतिक परिवर्तन पछि पनि राष्ट्राध्यक्ष, उच्चपदस्थ कर्मचारी प्रति नतमस्तक भएर स्वाभिमानलाई तिलाञ्जलि दिने र समाजका सामान्य पात्र अथवा चरित्रको राष्ट्रिय भूमिका समेत भुल्ने परम्परा विकसित भएको छ । अतः ताडपत्र, भुर्जपत्र, शिलापत्र, तामापत्र, लालमोहर, सनदसवाल, रुक्का, स्याहामोहोर, तिर्जा, तमसुकका साथै दस्तावेज पनि अभिलेखीय सामग्री हुन् । त्यस्ता अभिलेखीय सामग्रीको विश्लेषणबाट प्रामाणिक इतिहासनिर्माणका आधार सामग्री बन्नसक्छन् ।

प्रमुख सन्दर्भसामग्री

- धनबज्र बज्राचार्य, **लिच्छविकालका अभिलेख,** कीर्तिपुर नेपाल र ऐशियाली अनुसन्धान संस्थान २०३२ ।
- धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ, **दोलखाको ऐतिहासिक रूपरेखा**, कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान संस्थान, २०३१ ।
- धनबज्र बज्राचार्य र ज्ञानमणि नेपाल, **ऐतिहासिक पत्रसंग्रह** नेपाल सांस्कृतिक परिषद, २०१४ ।
- बालकृष्ण पोखरेल (सम्पादक), **पाँच सय वर्ष,** ललितपुरः साझा प्रकाशन, पाँचौ संस्करण, २०६२ ।
- मोहनप्रसाद खनाल, **नेपाली भाषाका हजार वर्ष** काठमाण्डौँः राइनो पब्लिकेसन प्रा.लि. २०६८ ।
- शरद्चन्द्रशर्मा भट्टराई र घटराज भट्टराई, प्राचीन नेपाली गद्य, ललितपुरः साझा-प्रकाशन दोस्रो संस्करण, २०६१ ।
- हेमन्त राणा र धनबज्र बज्राचार्य, टिस्टुङ्ग चित्लाङ्भेकको ऐतिहासिक सामग्री, कीर्तिपुरः नेपाल र एशियाली अध्ययन संस्थान, २०२९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालको प्रशासनमा 'मिझार'

- डा. भवेश्वर पंगेनी*

परिचय

विभिन्न जातजाती, भाषाभाषी एवम् धर्मसंस्कृतिका मानिसको समुहबाट नै नेपाली समाज निर्माण भएको छ । समाजिक रूपमा तल्लो मानिए पनि कतिपय जातीय शिल्पीलाई नेपालको प्रशासनिक व्यवस्थामा सम्बन्धित कामको अख्तियारी दिइएको पाइन्छ । त्यस्ता अख्तियारी आवश्यकताअनुसार तोकिएको भौगोलिक क्षेत्र तथा मुलुकभरका लागि पनि दिइन्थ्यो। जस्तो वि.सं. १८९९ पौष महिनामा लछिनारान 'साल्मी नाइके' भएका थिए (साल्मी नाइके, वि.सं. १८९९ पौष)। प्रधानमन्त्री जङ्गबहादुरको कार्यकालको थालनीतिर थाकुमान साल्मीलाई काठमाडौँ, कीर्तिपुर र पाटनका लागि 'नाइके' नियुक्त गरिएको थियो (काठमाडौँ, कीर्तिपुर र पाटनको, वि.सं. १९०६/१९०८) । त्यस्तै वि.सं. १९३६ सालमा प्रधानमन्त्री तथा कम्यान्डर इन. चीफको नामको एउटा रुक्काबाट काठमाडौँका कसाइ नाइकेले भरिया नाइकेलाई तोकिएको संख्यामा भरिया उपलब्ध गराउन निर्देशन दिइएको थियो (अङ्ग्रेज वडा साहेवका, वि.सं. १९३६ साल आश्विन) । यी काठमाडौँ उपत्यकाका 'साल्मी' तथा 'कसाई' शिल्पीलाई दिइएको अख्तियारीका उदाहरण मात्र हुन् । त्यस्ता अख्तियारी मुलुकभरका विभिन्न जातजातीलाई विभिन्न अवसरमा दिइएको पाइन्छन् । यहाँ खासगरी पश्चिम नेपालका दमाइ, गाइने, भाड् एवम् माझी जातिलाई सरकारले दिएको 'मिझार' दर्जा तथा सो वापतको दायित्वका बारेमा चर्चा गरिएको छ । यो सन्दर्भ प्रधानमन्त्री जङ्गबहादुर तथा चन्द्रशमशेरको समय अर्थात वि.सं. १९१२ एवम् १९६३-१९७० तिरको हो । नेपाली समाजमा उपेक्षित जातलाई कतिपय दायित्व दिएर मुलुकभरबाट विभिन्न सुविधा लिन लगाइनु उल्लेख्य ठानेर नै यहाँ 'मिझार' को चर्चा गरिएको छ ।

नेपाली समाजको स्वरूप

जातीय दृष्टिबाट नेपाली समाजको अध्ययन गर्दा यहाँ विभिन्न समयमा विभिन्न क्षेत्रमा विभिन्न जाति भएको पाइन्छ । मध्यकालसम्म आइपुग्दा नेपालमा विभिन्न जातिको बसोबास रहेको थियो । विभिन्न विद्वानहरूले त्यस्ता जातिको संख्या फरक फरक उल्लेख गरेका छन् । त्यस्ता जातिको संख्या कसैले ६४ (राईट, ई.सं. १९९०, १७-२०) कसैले ७० (देवकोटा, वि.सं. २०६४, ६९) र कसैले ८२ (जोशी, वि.सं. २०५८, ३९९–४००) भनेका छन् । जोशीले जयस्थिति मल्लले तयार गरेको 'जातिमाला' का आधारमा ८२ जातिका नाम दिएका हुन् । राजा जयस्थिति मल्लले तत्कालीन समाजलाई ४ वर्ण ३६ जातमा विभाजन गरेका थिए (बुडाथोकी, वि.सं. २०३९, १) । त्यसो त उनले नेवार जातलाई ७२५ विभिन्न 'थहरे:' मा विभाजन गरेका थिए। (बुडाथोकी,

* प्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वि.सं. २०३९, ६) । वि.सं. १६६६ देखि १६९३ सम्म राजा भएका गोरखाका रामशाहले पनि एउटा 'थिति' बाँधेका थिए । २६ बुँदा रहेको त्यस थितिमा जयस्थिति मल्लले जस्तै नभए तापनि 'वाह्र थर अठार थर' उल्लेख गरिएको थियो (वस्ती, वि.सं. २०६३, ७५) । हुनत त्यसबाट नेपाली समाजको जातपात सम्बन्धी विस्तृत विवरण खुल्दैन । राजा पृथ्वीनारायण शाहले नेपाली समाजलाई सबै जातको फुलबारीका रूपमा परिभाषित गर्दै ४ जात ३६ वर्ण (?) भएको कुरालाई जोड दिएका थिए 'चारै जात छतिसै वर्न' (श्री ५ को सरकार, वि.सं. २०३८, २८) । यसप्रकार समाज ब्राह्मण, क्षत्री, वैश्य र शूद्रमा विभाजित भयो ।

जहाँसम्म कर्णालीप्रदेशको सन्दर्भ छ, त्यस क्षेत्रका विभिन्न गाउँ एवम् व्यवसायका आधारमा पनि मानिसको 'थर' राखिएको पाइन्छ । हुनत सिङ्गो समाज 'मतवाली' तथा 'तागाधारी' दुई बृहत् समूहमा विभाजित थियो । यद्यपि प्रस्तुत लेखको शीर्षकअनुसार एउटा स्रोतले 'दमाइँ-लुगा सिलाउने/दमाहा बजाउने; कामी-कामुक, खेतीपाती गर्ने, कृषि औजार बनाउने; ल्वाक्क्र/लोहार-फलाम तताएर खेती/किसानीको लागि चाहिने आवश्यक औजार बनाउने; सर्की-सरापी, छालाको काम गर्ने, छाला गलाउँदा क्षारक (चून) मिसाई जुत्ता, जाल्लौडा (जौं, गहूँ र कोदो चुट्ने साधन) आदि बनाउने; टमोट्टा-तामाका गाग्री ताउला, हुड्डा, खड्कुँडा, फुल्चा, हत्तर, कलश जस्ता सिङ्गो भाँडावर्तन बनाउने; तिरुवा-तामो, काँसो, फलाम आदि धातुका टूटे-फूटेका भाँडा टाल्ने, रसाउने; कँसेरा-काँसो र गिल्टीका भाँडा बनाउने; सुनार-सुन-चाँदीका गहना बनाउने; ओड-घर निर्माण सम्बन्धी काम गर्ने व्यक्त वा व्यवसायी' भनि परिभाषित गरेको छ (देवकोटा, वि.सं. २०६४, १६८-१६९) ।

सामाजिक वर्गीकरणमा सबभन्दा तल्लो तहमा शूद्र पर्दथे । समाजलाई आवश्यक पर्ने आवास, औजार, उपकरण, लुगा, जुत्ताजस्ता उपभोग्य वस्तु उत्पादन गर्ने शिल्पकारहरू यही वर्गमा पर्दथे । समाज सञ्चालन गर्न असाध्यै उपयोगी भए पनि यो वर्गलाई अपृश्य मानिन्थ्यो । बाइसे राज्य (मध्यकालमा भेरी नदीदेखि पश्चिम महाकालीदेखि पूर्वका राज्यहरू) का कतिपय अभिलेखमा उल्लिखित शूद्रका थरहरूमा ओड (कर्मी), कामी, कुलाला (कटुवाल), छिनाल, टुमोटा, टंकारी, डुम, दमाई, धानुक (धोवी), लवार (लोहार), सार्की, सुनार आदि उल्लेख पाइन्छ (अधिकारी, वि.सं. २०६०, २७७) ।

वि.सं. १९१० सालको मुलुकी ऐनले नेपाली समाजलाई पानी चल्ने र नचल्ने गरी दुई भागमा विभाजन गरेको थियो । पानी नचल्ने जातमा तलबाट क्रमशः च्याम्ह्या, पोढ्या, वादि, गाइन्या, दमाइ, कडारा (सार्किले कम्यानी र कामिले सर्क्यानी ल्याइ जन्मेका सन्तान), हुर्क्या आदि थिए । यसैगरी सो ऐनले सार्कि, दमै, कामी, गाइन्या, चुनार, वादी, चुनारा, पोढ्या, हुर्क्या र च्याह्मालाई 'छिटो हालनु पर्न्या जात' मा राखेको थियो । (श्री ५ को सरकार, वि.सं. २०२२, ६७८-६८१) ।

प्राचीन हिन्दू ग्रन्थ अर्थात वेदमा पनि 'कर्मार' अर्थात् फलामको काम गर्ने कामी, चर्मम्न अर्थात् सार्कीको उल्लेख पाइन्छ । कुनै समय कामी, दमाइ, सार्की आदि 'अस्पृश्य' भनिन्थे (शर्मा, वि.सं. २०४९, ६३, ६७) । दमै, सार्की, कामी र सुनार जातिको मातृभाषा भने नेपाली थियो (बिष्ट, ई.सं. १९७६ (तेस्रो संस्करण), १) ।

पुरानो जुम्ला जिल्ला (वर्तमान कर्णाली र धवलागिरि अंचलको डोल्पा जिल्ला) का विभिन्न दराका बासिन्दाले विगतमा दुई किसिमका जातको परिकल्पना गरेको पाइन्छ 'चोखा' र 'कम्सेल' । बाहुन, ठकुरी चोखा जातिमा तथा 'ओडकामी', दमाइ, सार्की कम्सेलमा पर्दथे । केही दशक अगाडिसम्म चोखा घर भएका वस्तिमा कम्सेलका केही परिवार पनि बसाल्ने गरिन्थ्यो । त्यस्ता कम्सेल जातिमा कमसेकम सार्की, ढोली (दमाइ), आडे (कामी), सुनार/लोहार हुन्थे । उनीहरूले सो वस्तिमा आवश्यक पर्ने जुत्ता/दोचा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनाउने, लुगा सिउने/ढोल बजाउने, ठूलाठूला भाँडा बनाउने, फलाम/सुनका सामान बनाउने काम गर्दथे (श्रेष्ठ, वि.सं. २०२८, १,१०,४४-४५) ।

यसै सन्दर्भमा एउटा अर्को स्रोतले हिन्दू जाति वर्ण भेदअनुसार केही दशक अघिको हाटसिँजा क्षेत्रको समाजलाई 'चोखा' र 'डुम' भनिने गरेको पनि देखाएको छ । चोखा जातिमा उपाध्या, जैसी, कल्याल, हमाल, पावै र थकुल्लो देखिन्छन् भने डुम जातिमा ढोली (दमाइ), ओड (कामी), सुनार, सार्की र बिटुला थिए । हिन्दू समाजमा तल्लो स्तरका वा अछूत जातिलाई छुँदा स्थानीय गाउँका चोखा जातिले अर्कै व्यक्तिद्वारा पानीको छिटा आफ्नो शरीरमा छर्किन लगाएर चोखिने गरिन्थ्यो । यस क्रियालाई 'छिटो' वा 'छडो' हाल्ने भनिन्थ्यो (सिंह, वि.सं. २०२८, १९३) । त्यसो त कर्णाली क्षेत्रमा ब्राह्मण, क्षत्रीका अतिरिक्त मतवाली क्षत्री, सन्यासी नाथ, कामी, सार्की, दमै वा ढोली, हुड्डे, गायन र वादी जातिले बसोवास रहेको पाइन्छ (श्रेष्ठ वि.सं. २०२८, ९१) ।

एउटा स्रोतले पश्चिम नेपालमा ब्राह्मण, क्षेत्री, वैश्यका अतिरिक्त र तल्लो जातिको चर्चा गरेको पाइन्छ । तल्लो जातिमा नाई, कर्मी, चुनरा, कामी, सार्की, दमै, धिवरा, माझी, पहारी, कोली, ढोली, ओडा, महरा, टमाटा, सुनार, चण्डाल आदि देखिन्छन् (पाण्डे, ई.सं. १९९७, ५०१-५०६) । यस क्षेत्रमा वर्तमानमा पनि 'माथ्ला जात' र 'तल्ला जात' बीच विभाजन भएको पाइन्छ (खड्का, वि.सं. २०५६, पछिल्लो कभर पृष्ठ)

नेपाली समाजमा कतिपय जातिलाई सम्मानपूर्वक विभिन्न शब्दावलीले सम्बोधन गरिएको पनि पाइन्छ । जस्तो बाहुनलाई पण्डित, नेवारलाई साहुजी, राणा र शाहलाई बाबुसाहेब, अरु क्षत्रीलाई काजी, लिम्बू र थकालीलाई सुब्बा, तामाङ र हिमालीलाई लामा, मधेसका थारुलाई चौधरी, दमाइलाई नगर्ची, सार्कीलाई मिजार, कामीलाई सुनार आदि (विष्ट, वि.सं. २०६४, २३) ।

समग्रमा सामाजिक वर्गीकरणका दृष्टिबाट दमाइ, गाइने, भाड, माझी जस्ता शिल्पीलाई तल्लो दर्जामा राखिएको देखिन्छ । सीपका कारणबाट नै कर्णाली प्रदेशका माथिल्लो जातको वस्तिमा पनि उनीहरूलाई राख्ने गरिएको थियो । श्री ५ को सरकारले वि.सं. २०५३ सालमा राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान कार्यदल गठन गरेको थियो । यसले जनजातिको परिभाषा र पहिचानका लागि विभिन्न ९ आधारहरू तयार गरेको थियो । प्रतिष्ठानले सोही आधारमा एउटा प्रतिवेदन तयार गरेको थियो । सम्भवत: सोही आधारमा श्री ५ को सरकारले हिमाली-२१, पहाडी-२३, भित्री मधेश-७ र तराई-१० गरी जम्मा ६१ जातिलाई 'जनजाति' घोषणा गरेको थियो । (उक्याव र अधिकारी, वि.सं. २०५७, ४) । दमाइ, गाइने र भाड जातिलाई 'जनजाति' मानिएको छैन भने माझीलाई जनजाति मानिएको छ । जहाँसम्म जनजाति मानिएका 'सुनुवार' को सन्दर्भ छ सो जातिका बारेमा 'किराँत धर्मावलम्बी सुनुवारहरूलाई राई किराँतको नजिकको भन्ने चलन' भएको उल्लेख गरिएकाले पश्चिम नेपालमा रहेका 'सुनार' भन्दा यो जाति भिन्दै देखिन्छ (उक्याव र अधिकारी, वि.सं. २०५७, ६४) । त्यसैकारण पश्चिम नेपालमा रहेका सुनार जातिलाई पनि जनजातिमा सूचीकृत गरिएको पाइँदैन ।

मिझार दर्जामा नियुक्ती

माथि नै उल्लेख भइसकेको छ कि नेपालको प्रशासनमा विभिन्न जातिलाई तिनीहरूको परम्परागत व्यवसायसँग सम्बन्धित पेशाको अख्तियारी दिइएको देखिन्छ । यसै सन्दर्भमा यहाँ खासगरी 'माझि मिझार' तथा दमाइ, गाईने र भाड जातिमा 'मिझार' नियुक्तिको प्रसङ्ग उठाइएको छ । 'मिझार' शब्दलाई शब्दकोशमा 'सार्कीलाई शिष्टतापूर्वक सम्बोधन गर्दा प्रयोग गरिने शब्द; मिजार । गाउँको एक प्रकारको मुखिया; तालुकदारभन्दा तल्लो दर्जाको तिरो उठाउने व्यक्ति; मिझारे' भनिएको छ (पराजुली, वि.सं. २०४०,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१०७६) । यो परिभाषाबाट मिझारले राज्यको राजस्व सङ्कलन गर्ने कार्यमा सहयोग गर्ने भन्ने देखिन्छ । नेपालको प्रशासनिक व्यवस्थामा यो दर्जाको थालनी कहिलेदेखि भएको थियो भन्ने जानकारी सार्वजनिक भएको नभेटिए तापनि राणाकाल पूर्व नै लिखतमा मिझारको उल्लेख पाइनुले त्यस बखत यो दर्जा विद्यमान रहेको पाइन्छ । वि.सं. १८६२ साल आश्विन वदी ३ का दिन धनराम्या लाटा लोहारलाई महाकाली नदिदेखि पश्चिमका लागि लोहार, सुनार टमौटा र बादी जातिको मिझार नियुक्त गरिएको थियो । मिझारका रूपमा उनलाई ती जातिको प्रत्येक घरबाट आठ आना सङ्कलन गर्ने अख्तियारी दिइएको थियो (रेग्मी रिसर्च, ई.सं. १९८७, १८०) । राणाकालतिर नेपाली सेनाका पल्टनमा पनि मिझार दर्जा रहने गरेको पाइन्छ। पल्टनमा 'लोहार मिझार' र 'सार्की मिझार' दरबन्दी रहेको देखिन्छ (पंगेनी, वि.सं. २०६७, ८८) ।

माझी मिझार

वि.सं. १९१२ साल ज्येष्ठ र आश्विन महिनाका दुई सरकारी पत्र फेला परेका छन् । प्राइमिनिष्टर तथा कम्यान्डर ईन.चीफ जङ्गबहादुर तथा मिनिष्टर बमबहादुर कुवर राणाजीका नामबाट जारी गरिएका पत्रहरूमा रज गाउँ वडाऱ्या भटौलीका वाजीघाट् तथा दोलालघाट पूर्व लैकुघाटदेखि पश्चिमका विभिन्न २७ घाटका माझि मिझारलाई सम्बोधन गरिएको थियो । भोटसँग युद्ध चल्दै गर्दा विभिन्न नदी तर्ने घाटमा रहेका माझी मिझारहरूलाई लेखिएका पत्रहरूमध्ये पहिलोमा विभिन्न घाटबाट जङ्गी खरखजाना एवम् लस्कर चलान गर्न आवश्यक पर्ने डुङ्गा, बहना, डोरी एवम् साजवाज तयारी अवस्थामा राख्न निर्देशन दिइएको थियो । निर्देशन दिँदा उनीहरूलाई आवश्यक पर्ने डुङ्गा-३, बहाना-१२ र डोरी-१२ तयार गरेर राख्न भनियो ।

त्यस्तै दोस्रोले पूर्वी नेपालको दोलालघाट क्षेत्रका दुई दर्जनभन्दा बढी घाटमा डुङ्गा चलाउने अख्तियारी दिइएका मिझार, गैरुं (गौरुङ-पहाडका गाउँको मुखियाभन्दा तलको एक पद: गाउँमा हैकम भएको व्यक्ति वा ठालु) (पराजुली, वि.सं. २०४०, ३६०-३६१) तथा माझीलाई सम्बोधन गरेको थियो । दोलालघाट पूर्व लैकुघाट पश्चिम पर्ने विभिन्न घाटका मिझारलगायतलाई श्री ५ को सरकारको रसद तार्नका लागि लुभुघाटमा बोलाइएको थियो । मिझारहरूलाई ४/५ महिनालाई चाहिने सातु/सामल लिएर लुभुघाटमा पुग्न निर्देशन दिइएको थियो । उल्लिखित प्रत्येक घाटबाट ६ जना माझीका साथमा एउटा डुङ्गा एवम् आवश्यक सामल लिएर सो घाटमा पठाउन मिझारलाई अख्तियारी दिइयो । उल्लेख्य के छ भने डुङ्गा बनाउन आवश्यक पर्ने रुख काट्ने अख्तियारी पनि उनीहरूलाई दिइएको थियो । डुङ्गा बनाउन रुख काट्दा पानीको मुहान एवम् बाटोको छेउछाउको रुख काट्न बन्देज लगाइएको थियो । सरकारको निर्देशनअनुसार सरकारी कामका लागि त्यस्ता रुख काट्दा जगेराका वन, गुठी, वीर्ता एवम् बारीमा पालेका रुख काट्न छुट दिइएको थियो । व्यक्तिले पालेको वन, गुठी, वीर्ता तथा बारीको रुख काट्न नदिएका खण्डमा त्यस्तालाई सरकारले कडाभन्दा कडा कारबाही गरिने कुरा पनि मिझारलाई लेखिएको पत्रमा उल्लेख गरियो । यसबाट माझि मिझारलाई सरकारी कामका लागि चाहिने डुङ्गा बनाउन चाहिने व्यक्तिगत रुख काट्ने अख्तियारी दिइएको देखिन्छ । यहाँ उल्लेख्य के पनि छ भने वि.सं. १९१२ साल आश्विन महिनामा लुभुघाटमा २७ वटा डुङ्गा तथा प्रत्येक डुङ्गा चलाउनका लागि ६ जना माझीका दरले जम्मा १६२ माझी आवश्यक पर्नु महत्वपूर्ण देखिन्छ। यो तयारी भोटसँग युद्धका क्रममा गरिएको थियो ।

माझी मिझारका नाममा लेखिएको माथिका दुई पत्रहरूबाट आफ्नो कामका लागि मिझारलाई केही अख्तियारी दिइएको देखिन्छ । साथै निर्देशित काम नगरेका खण्डमा जङ्गी ऐनअनुसार कारवाही गरिने कुरा पनि पहिले नै लिखित रूपमा जानकारी गराइएको थियो । सो काम गरेबापत उनीहरूलाई राज्यले कतिपय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुविधा पनि दिएको देखिन्छ । घाटमा बसेर सरकारी सेना एवम् सामानलाई डुङ्गाद्वारा नदी पार गराउनु पर्ने हुनाले माझी मिझारहरूलाई झारा, बेठ, बेगार जस्ता सरकारी सेवामा छुट दिइएको थियो । त्यस्तै उनीहरूलाई नेपाली सेनाका लागि आवश्यक पर्ने खाद्यान्न बोक्नु नपर्ने तथा सरकारी कामअन्तर्गत बाटो खन्ने, थर्पु (बाटा-घाटामा बनाइने अस्थायी हिउँदे छाप्रो; छाउनी; क्याम्प; पाल; (पराजुली, वि.सं. २०४०, ६१९) बनाउने जस्ता काममा 'झारा' जानु पर्ने भएन (खनाल, वि.सं. २०३६, ८८)।

तत्कालीन नेपालको स्थानीय प्रशासन व्यवस्थामा सरकार, जमिनदार वा विर्तावारले सरकारी वा सार्वजनिक काममा साधारण जनताबाट लिने पारिश्रमिकविनाको काम वा सहयोगलाई 'झारा' भनिन्थ्यो । सर्वसाधारण मानिस अनिवार्य रूपमा झारा जानु पर्दथ्यो । उल्लिखित सामग्रीले माझी मिझार हरूलाई त्यस्तो झारालगयत श्रम गर्नु नपर्ने सुविधा दिएको थियो । त्यति मात्र नभएर अमाली, द्वारे, सुवेदार, हुद्दा एवम् सिपाही जस्ता स्थानीय प्रशासनसँग सम्बन्धित पदाधिकारीहरूलाई पनि रजगाउँ, वडाऱ्या र भटैलीका 'वाजीघाट्मा षेवा गर्न्या' माझिमिझार हरूलाई त्यस किसिमका झारा, बेठ, बेगार नलिनका लागि लिखित निर्देशन दिइएको थियो । यो राज्यबाट माझी मिझारहरूलाई दिइएको एउटा उल्लेख्य सुविधा थियो । त्यस्तै सरकारी कामका लागि उनीहरूलाई डुङ्गा बनाउन आवश्यक पर्ने सार्वजनिक वा व्यक्तिगत जमिनको रुख काट्ने छुट पनि दिइएको थियो । यसै सन्दर्भमा उल्लेख्य के देखिन्छ भने त्यस बखत पनि सरकारले बाटाको छेउछाउ, पानीको मुहान एवम् देवस्थानमा रहेका रुख भने काट्न बन्देज लगाएको थियो (खनाल, वि.सं. २०३६, ९६-९७) ।

गाइने मिझार

गाइने जातिमा जातीय व्यवस्था सम्पादन गर्ने अख्तियारी दिइएका व्यक्तिलाई पनि 'गाईने मिझार' दर्जा दिने गरेको पाइन्छ । गाइने जातिमा 'मिझार' को अख्तियारी कहिलेदेखि दिइएको थियो भन्ने उल्लेख गर्ने सामग्री फेला नपरे तापनि यो परम्परा राणाकाल पूर्वदेखि नै आएको देखिन्छ । गाइने जातिमा परापूर्वदेखि 'पतरी' (वेश्या, पातर) (पराजुली, वि.सं. २०४०, ७७०) जातकमारा (नवजात शिशुको हत्या गर्ने), कमारा-कमारीसँग बिहावारी चालाउने जस्ता अपराधको छानविन गरी प्रचलित नियम-कानुनअनुसार पुर्पक्ष एवम् सजाय गर्ने दायित्व 'गाइने मिझार' लाई दिइएको पाइन्छ । यसै सन्दर्भमा गाइने जातिसँग सम्बन्धित त्यस्ता मुद्दा हेर्ने, फैसला एवम् दण्ड/जरिवाना गर्ने कार्य सरकारी न्यायीक निकाय अर्थात् 'अमाल' बाट नगरी गाइने मिझारलाई नै अख्तियार दिनका लागि सम्बन्धित निकायबाट लिखित निर्देशन पनि दिइएको थियो । सम्भवतः राणाकालको पूर्वसन्ध्यामा गाइने मिझारलाई दिँदै आएको सो अख्तियारीलाई बेवास्ता गरी स्थानीय अमालबाट मुद्दा हेर्ने र दण्ड/जरिवाना गर्ने काम पनि गरिएको पाइन्छ । आफ्नो परम्परागत अधिकार खोसिएकामा मिझारले सम्बन्धित निकायमा यथावत अधिकार प्राप्तीका लागि अनुरोध गर्नु स्वाभाविकै थियो । यसै सन्दर्भमा सत्ता सम्हाल्नासाथ प्रधानमन्त्री जङ्गबहादुरले गाइने मिझारलाई परम्परागत रूपमा राज्यले दिँदै आएको न्यायीक अधिकारलाई निरन्तरता दिएको कुरा वि.सं. १९०६ सालमा 'भिमसिन्या स्यांसुन्दरे' गाइनेका नाममा भएको रुक्काबाट स्पष्ट हुन्छ । यहाँ विर्सन नहुने के पनि छ भने मिझार अख्तियार दिइएपछि सो बापत राज्यले निश्चित सुविधा पनि दिएको हुन्थ्यो । मिझारलाई सरकारले घर तथा बारी दिने गर्दथ्यो । मिझारी अख्तियार पाएसम्म यसरी दिइएको घर तथा बारी सरकारले खोस्न नपाउने व्यवस्था गरिएको थियो । यसका अतिरिक्त न्याय सम्पादन गरेबापत मिझारलाई दिइने सुविधाका सम्बन्धमा वि.सं. १९३६ साल फाल्गुण वदी २ रोज ७ मा जारी गरिएको एउटा रुक्कामा '...वाहालिको माना चावल जाड पुङ् कुसुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुका पैसा...' दिनु पर्ने उल्लेख थियो (परापूर्वदेखि गाइने जातिका, १९३६ फाल्गुन) । यो रुक्काबाट के देखिन्छ भने मिझार नियुक्त गरिए बापत उसलाई बस्नका लागि घर तथा खेती गरी खानका लागि बारी दिइन्थ्यो भने न्याय सम्पादन गरे बापत माना चामल, जाँड, पुङ (जाँड, रक्सी आदि राख्ने काठ, बाँस, माटो आदिको ढुङ्ग्रो; ठेकी, ढुङ्ग्रो, भाँडो आदिको मुख) (पराजुली, वि.सं. २०४०, ८३२), कुखुरा एवम् सुका पैसा अर्थात २५ पैसा लिन पाउने थिए । रकमलगायत यी खाद्यान्न सम्भवतः उल्लिखित मुद्दा फैसलाका बखत वादी/प्रतिवादी बाट लिइने दण्ड/जरिवाना थियो । स्थानीय अमालीले आफ्नो जातको मुद्दा हेरेर नगदसमेत असुल गरिदिएको सन्दर्भ पारेर आफुले पाउनु पर्ने भनी भीमसिने गाइनेले दावी गरेको र उनको सो दावीलाई सरकारले स्वीकृती दिएको थियो । उल्लिखित सुविधा उपलब्ध गराउनेगरी न्यायीक अख्तियारी दिइए तापनि न्याय सम्पादनमा सनद भन्दा बढ्तागरी दु:ख दिएको ठहरेमा मिझारलाई ऐनबमोजिम सजाय गरिने चेतावनी समेत दिइएको थियो ।

गाइने मिझारलाई आफ्नो जातिका लागि मात्र भए पनि उल्लिखित न्यायीक अधिकार दिइनु राज्य सञ्चालनमा महत्वपूर्ण देखिन्छ । गाइने जातिलाई समाजिक संरचनामा सम्मानित नमानिए तापनि मिझारलाई दिइएको न्यायीक अख्तियारीबाट यो जातिले पनि समाज व्यवस्थापनमा उल्लेख्य भूमिका निर्वाह गर्न सक्दछ भन्ने सन्देश दिन सकेको थियो । त्यतिमात्र नभएर अन्य जातिको तुलनामा समाजमा यो जातिको पनि त्यतिकै अस्तित्व रहेको कुरा मिझारीबाट स्पष्ट हुन्छ । उल्लिखित रुक्काबाट गाइनेलाई सोही जातिको मात्र मिझारी दिइएको देखिन्छ ।

दमाइ, गाइने र भाडका मिझार

राणाकालको मध्यतिरसम्म आइपुग्दा गाइने जातिको मात्र मिझारी दिने कार्यमा परिवर्तन गरिएको पाइन्छ । वि.सं. १९६३ साल मार्ग १९ गते रोज ३ मा प्रधानमन्त्री चन्द्रशमशेर तथा कम्याण्डर इन. चीफ भीमशमशेरको नामबाट 'नगारची वाठो दमाई' लाई मिझारी दिइएको एउटा रुक्का जारी गरिएको थियो । यस बखत भने उनलाई दमाइ जातिको मात्र नभएर गाइने र भाड जातिको पनि मिझारी दिइएको थियो । यसका अतिरिक्त उनलाई मुलुकभरका ति तीन जातिको मिझारी अख्तियारी दिइएको थियो । निज वाठो दमाइलाई दमाइ, गाइने र भाड जातिको मिझारी दिइएको भए तापनि आफ्नो जात अर्थात दमाइ बाहेक अन्य जातिको न्याय सम्पादन एवम् सुविधा लिन पाउने अख्तियारी भने दिइएको थिएन । यो रुक्काबाट दमाइलाई नयाँ शव्दावली 'नगार्चि' प्रयोग गरिएको थियो । सम्भवतः नगार्चिका हैसियतमा काठमाडौँ उपत्यकाका तीन शहरका ८४ नगरा मिझारको तैनाथीमा दिइएको थियो । अब उनले ती सबै नगराको जिम्मा लिएर साँझ तथा सबेर दैनिक दुई समय नगरा जाँचबुझ गरी चलाउनु पर्ने थियो ।

वाठो दमाइलाई मुलुकभरका अर्थात महाकालीदेखि पूर्व मेचीदेखि पश्चिम, राजधानी काठमाडौँ, पहाड एवम् मधेसका लागि मिझार नियुक्त गरिएको थियो । सोही हैसियतमा उनलाई दमाइ जातिको '...रकम, दस्तुराद मोहरू । चन्द्रायन् लिने, जाँड, कुखुरा, माना चामल तथा मेजमानी...' खाने अख्तियारी दिइएको थियो । यो हैसियतमा उनलाई केही दायित्व पनि दिइएको थियो । सोअनुसार उनलाई आफ्नो जातको '...चाष चकुई मऱ्यो अपुताली जात भातको थीति तैले गर्नु आफ्ना जातका चन्द्रयन् पटरी चलाई दैदस्तुर ली...' सम्बन्धी अख्तियारी पनि दिइयो । यसअनुसार उनलाई आफ्नो जातसँग सम्बन्धित विभिन्न न्यायीक अधिकार पनि दिइयो । यो रुक्काले निज मिझारलाई सरकारी उर्दीबमोजिम बाजा बजाउने तथा लुगा सिलाउने कार्यको थप अभिभारा पनि दिएको थियो (नागर्ची वाठो दमाइलाई, वि.सं. १९६३ मार्ग) ।

यो रुक्काले दमाइ मिझारलाई पहिले भन्दा बढी अधिकार दिएको देखिन्छ । पहिलो त मिझारलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो जातका अतिरिक्त अन्य दुई जात गाइने र भाडको मिझारी दिइएको थियो । दोस्रोमा उनलाई तीन जातिको मुलुकभरको मिझारी दिइयो भने तेस्रोमा उनलाई न्यायीक अख्तियारीका अतिरिक्त राजधानी काठमाडौँका तीन सहरमा रहेका ८४ नगराको तैनाथी एवम् सरकारी कपडा सिलाउने र बाजा बजाउने दायित्व पनि दिइयो । यसरी व्यापक मात्रामा दिइएको अख्तियारीबाट स्वाभाविकै रूपमा दमाइ जातिलाई समाज एवम् स्थानिय प्रशासनमा आफ्नै हैसियत कायम राख्न ठूलो मद्दत पुग्न गयो । प्रधानमन्त्री चन्द्रशमशेरले उक्त रुक्का जारी गरेको १४ वर्षपछि उनै वाठो दमाइको नाममा एउटा लालमोहर जारी गरिएको थियो । वि.सं. १९६३ सालमा जारी गरिएको रुक्कामा उनलाई मिझार नियुक्त गरि नेपालभरबाट उल्लिखित 'दैदस्तुर' लिने अख्तियारी दिइएको भए तापनि पाल्पा, गुल्मी, अर्घा र खाँची यी चार जिल्लाको मिझारी पाल्पा गौंडाका नाइकेले खाइ आएको देखिएको तथा सरकारले पनि कतिपय क्षेत्रबाट ठेक्का दिएर विभिन्न रकम असुल तहसिल गरेको देखिएको थियो । त्यसैकारण पहिले वाठो दमाइलाई मिझार वापत मुलुकभरबाट विभिन्न रकम असुल गर्ने अख्तियारी दिइए तापनि अब भने निज मिझारलाई पाल्पालगायत उक्त चार जिल्ला एवम् सरकारले ठेक्काबाट असुल गराउँदै आएको क्षेत्र बाहेक कास्की तथा लमजुङसमेत भर मुलुकको दमाइ जातिको मिझारी दिइएको थियो (नागर्ची वाठो दमाइलाई, वि.सं. १९७७ आश्विन) ।

यो लालमोहरबाट मिझारका सम्बन्धमा केही नयाँ सन्दर्भ उठेको पाइन्छ । पहिलो त यसमा वाठो दमाइलाई आफ्नो जाति भन्दा अन्य अर्थात वि.सं. १९६३ सालमा दिइएको गाइने र भाड जातिको मिझारी दिइएको थिएन । दोस्रो पहिले उनलाई मुलुकभरका दमाइको सामाजिक एवम् न्यायीक व्यवस्था सञ्चालनको अख्तियारी दिइएको भए तापनि यस पटक पाल्पालगायत चार जिल्ला एवम् सरकारले ठेक्कामा दिएका कतिपय क्षेत्रलाई छाडेर उनलाई सो अख्तियारी दिइयो । अन्तिम अर्थात तेस्रोमा पाल्पालगायत चार जिल्लाका लागि छुट्टै दमाइ मिझार नियुक्त गरिएकाले सरकारले अवस्थाअनुसार सम्बन्धित जातिमा 'मिझार' अर्थात नाइके/प्रमुख नियुक्त गर्दथ्यो भन्ने स्पष्ट हुन्छ । यसै सन्दर्भमा सरकारले कुनै बखत मुलुकभरका दमाइ जातिमा एक जनालाई मात्र मिझार नियुक्त गर्ने तथा कुनै अवस्थामा विभिन्न क्षेत्रमा भिन्दा भिन्दै व्यक्तिलाई निश्चित क्षेत्र तोकेर मिझार बनाउने गरेको पाइन्छ ।

उपसंहार

इतिहासका विभिन्न कालखण्डमा नेपालको सामाजिक संरचनाअनुसार सुदूरपश्चिम एवम् पश्चिम नेपालमा रहेका दमाइ, गाइने, भाड, कामीलगायत शिल्पी जातिहरूलाई तल्लो दर्जामा राखिएको थियो । समाजमा उपल्लो जाति भनिएका तथा राज्य सञ्चालनका लागि त्यस्ता जातिको आवश्यकता पर्ने भएकाले जतिसुकै तल्लो भने पनि उनीहरूको त्यत्तिकै महत्व थियो । त्यसका अतिरिक्त सम्बन्धित जातिमा परम्परादेखि विद्यमान विभिन्न साँस्कृतिक, धार्मिक, सामाजिक एवम् न्यायीक विधि व्यवहार सञ्चालनका लागि सोही जातिलाई राज्यले विभिन्न नाममा अख्तियारी दिँदै आएको पाइन्छ । यसै सन्दर्भमा खासगरी दमाइ, गाइने, भाड, माझी जस्ता जातलाई सरकारी काममा लगाउन एवम् सो जातिको न्यायीक परम्परा कायम राख्नका लागि एक जनालाई 'मिझार' बनाउने गरिन्थ्यो । यसै सन्दर्भमा उल्लेख्य के छ भने एक जना दमाइ जातिका मानिसलाई दमाइका अतिरिक्त गाइने र भाड जातिको पनि मिझार नियुक्त गरिएको देखिनाले दमाइलाई किन गाइने र भाडको मिझार बनाइएको हो भन्ने जिज्ञाशा रहेको छ । यस सम्बन्धमा जानकारी दिने सामग्री फेला नपरेकाले सो सम्बन्धमा अझ अनुसन्धान गर्नु पर्ने देखिन्छ । जहाँसम्म माझी जातिको सन्दर्भ छ, यो जाति बसोबास गर्ने निश्चित क्षेत्र भएकाले सोही क्षेत्रका लागि मात्र माझी मिझार बनाउने गरिन्थ्यो । यस दृष्टिबाट हेर्दा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकै पटक मुलुकका विभिन्न स्थानमा एक भन्दा बढी माझी मिझार रहेको देखिन्छ । त्यस्तै राणाकालको पछिल्लो समयमा गाइने तथा दमाइ जातिमा पनि यस्तै अवस्था रह्यो । जहाँसम्म सरकारी लिखतमा उल्लेख गरिएको भाड जातिको सन्दर्भ छ, यस जातिलाई नै मिझार दिइएको कुरा प्रकाशमा पाइएको छैन । भाड जातिलाई दमाई मिझारको अख्तियारीमा राखिन्थ्यो वा कुनै भाडलाई नै मिझारी दिइन्थ्यो सो स्पष्ट देखिँदैन । समग्रमा जातीय दृष्टिबाट विभेदगरी समाजमा तल्लो दर्जामा राखिएका दमाइलगायत जातिको परम्परा, संस्कृती, धर्म एवम् न्याय सम्पादनमा सोही जातिलाई संलग्न गरिनु सकारात्मक पक्ष देखिन्छ । यसबाट सम्बन्धित जातिको इतिहास एवम् परम्परा नष्ट हुनुबाट बच्नजान्थ्यो भने मिझार जस्ता जातीय प्रमुखले राज्य व्यवस्थामा स्थानिय प्रशासन सञ्चालनमा उल्लेख्य योगदान दिएर आफ्नो जातिको अस्तित्वलाई बचाउन सक्ने स्थिति बनेको देखिन्छ ।

सन्दर्भ सामग्री

अङ्ग्रेज वडा साहेवका भारि चलाउना चाहिने जति भरिया सुपथ ज्याला लिएर भरिया नाइकेलाई उपलब्ध गराउन नेपाल खाल्ये तथा चिसापानीतर्फका गाउँका अमाली, कसाइ नाइकेलगायतका नाममा वि.सं. १९३६ साल आश्विन सुदी १५ रोज ५ मा लेखिएको रुक्का

काठमाडौँ, कीर्तिपुर र पाटनको भोटबाट आउने व्यापारीको आम्दानीमध्ये प्रधानमन्त्रीतर्फको नाइके नियुक्त गरिएको बारे थाकुमन साल्मीका नाममा वि.सं. १९०६/१९०८ मा लेखिएको पत्र

नागर्ची वाठो दमाइलाई भरमुलुकका दमाइ, गाइने र भाड जातिको मिझारी दिइएको सम्बन्धमा वि.सं. १९६३ साल मार्ग १९ गते रोज ३ को रुक्का

नागर्ची वाठो दमाइलाई भरमुलुकका दमाइ जातिको मिझारी दिइएको सम्बन्धमा वि.सं. १९७७ साल आश्विन

परापूर्वदेखि गाइने जातिका विभिन्न अपराधका बारेमा छानविन गरी दण्ड-सजाय दिने अख्तियारी गाइने 'मिझार' लाई दिइएको सम्बन्धी १९३६ साल मिति फाल्गुन वदि २ रोज ७

साल्मी नाइके लछिनारान्लगायतका नाममा वि.सं. १८९९ पौष वदी ४ रोज ४ का दिन लेखिएको प्रयश्चित सम्बन्धी पत्र

अधिकारी, सूर्यमणि, (वि.सं. २०६०), बाइसे राज्यको इतिहास, काठमाडौँः भुँडीपुराण प्रकाशन

खड्का, रमेश, (वि.सं. २०५६), कर्णाली, प्रकाशन स्थान अनुल्लेख, मिडिया सर्भिस नेपाल

खनाल, मोहनप्रसाद, (वि.सं. २०३६), नेपालमा भोट-युद्धको तयारी, काठमाडौँः लेखक

जोशी, हरिराम, (वि.सं. २०५८), अभिनव संस्कृतिकोष, प्रकाशन स्थान अनुल्लिखित, जोशी रिसर्च इन्स्टिच्यूट

ताम्ला, उक्याव र अधिकारी, श्याम, (वि.सं. २०५७), नेपालका आदिवासी जनजातिहरू, काठमाडौँः श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय, राष्ट्रिय जनजाति विकास समिति

देवकोटा, रत्नाकर, (वि.सं. २०६४), बृहत् जुम्ला राज्यको ऐतिहासिक विवेचना, काठमाडौँः कुमार खड्ग प्राइभेट स्टडिज

पराजुली, कृष्णप्रसाद (सम्पा.), (वि.सं. २०४०), नेपाली बृहत् शब्दकोश, काठमाडौँः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

पाण्डे, रामनिवास, (ई.सं. १९९७), मेकिङ अफ मोडर्न नेपाल, न्यूदिल्लीः निराला पब्लिकेसन्स

पंगेनी, भवेश्वर, (वि.सं. २०६७), श्रीनाथ गणः सम्पूर्ण इतिहास, प्रकाशन स्थान अनुल्लिखित, श्रीनाथ गण

बिष्ट, डोरबहादुर, (ई.सं. १९७६ तेस्रो संस्करण), पिपल अफ नेपाल, काठमाडौँः रत्नपुस्तक भण्डार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुडाथोकी, चन्द्रविक्रम (सम्पा.), (वि.सं. २०३९), जयस्थिति मल्लको सुधार, नेपाल: साझा प्रकाशन
राईट, डेनियल, (ई.सं. १९९०), हिस्ट्रि अफ नेपाल, दिल्ली: लो प्राइस पब्लिकेसन्स
वस्ती, प्रकाश, (वि.सं. २०६३), कानूनसम्बन्धी केही अप्रकाशित अभिलेखहरू, काठमाडौँ: कानून व्यवसायी क्लब
शर्मा, जनकलाल, (वि.सं. २०४९), हाम्रो समाज: एक अध्ययन, काठमाडौँ: साझा प्रकाशन
श्री ५ को सरकार, (वि.सं. २०२२), कानून तथा न्याय मन्त्रालय, श्री ५ सुरेन्द्रविक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन, काठमाडौँ: श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय
श्री ५ को सरकार, (वि.सं. २०३८), शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग, श्री ५ वडा महाराजाधिराज पृथ्वीनारायण शाहदेवको दिव्य उपदेश, नेपाल: पुरातत्त्व विभाग
श्रेष्ठ, भीमप्रसाद (सम्पा.), (वि.सं. २०२८), कर्णाली प्रदेश एक विटो अध्ययन, जुम्ला: भीमप्रसाद श्रेष्ठ
श्रेष्ठ, विहारीकृष्ण, (वि.सं. २०२८), कर्णाली लोक संस्कृति (दियारगाउँका ठकुरीहरू) जनजीवन (खण्ड-३), काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
सिंह, स्थिरजङ्गबहादुर, (वि.सं. २०२८), कर्णाली लोक संस्कृति: भौगोलिक दृष्टिकोण (खण्ड-२), काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
विष्ट, डोरबहादुर, (वि.सं. २०६४ आठौँ संस्करण), सबै जातको फूबारी, पुलचोक: साझा प्रकाशन
रेग्मी रिसर्च सेरिज, (ई.सं. १९८७), वर्ष-१९, नं. ११-१२

परिशिष्ट

श्री मेजर जनरल सेरसम्सेर
जङ्गवहादुर (१)
प्रधानमन्त्री चन्द्रशमशेरको प्रसस्ती
कम्याण्डर इन चीफ भीमशमशेरको प्रसस्ती
आगे दमाई टोल वस्न्या नगारची वाठो दमाई के यथोचित् उप्रांत भरमुलुकका दमाई गाई
ने भाडको मीझारी गरिवक्स्यौं आफ्ना जातका चांद्रायण पटरी चलाई दैदस्तुर ली टहल्
मा रुजु रहनु भन्ने ३ साल माघ वदी ९ रोजमा र ३ सहरका ८४ नगरा तेरा तैनाथ गरिवक्स्यौं
दैदस्तुर षाई देवदेवताका स्थानमा साझ सवेर नगरा जाच वुझ गरि नगरा चलाई हाम्रा टह
ल्मा रुजुरही चलन गर भंने ४ साल वैसाष वदि ३० रोज मा गोते नगारर्चिका नाउमा
र आफ्ना जातको रकम् दस्तुराद मोहर्रू ।. चान्द्रायन् लिनु जाड् कुषुरा माना चा
वल् मेजमानी षानु तेरा जातको चाष चकुई मऱ्यो अपुतालि छिनकी (?) पातकी हाड्
फोरा जातक्मारा यति थीती तैले गर्नु भंने ८ साल् वैसाष वदी ५ रोजमा स्मेत् लाल्
मोहर भै सो वमोजीम् लाटो नगार्चिले चलाई आयाकोमा निज नगार्चि फागुन मैन्हामा म
रेको हुनाले निजका ठाउमा दमाई टोल्को वाठो दमाईलाई हामिवाट नगार्चिमा दर्सन् गरा
ई वक्सेको छ नीजका नाउमा ३ सहर ८४ नगरा तेरा तैनाथ गरी वक्स्यौ दैदस्तुर षाई देव दे
वताका स्थानमा साझ सवेर नगरा जाच वुझ गरि नगरा पनि चलाउनु माहाकालि पुर्व मेची
पश्चिम नेपाल पाहाड् मध्येस भरमुलुकमा सर्कारवाट मिझारी रकम्को ठेक्का लागी अ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुल् तहसिल् भयाको जगा वाहेक् कास्कि लमजुंस्मेत् भर मुलुकको दमाई जातको तला ई मीझारि गरीवक्स्यौ आफ्ना जातको रकम दस्तुराद मोहरू ।. चन्द्रायन् लीनु जाड् कुसुरा माना चावल् मेजमानी षानु. तेरा जातको चाष चकुई मर्‍यो अपुताली जात भातको थीति तैले गर्नु आफ्ना जातका चन्द्रयन् पटरी चलाई दैदस्तुर ली अघीदेषि चलाई आया वमोजीम् नगार्चिले उर्दि वमोजीम् वाजा वजाउने र पोसक् स्यूने काम् स्मेत् गरी टहल्मा रुजुरही आफ्ना षातीर्जमासीत नगार्चि काम् चलाउनु भंने वेहोराको नि ज वाठो नगार्चिका नाउमा हाल् रुक्का दस्षत् गरी दी लालमोहर स्मेत् गरी दीने काम् गर भंन्या ६३ साल् आषाड गते ५ रोज २ मा यस् अडाका नाउमा २ छापे पुर्जि ग रीवक्स्य मुताविक नीज दमाईटेल वस्न्या वाठो दमाईका नाउमा रुक्का दस्षत् गरिव क्सनु पर्ने ठहराञ्यू भनी सदर दफदरषाना---(१) मार्फत षर्च अडाका नायव सुव्वा विन्दुरत्न ना डिट्ठा गणेसवाहादुर ना. डीट्ठ गोविन्दरत्न मुषीया काजीमान्हरूले हा म्रा हजुरमा विंती पार्दा जाहेर भयो तसर्थ सो ठहरायाको हामीवाट सदर गरिवक्सेको छ सो वमोजीम् लाटो नगारर्ची मरेका हुनाले नीजका ठाउंमा तलाई नगार्चिमा दर्सन गराई वक्स्याको छ ३ सहरका ८४ नगराको तेरा तैनाथ गरिवक्स्यौ दैदस्तुर षाई दे वदेवताका स्थानमा साझ सवेर नगरा जाचवुझ गरी नगरा पनि चलाउनु महाकालि पु र्व मेचि पश्चिम नेपाल पाहाड् मधेस भर मुलुकमा सर्कारवाट मिझारी रकम्को ठेक्का लागी असुल तहसिल् भयाको जगा वाहेक् कास्कि लमजुं स्मेत् भर मुलुकको दमाई जा तको तलाई मीझारी गरी वक्स्यौ आफ्ना जातको रकम् दस्तुर मोहरू ।. चार आना चन्द्र यन यक आना   लीनु जाड् कुसुरा माना चावल मेजमानी षानु तेरा जातको चाष चे कुई मर्‍यो अपुतालि जात भातको थीती तैले गर्नु आफना जातका चन्द्रायण पटरि चलाई दैदस्तुर ली अघिदेषी चलाइ आया वमोजीम् नगारचीले उर्दी वमोजीम् वाजा व जाउने र पोसाक स्यूने काम् स्मेत् गरी टहल्मा रुजु रही आफना षातीरजामा सीत न गार्चीकाम चलाउनु भंन्या रुक्का दस्षत् गरीवक्स्यौ ईति सम्वत् १९६३ सा ल मार्ग गते १९ रोज ३ शुभम्............................

पाहाड वन्दोवस्त वीर्ता फाट्वाट गरेको फैसला........
षरिदार कृष्नदेव उपाध्या.........१
मुषीया जनकमान्.................१
मुषीया महेशमान्.................१

आज यस् मीसील पढी वुझी हेर्दा भर मुलुकका दवाई गाईने भाड्का मीझारी गरीवक्स्यौ भंने ३ साल्मा गोजे नगार्चीका नाउमा र ८ साल वैसाष वदी ५ रोज्मा लाटो नगार्चिका नाउमा लाल्मोहर भयामा नीज स्मेत् मरेको हुनाले नीजका ठाउमा दमाइटेल् को वाठो दमाइलाई हामीवाट नगार्चीमा दर्सन गराई वक्स्येको छ नीजका नाउमा ३ सहरका ८४ नगरा तेरा तैनाथ गरीवक्स्यौं दैदस्तुर षाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देव देवाताका स्थान्मा साझ सवेर नगरा जाच वुझ गरी नगरा पनी चलाउनु माहाकाली पुर्वमेची पश्चीम नेपाल पाहाड मध्येस भर मुलुकमा सर्कारवाट मीझारि रकमको ठेका लागी असुल त हसील भयाको जगा वाहेक कास्की लमजुं स्मेत् भर मुलुकको दमाई जातको तलाई मीझारी गरी वक्स्यौ आफना जातका रकं दस्तुराद मौरु ।. चन्द्रायण   लीनु जाड कुसुरा माना चावल मेजवा नी षानु तेरा जातको चाष चकुई मऱ्यो अपुताली जात भातको थिति तैले गर्नु आफना जात का चान्द्रायण पटरी चलाई दैदस्तुर ली अघीदेषी चलाई आया वमोजिम् नगार्चीले उर्दी व मोजिम् वाजा वजाउने र पोसाक सीउने काम् स्मेत् गरी टहलमा रुजुरही काम चाउनु भंने वेहोरा को हाल् रुक्का दस्षत् गरी दि लालमोहर स्मेत् गरी दिने काम गर भंने १९६३ साल आषाड ५ गते २ छाप्पे सनद वमोजिम् नीज नगार्ची वाठो दमाईका नाउँमा ६३ साल मार्ग १९।३ मा रुक्का दस्षत् भै गयाको हुनाले लाल्मोहर गर्नु पर्दा सो तीन सहर ८४ नगराको फाट्ली आउनु भनी नीज वाठो नगार्चीलाई पक्री तारीष लगायेमा तोकीयाका तारीषमा हाजीर नभै तारीष गुजारेको हुनाले पक्रनु पठायामां नीज वाठो नगार्ची येही गयाका श्रावण ३१ गते ७ का दिन जराका वेथाले मरेको र नीज वाठो नगार्ची येकै घरका मेरा कांछा वावु हुन् नीजका अरु छोराहरू को ही छैन काज कृया स्मेत मैले नै गरेको हुं भंने दमाइटोल् वस्ने टिकाराम दमाइले अडामा आई ७७ साल भाद्र ११ गते ५ मा मुचुल्का लेषी दियाकोले नीज वाठोका नाउमा लाल्मो हरगरी रहन नपरेको र येका घर सगैका नीजका भतीजा टिकाराम दमाईका नाउमा लाल्मोहर गर्नालाई पनी यो नगार्चि संतान् दरसंतानलाई वक्सेको नभै जागीर सरह नीज वाठो दमाई लाई मात्र वक्सेको उस्का सेसपछी यसूलाई दीनुभंने केही नषुलेको नीगाहाले जसूलाई व क्सीयो उसलाई पाउने हुनाले नीज टीकाराम दमाइका नाउमा गरीदीनु पर्लाकी भंनु ठीक नपर्ने अरुका नाउमा गरीदीनु भंने भै आयो भने उसै मौकामा सो वमोजिं हुन्ये हुनाले हाल् यो मीसीलवाट केही गर्नु नपर्ने भनी तहवील फाट्मा वुझाउन ठहराई अडै फैसला गरी दिञ्यु इति सम्वत् १९७७ साल भाद्र २६ गते रोज ५ शुभम्.............

पाहाड् वन्दोवस्त वीर्ता फाट्का हाकीम् कारीन्दाले पुर्जि हेरी वाठो दमाइलाइ मीझारीको ६३ साल्मा सन द भयापछी अर्घा षांची गुल्मी पाल्पा ४ जिल्लाको तहसील गरी षान नसकेको   साल्मा तहसील गर्न प ठाउदा पाल्पा गौडाका नाउमा सनद भै षाई आउने नाइक्या गजवीरको पाल्पा गौडामा उजुर परी प्रमाण वु झीया पछी नीज वाठो दमाञीले देवानीमा नालीस दीदा नीज गजवीरले उजुरको वींतीपत्रदी दोहोरो पा री दीयाको कुरा स्मेत गौडाका हाकींवाट जाहेरी आयाको नीज अडालतमा गयापछि दोहोरो नालीस ठहराई फैसला गरी जागीर सरहको हुनाले मीसील जागीर फाट्मा पठाउने भनी देवानी अदालत्वाट रपोट् जाहेर गर्दा रापोट् सदर भै यस अडामा आयामा नीज वाठो दमाईलाइ वीर्ता फाट्मार्फत् सनद भ याको हुनाले यो मीसील स्मेत् वीर्ता फाट्मा पठाइ दीने यस अडावाट रपोट जाहेर गरेकोमा तेसै अडा वाट मुद्दा कीनारा गरी वीर्ता फाट्लाइ जनाउ पठाउनु भंने तोक सदर भै आयाको यस अडावाट जो वुझ नु पर्ने वुझी रपोट् जाहेर गऱ्यामा अडा फैसला गर्नु भनी फीर्ता आयाको र पाल्पा गौडाको काम गरी षा ई आयाको ३० साल्मा सनद भयाको भंने नाइके गजवीरको उजुर भयामा सो सनद मामुली षर्च वीस

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

येको सदन मुलुकी वन्दोवस्तवाट फिकाउदा सो सनद स्मेत् सो अडामा गयाकोछ भंन्या पाल्पा मेग जीका लेषौट् वमोजीम गौडावाट स्मेत सोही कुरा लेषी आयाको नीज दमाञीका नाउमा सनद भया को सदरमा नकल स्मेत छैन भने तहविल फाट्का लेषौट स्मेत् आयाकाले सनद भयाको रहेछ भं नै नभै उजुर फजुल ठहराउनु पर्ने भयाको र नीज वाठो नगार्चीका नाउमा ६३ साल्मा भयाका सनदमा भर मुलुकको भंन्या लेषीयाको हुनाले नीजैले पाउछ भंने फैसला गरी नीज गजवीरलाई सुनाउने पु र्जी पाल्पा गौडामा पठाइ दीयामा ३० साल्मा पाल्पा गौडाका पश्चीतर्फका कम्यांडर इन चीफ् वद्री न रसिं राणाका नाउमा भयाको सनद यस गौडा कौसल्मा भयाको भनी सकल वमोजीम नकल दुरु स्त छ भनी सहीछाप गरी नकल स्मेत नथी गरी अघी सनद फेला नपरेकाले पाउदैन भनी फैसला भ याको अव सनद देषीयाको र अघीदेषी सनद भै गौडाका नाईक्यले षाई आयाको हुनाले नीजला इ वक्सनालाइ र वाठो दमाईलाइ वक्सनालाइ सर्कारको तजवीज भनी गौडावाट स्मेत जाहेर गरेको हुनाले र वाठो नगर्चीका नाउमा ६३ साल्मा भयाका सनदमा लाटे नगार्ची मरेको हुनाले नीज्का ठाउमा तलाई दर्सन गराइवक्सेको छ माहाकाली पुर्व मेची पश्चीम नेपाल पाहाड मदेस भरमुलुक मा सर्कारवाट मीभारी रकं ठेक लागी असुल तहसिल भयाको जगा वाहेक कास्की लमजुङ् स्मेत भर मुलुकका दमाञी जातको तलाई मीभारी गरी वक्स्यौं भंन्या वेहोरा लेषीयाकाले ठेक लागेदेषी वा हेक सवै पायाको देषीयाकाले भने पाल्पा स्मेत ४ जील्लाको मीभरी नीजले पाउने देषीयाको सो सनदमा अरुले सनद गरी पायाको भयापनी सो स्मेत तलाई वक्स्यौं भंन्या प्रष्ट वोली नले षीयाको हुनाले र पाल्पा गौडाका पश्चीतर्फका कम्यांडर इन चीफ् वद्रीनरसिं राणाका नाउमा भयाको सनद पाल्पा कौसलमा (४ अस्पष्ट) गौडावाट आयाका रपोट्मा गसीयाको मा गोर्षा प्रवेश भयापछी पाल्पा मेगजीन ((६ अस्पष्ट) उसै वषतदेषी अर्घा षाची गुल्मी ४ राजेको पा ल्पा गौडामा हुनेले षाई आयाको ३१ साल्मा सवारीमा आउने वुधेलाई वक्सीयेछ थामी पाउने हुन भनी वींती चढाउदा पाल्पा (६ अस्पष्ट) सार्की कामी दमाइ नाइक्येहरूलाइ अघी देषी षाई पाई आया वमाजीं अर्घा षांची पाल्पा गुल्मी ४ राजेको भात पानी पतरीको मीभारी था मी वक्स्यौं भंन्या ३० साल चैत्र वदी १० रोज ६ मा सनद भयाको देषीयाकाले सो सनदका वेहो राले लेषीयाका जील्लाको मिभारी पाल्पा गौडाका नाइक्येहरूले नै पाई षाई आयाको वाठो दमैका सावीक लाटे दमैले पनी षान नपायाको देषीनाले र नीज वाठो दमै भया पछी यती च लं गरी षान नसकी ६३ साल्देखि ७० सालतकको यकै पल्ट चामे दमैलाई तहसील गर्न पठा उदा उसै वषतदेषी उजुर परेको हुनाले र सो ३० साल्मा भयाको सनद गौडावाट देषाउन न सकी मामुलीको सनद मुलुकी वन्दोवस्तवाट फिकाउदा सदर चलां भयाको छ भनी मेगजी नको भनाइले सो वेहोरा लेषी आयाको नीज मीभारहरूलाई भयाका ३० सालको सनद का नकल गोजाउदा सदरमा पनी पत्ता नलागी पाल्पा गौडाका मीभारहरूले नपाउने गरी अडा फैसला नगरी पुर्जी भै जादा पश्चीतर्फका कम्यांडर इन चीफ् वद्रीनरसिंह राणाका नाउ मा भयाको सनद कौसलमा छ भनी नकल स्मेत् गासी सो सनद वमोजीम थामी सनद गरी व क्सनालाइ र सो सनद वदरगरी ६३ साल्को सनद वमोजीम वाठो दमाइलाई थामी वक्सनाला ई सर्कारको तजवीज भनी गौडाले जाहेर गऱ्याको हुनाले सर्कारमा जाहेर गरी नीकासा वक्से वमो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीम गर्नु पर्ने देषीनाले जाहेर गऱ्याका छौ पाल्पा गौडाका पश्चीम तर्फका कम्याण्डर इन चीफ् वद्रीनरसिं राणाका नाउमा भयाका ३० साल चैत्र वदि १० रोज ६ को सनद वदर गरी नीज वाठो दमैलाई थामी दीनु भंन्या गरी वक्सनु र लेषीया वमोजीं वेहोरा संग ४ जील्लाको मीभारी गजवीर दमैले षाई आयाको हुनाले वाठो दमैलाई वहाली सनदसम्म भयाको लाल्मोहर गरी दिनु पर्ने कां वाकी रहेको वीर्ता फाट्का लेषौट् वाट देषीनाले सो पाल्पा गुल्मी अर्घा षांची ४ जील्लाको मीभारी पाल्पा गौडाका नाइक्यले षाई आयाको र सर्कार वाट ठेक लागी असुल तहसील भया वाहेक कास्की लमजुं स्मेत भर मुलुकको दमै जातको मीभारी वक्स्यौं भंने वोली पारी लाल्मोहर गरीदीनु भंन्या यो रीपोट् वीर्ता फाट्मा पठाई सो वमोजीम पाल्पा गौडाका नाउमा सनद स्मेत गरी दिनु भंन्या सर्कारका तजवीजवाट जो हुकुं मर्जी वक्सींछ सो वमोजीम गर्ने ठहराई जाहेर गरेमा यस्मा नाइक्ये गजवीर दमाइका उजुरीमा लेषीयाको १९३० सालको सनद अघी यस गौडामा छैन भनी जवाफ् दीयाको जागीर फाट्ले स्वही जवाफ वाट पाल्पा गुल्मी अर्घा षाची ४ जील्लाको सार्की कामी दमाइ जातको मीभारी रकं षान नपाउन गरी फैसला गरी सो फैसला सुनाउने पुर्जी गयापछी नीज गजवीरको उजुरी वींतीपत्र परेपछी हाल सो सनद कौशलमा छ भनी नकल स्मेत जाहेर गरेको यसै रपोट् मीसीलवाट देषीनाले अघी भयाको सनद छैन भनी लेषी दियामा सजाय नगरी छाड्न मुनासीव नहुनाले अैं छाडी काम गरे सह्र पाल्पा गौडा कौसलका उसवषतका हाकींलाई अदालती वन्दोवस्त दोश्रा भागका २ लम्वरका अैन वमोजीम तजवीजी मोरु १। यक जरीवाना भयाको छ सो जरीवाना तेस अडावाट असुल गरी आम्दानी वाधनु मुद्दाका हक्मा पाल्पा गौडाका पश्चींतर्फका कम्यांडर इन चीफ वद्रीनरसिंह राणाका नाउमा भयाका सो ३० साल चैत्र वदि १० रोज ६ का सनदका वेहोराले लेषीयाका जील्लाको मीभारी सो गौडाका नाइक्येहरूले नै षाई आयाको वाठो दमाइका सावीक लाटो दमैले पनी षान नपायाको र नीज वाठो दमै भयापछि पनी चलंगरी षान नसकी ६३ साल्देषी ७० साल तकको यकै पटक तहसील गर्न पठाउदा उसै वषत देषी उजुर परेको नीज वाठो दमैलाइ भयाको दमै मीभारीको ६३ सालको वाहाली सनदमा अरुले सनद गरी पायाको भया पनी सो स्मेत् वक्स्यौं भंन्या नलेषीयाकोले सो पाल्पा गुल्मी अर्घा षाची ४ जिल्लाको मीभारी पाल्पा गौडाका नाइक्येले सनद वमोजीम षाई आयाको वेहोरा जाहेर भै भयाको भंन नहुने हुनाले जाहेर गऱ्याका छौ अव यस्मा सो पाल्पा गुल्मी अर्घा षाची ४ जिल्लाको मिभारी पाल्पा गौडाका नाइक्येले षाई आयाको र सर्कारवाट ठेक लागी असुल तहसिल भया वाहेक कास्की लमजुं स्मेत भर मुलुकको दमै जातको मिभारी वक्स्यौं भंन्या वोली पारी नाइक्ये वाठो दमैका नाउमा लालमोहर गरी दिनु भंन्या यो रीपोट् तोक सदर गरीवक्सेपछि वीर्ताफाट्मा पठाई सो वमोजीम पाल्पा गौंडाका नाउमा (३ अस्पष्ट) स्मेत गरीदिनु भनी यो रीपोट् पावं जागीरफांट्मा पठाई दीने ठहराञ्यू जो मर्जि हुकुम भनी मुलुकी अडाले वोलेको तोकमा यस्मा केही उजुर छ भने ३५ दीन भीत्र उजु गर्न आउनु भंने वाठो दमाइलाई सुनाइ उजुर गर्न आया पनी नआया पनी जाहेर गर्नु पर्ने देषीया उसै मौकामा अैन सवाल वमोजीं गर्नु भनी ७५ साल आश्वीं २२ गते ३ मा कौसलवाट तोक फाटी आयाको रपोट् सावीकले कां वाकी भनी वुझाई दीयाको हुनाले यस्मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेरो उजुर केही छ भने ३५ दीन भीत्र उजुर गर्न आउनु भनी नीज वाठो दमाई लाई ७५ साल माघ ११ गते ६ मा सुनायाको र आजसम्म सो वमोजीम केही उजुर गर्न नआयाको पाल्पा गौडाको कां ग री षाई आयाको ३० सालमा सनद भयाको भंने नाइक्ये गजवीरको उजुर भयाको सो सनद अघी यस अडामा छैन भनी जवाफ दीयाको र सदरमा नकल स्मेत छैन भंने तहवील फाट्को लेषौट आई वाठो नगार्चीका नाउमा ६३ साल्मा भयाका सनदमा भर मुलुकको भंन्या लेषीयाको हुनाले नीजलाई पाउछ भंन्या फैसला गरी गयापछि ३० साल्मा पाल्पा गौडाका पश्चींतर्फका कम्यांडर इन चीफ् वद्रीनरसिंह राणाको नाउमा भयाका सनद यस गौडा कौसलमा छ भनी नकल स्मेत् नथीगरी सावीकैका पालामा पठायाको नीज वाठो नगार्चीका नाउमा भयाका ६३ सालका सनदमा माथी लेषीया वमोजीम लाटो नगार्ची मरेको हुनाले नीजको ठाउमा तलाई दर्सन गरा ई वक्सेको छ माहाकाली पुर्व मेची पश्चीं नेपाल पहाड मध्येस भर मुलुकमा सर्कारवाट मीभारी रकं ठेक लागी असुल तहसिल भयाको जगा वाहेक कास्की लमजुं भर मुलुकको दमाइ जातको तला ई मीभार गरीवक्स्यौं भंन्या लेषीयाको हुनाले ठेक लागेको वाहेक सवै पायाको देषीयाको ले भने पाल्पा स्मेत् ४ जिल्लाको मीभारी नीजै ले पाउने देषीयाको तर सो सनदमा अरुले सनद गरी पाया को भया पनी तलाई वक्स्यौं भंन्या सनदमा नषोलेको र नीज वाठो दमाइका सावीक लाटे दमाइले पनी षान नपायाको र नीज वाठो दमाइ भयापछी पनी चलन गरी षान नसकी ६३ साल्देषी ७० साल तक्को यकै पटक उजुर गरेको र यस्मा तेरो उजुर छ भने ३५ दीन भीत्र उजुर गर्नु भनेकोमा पनी अ ज सम्म केही उजुर दीन नसकेको र पाल्पा गौडा पश्चींतर्फका कम्यांडर इन चीफ् वद्रीनरसिंह राणाका नाउमा भयाको सनद रपोट्मा गासीयाकोमा गोर्षा प्रवेश भयापछी पाल्पामा मेगर्जी राषी वूकसदा उसै वषतदेषी अर्घा षाची गुल्मी पाल्पा ४ राज्येको पाल्पा गौडामा हुने लेषाई आयाको ३१ साल मा सवारीमा आउने वुधेलाइ वक्सेपछि थामी पाउ भनी वींती चढाउदा पाल्पा मेगर्जीको सार्की कामी दमाइ नाइक्ये हरूलाइ अघीदेषी षाई पाई आया वमोजीम अर्घा षांची पाल्पा गुल्मी ४ राज्येको भात पानी पतरीको मीभारी थामीवक्स्यौं भंन्या ३० साल चैत्र वदि १० रोज ६ मा सनद भ याको देषीयाकोले सो सनदका वेहोराले लेषीयाका जील्लाको मीभारी पाल्पा गौडाका नाईक्ये ले नै पाइ षाई आयाको वुझीनाले सो लेषीयाका ४ जील्लाको पालपा गौडाका नाइक्येका नाउ मा थामीदीनालाई नीज वाठो नगार्चीका नाउमा भयाका ६३ सालका सादमा सो ४ जील्ला वाहेक भंन्या नषुलीयाको हुनाले सो ४ जील्ला वाहेक गरी अघी वाठो दमाईका नाउमा भयाका सनद वमोजीम लालमोहर गरीदीनु भंन्य पाहाड् वन्दोवस्त वीर्ता फाट्का नाउमा सनदस्मेत गरीदीनु प र्ने देषीनाले जाहेर गरेका छौ अव यस्मा पाल्पा गौडाका नाउमा भयाको सनद अघी छैन भनी लेषी दियाको हुनाले पाल्पा कौसलका उस वषतका हाकींलाई अदालती वन्दोवस्तका २५२ नंका अैंवमोजीम तजवीजी मोहरू १। यक जरीवाना गरी लीनेर सो पाल्पा गुल्मी अर्घा षाची ४ जील्लाको मीभारी पाल्पा गौडाका नाइक्येले षाई आयाको र सर्कारवाट ठेक लागी असुल तह सील भयावाहेक कास्की लमजुं स्मेत भर मुलुकको दमाई जातको मीभारी गरीवक्स्यौं भंन्या वोली पारी लाल्मोहर गरी दिनु भंन्या पावं वीर्ताफाट्का नाउमा १ सो वमोजीम पाल्पा गौडाका नाउमा १ स्मेत् सनद २ गरी पठाइ दीने स्मेत् ठहराज्यूं जो मर्जि हुकुम् भनी यस अडावाट जाहे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र गरेका रपोट्मा मुलुकी अडा रपोट् दोस्रा फाट्वाट मुनासीव ठहराइ ७७ साल आषाड २८ गते रोज १ मा दुइ छापे वाट सदर भै आयाको हुनाले सो सदर भयका रपोट् वमोजीम सो पाल्पा गुल्मी अर्घा षाची ४ जील्लाको मीझारी पाल्पा गौडाका नाइक्यले षाइ आयाको र सर्कारवाट ठेक लागी असुल तहसील भया वाहेक कास्की लमजूं स्मेत भर मुलुकको दमाइ जातको मीझारी गरीवक्स्यौ भंन्या वोली पारी नगार्ची वाठो दमैका नाउमा लाल्मोहर गरी वक्सनु पर्ने ठहराज्यूं भनी पाहाड् वन्दोवस्त जागीर फाट्का हाकीम कारीन्दाहरूले हाम्रा हजुर्मा वीन्ती पार्दा जाहेर भयो तसर्थ सो ठहरायाकोमा हामीवाट सदर गरीवक्सेको छ सो वमोजीम गर्ने काम गर इती सम्वत् १९७७ साल् आश्वीं १३ गते रोज ३ शुभम्...................

लिषितम् सहर काठमाडौँ दमाइटेल वस्ने वर्ष ३२ को टिकाराम दमाइ आगे वाटो नगार्ची का नाउमा ८४ नगराको लाल्मोहर गरी दीनु भंन्ये भै आयाका सनद वमोजीम ८४ नगडाको फाट् दाषील गर भनी यस अडावाट दी राषेका तारीषमा हाजीर हुन नआयाको हुनाले वुझ्नु पर्दा तिमिसंग सोधनी गरींछ की नीज वाटो नगार्ची काहा छन् मरी सकेको भया कैले मऱ्यो नीजका छोराहरू छ छैन तीम्रो को पर्छ भनी आज यस अडावाट मलाइ झीकाइ सोधनी गर्दा मेरो चीत वुझ्यो नीज वाटो नागर्ची येकै घरका मेरा कांछा वाउ हुन नीजका अरु छोराहरू कोही छैन छोरा नहुदा नीज कांछा वावुको काज कृया स्मेत मैले नै गरेको हुं लेषीयाका वेहोरा सवै दुरुस्त छ फरक छैन फरक पारी लेषी दीयाको ठहरे अैन वमोजीम् वुझाउला भनी मेरो मनोमान षुसी राजीसंग ज्मान वंदी मुचुल्का लेषी पाहाड् वंदोवस्त विर्ता फाट् अडा मार्फत् श्री ४ सर्कारमा चढाज्यूं. इती सम्वत् १९७७ साल मीती भाद्र गते ११ रोज ५ शुभम्...............

(यी सबै सामग्री इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको अभिलेखालयमा रहेका छन्)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जगज्ज्योति मल्लको स्वरोदय खोजी

- काशीनाथ तमोट*

मल्लकालको नेपालमण्डलमा ज्ञान सञ्चयको लागि अधिकतम प्रयास गर्ने गरिएको चौंकाउने उदाहरण राजा जगज्ज्योति मल्ल (ई.१६१६-३६)ले स्वरोदय ग्रन्थ धुँइपतालसंग खोजन लगाएकोबाट बुझिएको छ। 'स्वरोदय' युद्धविद्याको एक पक्ष स्वरशास्त्र (कालज्ञान) विषयको ज्योतिष ग्रन्थ हो । यो ग्रन्थलाई जयचर्या पनि भनिन्छ, तर यो नाम यसको रचयिता नरपतिसंग जोडेर अभिन्न रूपमा प्रयोग गरिन्छ- नरपतिजयचर्या भनेर । यो स्वर (आवाज तथा वर्णमाला)को उदय (प्रकटन)बाट जोखाना हेरी भविष्यवाणी गर्ने शास्त्र हुनाले स्वरोदय नामले बढी प्रख्यात भयो ।

स्वरोदय स्वरशास्त्र दक्षिण भारत राजस्थानको मालवाको प्राचीन राजधानी धाराको आम्रदेवको सुपुत्र नरपतिले चालुक्यवंशी राजा अजयपाल (ई.११७४-७७)को शासनकालमा ई.११७६ (नेसं २९६)मा आणहिलपट्टनमा बस्दा रचना गरेका हुन् । हरिवंश पाठकद्वारा टीकाकृत स्वरोदयको जयलक्ष्मीटीकाबाट यो जानकारी पाइएको हो । (राजा १९७७ 'नरपति')

नरपतिको स्वरोदय भारतभर प्रसिद्ध भयो । नेपालमा सय वर्ष पछि यो राजा अनन्त मल्ल (ई.१२७५-१३०८)को पालामा आइपुग्यो । त्यस बेला नेसं ४०० (ई.१२८०)मा पढिएको पशुपति राजमण्डली दैवज्ञको पुस्तक राष्ट्रिय अभिलेखालय (लगत १-१५३७)मा उपलब्ध छ । (बृसूप १:१०६-७) त्यसपछि यो सबैजसो मल्ल युवराज, राजाहरूले पढ्ने पुस्तक भयो । भक्तपुरको राजा जगज्ज्योति मल्ले आफू युवराज हुँदा नेसं ७१९ (ई.१५९९) देखि नै साह्रै मजा मानेर ("अति लयन") स्वरोदय ग्रन्थ सिके । उनलाई यसको सम्पूर्ण मूल अंश तथा टीकासमेत जान्ने उत्सुकता बढ्यो । उनले नेसं ७३२ (ई. १६१२)मा सरयुपार (अयोध्या) शिवराम तिवारीकहाँ सो ग्रन्थ पढ्न पठाए । उनीसँग पनि पूर्ण अंश रहेनछ । यसो हुँदा त्यसताका राजा जगज्ज्योति मल्लले त्यस बेलाका मध्यकालीन राज्यहरूमा दाम दिएर स्वरोदय ग्रन्थ खोजन पठाए । पुस्तक आखेटक टोली तिरहुति (मिथिला) गए, काशी (बनारस) गए, पाएनन् । (परिशिष्ट १) यो खोजीको वर्णन गरिएको संस्कृत संस्करणमा अझ थपिएको छ- त्यो टोली तेलङ्ग (तेलगु) गए, उत्कल (उडिसा) गए, गुजरात र कमता (आसाम) सम्म गए, कहिं पाइएन । (परिशिष्ट २) टोली निराश भएर फर्के । राजालाई चित्त बुझेन, कहिं न कहिं यस्तो महत्वपूर्ण स्वरोदयका अप्राप्य अंश आर्यावर्तमा अवश्य पाइनुपर्छ भन्ने लाग्यो । उनले तत्कालीन नेपाल उपत्यकामा बसेका प्रशिद्ध ग्रन्थकार मैथिल विद्वान् वंशमणि उझा(ओझा)लाई फेरि सो पुस्तक खोजन पठाए । आखिर उनले तिरहुति (मिथिला)को बहेडा गाउँका श्रीकृष्ण उझासँग अन्यत्र अपुग अंश भेट्टाए र सिकेर, सारेर ल्याए । (आजभन्दा ठीक ४०० वर्ष

---

* नेवारी विशेषज्ञ, नेपाल जर्मन हस्तलिखित ग्रन्थ सूचीकरण परियोजना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अघिको मिथिलाको बहेडा गाउँ वर्तमान नेपाल वा भारतीय सीमाभित्र कहाँ छ परिचय पाउनु वाञ्छनीय छ।) (परिशिष्ट १ र २) राजा जगज्ज्योति मल्लले सम्पूर्ण अंश पाइएपछि शकसंवत् "षड्-दहन-वाण-विधि" (१५३६) अर्थात् ई.१६१४ (नेसं ७३४)मा संस्कृतमा स्वरोदयदीपिकाटीका रचे। वंशमणी उभाले मैथिली लिपिमा सारेको ('व्यलेखीद्') २०२ पत्रको सोको प्रति राष्ट्रिय अभिलेखालय (लगत १-११८६, विषय १९९)मा सुरक्षित छ। (शास्त्री १९०५:१०७-९) कहिं यसलाई शसं १५३९मा रचेको भन्ने गरिएको छ। यसलाई नेपाल-जर्मनी हस्तलिखितग्रन्थ संरक्षण परियोजना (ई.१९७०-२००१)ले माइक्रोफिल्म (ए १३/१७) गरेको छ। युद्धसम्बन्धी यस ज्योतिष ग्रन्थ लेख्दा राजा जगज्ज्योति मल्लले आफ्नो राजवंशावली दिने क्रममा ग्रन्थको शुरुमा आफ्नो पूर्खा यक्ष मल्लको राज्यविस्तारवारे बयान गरेको अर्थपूर्ण छ। यही ग्रन्थ वा अन्य नेसं ७३७ (ई. १६१७)मा लेखिएको ग्रन्थको पुष्पिका (पत्र ८३) राष्ट्रिय अभिलेखालय (लगत ५-५८२)मा नेसं ८१० (ई.१६८९)मा राजा जितामित्र मल्ल (ई.१६७३-८६)ले बनाउन लाएको संस्कृत-नेवारी अनूदित स्वरोदयसँग गाँसेर राखिएको पाइएको छ। (परिशिष्ट २) एउटा अर्को नेवारी स्वरोदयको पुष्पिका (पत्र १२८) पनि उक्त ग्रन्थमा गाँसिएको छ, जसमा सो नेसं ७३९ (ई.१६१९)मा दरबारिया राजकायस्थ दाते कस्तले सारेको उल्लेख छ। (परिशिष्ट ३) यहाँ जान्नुपर्ने कुरा छ- अहिले राष्ट्रिय अभिलेखालय (लगत ५-५८२)मा रहेको राजा जितामित्र मल्ल, परमान भागिरामको पालामा नेसं ८१० कार्तिक शुदि ९ मा कागजमा, नेपाललिपिमा लेखिएको ३३x८.५ सेन्टिमिटरको १७५ पत्रको नरपतिजयचर्यास्वरोदयसँग अन्य ३ स्वरोदय ग्रन्थका पत्रहरू (परिशिष्ट १-३) संलग्न छ। ती तीन ग्रन्थ अलग हुन् भन्ने त्यसमा लिखित पत्रसंख्याबाट बुझिन्छ। परिशिष्ट १को पाठ्य छोटो भए पनि पूर्ण छ, तर परिशिष्ट २ र ३ प्रकीर्ण पुष्पिका पत्र मात्र हुन्। स्मरणीय छ, राष्ट्रिय अभिलेखालय लगत संख्या ५ रूपमा रहेको उक्त ग्रन्थ बडागुरुज्यू हेमराज शर्मा (ई.१८७८-१९५४)ले आफ्ना पुस्तकालय भारती-भवनको लागि संग्रह गरेको थियो। उनका सन्तानले ई.१९५५ मा सो पुस्तकालय नेपाल सरकारलाई विक्री गरेपछि सो ग्रन्थ राष्ट्रिय पुस्तकालयमा रहेको थियो। त्यहाँ संशोधन-मण्डलका एक कर्मठ अनुसन्धाता भोलानाथ पौडेल (ई. १९२१-२००९)ले परिशिष्ट १ को स्वरोदय ग्रन्थ देखी त्यसबाट जगज्ज्योति मल्लको स्वरोदय खोजीको विवरणको अंश सारी नेपाली अनुवाद सहित ई.१९६४मा आफ्ना गुरु नयराज पन्त (ई.१९१३-२००२)को "हनुमान्को स्थापना गर्नामा हेतु" पूर्णिमा प्रथम अङ्कको लेखमा गाँसिदिए। (पन्त १९६४:२९-३०) उनले सारेको अंश परिशिष्ट १ मा गाढा अक्षरमा देखाइएको छ। चाखलाग्दो कुरा छ- जितामित्र मल्लले बनाउन लगाएको स्वरोदयमा जगज्ज्योति मल्लले रचेको नेसं ७३४को संस्कृत पुष्पिका श्लोक, स्वरोदय खोजीबारे संस्कृत विवरण भएको नेसं ७३७को नेवारी संस्करण र नेसं ५३९को दाते कस्तले लेखेको पुष्पिका अंशसमेत सारिएको छ। (परिशिष्ट १) जितामित्र मल्लको पालाको यो ग्रन्थको पुष्पिका पत्रमा नेसं ७३९ मेटी नेसं ८१० लेख्ने प्रयास गरिएको छ।

यो स्वरोदय ग्रन्थको खोजी, प्राप्ति, बहुप्रतिलेखन तथा अध्ययन परम्पराबाट २२० वर्ष अघि ब्रिटीश कर्नेल कर्कपेट्रिकले आफ्नो नेपाल राज्यको विवरण (अध्याय ७, विद्या विषय)मा भनेको कुराको सत्यता थप प्रमाणित भएको छ। उनले भनेका थिए -

साँच्चै भनुं भने, यो अत्यन्त संभव कुरा हो- ब्राहमणहरूका विद्याका हरेक विभागका प्राचीन तथा मूल्यवान् संस्कृत हस्तलेखग्रन्थ खोज्न भारतमा ठाउँ छैन, बरु नेपाल उपत्यकामा, त्यसमा पनि खास गरी भादगाउँमा सो सफल हुन्छ, जुन ठाउँ गोर्खाली भूभागहरूमा बनारस हो भन्ने बुझिन्छ। यस भनाइलाई पुष्टि गर्न म भन्न सक्छु- मलाइ विश्वस्त सूत्रले बताएको छ- त्यस सहरमा एकै व्यक्तिको पुस्तकालयमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पन्ध्र हजारभन्दा बढी ग्रन्थ रहेको छ। (मेरो अनुवाद, कर्कपेट्रिक १९६९:२२०, परिशिष्ट ४)

उद्धृत सन्दर्भ

बृसूप, १९६१
बृहत्सूचीपत्रम्, प्रथमभाग (ज्योतिष)। काष्ठमण्डप:वीर पुस्तकालय, विसं २०१७।

पन्त, नयराज, १९६४
"हनूमान्को स्थापना गर्नमा हेतु।" पूर्णिमा १ (विसं २०२१ वैशाख सङ्क्रान्ति), पृ. २६-३०।

Kirkpatrick, Colonel, 1969
An Account of the Kingdom of Nepal, Being the substance of observations made during A mission to that country in the year 1793. Reprint Delhi: Manjushri Publishing House. First Published by William Miller, London in 1811.

Nepal-German Manuscript Cataloguing Project (2002-14)
Narapatijayacaryāsvraodaya, NAK 5/582, NGMPP B 330/12 (1), jyoti¤a, Newari, Sanskrit language, Newari script, 33x8.5 cm, incomplete, paper, fols 175, Date NS 810, Microfilmed by NGMPP in 30-07-1972, Catalouged by JM/KT in 21-06-2012.

Multi-Text-Manuscripts
Main: B 330/12 (1)-fols 1-175, NS 810
Attach: B 330/12 (2)-fols 1-7 (appendix 1)
Attach: B 330/12 (3)- Prakīr¤a colophon folio 83, NS 737 (appendix 2) and Prakīr¤a colophon folio 128 (appendix 3)

Raja, K. Kanjunni, 1977
New Catalogues Catalogorum, Vol. IX (dā-na), Madras: University of Madras.

Śatrī, Hara Prasad, 1905
A Catalogue of Palmleaf & Selected paper MSS belonging to the Durbar Library, Nepal. Calcutta: Printed at the Baptist Mission Press.

परिशिष्ट १
स्वरोदय

(६प३)इति नरपतिजयचर्य्यायां स्वरोदयः संपूर्ण्णः ॥ ॥ (४)

श्री भक्तपट्टनस, श्रीश्रीजय जगज्ज्योतिमल्लदेव प्रभुठाकुरसन, सम्वत् ७१९निस्यं स्वरोदय अति लयन सेङा, नेपालस स्वरोदय (५) गनाङ गाक मदु, सम्वत् ७३२स, सरयुपारया, श्री शिवराम तिवारियाके स्यङा, थ्वयाकेङ संपूर्ण्णन मगाक, थना नेपालस तिरहु(६)तिस, काशिस, दाम बिस्यं, जन छोस्यं, अनेग प्रकारण, खोजरपा, लिथे श्री वंशमणि उभ्का छोयाव, तिरहुतिस, बहेडा धाया गामस श्रीकृ(७)ष्ण उभ्कायाके मगाक्व, खंङान, मसको सेङान, सम्वत् ७३७स थ्व स्वरोदय संपूर्ण्णन चोया, थ्व स्वरोदय, पेता मथन दयकाव तया, मूल सं(७अ१)पूर्ण्ण खंङानलि, चक्रउद्धारं सकरेङ खंङा, हनों थ्वतेया टीकां संपूर्ण्णन खंङा, थेसं संदेह मदयकं नेपालभाखान पिकास्यं तया, थ्वते(२)न मूल, चक्रउद्धार, टीका, नेपालभाखा पेता प्रकारण तया ॥ स्वरोदय जिबोस छिबोङ मेले मदत्त, नरहरिया टीकान परिछिन्न म(३)वाङ, जेन सोधरपतोलेया, संपूर्ण्ण खंङान गनाङ मदु, थ्व संसय ममाल, स्वरचक्र, भूवल, वल, संपूर्ण्णन गाक ॥ थ्व स्वरोदय, भूत भवि(४)ष्य वर्त्तमान सेय दव, योग,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्त्र, यन्त्र, धर्म्म, अर्थ, काम, मोक्ष, थ्व पेताङ दव, नवरस संयुक्त जुव, थ्व समुद्रवो, उथेङाङ, थे छु मदु, स(५)मस्त वस्तुं संपूर्ण्ण, थथिङाङ वस्तु सदाङ, सेने माल, अभ्यास यायं माल खव मखुह्मंयातं बिय मतेव, थे विसेखन ह्लास्यं तयाङ दव ।। (६)

दुष्टे च दुर्ज्जने क्षुद्रे, असत्ये गुरुनिन्दके ।
हीनसत्वे दुराचारे, स्वरज्ञानं न दीयते ।।
शान्तशुद्धे सदाचार गुरुभक्तैकमानसे ।
दृधचित्ते (७) कृतज्ञे च देय एव स्वरोदयः ।।

थथिङाङ स्वरोदय अनेग दुःख, कष्टन उद्यम याङान, अनेग दाम वानकं, लाङान लाय मदु व(७प१)स्तु श्रीश्रीश्री इष्टदेवता, परमेश्वरीया कृपान दयकं तया, अन्हेला मटेव निदान यायमाल, सेनेमाल अभ्यास यायमाल ।। ।। (२)

सम्वत् (७३९) आषाढ शुक्ल, त्रयोदशी मूलार्क्कयोगस, चोय संपूर्ण्ण खंङा, श्रीश्री राजया कस्त दातेन चोया जुरों ।।

पारं प्राप्तुं न शक्तो(३)स्मि, स्वरोदयपयोनिधेः ।
तथापि प्राप्त एवास्मि, कृपया जगदम्ब ते ।।

शुभमस्तु श्रीश्रीश्रीभवानी प्रीनातु ।। ।। (४)

? श्रीश्री सुमति जय जितामित्र मल्लसेन थ्व पुस्तक दयका ।। भागिराम परमानया वेलस ।।

[बहु-पाठ्य-हस्तलेख, बी ३३०/१२ (२), पत्र ६-७]

परिशिष्ट २
स्वरोदय

(८३अ१) नन्द-राम-कामवाण-शीतधामलक्षिते
शाके सम्मते तथा तिथौ मनोजदैवते ।
मूलतारमास्थिते निशाकरे दिने रवेः
पक्षके वलक्ष(२)भासि मासि सुप्तकेशवे ।।
मुनीशानदृक्सप्तभिर्गण्यमाने
गते हायने किञ्च नेपालदेशे ।
दया-दान-दाक्षिण्यं- विद्याम्बुराशेर्
त्रिदेशा(३)ज् जगज्ज्योतिमल्लक्षितीन्दोः ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नरपतिजयचर्य्यापदनामकशास्त्रं वहुलगुणेन ।
लिखितं निखिलविवुधजनकृतनुतिनारायणग(४)णकेन ।।
तेलङ्गोत्कल-गुज्जरात-कमता-काश्यादिदेशेष्वपि
द्रागन्विष्टमिदं मुहुर्व्वहुविधैर्यत्नैर्न्न लब्धं क्वचित् ।
श्रीमान्वंशमणिः श्र(५)मेण मिथिलादेशात् समानीतावान्
पुस्तं व्यस्तसमस्तदूषणगणं श्रीकृष्णशर्म्माङ्गणात् ।।
गुर्व्वभक्ते दुराचारे दुष्टे न द्रष्टुमप्यदः ।
स्वरो(६)दयाख्यं दातव्यं दातव्यं सुमतौ शुचौ ।।
श्रुति-शिखि-शर-चन्द्रैरङ्किते शाकवर्षे
नरपतिजयचर्य्या पुष्ट लेखाद्यमाभूत् ।
तदवधि बहुक(७)ष्टैर्व्वित्तदानैर्म्मदीयैर्
ग्रह-गुण-तिथि शाके पुस्तकं पूर्त्तिमागात् ।।
तदिह कुरुत यूयं सम्यगेतस्य रक्षां
सततमपि समन्तात् पश्यतात्यन्तयत्नाः । (८३प१)
इति नृपतिरयं स्वान् याचते पुत्रपौत्रान्
विवुधकमलराजीराजहंसायमानः ।।
पारं प्राप्तुं न शक्तोस्मि स्वरोदयपयोनिधेः ।
त(२)थापि प्राप्त एवास्मि कृपया जगदम्ब ते ।। ।।
सम्वत् ७३७ आश्विन शुदि १३ रवौ संपूर्ण्णं खाड्न श्रीभक्तपत्तनस
चोया जुरों शुभं ।।

[बहु-पाठ्य-हस्तलेख, बी ३३०/१२ (२), पत्र ८३]

(यो पाठ पढ्न श्री रामहरि तिमिल्सिनाबाट सहयोग प्राप्त भएको छ ।)

परिशिष्ट ३
स्वरोदय

(पत्र १२८प१) सदक्ष पृष्ठ लातसा जय जुयिओ ।। इति रुद्रस्त्रिमासिक भूमिभेद ।। ७९ ।। ।।
राहुया भेद, चंद्रया भेद, सूर्य्यया भेद, योगिनीया भेद,
का(२)लया भेद, वायुभूमि, शारीरभूमिभेदन तङ्न चतुरशीति वल दयिव जुरों ।।
इति स्वरोदये चतुरशीति वलभेद ।। ।।
श्रीश्री(३)श्री इष्टदेवता परमेश्वरीया कृपान दयकं तया अन्हेला मटेव निदान यायमाल, सेनेमाल, अभ्यास
यायमाल ।। ।। (४) सम्वत् ७३९ आषाढ शुक्ल त्रयोदशी, मूलार्क्कयोगस चोय
संपूर्ण्ण खंडा श्रीश्री राजया कस्त दातेन चोया जुरों ।। शुभमस्तु ।। ।।

[वहु-पाठ्य-हस्तलेख, बी ३३०/१२ (३), पत्र १२८]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट ४

Excerpt from An Account of the Kingdom of Nepal

In fine, it is extremely probable that there is no place in India where a search after ancient and valuable Sanskrit manuscripts in every department of Brahmanical learning would be more successful than in the valley of Nepal, and particularly at Bhatgong, which would seem to be the Benares of the Ghoorghali territories. In support of this opinion, I may observe that I was credibly informed of a single private library in that city containing upwards of fifteen thousands volumes.
(Kirkpatrick, 1969, Chapter VII, learning, p. 220)

परिशिष्ट १ स्वरोदयको फ्यक्सिमिलि

पत्र ६ पश्च ३-७



पत्र ७ अग्र १-७



पत्र ७ पश्च १-४



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्र ८३ अग्र १-७



परिशिष्ट २ स्वरोदयको फ्यक्सिमिलि

पत्र ८३ पश्च १-२



परिशिष्ट ३ स्वरोदयको फ्यक्सिमिलि

पत्र १२८ पश्च १-४



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिब्बतमा गोर्खा मुद्राको निर्यात र प्रचारः ऐतिहासिक अध्ययनको एक पाटो

- देविचन्द्र श्रेष्ठ*

पृथ्वी नारायण शाहले सं. १८०१ मा कान्तिपुर राज्यको प्रसिद्ध वाणिज्य नाका नुवाकोट दखल गर्ने तारतम्यको पछाडि भक्तपुरका राजा रणजित मल्लको वृहत् तर्जुमाले काम गरिराखेको कुरा उजागर भएको छ । यस युद्धको निति आवश्यक खर्च समेत ऋणको रूपमा भक्तपुरकै एउटा वाणलिङ्ग मठको महन्त कमल वन मार्फत् पृथ्वी नारायण शाहलाई उपलब्ध गराइदिएका थिए । यस कारोबारमा त्यतिखेर रणजित मल्लको मध्यस्थ भूमिका अवश्य रहेको पाइन्छ ।

नुवाकोट पृथ्वीनारायण शाहले दखल गरे पछि त्यसलाई फर्काउन जय प्रकाश मल्लले खस भारादार काशीराम थापाको नेतृत्त्वमा ठूलै सैनिक अभियान गरेका थिए । तर युद्धमा काशीराम थापाको हार भएर उनी आफ्नै घर पलान्चोकमा गएर बसिदिए । यसरी अविश्वासको काम गर्ने खस भारादार माथि छिट्टै जय प्रकाश मल्लले रिसाई कारवाई गरी काशीराम थापालाई प्राण दण्ड दिए । यसमा उनका केही मतियारहरू समेत परे । त्यसको रिस फेर्न काशीराम थापाका भाइ परशुराम थापा भक्तपुरमा पुगी रणजित मल्लसित मिल्न गए । अब रणजित मल्लले झन् खेल्ने अवसर पाए ।

तिब्बतको केरुङ व्यापार केन्द्रमा जाने नेपालको वाणिज्य नाका पृथ्वीनारायण शाहको हातमा परेपछि लगत्तै पूर्वी व्यापार केन्द्र कुती तर्फ साखु भएर जाने नालदुमको अर्को बाटो पनि कब्जा गराउने तर्जुमा रणजित मल्लद्वारा भयो । यस बाट साखु चांगु समेत भक्तपुरमा फर्काउने काम सहज हुन्छ । यसरी कान्तिपुर र भक्तपुरका बीचको वैमनश्यमा गोर्खासित गुहार मागेर नेवार राज्यहरूका बीचको षाडगुण्यमा गोर्खालाई सरिक गराउने काम पनि भयो रणजित मल्लद्वारा ।

यसै क्रममा नालदुम दखल गर्न र साँखु चागुमा हमला गर्दा समेत गोर्खा र भक्तपुरले संयुक्त भएर आक्रमण गर्दा कान्तिपुर दरवार भित्रको अन्तर कलह चरम चूलीमा पुग्दा जयप्रकाश मल्ल राज्य च्यूत भएर बस्नु पऱ्यो सं. १८०३ देखि । नेपालका नेवार राज्यहरूमा खस भारादारहरूको भूमिका यसरी प्रष्ट हुँदै गइराखेको कुरा पनि उजागर भयो । यसले पृथ्वीनारायण शाहको भक्तपुर सित मितेरी नाता जोडी कान्तिपुर पहिले दखल गर्ने, अनि सम्पूर्ण नेपाल मण्डलमा गोर्खाको अधिकार जमाउने कुरा सहज हुन्छ । पृथ्वीनारायण शाहको यो रणनीतिक चाल रणजित मल्लले बुझ्न नसक्दा उनी आफै नेवार राष्ट्र द्रोहीको दर्जामा पुगे । उनलाई आँखा देखाउने काम पनि अब चतुर परशुराम थापाले नै गरेको पाइन्छ ।

---

* अनुसन्धानकर्ता, स्वयम्भू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भक्तपुर-गोर्खा भएर लिएको नालदुममा किल्ला गोर्खाको हातमा राखेर अझ माथिल्लो किल्ला महादेव पोखरीमा समेत गोर्खाली सैन्य राखेर अरु भूभाग मात्र भक्तपुरलाई छाडिदिएका थिए । यति भए पछि पृथ्वीनारायण शाहको नालदुम विजय दिगो रहन सकेन । नेपाल मण्डलका तीनै राज्यहरू मिलेर नालदुम किल्लामा हमला गर्दा गोर्खाली सेनाले हार खाएर नालदुम छाडनु पर्‍यो । त्यसै गरी महादेव पोखरीको किल्ला पनि छाडेर भाग्नु पर्‍यो । अनि कुती सम्मकै व्यापार मार्गमा साबिक जस्तै कान्तिपुर राज्यको अधिकारमा रहेपनि अब भक्तपुरका लागि पनि खुल्ला भयो ।

यस व्यापार मार्गको वैशिष्टयमा पनि खास परिवर्तन त्यति खेरै आइरहेको थियो । कान्तिपुरबाट काश्मिरी मुसलमानहरूले तिब्बतको व्यापारमा अत्यधिक भाग ओगटेर नाफा कमाउदै गरेको देखेर भारतीय मैदान, विहार तथा वंगालका शैव सन्यासीहरूको दल पनि यस व्यापारबाट फाइदा उठाउने व्यापार दलका रूपमा नेपाल उपत्यका भित्र प्रवेश गरे । तिनीहरूले भक्तपुरमा आश्रय पाएर अनेकौं शैव मठहरू खडा गरी आफ्ना प्रभाव जमाउँदै रहे । यसरी भक्तपुर राज्यको आश्रय पाएर एक पछि अर्को शैव मठका महन्तहरू तिब्बतमा गएर व्यापारमा संलग्न रहन थाले । तिनीहरूका लागि कुतीको व्यापार मार्ग खुल्ला रहँदा भक्तपुरले पनि अब तिब्बती व्यापारमा हिस्सा पाउन थाले । यसबाट राजा रणजित मल्ल खुसी नै भए । यसै बखतको व्यापारिक माध्यमले भक्तपुरबाट रणजित मल्ली मुद्राहरू प्रशस्त तिब्बतमा निकासी भए । यसमा कपट हालेर मुद्रा ढाल्ने गर्दा भक्तपुरले यस राज्य व्यापारबाट नाफा कमाउने अबसर धेरै पाए ।

यो देखेर पृथ्वी नारायण शाह पनि रणजित मल्ल सित जल्न थाले । अनि नालदुमको किल्ला हात लगाउन फेरि कम्मर कसेर लागे । जयप्रकाश मल्ल गद्दी च्युत भएर भौतारिराखेको अबसरमा कान्तिपुरका काजीहरूलाई सांखु चागु दखल गर्न दिएर नालदुम किल्ला फेरि हत्याउन सफल भए । तर यस पटक पनि पृथ्वी नारायणको नालदुम विजय दिगो रहन सकेन । जय प्रकाश मल्ल लगभग ५ वर्ष जति ढाक्रे भएर सं. १८०८ मा कान्तिपुर राज्यको गद्दीमा फर्कन सफल भए । यसमा उनलाई कान्तिपुरका जनताले नै साथ दिएको हुँदा उनी सफल भएर गोर्खाली हमलाको मुकाबिला गर्ने एउटा नेतृत्व पाए । उनी कान्तिपुरको गद्दीमा फर्के पछि चिकुटी मास्केलाई सेनापति गराई नालदुममा हमला गर्न पठाउदा त्यहाँबाट गोर्खा सैन्य पछि हट्न बाध्य भए । यो जितबाजी कान्तिपुरको पक्षमा सं. १८११ मा भएको देखिन्छ ।

परन्तु यस हारबाट पनि पृथ्वी नारायण शाह कायल भएन । अब वीरभद्र थापाको नेतृत्वमा फेरि गोर्खाली सेना पठाएर नालदुम किल्ला माथि आफ्नो अधिकार जमाए । तेस्रो पटकको यो नालदुम विजय भने गोर्खाको पक्षमा दिगो भयो सं. १८११ देखि नै ।

यसरी पश्चिमदेखि पूर्वसम्मको तिब्बती व्यापार मार्गमा आफ्नो अधिपत्य जमाए पछि पृथ्वी नारायण शाहले नेपाली मुद्रा तिब्बतमा निर्यात गर्ने राज्य व्यापारको अरु महत्त्व बुझ्न थाले । यस निर्यात व्यापारले तिब्बती सुन आयात गरी मधेसी व्यापारीहरूका हातमा बेचेर मुनाफा धेरै पाउन सक्ने चाल उनले पाए । अब पृथ्वीनारायण शाहको ध्यान पनि यस राज्य व्यापार तिर तानियो । अहिलेसम्म नेपालका मल्ल राजाहरूको मात्र मुद्रा स्वीकार गरी आएका तिब्बती अधिकारीहरूले गोर्खाको मुद्रा पनि स्वीकार गर्ने संकेत पाए । यसमा तिब्बती धर्म गुरु लामा रिञ्जिङ छिम्बोले नेपालको मुद्रासित सुनको भाउ निर्धारण गरी धर्मपत्र लेखिदिए सं. १८११ मा । त्यसो हुदा अब पृथ्वीनारायण शाहले नुवाकोटमा नै आफ्नो मुद्रा ढालेर शक १६७६ (सं. १८११) देखि आफ्नै मुद्रा तिब्बतमा निर्यात गर्ने प्रबन्ध मिलाए । यसको निमित्त तिब्बतको कुती व्यापारकेन्द्रमा नै आफ्ना प्रतिनिधि राखेर यस मौद्रिक निर्यात व्यापार चलाउँने अठोट गरे । यस काममा उनले हरिदेव उप्रेती जमदग्नि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपाध्यायहरूलाई विशेष अधिकारका साथ नियुक्त गरी पठाए । शुरुमा त उनले पनि यस कामका लागि मल्ल राजाहरूले जस्तै व्यापारीहरूकै माध्यम खोजेका थिए । यस काममा उनलाई सोनु शोहरावजी र मौजमजीले शुरुमा सघाएका थिए । तिनीहरू काश्मिरी मुसलमान व्यापारी नै थिए । तर यस्तो व्यापारीक माध्यमले भन्दा अमानत बाटै यो व्यापार चलाउने नीति पृथ्वीनारायण शाहले कसेर लिएको पाइन्छ ।

पृथ्वीनारायण शाहले यस मामलामा शुद्ध चौदीको टक मात्र ढालेर पठाउने गर्दा तिब्बतीहरूले सुनको भाउ महंगो पार्न खोजेको छनक पाइन्छ । यतिञ्जेल कान्तिपुर तथा भक्तपुर बाट प्रशस्त मात्रामा नेपालका मुद्राहरू तिब्बतमा पुगेर निकै चलन चल्तीमा आइराखेका थिए । तिनै मल्ल मुद्रा सरह नै गोर्खा मुद्राको पनि भाउ गरेर सुन बिक्री गर्न खोज्ने तिब्बती लामाहरू समक्ष पृथ्वीनारायण शाहले विरोध जनाए । जयप्रकाश-रणजित मल्ली मुद्राका समकक्षामा आफ्ना मुद्रा राखेर सुनको मोल दिन पृथ्वीनारायण शाह राजी भएन । तिब्बत सित उनको यो खटपट चलि नै राखेको पाइन्छ ।

अब पृथ्वीनारायण शाहले कान्तिपुरको मुद्रामा पनि सुधार गरी समानान्तर मौद्रिक निर्यातको यो राज्य व्यापार चलाउने प्रस्ताब जयप्रकाश मल्ल समक्ष राखे । यसमा जयप्रकाशले राजी भएर सं. १८१४ मा एउटा धर्मपत्र पनि गरिदिए । तर केरुङको व्यापारमा मात्र कान्तिपुर संलग्न हुन पाउने, पूर्वी नाका कुती व्यापारकेन्द्रमा कान्तिपुरको पहुँच खुल्ला गरिदिएन पृथ्वीनारायण शाहले । यस मार्गबाट आफ्नो मात्र एकलौटी व्यापार अमानत बाटै चलाउने अठोटका साथ पृथ्वीनारायण शाह दृढ भएर रहे ।

हुन त पृथ्वीनारायण शाहले तिब्बतमा आफनो मुद्राको निकासी व्यापार गर्न तिब्बती सुनको दरभाउ भोटका गुरु लामाद्वारा नै कितयन गराई कारोबार थालनी गरेका थिए । पछि बाट मल्ल मुद्राहरूको प्रभावमा परी अलि महँगै भाउमा सुन विक्री गर्न खोजेको पाइन्छ । यसका लागि धर्मगुरु रिज्जिन छिम्बो लामाले गरिदिएको धर्मपत्र काममै रहँदा पनि पछिबाट तिब्बती लामाहरूले सो दरभाउमा सुन दिन आनाकानी गर्दै रहेको छनक पाइन्छ । हरिदेव उप्रेतीको लेखाइबाट १६ रूपैयामा प्रतितोला सुन दिने गरी धर्मपत्र भएको संकेत मिल्छ । तर तिब्बतीहरूले यस भाउमा दिन आनाकानी गर्दै १८ रूपैमा सम्मको दरभाउमा कारोबार गर्न खोजेको हर्कत देखिन्छ ।

पृथ्वीनारायण शाह भने यस निर्यात व्यापार बाट मुनाफा कमाउन अति आतुर अवस्था देखापर्छ । यस बाट आफ्नो युद्ध खर्च उठाउन उनी हतार रहेको पाइन्छ । नेपालमा जारी युद्ध बिस्तार गर्न अवश्य सघाउ पुग्ने भएर पृथ्वीनारायण शाहको जोड व्यापार पट्टि ढल्केको कुरा प्रष्टै छ । यस बारेमा उनले आफ्ना प्रतिनिधि हरिदेव उप्रेतीहरूलाई लेखेका पत्र सं. १८१५ सम्मका पाइन्छन् । ती पत्रहरू मध्य यहाँ सान्दर्भिक पत्र सं. १८१३ को देखिनाले सो लालमोहरको फ्याक्सिमिली संलग्न राखिएको छ ।

प्रस्तुत मौद्रिकव्यापारका साथसाथै तिब्बत बाट हुने निकासी वस्तुहरू नेपालकै बाटो गरी भारतमा पटना मण्डीसम्म पुग्ने गरेको पाइन्छ । यसमा काश्मिरी मुसलमान होस् अथवा शैव संन्यासीहरू होस् पटना मण्डीमै केन्द्रित रहेका हुन्छन् । त्यसैले तिब्बत बाट कुती भएर आउने मालको गन्तव्य पटना मण्डीसम्म हुनाले नेपालमा यस्तो मध्यस्थ व्यापार (Interpot trade) लाई :

'भोट भंसारमा दरिएको पटना गैह्रको निकासी रकम' भन्ने व्यहोरा जनिएर लाग्ने दस्तुर भंसारको रकम नेपालमा सदर मुलुकी खाना दाखिल गरी नेपाल सर्कारको निस्सा लिएर भारत पटना तर्फ निकासी हुने गरेको विशिष्ट व्यापार पद्धति नेपालमा पाइन्छ । यसबाट भोट भंसार पनि अमानत बाटै चलेको स्थिति बन्देज पृथ्वीनारायण शाहको पालादेखि नै वसालिएको भन्न सकिन्छ । यस प्रकारको पद्धति श्री ३ जङ्ग बहादुर राणाले भोटसित सं. १९१२ मा नयाँ अहद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरी नबदल्दा सम्मै चालू रहेको देखिन्छ । यसरी भोट भंसारको निकासी मार्ग पूर्वेमा सिंधुली गढी र पश्चिम चिसापानी गढी भएर जाने गरेको पनि यस सम्बन्धी अध्ययनले जनाउँछ ।

परन्तु जहाँसम्म तिब्बतमा पृथ्वीनारायण शाहको गोर्खा मुद्रा निर्यातको प्रश्न छ, यसरी तिब्बतमा गोर्खा मुद्रा प्रचलनमा रहेको प्रमाण भने संकलन हुन सकेको पाइदैन । तिब्बतमा प्रचलित मुद्राहरूको विदेशी अध्येताहरूले नेपालका मल्ल मुद्राहरू धेरै त्यहाँ भेट्टाएका छन् । तर, पृथ्वीनारायण शाहको गोर्खा मुद्रा भने कतै फेला परेको कुरा लेखेका छैनन् । यस तर्फ उनीहरूको अध्ययन नपुगेको पनि हुन सक्तछ । पछि तिब्बत सर्कारले आफ्नै मुद्रा निष्कासन गर्ने सिलसिलामा शुद्ध चादीको गोर्खा मुद्रा जति गालेर तिब्बती मुद्रा 'ताङ्का कार्पो' निकालेको हुन पनि संभाबित छ । यसका साथै चलनचल्तीमा जहिले पनि कमसल मुद्राले असल मुद्रालाई बजारबाट धपाइदिने गरेको मौद्रिक सिद्धान्त तर्फ पनि आखाँ चिम्लेर रहन सकिदैन । यसतर्फ तिब्बत र नेपालमा खोजी काम जारी राख्नु पर्ने खाँचो आज पनि उत्तिकै रहेको छ ।

अर्कोतिर पृथ्वीनारायण शाहलाई तिब्बती धर्मगुरु रिन्जिङ छिम्वोले सं. १८११ मा गरिदिएको धर्मपत्र पनि अहिले सम्म सक्कलै अथवा उतार संम पनि कतै फेला परेको छैन । यो पत्र पछि श्री ५ प्रतापसिंह शाहले पनि नुवाकोटमा खोज्न लगाएको हो ।

अन्तमा तिब्बतसित मौद्रिक खटपटको झगडा सुल्झिन नपाउदै नेपालमा पृथ्वीनारायण शाहको मृत्यु भयो सं. १८३१ मा । श्री ५ प्रतापसिंह शाहले सं. १८३२ मा तिब्बतसित अर्को महत्त्वपूर्ण संझौता गरेको पाइन्छ । त्यसको पनि ऐतिहासिक र कूटनीतिक अनुसंधान हुन बाँकी नै छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृथ्वीनारायण शाहले हरिदेव उप्रेतीलाई पठाएको पत्र
सं १८१३

[लालमोहर छाप]

१) स्वस्तिश्री गिरिराजेत्यादि श्री मन्महाराजा धिराज श्रीश्रीश्री

२) मत्पृथ्वी नारायण साह देवानां सदा समर विजय नाम् -

३) स्वस्तिश्री सर्वोपमा जोगेत्यादि श्री हरि पंडितके षु जेथाजो

४) गेपूर्वक पत्र मिदं इहा कुसल ताहा कुसल चाहिय जेहिते परम

५) आनंद होइ, आगे पत्र आयो अर्थ मालुमभयो उप्रांत ज्यावि

६) ति गरि पठाया छौ जोगे विंति गरि पठायाछौ तर अलिक ढिल

७) गरेउ चाडो गर्न्या काम हो अवढिलो नगर ताहाको जस्तो ष.

८) वर, पाउछौ तस्तो षवर, चाडो पठावन्या गर, उप्रांत म कु.

९) ति गयां र भोट्याहरूको सोन्हको भावमहां त भयन अठार

१०) भन्या दिन्छौं भन्या, सुना पनि दिन तयार भया, १८ भाव

११) माहां नमिल्दा म षासाको जगात संम उठेर आउदा

१२) भोट्याले थामि पठाया र म थामियाँ भोटया संग मै

१३) ले यति वोंल्यां कुटन फुकन नाहि भाव सोद्दै भनि मैले

१४) भनि राष्याको छ भनि पठायाछौ. अठार भन्या

१५) लिक कपट मस्छौं भन्दा हामि ढेवा स्वद्धछौं भनेर स्वधन

१६) गइरहयाछन् भनि पठायाछौ. परंतु कुटिफुकि नाहिं

१७) उसै स्वन्हलाई दिन्या भया पनि आँट क्या होला परंतु

१८) सुन घटिया नलेव. पीतलको धुलो मिस्याको हुन्छ

१९) तस्माहा पनि नजर राषिकन लेव. कदाचित स्वन्ह लाई

२०) त दिएनन्त तिमिले पेटमाहा राषनु चाहिन्छ नकुटि

२१) नफुकि स्वर उपर सुका थप भन्या पनि आंट एति

२२) माहा पनि कदाचित नपस्या पनि नकुटि नफुकि स

२३) त्र संम भया पनि आंट. परन्तु तेहि सत्रको भाव संम

२४) तेति रुपिया मात्रै मिलन्याभया तेतिकै रष र सुन लेव

२५) नाहि, सुन ज्मा बान्हपंध्र हजार तोला मिलन्या भया

२६) एहि चासनि माहाँ कुटिफुकि अठार सम्मभन्या पनि

२७) आंटर परंतु वान्हपंध्र हजार तोला निसकन्याभया आंट

२८) यो पल्लो छेवका कुरो हो पेट राषिगर ऐस्कागत

२९) को सुभ्फ भोटयाले पाया भोटया चर्न्हान् तस्कार

३०) ण यो काम पेट राषि गर. परन्तु सुन आपना नजर

३१) देषि विरी वोहण भनि आपना इष्ट मित्र बुभ्फि बिन

३२) ति गरि पठाव. ताहाँ वन्दोवस्त वन्यादेषि सुना प-

३३) नि पठाइदेव. एति रुपिया पठाइदेव ये

३४) ति सुना मिलन्या छ भनि णिस्तुक पनि विनति

३५) गरि पठाव. भोटको क्या हकिगत छ स्व पनि वि

३६) धि विस्तार, विनति गरि पठाव

३७) उप्रांत इहांको हकिगत सुवेरु काठ पनि

३८) साँध माहा पुन्याइउ. अरु समाचार पनि

३९) आनन्द छ. उप्रान्त राहात बन्दै गर, छा

४०) ड्नु छैन. विधि विस्तार नराज वस्न्यात

४१) चंद्र भान पंडित कहनान् स्व सहि

४२) ताहा चालिस पचास मुरि अन्न भोट

४३) गयो भन्याको सुनिउ. त्यो कस्को वा

४४) टोवाट गये विसेद गरि राष विज्ञेषु

४५) किमधिकं मिति फालगुण सुदि ६ रो.

४६) ज ५ मुकाम नुवाकोट माडि सुभं

मिति फाल्गुण शुक्ल १५ खासाका गुवाका लामा थिमिल्याका महिंद्रमल्ली भाद्र गाउँका १८१५ मुगामाला ५३ वीन समेत

गणना:

सं. १८१३ फाल्गुन शुक्ल षष्ठी

(फागुन १७ गते विहिवार)

- संशोधन मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हराएका प्राचीन हस्तलिखित ग्रन्थका गाताचित्र राष्ट्रिय अभिलेखालयमा फिर्ता एक चर्चा

- प्रकाश दर्नाल*

राष्ट्रिय अभिलेखालयको स्थापना वि.सं. २०२४ सालमा भएको थियो । वि.सं. १९५७ मा वीर शम्सेरले घण्टाघरमा वीर पुस्तकालयको स्थापना गरी दरवारको ग्रन्थहरू सारेका थिए । तिनै अन्दाजी २५ हजार हस्तलिखित ग्रन्थहरू राख्न राष्ट्रिय अभिलेखालयको भवन तयार पारिएकोले अभिलेखालयलाई वीर पुस्तकालयको उत्तराधिकारी पनि भन्न सकिन्छ। वास्तवमा राष्ट्रिय अभिलेखालयको इतिहास खोज्दै जाँदा काशीनाथ तमोटको अभिलेख वर्ष २९ पूर्णाङ्क २९, २०६८ मा प्रकाशित भक्तपुर दरवार "साफुलया ल्याख" - राष्ट्रिय अभिलेखालयको शुरुवात वडो महत्वपूर्ण छ । भूपतीन्द्र मल्लको समयदेखिको पुस्तकहरू करीव जम्मा ११५० पृथ्वीनारायण शाहले नेपालमण्डल विजय गरेपछि हनुमानढोका दरवार स्थित ज्योतिष कोठामा लगिएको देखिन्छ । ज्योतिष कोठा अपभ्रंश भइ जैशीकोठा भयो । त्यहाँ संकलित ग्रन्थहरूको हेरचाह गर्न गिर्वाण युद्ध विक्रम शाहले पण्डित केदारनाथ झालाई वि.सं १८६९ भाद्र वदी ६ रोज ६ मा लालमोहर गरि दिएका थिए । जंगवहादुर राणाले उक्त ग्रन्थहरू वि.सं. १९०४ मा थापाथली दरवार पुर्‍याएका थिए । वि.सं.१९१० मा दरवार स्कूलको निर्माण भएपछि ती ग्रन्थहरू स्कूलमा सारिएको थियो।

घण्टाघरमा वीर पुस्तकालय रहेपछि पं हरप्रसाद शास्त्रीले वि.सं. १९६२ मा वंगाल एशियाटिक सोसाइटीको तर्फवाट ग्रन्थहरूको सूची तयार गरेका थिए । चन्द्र शम्शेरले वि.सं. १९७९ मा निम्न व्यक्तिहरू गुरुराज हेमराज पण्डितज्यू, हेड पण्डित सोमनाथ पण्डित उपाध्याय, पण्डित हरिनाथ उपाध्याय, सुबेदार गुलाफ सिङ खड्का क्षेत्री, पं. विद्यानाथ, पं. दीपकेश्वर उपाध्याय, पं. भवानम, पं. बुद्धिनाथ, पं. खिलनाथ, पं. नेमिनाथ सहितका समिति वनाइ पुस्तकखानाका पुस्तकहरू भरसक हेरी जाँचीबुझी उक्त लगत सूचीपत्रहरू तयार गर्न लगाइएको पाइन्छ । भीम शम्शेरको पालामा वीर पुस्तकालयमा वि.सं. १९८९ मा तिव्वती शाखा थपियो ।

राष्ट्रिय महत्वका कागजपत्रहरूको कानूनी रूपमा व्यवस्थापन गर्न वि.सं. २०४६ मा अभिलेख संरक्षण ऐन लागु भएको छ । ऐनको कार्यान्वयनको लागि अभिलेख संरक्षण नियमावली २०६३ आइसकेको छ ।

राष्ट्रिय अभिलेखालयले सन् १९४८ मा स्थापना भएको अर्न्तराष्ट्रिय अभिलेखालय संघ (ICA) पेरिसको सदस्यता सन् १९६७ मा लिएको थियो । त्यस्तै क्षेत्रिय संगठन SWARBICA को सदस्यता सन्

---

* प्रमुख, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१९७६ मा भयो । यस संघको विधान अनुसार २ वर्षमा यसको साधारण अधिवेशन हुने प्रावधान छ ।

हाल अभिलेखालयमा ३० हजार भन्दा वढी हस्तलिखित ग्रन्थहरू, करीव २ लाख माइक्रोफिल्म ग्रन्थहरू, ५५५० थान ठ्यासफुहरू, ३००० थान शिलापत्रका उतार (रविङ्ग)हरू, आठ हजार भन्दा वढी तिब्वती ग्रन्थहरू, वि.सं. १९०५ देखि २००७ सम्मको निजामती कर्मचारीहरूको सिटरोल, १९५८ साल देखि हाल सम्मका गोरखापत्र, १८५५ साल देखि २००७ सम्मका कुमारी चोक अड्डावाट प्राप्त कागजपत्रहरू, २०३६ सालको मतदाता नामावली, २०४७ सालको सविधानको मस्यौदा, पहिलो टाँचा लागेका हुलाक टिकटहरू, लालमोहर, सन्धी सम्झौता, ऐतिहासिक चिठ्ठीपत्रहरू, कौशीतोषाखानाका रेकर्डहरू तथा परराष्ट्र मन्त्रालयबाट प्राप्त कारिव १२०० पोका कागजपत्रहरू संकलित छन् ।

अभिलेखालयको Stackhall मा तापक्रम र आर्द्रता मिलाएर प्राचीन हस्तलिखित ग्रन्थ, ताडपत्र, भोजपत्र, नेपाली कागज, ठ्यासफु आदि महत्वपूर्ण कागजपत्रहरू परम्परागत कपडामा बेरेर संरक्षण गरिएका छन् । कालक्रमले गर्दा विशेषगरी ताडपत्रहरू क्षयीकरण हुँदै गएकोले त्यसलाई कसरी जोगाउने भन्ने यक्ष प्रश्न उठिरहेको वेलामा नेपाल जर्मन हस्तलिखित ग्रन्थ क्याटलगिङ्ग प्रोजेक्टले जर्मन स्थित ह्याम्वर्ग विश्वविद्यालयवाट वैज्ञानिकहरूको टोली आउदै छ भन्ने थाहा भयो । उनीहरूले नष्ट हुन लागेको ताडपत्रहरूको वैज्ञानिक अध्ययन गरी प्रतिवेदन पेश गर्ने हुदा भविष्यमा तिनको संरक्षण गर्ने कार्य गर्न सजिलो हुन्छ भनेकोले पुरातत्त्व विभागसंग सल्लाह गरी टोलीको प्रतिक्षा गरियो ।

४ मार्च २०१३ मा डा. इरा रविनको नेतत्वमा सात सदस्यीय वैज्ञानिक टोली अभिलेखालय आई २१ मार्च २०१३ सम्म वैज्ञानिक परिक्षण गर्ने कार्य गरेको थियो । टोलीमा प्रा.डा. हारुनागा इज्याक्सन पनि थिए । उनले १४ मार्च २०१३ मा अमेरिकाको न्यूयोर्कस्थित क्रिष्टीले अभिलेखालयको गाता चित्र लिलाममा राखेको वारे जानकारी पहिलो पटक दिए । भोलिपल्ट उनले क्रिष्टीसंग गरेको इमेलहरूको प्रतिलिपि मलाई दिएका थिए ।

११ देखि १५ मार्च २०१३ मा जिनाह किम, हारुनागा, ईयान सिंकलेयर, अलब्रेच्ट हानिस, अलेकज्यान्डर भोन रोसपाट, केंगो हारिमोटो, अमेरिकी नेपाल दुतावास, थोमस इस्क्रोम, हार्टलेए वाल्टम्यान, सन्ध्या जैन पटेल (क्रिष्टी) बीच राष्ट्रिय अभिलेखालयको शिवधर्म माइक्रोफिल्म रिल नं बि ७/३ लगत नं. १/१०७५, विष्णुधर्म रिल नं ए १०/६ लगत नं. ५/३४४, भागवतपुराण रिल नं. ए १६/१ लगत नं. ४/७५०, विष्णुधर्म रिल नं. ए १०८०/४ लगत नं. १/१००२ का हस्तालिखित गाताचित्रहरू बैधानिक रूपले नेपालको राष्ट्रिय अभिलेखालयको सम्पत्ति भएकोले तिनीहरू विक्रीबाट तुरन्तै हटाइ सम्वन्धित हकवालालाई फिर्ता गर्न भनी इमेलबाट खबरको आदान प्रदान भइरहेको रहेछ । प्रमाणको लागि सन् १९७० मा माइक्रोफिल्म गरिएको रिल नं. बि ७/३ लगत नं. १/१०७५, को शिवधर्म गाताचित्र जुन डा. सावित्री मैनालीले Hindu Miniature Paintings of the Kathmandu Valley २००९ को पुस्तकमा पृ. ६९ मा हरायो वा नष्ट भयो भनि Plate ३ र ४ मा फोटो दिइएको छ । पुस्तकमा रिल नं. र लगत नं. उल्लेख छैन । अनुसन्धानमा यो छुट्न नहुने विषय थियो ।

ई-मेलमा उल्लेख गरिएका रिल नं. र लगत नं. अभिलेखालयको रिकर्डमा भिडाएर हेर्दा तपसील अनुसार हराएको देखियो ।

सि.नं	ग्रन्थको शिर्षक	लगत नं.	रिल नं.	हराएको गाताको संख्या
१.	शिवधर्म संग्रह	१-१०७५	बि ७/३	२ थान
२.	विष्णु धर्म	५-३४४	बि १०/६	२ "
३.	भागवतपुराण	४-७५०	ए १५/२ - ए १६/१	१ "
४.	विष्णु धर्म	१ - १००२	ए १०८०/४	२ "

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हारुनागाले मलाई 19 March 2013 भित्रमा नेपालले आफ्नो भनी दावा नगरे विक्रीमा जाने भएकोले तुरुन्त इमेल पठाउन १८ मार्च २०१३ मा सचेत गराए अनुरूप मैले उल्लेखित गाता चित्रहरू राष्ट्रिय अभिलेखालय, नेपालको भएकोले एकदम छिटो नेपाललाई फर्काउने कार्यमा सहयोग गर्न अनुरोध गरे । अन्यथा कानूनी कार्यवाहीको लागि इन्टरपोलमा जाने लेखेको थिए ।

क्रिष्टीले गाताचित्रहरू विक्रीवाट हटाएको र १९८९ जुन ९ मा पेरिस पुगेका ती चित्रहरूको खरीदकर्ताले आफ्नो नाम ठेगाना गुमनाम राखी सम्वन्धित देशलाई फिर्ता गर्न चाहेको वतायो ।

त्यसपछि पुरातत्त्व विभाग र सम्वन्धित मन्त्रालयलाई फिर्ता गर्ने पहल गरिदिन मिति ३१ मार्च २०१३ मा पत्र पठाइएकोमा उक्त खबरलाई प्राथमिकताका साथ नेपाल टाइम्स, कान्तिपुर, काठमाडौ पोष्ट, नेपाल, नेपाल टि.भी, विभिन्न पत्रपत्रिका तथा रेडियो सगरमाथा, गोर्खा एफ एम, बि.बि.सि. आदिले प्रचार तथा प्रशारण गरेका थिए । २ अप्रिल २०१३ मा इन्टरपोलका नरहरि रेग्मीले गाताचित्र वारे रिपोर्ट तयार पार्न तदारुखता देखाए । त्यसैगरी पुरातत्त्व विभागले मेरो संयोजकत्वमा उत्तम खनाल, श्यामसुन्दर राजवंशी, सुरेश सुरश श्रेष्ठ र राजु रिमाल रहने गरी ५ सदस्यीय छानबिन टोली गठन गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्न २०६९/१२/२० मा विभागीय निर्णय गऱ्यो ।

छानविन समितिको तीन उद्देश्य थियो -

(क) हराएका गाता चित्रहरूको अनुसन्धान गर्ने,

(ख) अन्य ग्रन्थहरूका गाताचित्रहरूको अवस्था पहिचान

(ग) भविष्यमा यस्ता घटना दोहोरिन नदिन सतर्कता उपायको निर्क्यौल गर्ने ।

राष्ट्रिय अभिलेखालयको स्थापनादेखि हाल सम्मका प्रमुखहरू तथा जर्मन सरकारतर्फको परियोजना शुरु भएको रेकर्ड यस प्रकार देखिन्छ :-

क्र.सं.	प्रमुख	कार्यकाल	परियोजनको नाम
१.	बुद्धिसागर पराजुली	२०२४ - २०३३	सन् १९७० मा नेपाल जर्मन ओरियन्टल सोसाइटीका वीच नेपालमा नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना शुरु भएको
२.	वलराम दास डंगोल	२०३३ - २०४८	" "
३.	सानीमैया राणा	२०४८ - २०५४	" "
४.	सानुनानी कंसाकार	२०५४ - २०५७	सन् २००१ मा परियोजना सम्पन्न भए
५.	सरला मानन्धर	२०५८ - २०६३	सन् २००२ -२००७ सम्म नेपाल जर्मन हस्तलिखित सूची परियोजना शुरु
६.	भीम प्रसाद नेपाल	२०६३ - २०६७	सन २००७ - १२ सम्म दोश्रोपटक म्याद थप
७.	प्रकाश दर्नाल	२०६८ देखि हालसम्म	सन २०१२ - २०१७ सम्मको लागि तेश्रो पटक म्याद थप

वुद्धिसागर पराजुली वाहेक सवै पूर्व प्रमुखहरू संग कुराकानी हुँदा कसैलाई पनि कहिले कसरी हराएको भन्ने पत्तोनै नपाएको थाहा भयो । डा.सावित्री मैनालीले सरला मानन्धरको समयमा अनुसन्धान गर्दा शिवधर्म (लगत संख्या प्र. १०७५ रिल नं वी ७/३, ने.सं. २९० को गाताचित्र नभएकोले माइक्रोफिल्मवाट प्रतिलिपी राखेको भने पनि त्यसवारे सोधी खोजी नगरी एकैपटक १५ मार्च २०१३ मा जब प्रा.हारुनागाले क्रिष्टीले लिलाममा राखेको इमेलहरूको प्रतिलिपि दिइ जानकारी दिएपछि मात्र औपचारिक रूपमा Interpol मा हराएको रिपोर्ट दर्ता भयो ।

उल्लेखित गाताचित्र १९७० मा माइक्रोफिल्म गरिए पछि हराएको देखिन्छ । माइक्रोफिल्म भएको आधारमा ती गाताचित्र राष्ट्रिय अभिलेखालयका हुन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनेर फोटो सहित प्रमाण पेश गरी दावा गर्न सकियो । सबै गाताचित्रका पुस्तकहरू ताडपत्रका थिए । विष्णु धर्म पंचम ३४४, भागवत पुराण चतुर्थ ७५०, विष्णुधर्म प्रथम १००२ र शिवधर्म प्रथम १०७५ मध्ये, विष्णुधर्म प्र. १००२ ने.सं. २१० र शिवधर्म प्र. १०७५ ने.सं. २९० को थियो । पेरिसको संग्रहकर्ताले यी गाताचित्रहरू ९ जुन १९८९ मा हासिल गरेको देखिन्छ ।

अभिलेखालयमा रहेका ए र बि सिरिजका सम्पूर्ण हस्तलिखित ग्रन्थहरूको रुजु गरी चित्र भएको, नभएको तथा तिनको भौतिक अवस्था खुलाई तौल समेतको रिकर्ड राख्ने व्यवस्था गरिएको छ ।

परम्परागत रूपमा कपडाले वेरेर ग्रन्थहरू राख्दा ताडपत्रहरू सुरक्षित नभएकाले कागजको वक्स वनाई संरक्षण गर्नु पर्ने, चित्रहरू भएको ग्रन्थहरूको सूची तयार गर्नु पर्ने आदि सुझाव सहितको प्रतिवेदन ७ अप्रिल २०१३ मा पुरातत्त्व विभागमा प्रस्तुत गरिएको थियो ।

नेपाल सरकारको चासो, पुरातत्त्व विभाग, इन्टरपोल नेपाल, नेपाल रिसर्च सेन्टर, नेपाल टि.भि, देवेन्द्र भट्टराई, रविन्द्र पुरी लगायत स्वदेशी तथा विदेशी अन्वेषक विद्वान्को अमूल्य तथा सक्रिय योगदानले गर्दा क्रिष्टीले ती गाताचित्रहरू लिलामवाट हटाइ सम्वन्धित हकवालालाई फिर्ता गर्ने भनेकोले कहिले फिर्ता होला भनी राष्ट्रिय अभिलेखालय प्रतिक्षारत थियो ।

नेपाली दुतावास वासिङ्गटनको २० जुन २०१३ को प्रेस विज्ञाप्तीले संस्कृति प्रेमीहरूको ओठमा मुस्कान ल्याई दियो । उक्त विज्ञप्तीमा, " ६ वटा काठको गाताचित्र जसलाई क्रिस्टीले १५०,००० डलरको भाउमा लिलामीमा राखेको थियो, उसैको न्यूयोर्क कार्यालयमा अर्जुनकान्त मैनालीलाई १९ जुन २०१३ मा एक कार्यक्रम गरी हस्तान्तरण गरियो । क्यालिफोर्निया विश्वविद्यालयका प्रा.एलेक्जेण्डर भोन रोसपाट, हावर्ड विश्वविद्यालयका सहायक प्रा.जिनाह किम र मेलवर्न अष्ट्रेलियाका इयान सिन्कलेयरले डा.सावित्री मैनालीको मिनिएचर्सको आधारमा यस मुद्दालाई दुतावासको ध्यानाकर्षण गरेका थिए । दुतावासले क्रिष्टीसंग हकवालालाई फिर्ता गर्न माँग गरेकोमा जसले लिलामीमा राखेको थियो उसले सम्वन्धितलाई फिर्ता गर्न स्वीकारेको तर आफ्नो परिचय खुलाउन नचाहेको उल्लेख छ । दुतावासले गाता चित्रहरू राष्ट्रिय अभिलेखालयलाई सुरक्षित हिसावले छिटै पठाउनेछ । "

परराष्ट्र मन्त्रालयका प्रवक्ता दीपक धितालले 16 Aug 2013 का दिन सहसचिवहरू अमृतकुमार राई, दुवसु क्षेत्री, सस्कृति मन्त्रालयका सहसचिव भरतमणि सुवेदी, Republica, नागरिक, अन्नपूर्ण, कान्तिपुर, नयाँ पत्रिका, गोरखापत्र NTV आदि संचारकर्मीहरू माझ राष्ट्रिय अभिलेखालयका प्रमुख प्रकाश दर्नाललाई अमेरिकावाट फिर्ता ल्याइएका ६ वटा गाताचित्रहरू हस्तान्तरण गरिएको थियो ।

एशियाका सम्पदाको संरक्षण, सांस्कृतिक सम्पत्तिहरूको गैरकानूनी ओसार पसार रोक्न र तिनको पुर्नस्थापनाको रणनीति सम्वन्धी अर्न्तराष्ट्रिय छलफल 16 / 17 Dec 2013 मा होटल अन्नपूर्ण, काठमाडौंमा भएको थियो । उक्त दुइदिने छलफल यूनेस्को र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आयोजना गरेका थिए ।

छलफलमा क्रिष्टीका माथिल्डे हिटन र हार्टलेय वि. वाल्टम्यानले पनि संयुक्त कार्यपत्र पेश गरेका थिए । उनीहरूको मुख्य उद्देश्य गैरकानूनी रूपमा प्राप्त सम्पत्तिहरू लिलाममा नराख्ने नीति रहेको भनी जानकारी दिएका थिए ।

प्रश्न उत्तरको समयमा धेरैले क्रिष्टीलाई जिज्ञासाहरू राखेका थिए । मैले पनि उनीहरूलाई गैरकानूनी रूपमा पुगेका सम्पत्तिहरू फिर्ता गरेकोमा धन्यवाद दिदै यदि तिमीहरूको नीतिनै गैरकानूनी सम्पत्तिहरूको रोकथाम गर्नु हो भने लिलाममा राख्नु भन्दा पहिले किन सम्वन्धित देशसंग सम्पर्क गर्दैनौ ? भनी सोधेको थिए ।

जवाफमा उनीहरूले अव हामी सहयोग र समन्वय गर्छौ भन्ने आशय प्रकट गरेका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामीले आफ्नो सम्पत्ति चाहे कागजपत्र, मूर्त वा अमूर्त जस्ता सम्पदाहरूको वेलैमा फोटेसहितको लगत राख्नै पर्छ । फोटो सहितको लगत राखेकोले नै हामीले हाम्रो सम्पत्ति भनी प्रमाण पेश गरेर आफ्नो गाताचित्र फिर्ता गर्न समर्थ भएका हौ । त्यसैगरी प्रमाणको आधारमा अमेरिका, वेलायत, अष्ट्रिया तथा तिव्वतबाट मूर्तिहरू फिर्ता भएका छन् । तसर्थ फोटे सहितको लगत राख्ने काम भनेको गैरकानूनी रूपमा सम्पत्ति ओसारपसार रोकथामको लागि एउटा सशक्त माध्यम हो भन्ने देखिन्छ ।

सन्दर्भ ग्रन्थहरू :-

१. अभिलेख, वर्ष १ देखि ३० सम्मका अंकहरू, २०४० देखि २०६९ सम्म राष्ट्रिय अभिलेखालय काठमाडौं ।

२. काशिनाथ तमोट - २०६८ - अभिलेख वर्ष २९ पूर्णाङ्क २९, - राष्ट्रिय अभिलेखालय काठमाडौं ।

३. Dr. Sabitree Mainali - 2009 - Hindu Miniature Paintings of the Kathmandu Valley – Bishwa Kanta Mainali, Kathmandu.

४. राष्ट्रिय अभिलेखालयको पुर्नसंरचनाको आवश्यकता - २०७० (नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको Governance & State Management विषयक तालिम कार्यक्रममा प्रकाश दर्नाल, शशीरत्न शाक्य, मणी कुमार ज्ञवाली, डा. खेमराज भट्टराइ र धनश्याम पराजुलीद्धारा पेश गरेको स्थलगत भ्रमण प्रतिवेदन, अप्रकाशित ।

५. हराएका गाताचित्रहरू सम्वन्धी प्रतिवेदन २०६९ - पुरातत्त्व विभागमा बुझाइएको छानवीन समितिको प्रतिवेदन, काठमाडौं ।

फिर्ता भएका गाता चित्रहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वयम्भूमा प्राप्त भएको अप्रकाशित लिच्छविलिपि अभिलेख

- श्यामसुन्दर राजवंशी*

स्वयम्भू हाता क्षेत्र भित्र प्राचीन लिच्छवि लिपि अभिलेखहरू जम्मा दुई वटा मात्र फेला परेको र ती अभिलेखहरू इतिहासकार धनबज्र बज्राचार्यको लिच्छविकालका अभिलेख नामक ग्रन्थमा प्रकाशित छन् । ती मध्ये पहिलो अभिलेख गौतमबज्र बज्राचार्यले पूर्णिमा अंक ९ मा सर्वप्रथम प्रकाश गरेका थिए । उहाँका अनुसार यो अभिलेख स्वयम्भूस्तूपको पछाडि पश्चिम उत्तर दिशामा चूनमोल्ने खाल्डोमा रहेको तर उहाँले हेर्न जाँदा पनि नदेखेपछि राष्ट्रिय अभिलेखालयमा संकलित शिलापत्रका छापा उतार प्रतिलिपि बाट पाठ पढिएको भनी खुलस्त गर्नु भएको छ ।[१] यस अभिलेखमा श्री मानदेव विहारको उल्लेख आएकोलाई आधार मानी लिच्छविराजा मानदेव प्रथमको पालाको मानेर व्याख्या गरिएको वृतान्त लिच्छविकालका अभिलेखमा पाइन्छ । दूर्भाग्यवश यो अभिलेख खण्डित भइसकेको हुँदा यसमा सालमिति देखापरेन । तसर्थ यो अभिलेख मानदेव प्रथम भन्दा अघिको होइन पछि कै हुन सक्ने मात्र विश्वास गर्न सकिन्छ ।

दोस्रोअभिलेख अभिलेख संग्रह पहिलो भागमा संशोधन मण्डलले सर्वप्रथम प्रकाश गरे । यो अभिलेख स्वयम्भूको पूर्वउत्तर दिशामा रहेको प्रताप पुरको तल्लो तलाको उत्तरपूर्व कुनामा रहेको कुनै देवताको पादपीठ आसन आकृतिको ढुगामा यो अभिलेख अंकित रहेको उल्लेख छ ।[२] दूर्भाग्यवश यस अभिलेखमा पनि सालमिति देखिदैन । अत: यसमा अंकित लिपिको आधारमा यसलाई अंशुवर्माको समकालीन मानेर लिच्छविकालका अभिलेखमा व्याख्या गरिएको छ । यस अभिलेखको व्यहोरा बाट बुद्धमूर्ति पूजा आजाको लागि गुठी राखेको विषय झल्किन्छ ।

गोकर्णेस्वर महादेव मन्दिर देखि पूर्व उत्तर पट्टि रहेको एउटा सानो देवलमा चन्दन घाट्ने शिलामा पनि लिच्छविलिपि अंकित अभिलेख देखापरेकोले यो अभिलेख पनि लिच्छविकालका अभिलेख नामक ग्रन्थमा प्रकाशित छ । यसमा ..भू चैत्य भट्टारक शब्द उल्लेख भएकोले इतिहासकार धनबज्र बज्राचार्यले यसलाई स्वयम्भू चैत्य भट्टारक मानी गोकर्णको अंशुवर्माको अभिलेखको व्याख्यामा उल्लेख गर्नु भएको छ ।[३] यसप्रकार स्वयम्भू शब्दको पहिलो उल्लेख यसैलाई मान्दै आएको थियो ।

केही समय अघि स्वयम्भूमा अर्को तेस्रो लिच्छविकालीन अभिलेख फेला परेको छ । जसमा साल मिति खुट्याउन सकिने र स्वयम्भू शब्द पनि स्पष्ट पद्न सकिन्छ । यस अभिलेखका अक्षर पनि प्राय: खिइएको र पाप्रो उप्केको अवस्थामा प्राप्त भएकोले पूर्णपाठ

* प्रमुख पुरातत्त्व अधिकृत, पुरातत्त्व विभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पढ्न सकिने स्थितिको चाही यो पनि भएन । जेहोस तिथिमिति सहितको प्राचीन लिच्छविलिपि अभिलेख प्राप्तिले स्वयम्भूको इतिहासलाई थप उजागर पार्नमा यो अत्यन्त महत्वपूर्ण सिद्ध भएको औंल्याउन सकिन्छ ।

प्रस्तुत लिच्छविलिपि अभिलेखका सम्बन्धमा मिति २०६९/२/८/२ को नागरिक दैनिक पत्रिकाको भित्री पृष्ठ ५ मा समाचारको रूपमा प्रकाशित गराइसकेको छु ।[४] तर यतिले इतिहासमा जिज्ञासा राख्ने पाठकहरूको मनको खुल्दुलि मेटिएको छैन भन्ने बुझेर थप जानकारी मिलोस् भनी पाठ सहित विस्तृतमा राख्न चाहन्छु ।

गतसाल २०६९ साल जेठ तिर स्वयम्भू भगवान पाउ देखि माथि ढुंगेसिंढी चढेर माथि लागेपछि ठूलठूला बुद्ध मूर्ति देखापर्छ त्यही निर दाँया भागमा निर्माण कार्य हुने क्रममा एउटा जलहरि आकारको ढुंगा फेला परेको थियो र त्यो ढुंगा पल्टाएर हेरेपछि एकातिर लिच्छविलिपि अंकित रहेको पाइएको हुँदा केही हल्लखल्ला हुँदा बरिष्ठ पुरातत्त्व विद श्री शुक्रसागर श्रेष्ठज्यूले थाहा पाएर तुरुन्त मलाई सूचना गर्नु भएपछि मैले त्यो अभिलेख पढेर सामान्य जानकारी समाचारको रूपमा संप्रेषण गराएको थिएँ ।

प्राप्त शिलाको आकारप्रकार स्वरूप हेर्दा कुनै मूर्तिको जलहरिपादपीठ अभिलेख हो भन्ने प्रतीत हुन्छ । तर कुन मूर्तिको पादपीठ हुन सक्छ भन्ने कौतुहलता त्यतिबेला नै उठेको हो । जलहरिमा एकातिर पंक्ति मिल्ने गरी तीनवटा चुकुल राख्ने प्वाल छन् भने त्यसको अगाडि चुकुल राख्ने अर्को ठूलो प्वाल छ त्यस प्वालको अगाडि खालीठाउँ भएबाट पछाडि प्रभामण्डल भएको कुनै देव मूर्तिको पादपीठ आसन हो भन्ने प्रष्ट हुन्छ र त्यहाँ परिसरमा रहेको ठूलठूलो वुद्ध मूर्तिलाई मध्यनजर गर्दा आकारमा सानो भएपनि त्यस्तै स्वरूपको वुद्ध मूर्तिको पादपीठ नै हुनुपर्दछ भन्ने अनुमान हुन्छ । किनभने पादपीठलाई राम्ररीगढेर हेर्दा मुजुरको आकृति दृष्टिगोचर हुने र अक्षरहरू सबै मजुरको प्वाख जस्तो प्रतिविम्व देखापरेबाट पञ्चवुद्ध मध्येको अमिताभ वुद्ध मूर्तिको पादपीठ नै हुनुपर्दछ भन्ने मेरो बिश्वास छ । संभव चौधोशताब्दीको उत्तरार्धमा मुसलमान हमलाकारी शमशुद्धिन इलियासले स्वयमू तहसनहस गर्दा यो मूर्ति पनि तहसनहस भएको हुन सक्छ भन्ने पनि अनुमान छ ।

यहाँ औल्याउनु पर्ने मुख्य विषय वस्तु अभिलेखको पाठ भएकोले यतातिर ध्यानाकर्षण गराउन चाहन्छ ।

जलहरि पादपीठको अग्रभागमा जम्मा ४ पंक्ति प्राचीन लिच्छविलिपि अंकित छन् जसमा पहिलो पंक्तिमा लगभग ३४ वटा अक्षर देखिन्छ ।

१) पहिलो पंक्तिको पहिलो शब्दलाई "ऊँवन्द्य" भनेर पढेको छु । अक्षर केही खिइएको छ । त्यसपछि "तिमरेञ्व" अलिस्पस्ट छन् भने त्यसपछि 'बिमल' भनेर पढेको छु । यो पनि केही अस्पष्ट नै छ । त्यसपछि "ज्ञानचक्षु" शब्द अलि स्पष्ट छ त्यसउपरान्तका तीन वटा अक्षर फुटेर अस्पष्ट छन् । त्यसपछिका अक्षरका बान्कीले "कुत्तरतो" लेखिएको जस्तो देखेर त्यही पढेको छु । त्यसभन्दा पछि चार वटा जति अक्षर फुटेर गइसकेको देखन्छ । त्यस उपरान्त "प्रतिमा यं स्वयम्भूव ।।" भने प्रष्ट रूपले पठनीय देखिन्छ ।

२) दोस्रो पंक्तिका अधिकांश अक्षर पठनीय देखिन्छ । त्यसैले गर्दा दोस्रो पंक्तिको पहिलो शब्द बाक्याँशमा "क्षेत्रञ्चानेन दत्तम् स्या मेव स्व" भनेर पढियो र त्यसपछि "गन्धकुट्या पूजा प्रति संस्कारार्त्थम्प" भनेर पढियो त्यसपछि एउटा अक्षर फुटीसकेको छ त्यसपछि "तद प्रयोजने च भिक्षुसंघ" प्रष्ट देखिन्छ । यसप्रकार दोस्रो पंक्तिमा जम्मा ३७ वटा जति अक्षर कुंदिएकोलाई त्यसरी पढियो ।

३) तेस्रो पंक्तिमा पनि अधिकांश अक्षर पठनीय देखिन्छ । तापनि तेस्रो पंक्तिको पहिलो शब्द

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अलि खिइएर गइसकेकोले "मानीतो" भनेर जुन पढियो त्यो खिइसकेको अवस्था छ । त्यसपछि "भोगर्त्ता" शब्द अलि स्पष्ट छ त्यस पछि "गुयक" भनेर पढियो यो पनि केही खिइएको व्यवस्था छ । त्यसपछि "पश्चिमो नङलिञ्ज प्रदेशे पञ्चाश परिमाणा भूमि पिण्डकम्मा ५५ यदत" सम्म स्पष्टरूपले पठनीय देखिन्छ त्यस उपरान्त दुई वटा अक्षर फुटेर अस्पस्ट छन् । यसप्रकार तेस्रो पंक्तिका ३८ वटा जति अक्षर यसरी पढियो ।

४) चौथो पंक्तिमा अधिकांश अक्षर खिइएर अस्पष्ट छन् । चौथो पंक्तिमा पनि करीब ३४ वटा अक्षर कुँदेको देखिन्छ । चौथो पंक्तिको पहिलो अक्षर ते भनेर पढियो त्यसपछि दुई वटा अक्षर अस्पष्ट छन् । त्यसपछि "गतोपिता" शब्द प्रष्ट बुझिन्छ भने त्यसपछि "मोक्ष" भनी पढियो । यो अलि खिइएको छ । त्यसपछि संवत् ४३८ फाल्गुन " प्रष्ट रूपले पठनीय रहेको छ त्यसपछिका अक्षर ज्यादै खिइएको भएतापनि "शुक्रपक्ष दिन ६" भनेर खुट्याउन खोजेको छु ।

पाठ :-

१ - (ॐवन्द्य) तिमरेञ्च (विमल) ज्ञान चक्षु (१२३) (कुत्तरतो) (१२३४) प्रतिमायं स्वयम्भू व : ।।

२ - क्षेत्रञ्चानेन दत्तम् स्यामेव स्व गन्धकुट्या पूजा प्रति संस्कारार्त्थम्म (१) तद प्रयोजने च भिक्षु संङ्घ

३ - (मानीतो) भोगर्त्ता (गुयक) पश्चिमो नङलिञ्ज प्रदेशे पञ्चाश परिमाणा भूमि पिण्डक म्मा ५५ य दत (१२)

४ - ते (१२) गतो पिता (मोक्ष) १२३४५६६७८) "संवत् ४३८ फाल्गुन (शुक्ल पक्षादिव) ६

भावार्थ:-

आँखा चिम्लेर आफ्नो दिव्य ज्ञान चक्षु (आँखा) ले आफै उत्पति भएको उनै भगवानको बन्दना गर्दछु । भिक्षुसंघको हितलाई ध्यानमा राखी गन्धकुट पूजालाई संशोधन परिमार्जन गर्ने हेतुले भूमिदान गरिएको । नङलिञ्ज प्रदेशको भूमिपिण्डकमा ५५ गुठी राखि यसले दिवगत पिताको मोक्ष प्राप्ति कामना समेत गरियो । संवत् ४३८ फाल्गुन शुक्ल पक्ष दिव ६

व्याख्या:-

अभिलेखको अन्तिम चरणमा "संवत् ४३८ फाल्गुन" स्पष्ट रूपले पठनीय रहेको छ । तसबखत संवत् ४२८ देखि संवत् ४५४ सम्म लिच्छविराजा बसन्त देवको राज्य काल देखिन्छ किनकि थानकोट आदि नारायणको संवत् ४२८ को रहेको र पासिख्यको संवत् ४५४ को अभिलेखले प्रमाणित गर्दछ । यसरी संवत् ४२८ देखि संवत् ४५४ बीचको संवत् ४३८ यो स्वयम्भूमा प्राप्त नँया अभिलेख पनि राजा बसन्तदेव कै पालाको हो भनी ठोकुवाका साथ भन्न सकिन्छ ।

अभिलेखमा यसरी "संवत्" मात्र जनिएर आएको संवत् ४३८ लाई कुन संवत् भनेर ठोकुवा गरी भन्ने विषय पं भगवान लाल इन्द्रजी देखि लामो शास्त्रार्थको विषय बनेर आएको सन्दर्भमा कालान्तरमा थप अभिलेखहरू भेटिदै गएपछि लामो विवाद अन्त हुने विन्दुमा पुगेको छ ।

वास्तवमा यो संवत् ४३८ क्रमको संवत् नेपालसंवत् उठान हुनु भन्दा ८०२ वर्ष पहिले उठेको नेपालको प्राचीन संवत् हो । यो संवत् को प्रचलन लिच्छविकाल भर चलेको हुनाले यसलाई लिच्छविसंवत् पनि भन्ने गरेका छन् । तर यसलाई भ्रमवंश मानिसहरूले शकसंवत् भनेर मान्दै आएको पाइन्छ । थुप्रै प्रमाणहरूले यो संवत् शकसंवत् होइनन् भन्ने पुष्टी भैसकेको बावजुद पनि यसलाई शकसंवत् हो भन्न छोडेको छैन । मुख्यतः शक संवत् भन्नासाथ नेपालसंवत् उठान हुनु भन्दा ८००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्ष अघि भारतमा उठान भएको संवत्‌लाई भन्नु पर्ने हो । नेपालमा लिच्छविसंवत् चाही नेपालसंवत् उठान हुनु भन्दा ८०२ वर्ष अघि शुरु भएको संवत् भएकोले शकसंवत् र लिच्छविसंवत् बीच स्पष्टत दुई सालको फरक देख्दादेख्दै पनि लिच्छविकालमा चलेको संवत् शक संवत् नै हो भनी बस्न चाहन्छ भने यो उनीहरूको स्वेच्छा बाहेक अरु होइन भन्नु पर्दछ । जब हामी नेपालसंवत्‌मा हरेक बार ८०२ वर्ष जोड्छौ त्यतिबेला लिच्छविकालमा भनेको संवत् आउने हो शक संवत् आउने होइन । किनकि नेपालसंवत्‌को आरम्भ नै शक ८०१ कार्तिकमा भएको भएपछि त्यसमा ८०२ जोड्ने संवत्‌लाई शक संवत् मान्नु कति जायज हो आफै बुझ्नु पर्ने विषय हो ।

नयाँ अभिलेखमा देखापरेको अंकित संवत् ४३८ फाल्गुनलाई शक संवत्‌मा बदल्न सर्वप्रथम यो संवत् ४३८ भनेको शक ४३६ को कार्तिक देखि शक ४३७ को आश्वीन सम्म रहने संवत हो भनेर बुझ्नु आवश्यक छ । किनकि शक संवत् चैत्रादि संवत् हो भने लिच्छविकालमा चलेको संवत् कार्तिकादि हो । अभिलेखको मिति फाल्गुन भएकोले यसलाई शक ४३६ फाल्गुन भन्नु पर्दछ बल्ल यसमा १३५ जोडे विक्रमसंवत् ५७ फाल्गुन र ७८ जोडे इश्वी ५१४ फाल्गुन मतलव फेव्रुअरी मार्च पर्न आउँछ भन्न सकिन्छ ।

तर यसो नगरी सिधै संवत् ४३८ लाई शक मानेर त्यसमा १३५ जोडेर विक्रमसंवत् बनाउनु र ७८ जोडी इश्वी संवत् बनाउनु इतिहासको क्रमलाई गलत दिशातिर मोड्नु हो यसले सही नतिजा निस्कदैन भन्ने बुझ्नु आवश्यक छ ।

यदि यही संवत् ४३८ लाई नै शक संवत मानियो भने यही संवत्‌को क्रम ४९८ सम्म चल्यो भन्नु पर्ने खण्ड आउँछ । अंशुवर्माको पालामा देखापरेको संवत् २९ भनेको शिवदेव अंशुवर्माको अभिलेखको संवत् ५२६ सम्म देखापरेपछि संवत् ५२७ को सट्टा संवत् २९ एकै चोटी देखापर्‍यो भन्नु पर्ने खण्ड आउँछ। तब संवत् ५२६ सम्मलाई शकसंवत् र त्यसपछि शक ४९८ बाट उठेको मानदेव संवत् शक ५२७ को सट्टा संवत् २९ भनेर देखापर्‍यो भन्नु पर्ने खण्ड आउँछ । जब संवत् २९ को क्रमलाई मानदेव संवत् भनेर मान्न पुग्छ लिच्छविकालको अन्तिम समय ताकाको सहोत्तर तन्त्र नामक सुश्रुत ग्रन्थको पुष्पिका वाक्यमा देखापरेको संवत् ३०१ लाई मानदेव संवत् भन्नु पर्ने खण्ड आउँछ। जब यो संवत् ३०१ लाई मानदेव संवत् भन्नु पर्ने खण्ड आयो त्यो मानदेव संवत् ३०४ वर्ष चल्यो पनि भन्नै पर्ने खण्ड आउँछ। तब यहाँ निर आइपुग्दा माथि देखि बुन्दै आएको सारा ऐतिहासिक श्रृखला स्वतः भताभुङ्ग हुन पुग्छ । किनभने जब संवत् ३०१ लाई मानदेव संवत् मान्न थाल्छौँ तब यो शक ७९९ को कार्तिक देखि शक ८०० को आश्वीन सम्म रहन्छ स्वत:आउँछ । पुष्पिका वाक्यमा संवत् ३०१ बैशाख उल्लेख आएको हुनाले यो शक ८०० बैशाख हुने नै भयो । जब शक ८०० बैशाखमा मानदेवसंवत् ३०१ बैशाख भइरहेको यथार्थ स्वीकार्य छ भने शक ८०१ कार्तिक सम्ममा मानदेव संवत् ३०४ भुक्त भइसक्यो भन्ने जस्ता अनर्गल मान्यता बोकी राख्ने किन ? यो पो आश्चर्य छ त । त्यसकारण लिच्छविकालमा चलेको संवत् शक संवत् मानदेव संवत् भन्नु नेपालको यथार्थ इतिहासको लागि घातक हो भनेर पनि बुझ्न आवश्यक छ ।

नयाँ अभिलेखमा देखापरेका संवत् ४३८ फाल्गुन शुक्ल ६ को तदनुसार शक ४३६ फाल्गुन शुक्ल ६ हो । यसको इश्वीसनको वर्ष ५१४ हुन्छ भने तिथि फाल्गुन शुक्ल ६ चाही तारिख Februa ry /March पर्न आउछ । यसलाई ग्रह वाणिताध्यायमा दिइएको रीत अनुसार तारिख गणना गर्दा लिच्छविसंवत् ४३८ फाल्गुन शुक्ल ६ को तदनुसार शक ४३६ फाल्गुन शुक्ल ६ हो भने यसको तारिख र बार AD 514 March/Friday पर्न आउने देखियो ।

स्वयम्भूः- लिच्छविकालका अभिलेखको संख्या झण्डै २३० वटा भेट्टिइसके ती मध्ये स्वयम्भूको अभिलेख यो समेत गरी जम्मा तीन वटा मात्र छन् । तर यो बाहेक अन्य दुइ वटामा 'स्वयम्भू' शब्दको उल्लेख देखापरेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थिएन । गोकर्ण स्थित अंशुवर्माको एक अभिलेखमा "भूचैत्य भट्टारक" शब्दको उल्लेख पाइएकोमा यसलाई स्वयम्भू चैत्य भट्टारक भनेर मान्ने गरेको छ। भूचैत्यको अगाडिको दुई अक्षर फुटेर गइसकेको अनुमान अनुसार भूको अगाडि स्व र यं दुई वटा अक्षर लोप भएको मानेको छ । अहिले सौभाग्य बश स्वयम्भू क्षेत्रमा नै प्राप्त भएको लिच्छवि अभिलेखमा 'स्वयम्भूव' शब्द उल्लेख आएबाट स्वयम्भू शब्द लिच्छविकाल देखि लोकप्रीय थियो भन्ने पुष्टी हुन्छ ।

गन्धकुटीः- लिच्छविकालका प्राप्त अभिलेखहरू मध्ये ललितपुर चपः टोलको बुद्धमूर्तिको पादपीठ अभिलेखमा "गन्धकुटी प्रतिसंस्करणर्थं" शब्द उल्लेख आइरहेको छ ।[५] संयोगवश स्वयम्भू मा प्राप्त भएको यस संवत् ४३८ को नयाँ अभिलेख पनि वुद्धमूर्ति कै पादपीठ हुनसक्ने र यसमा पनि गन्धकुटया शब्दको उल्लेख आएको छ । चपटेलको अभिलेखमा उल्लेख आएको गन्धकुटीले त्यसलाई विहार भनी अर्थ्याइएको पाइन्छ भने स्वयम्भूमा हाल पाइएको यस नयाँ अभिलेखमा गन्धकुटया पूजा प्रतिसंस्करणर्थ उल्लेख भएबाट बिहार भनी अर्थ्याउन असहज भएकोले यसबारे छुट्टै अध्ययन अनुसन्धानको आवश्यकता महसुस हुन पुगेको छ । किनकि गन्धकुटी पूजा भन्नाले कसतो खालको पूजा होला। संभवतः विशेष पर्वमा गरिने विशेष खालको वुद्ध पूजा हुनुपर्दछ । त्यसपूजाको लागि ५५ पिण्डक मानिका आउने जग्गा नै दानदिएको बुझिएबाट सामान्य खालको पूजा होइनन् भन्ने बुझिन आउँछ ।

भिक्षुसंघः- भिक्षुसंघको पहिलो उल्लेख चाबहिलको अभिलेखमा आएको थियो । चाबहिलको अभिलेखमा उत्कीर्णित लिपि र स्वयम्भुमा हाल प्राप्त भएको अभिलेखको लिपि तुलनागरी हेर्दा झण्डै झण्डै समान देखिन्छ । यी दुवै अभिलेखमा भिक्षुसंघको उल्लेख आइरहेको छ। प्रायः विहारहरूमा भिक्षुहरूको एउटा संघ हुन्थ्यो । अहिले पनि वौद्ध विहारहरूमा भिक्षुसंघ कायम रहेको पाइन्छ । चावहिलको अभिलेखमा भिक्षुसंघलाई भोजनको लागि जग्गा गुठी राखेको विषय चर्चा आएको थियो भने यस स्वयम्भूको अभिलेखमा गन्धकुट पूजाको लागि गुठी राखेको व्यहोरा आएको छ ।[६] यस्तै प्रकारले संवत् ५३६ को गोकर्ण बालुवा गाउँको अंशुवर्माको अभिलेखमा भिक्षुसंघ बस्नेठाउँमा राम्रो वातावरण कायम रहोस् भनी मल्लकर घटाइदिएको व्यहोरा उल्लेख आएको छ ।[७] यहाँ भिक्षुसंघ बस्ने राजविहार रहेको ठाउँ भएको हुनाले पशुपालनमा लाग्ने कर मल्लकर घटाइदिएको बुझिन्छ । भिक्षुसंघले पशुपालन गर्दैन तर भिक्षुसंघ बस्ने ठाउँका मल्लकर घटाउने प्रशङ्ग किन आयो यो विषय विचारनीय थियो । त्यसकारण पशुपालन मात्र गरेमा मल्लकर घटाउन सकिने यदि ती पशुहरू काटमार गरी मासु भोजनको लागि प्रयोग गरेको खण्डमा मल्लकर नघटाउने भएकोले गर्दा भिक्षुसंघ रहने ठाउँमा पशुकाटमार नहोस भन्ने हेतुले मल्लकर घटाउने कुरा चर्चामा आउनुको तात्पर्य बुझ्न आवश्यक छ ।

जसरी भिक्षुसंघहरूको उल्लेख लिच्छविलिपि अभिलेखहरूमा देखापरी रहेका हुन् त्यस्तै गरी भिक्षुणी संघको उल्लेख पनि तत्कालीन अभिलेखहरूमा आइरहेको छ जस्तै ललितपुर चपः टोल अभिलेखमा भिक्षुणीसंघको उल्लेख आएको छ ।[८] त्यस्तै गरी कान्तिपुर मुसुंवहालको अभिलेख[९] र भक्तपुर बाघहिटीमा पाइएको अभिलेखमा विहारको उल्लेख आइरहेको छ।[१०]

नङलिञ्ज प्रदेशः- स्वयम्भूमा फेलापरेको संवत् ४३८ को यस अभिलेखमा नयाँ ठाउँको नाम प्रकाश भएको छ । जुन नयाँ ठाउँको नाम नङलिञ्ज प्रदेश भनी उल्लेख छ। यो नङलिञ्ज प्रदेश भन्नासाथ कुन ठाउँ जनिन्छ भन्ने कुरा थप अनुसन्धानको विषय रहेको छ । यो ठाउँको नाम अन्य अभिलेखमा आइरहेको पनि देखिन्दैन ।

उपसंहारः- स्वयम्भूमा हालसम्म प्राप्त भएका प्राचीन अभिलेखमा तिथिमिति समेत पठनीय रहेको मा प्राचीन अभिलेख नै यही संवत् ४३८ को अभिलेख भएको निर्विवाद सिद्ध छ । यो अभिलेखमा स्वयम्भू शब्दको उल्लेख देखापर्नु अर्को महत्त्वपूर्ण पक्ष हो । भिक्षुसंघ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गन्धकुटी र नङलिञ्ज प्रदेश आदिका विषयमा थप अध्ययन अनुसन्धानको लागि अध्याय थप हुन आएको रूपमा हेर्न सकिन्छ। ऐतिहासिक कालक्रमका सम्बन्धमा बिना सूझबूझ लिच्छविकालमा शक संवत् र मानदेव संवत् गरी दुई थरि संवत् चलेको भनी गलत धारणा पक्री त्यतिबेलाको अभिलेखको संवत् अंकमा ७८ र ५७६ जोडी इश्वी संवत् बनाइ आएका छन् यतातिर विशेष गम्भीर बनेर बुझ्न आवश्यक छ। यसरी बिना सूझबूझ गलत धारणा लिएर बस्दा भविष्यमा इतिहासले धिकार्न सक्छ यता पनि सोचौँ भन्ने नै यो लेखको मुख्य अभिप्राय हो।

सन्दर्भ सूची

१. स्वयम्भूको मानदेवको पालाको अभिलेख अभिलेख संख्या १८ लिच्छविकालका अभिलेख पृष्ठ ७४-७८
२. स्वयम्भूको अभिलेख अभिलेख संख्या ९६ लिच्छविकालका अभिलेख पृष्ठ ३८४-३८५
३. गोकर्णको अंशुवर्माको अभिलेख अभिलेख संख्या ८९ लिच्छविकालका अभिलेख पृष्ठ ३७०-३७१
४. नागरिक दैनिक मिति २०६९/२/८/२ को पत्रिका भित्री पृष्ठ ५
५. ललितपुर चप:टेलको अभिलेख अभिलेख संख्या ९५ लिच्छविकालका अभिलेख पृष्ठ ३८२-३८३
६. चाबहिलको अभिलेख अभिलेख संख्या १ लिच्छविकालका अभिलेख पृष्ठ १-८
७. गोकर्ण बालुवा गाउँको अभिलेख लिच्छविकालीन संवत्‌को निश्चय पृष्ठ १६३-१६८
८. ललितपुर चप: टेलको अभिलेख अभिलेख संख्या ९५ लिच्छविकालका अभिलेख पृष्ठ ३८२-३८३
९. मुसुंबहालको अभिलेख अभिलेख संख्या १३५ लिच्छविकालका अभिलेख पृष्ठ ५०७
१०. भक्तपुर बाघहिटीको अभिलेख लिच्छवि - इतिहास - डा. जगदीश चन्द्र रेग्मी पृष्ठ ५-६



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिच्छविकालको एउटा अप्रकाशित शिलापत्रको विषयमा

- प्रकाश खड्का*

प्रस्तुत लेख मत्स्यनारायणमा फेला परेको शिलापत्रसँग सम्बद्ध छ। यो लेखभित्र शिलापत्र रहेको स्थानको अवस्थिति, प्राप्ति एवं पहिचानपूर्वको कथन, पहिचान एवं विश्लेषण, मत्स्यनारायणको सेरोफेरोमा पाइएका लिच्छविकालिक शिलापत्र, मत्स्यनारायणको प्राचीनता र उपसंहार आदि शीर्षकमा विवेचना गरिएको छ ।

१. अवस्थिति

कीर्तिपुरको दक्षिणपश्चिम चन्द्रागिरि डाँडाको फेदीमा प्रसिद्ध मत्स्यनारायण देवालय छ। मत्स्यनारायण देवालयको पूर्वदक्षिणकोणमा बाहिरी पर्खालभित्र गुप्तलिपिको एउटा शिलापत्र (१ चित्रसंख्या) रहेको छ । यस शिलापत्रको शिरोभागमा बीचमा फूल र दुइतिर सूर्य र चन्द्र अङ्कित छन् । आधाजसो पत्र उप्किसकेकोले उत्कीर्ण शिरोभागको चित्र स्पष्ट खुल्दैन र हालसम्म फेला परेका लिच्छविकालिक शिलापत्रमा कुँदिएका चित्रसँग पनि मिल्दोजुल्दो छैन । अभिलेख कुँदिएको भाग करीब २८.५ इन्च लम्बा, १२.५ इन्च चौडा छ । लेखयुक्त अधिकांश भागको बाहिरी पत्र निस्किसकेको शिलापत्रमा पछिल्ला आठ लहर (२ चित्रसंख्या) मात्र लिपि बाँकी छन् । त्यसमा पनि ठाउँठाउँमा पत्र निस्केकाले र अक्षर खिइएकाले ती पनि सजिलै पढ्न सकिने अवस्थामा छैनन् ।

२. प्राप्ति एवं पहिचानपूर्वको कथन

यो शिलालेख मच्छेगाउँका रैथानेहरूको भनाइअनुसार मत्स्यनारायण देवालयको जीर्ण पर्खालको अवशेषसँगै रहेको थियो ।[1] यस देवालयमा पर्खाल नयाँ बनाउँदा शिलापत्रलाई सुरक्षित तवरले राखिएको छ । ज्ञात वा अज्ञात रूपमा रहेका, लिच्छविकालका अभिलेखको महत्त्वस्वरूप पूर्वस्थानबाट सुरक्षित एवं संरक्षित स्थानमा राखिएकोले नै यो अभिलेखप्राप्तिको पहिलो श्रेय मच्छेगाउँका रैथानेहरू नै हुन् भन्दा अन्यथा नहोला । यस शिलापत्रको संरक्षण गरिएको ५/६ वर्षपछि विसं. २०७० आषाढमा नेपाली इतिहासका अध्येता एवं पूर्णिमाका सम्पादक डा. श्रीमहेशराज पन्तले लिपिको आधारमा यो शिलालेख लिच्छविकालिक हो भनी पहिचान गरेका हुन् । यो पहिचानसँगै मच्छेगाउँको नाम पनि सनदरूपका लिच्छविकालिक

---

* नेपाली संस्कृति अन्वेषक ।

१ मत्स्यनारायणको अध्ययनका क्रममा स्थानीय श्रीमती मञ्जु कपाली (५० वर्ष) र श्रीदेवकुमार देसार (४३ वर्ष) सँग वि.सं. २०७० मङ्सीरमा गरिएको कुराकानीका आधारमा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिलापत्र पाइएका सतुङ्गल, भेल्बु, मालटार, चौकीटार, किसिपिँडी, बलम्बु, थानकोट र कीर्तिपुर (चोभार) चारघरे आदिसँगै लिच्छविकालिक महत्त्वका स्थानमा सूचीबद्ध भएको छ। मच्छेगाउँको सेरोफेरोमा [शक]संवत् ४२८ (विसं. ५६३) थानकोट आदिनारायणदेखि बलम्बुसम्मका [मानदेव]संवत् १२९ (विसं. ७६२) सम्मका प्राचीन अभिलेख पाइएका छन्।

३. पहिचान एवं विश्लेषण

डा. श्रीमहेशराज पन्तका शब्दमा- "यो शिलापत्र सनदरूपको हो। संवत् नष्ट भइसकेको यस शिलापत्रमा अन्तिम लहरमा मितिको हकमा **भाद्रपदकृष्णदि** मात्र अवशिष्ट छ। यताबाट यस शिलापत्रको साल र तिथि थाहा नभए पनि महीना र पक्ष थाहा हुन गएको छ। बाँकी रहेका ८ लहरमध्ये दोस्रोमा **तोया** र चौथोमा **'द्धवद्धिरयं कैश्चिदेव, छैटौँमा पूर्वराज ... प्रसादप्रतिपालैनक'** जस्ता शब्द पढ्न सकिएकाले पहिलेका राजाले गरेको व्यवस्था तात्कालिक राजाले यस सनदद्वारा दृढ गरेको देखिन्छ। यहाँ **तोय** (पानी) शब्द आएकोले पानीको व्यवस्था गरेको अनुमान हुन्छ।"

४. मत्स्यनारायणको सेरोफेरोमा पाइएका लिच्छवि शिलापत्र

संवत् ४२८ मार्गशुक्लप्रतिपदाको वसन्तदेवको थानकोटको अभिलेख[२] पछि संवत् ४४९ आषाढलशुक्लदशमीको किसिपिँडीको अभिलेख,[३] बलम्बू खाद्याँको वसन्तदेवको अभिलेख,[४] संवत् ४५४ जेष्ठशुक्लसप्तमीको चौकीटारको वसन्तदेवको अभिलेख,[५] संवत् ४५४ ज्येष्ठकृष्णषष्ठीको पासिँख्यको वसन्तदेवको अभिलेख,[६] संवत् ४८२ श्रावणशुक्ल प्रतिपदाको चौकीटारको गणदेव + भौमगुप्तको अभिलेख,[७] संवत् ४८२ श्रावणशुक्लप्रतिपदाको बलम्बू लुकुमहाद्यको गणदेव + भौमगुप्तको अभिलेख,[८] संवत् ४८२ श्रावणशुक्लप्रतिपदाको बलम्बू हितिगाको गणदेव + भौमगुप्तको अभिलेख,[९] संवत् ४८२ श्रावणशुक्लप्रतिपदाको किसिपिँडीको गणदेव + भौमगुप्तको अभिलेख,[१०] संवत् ४८२ श्रावणशुक्लप्रतिपदाको किसिपिँडी कुलाँछेटेलको गणदेव + भौमगुप्तको अभिलेख,[११] संवत् ४८२ श्रावणशुक्लप्रतिपदाको सतुङ्गलको गणदेव + भौमगुप्तको अभिलेख,[१२] संवत् ५१९ पौषशुक्लद्वितीयाको सतुङ्गलको शिवदेव + अंशुवर्माको अभिलेख,[१३]

---

२ धनवज्र वज्राचार्य २०३० : २२ संख्या = ९१-१०९। मत्स्यनारायणको सेरोफेरोमा पाइएकामध्ये यो शिलापत्र सबैभन्दा पुरानो देखिन्छ।

३ धनवज्र वज्राचार्य २०३० : २७ संख्या = १३५-१३७। वज्राचार्यका अनुसार माथिल्लो भाग नष्ट भइसकेको तर संवत् र दूतकको आधारमा यो शिलापत्र वसन्तदेवको हो भन्ने निश्चित छ।

४ धनवज्र वज्राचार्य २०३० : ३० संख्या = १४३-१४४। धेरै अंश खण्डित भइसकेको हुँदा यो शिलापत्रमा संवत् देखिँदैन्।

५ धनवज्र वज्राचार्य २०३० : ३१ संख्या = १४५-१४६।

६ धनवज्र वज्राचार्य २०३० : ३२ संख्या = १४७-१५२। ३१ र ३२ संख्याका शिलापत्रमा दूतक, सर्वदण्डनायक, महाप्रतिहार रविगुप्त छन्।

७ धनवज्र वज्राचार्य २०३० : ४४ संख्या = १८७-१८८।

८ धनवज्र वज्राचार्य २०३० : ४५ संख्या = १८९।

९ धनवज्र वज्राचार्य २०३० : ४६ संख्या = १९०।

१० धनवज्र वज्राचार्य २०३० : ४७ संख्या = १९१।

११ धनवज्र वज्राचार्य २०३० : ४८ संख्या = १९२।

१२ धनवज्र वज्राचार्य २०३० : ४९ संख्या = १९३-१९७। प्रशासन सुधारका लागि गणदेव+भौमगुप्तद्वारा विभिन्न स्थानमा एकैचोटि जारी गरिएका ४५, ४६, ४७, ४८ र ४९ संख्याका यी शिलापत्र एउटै बेहोराका छन्। यी सबैमा संवत् र तिथिमिति पनि उही नै छन्।

१३ धनवज्र वज्राचार्य २०३० : ६५ संख्या = २६३-२६५।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संवत् नष्ट भइसकेको किसिपिँडी लाछीटेलको अंशुवर्माको अभिलेख,[१४] शासकको नाम र संवत् खण्डित भइसकेको भेल्बुको अभिलेख,[१५] संवत् ४९ माघकृष्णद्वादशीको मालटारको ध्रुवदेव + जिष्णुगुप्तको अभिलेख,[१६] संवत् ५५ आश्विनशुक्लद्वितीयाको बलम्बूको भीमार्जुनदेव + जिष्णुगुप्तको अभिलेख,[१७] संवत् ५७ कार्तिकशुक्लद्वितीयाको थानकोटको भीमार्जुनदेव + जिष्णुगुप्तको अभिलेख,[१८] संवत् ९० वैशाखशुक्लदशमीको बलम्बूको शासकको नाम खण्डित भइसकेको अभिलेख,[१९] संवत् १२९ को बलम्बूको द्वितीय शिवदेवको अभिलेख,[२०] संवत् ४५४ ज्येष्ठकृष्णषष्ठीको बलम्बूको अभिलेख[२१] र संवत् तथा शासकको नाम खण्डित भइसकेको चोभार(कीर्तिपुर)को अभिलेख[२२] पाइएका छन् । यस मत्स्यगाउँवरिपरिका प्रकाशित २१ वटा लिच्छवि शिलापत्र रहेकामा अब मत्स्यनारायणको शिलापत्र पनि थपिन गएको छ । यस मत्स्यनारायणको शिलापत्रले मस्त्यगाउँ पनि लिच्छविकालमै बसिसकेको थियो भन्ने स्पष्ट भएको छ।

५. अभिलेखमा मत्स्यनारायणको प्राचीनता

गुप्तलिपिको यस शिलालेखको प्राप्तिले मच्छेगाउँको इतिहास कम्तीमा पनि लिच्छविकालसम्म पुगेको छ । यद्यपि मत्स्यनारायणपरिसरमा रहेको पञ्चकन्या (पञ्चमातृका) को मूर्तिफलक, पानी बगाउन प्रयोग गरिने माटेको नालका अवशेष आदि पुरावस्तुले पनि प्राचीन इतिहासको झल्को दिन्छन् । महान् अभिलेखविशेषज्ञ धनवज्र वज्राचार्यअनुसार चन्द्रागिरि र दहचोक डाँडाको बीच भागमा लिच्छविकालमा थुप्रै बस्ती बसेका थिए । सतुङ्गल, किसिपिँडी, थानकोट, भेल्बु, बलम्बु, पासिंख्य, मालटार, चौकीटार आदि यस भेकमा पाइएका अभिलेखबाट यो कुरा थाहा पाइन्छ ।[२३] शिलापत्रको अधिकांश भाग नष्ट भइसकेको भए तापनि मत्स्यनारायणको यस शिलापत्रको अवस्थितिले लिच्छविकालमा यहाँ बस्ती रहेको वा पानीको मूलस्रोत भएको वा अन्न उब्जनीको थलो वा अरू कुनै कारणले प्रसिद्ध रहेको थियो भन्ने संकेत पाइन्छ ।[२४] यस शिलापत्रमा बाँकी रहेका लिपिको पनि गहिरो अध्ययन हुन सके केही नयाँ तथ्यको प्रकाश हुनेनैछ ।

हिमवत्खण्डमा मच्छेगाउँका तीन पुराना नाम उल्लेखित छन्, **मीनतीर्थ, मत्स्यनारायणपुरी** र **नौक्वाथ** । हिमवत्खण्डमा **मातृतीर्थ**सँगै **मीनतीर्थ**को माहात्म्य दिइएको छ । **मीनतीर्थमाहात्म्य**अनुसार परापूर्वकालमा विष्णु भगवान्ले माछाको रूप धारण गरेको समयदेखि यस तीर्थमा मीनरूप विद्यमान छ । पशुपतिको पुण्ययुक्त स्थल यो हो भनेर यहाँ आषाढ

---

१४ धनवज्र वज्राचार्य २०३० : ८६ संख्या = ३६४-३६५ ।

१५ धनवज्र वज्राचार्य २०३० : १०३ संख्या = ३९५-३९७ ।

१६ धनवज्र वज्राचार्य २०३० : १०६ संख्या = ४०५-४०६ ।

१७ धनवज्र वज्राचार्य २०३० : ११० संख्या = ४१९-४२२ ।

१८ धनवज्र वज्राचार्य २०३० : ११५ संख्या = ४३३-४३७ ।

१९ धनवज्र वज्राचार्य २०३० : १३१ संख्या = ४९२-४९३ । वज्राचार्यअनुसार संवत्को आधारमा यो शिलापत्र नरेन्द्रदेवको हो । यहाँ उल्लेखित भए बमोजिम चन्द्रागिरि र दहचोक डाँडाको बीचको शीताटीग्राम शीताटीद्रङ्गको रूपमा विकास भइसकेको थाहा हुन्छ । यस तथ्यबाट मत्स्यनारायण क्षेत्रलाई पनि शीताटीद्रङ्गअन्तर्गत रहेको देखिन्छ ।

२० धनवज्र वज्राचार्य २०३० : १४३ संख्या = ५३०-५३६ ।

२१ धनवज्र वज्राचार्य २०३० : १५५ संख्या = ५८३ ।

२२ यो अभिलेख हरिराम जोशी, विसं. २०३० : १०५ सख्या = ३८१ मा प्रकाशित । चारघरेको यस शिलापत्रको विस्तृत पाठ भने आइसकेको छैन ।

२३ धनवज्र वज्राचार्य, २०५३ : २२ संख्या, थानकोट आदिनारायणको वसन्तदेवको अभिलेख = १०५ ।

२४ इतिहास, संस्कृति तथा पुरातत्त्व विषयका प्रा.डा. श्रीप्रेम खत्रीसँग गरिएको कुराकानीमा आधारित ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्णिमामा र चैत्रकृष्णको द्वादशीको दिन महातिथिमा भगवान् विष्णु माछाको रूपले माछाकै स्वरूपका देवताका साथ अवतीर्ण भएको पौराणिक गाथा छ । चैत्र, आषाढ, माघ र कार्तिक महीनामा स्नान गरेर सम्पूर्ण पापले मुक्त भई स्वर्ग प्राप्त हुन्छ । विशेषतः दुवै पक्षमध्ये कृष्णपक्षको द्वादशीमा स्नान गर्नाले मोक्ष र शुक्लपक्षको द्वादशीमा स्नान गर्नाले चाहिँ ऐश्वर्य मिल्दछ । नेमुनिका साथमा विरूपाक्षले पनि मीनतीर्थमा चैत्रकृष्णसप्तमीको दिन हातमा कुश लिई विधिपूर्वक संकल्प गरेर भक्तिपूर्वक स्नान गरेको वर्णन छ ।[२५] यहाँ उल्लेखित मत्स्यावतारको उत्पत्ति र महिमाको पौराणिक गाथाबाट मत्स्यनारायणको प्राचीनता झल्किन्छ ।

नेपालमाहात्म्यं एघाह्रौं अध्यायमा मत्स्यनारायणको महत्त्व यसरी स्पष्ट्याइएको छ-

भिन्नसेतुतटे रम्ये पर्वते चन्दनागिरौ ॥११६॥

विष्णुतीर्थमिति ख्यातं स्थानं मम भविष्यति ।

(बाँध फोरिएको किनारमा रहेको राम्रो चन्दनागिरि पर्वतमा विष्णुतीर्थ भनी प्रख्यात स्थान मेरो हुनेछ ।)[२६]

मीनचक्रह्रदे पुण्ये पुरतो मम सम्भवः ॥११६॥

द्वादश्यां स्नानमात्रेण मम लोके महीयते ।

(पुण्य दिने मीनचक्रदहको अगाडि मेरो उत्पत्ति हुन्छ । त्यहाँ द्वादशीमा स्नान गर्नाले मात्र पनि मेरो लोकमा रहन पाउँछ ।)[२७]

भाषावंशावलीको चौसट्ठी लिङ्गको वर्णनअन्तर्गत ४८ संख्यामा **रुद्रतीर्थ तक्षाक ह्रद कर्कोट ह्रद औषधि नदी सौवर्ण नदी मातातीर्थ मीनतीर्थ श्रीगोलोकेश्वर कीर्तिपुरसन्धि**[२८] भनी लेखिएको छ । यसको अर्थ यी ठाउँ त्यस ताकाको कीर्तिपुरअन्तर्गत पर्ने रहेछन् भन्ने थाहा हुन्छ ।

मत्स्यनारायणदेवालयवरिपरि पछिल्लो मध्यकालका थुप्रै शिलापत्र फेला परेका छन् । मत्स्यगाउँको वैष्णवीमन्दिरको नेपालसंवत् ७९० फाल्गुनकृष्णद्वितीयाको शिलालेखमा [...] **मछेन्द्रपुंली (मत्स्येन्द्रपुरी)**,[२९] मत्स्यनारायणस्थानको बौद्ध चैत्यको नेपालसंवत् ८२९ भाद्रकृष्णप्रतिपदाको शिलालेखमा [...] **श्रीमछेपुरिदेशस्थान (श्रीमत्स्यपुरीदेशस्थान)** र [...] **नेतुक्वाठ**[३०] र वैष्णवीदेवीदेवलको नेपालसंवत् ८४० श्रावणशुक्लप्रतिपदाको शिलालेखमा [...] **श्रीमछेपुरि नतुक्वादेशः**[३१] आदि शब्दावली उत्कीर्ण छन् । यद्यपि अझैसम्म पनि मत्स्यनारायण क्षेत्रका

---

२५ हिमवत्खण्डः, २०१३ : १३९ अध्याय = २६६, २७४-२७५ = परिशिष्ट अ ।

२६ पूर्णिमाका सम्पादक डा. श्रीमहेशराज पन्तले गरिदिनुभएको नेपाली उल्था ।

२७ पूर्णिमाका सम्पादक डा. श्रीमहेशराज पन्तले गरिदिनुभएको नेपाली उल्था ।

२८ **भाषावंशावली**, १ भाग : २०२० = ७ ।

२९ धनवज्र वज्राचार्य, २०५६ : १२६ संख्या = १६७ । यस अभिलेखको अन्तिम लहरमा- ॥ **शुभ** ॥ **मछेन्द्रपुंली** ॥ लेखिएको छ । राम्रो अवस्थामा रहेको यस शिलालेखमा मत्स्येन्द्रपुरीका श्री ३ परमेश्वरी वैष्णवीदेवी र श्री ३ परमेश्वरी इन्द्रायणीदेवीलाई द्वारे सत्यरामाजु र पत्नी विमलाजुले दुइवट्य सिंह चढाएको कुरा छ । हालसम्म पाइएका यस क्षेत्रमा मध्यकालिक अभिलेखमा पनि यो सबैभन्दा अगाडिको देखिन आएको छ ।

३० धनवज्र वज्राचार्य, २०५६ : २९५ संख्या = ३६८-३६९ । नेपालसंवत् ८२९ को यस अभिलेखमा [...] **स्वस्ति अदे शुतवाराहकरभ्ये वेवश्वतमनोन्तरे करिजुगे प्रथमचरने जमुदिप्य भरतवन्दे, आर्यात्रत पूर्ण्णेस्थान्य हेमवंपादे पशुपतिसन्निथाने, वाशुकिक्षेत्र वाग्मत्यता पश्चिमकुरे, नेपालदेशान्तरगत श्रीमच्छेपुरि देश स्थाने एहिवा पूर्ण्णे भूमि एवं** [...] **दानपति नेतुक्वाठ देश न्हुरेछेगृह ॥ ग्वपारिक ग्यान देव प्रमुखन** कुँदिएको छ । (कल्याण होस् । आज श्वेतवराहकल्प, वैवस्वतमन्वन्तर, कलियुगको पहिलो चरणमा, जम्बुद्वीप भरतखण्डमा, आर्यावर्त पुण्यस्थानमा, हिमालयको फेदीमा पशुपतिको नजीकै वासुकिक्षेत्र वाग्वतीको पश्चिम किनारामा नेपालदेशको अन्तर्गत रहेको मस्त्यपुरीदेशस्थानमा, यही पुण्यभूमिमा र [...] दानपति नेतुक्वाठदेश न्हुरेछेंगृहका गोपाल ज्ञानदेव प्रमुख)।

३१ धनवज्र वज्राचार्य, २०५६ : ३६६ संख्या = ४२५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मध्यकालिक अभिलेखको विस्तृत अध्ययन भइनसकेको हुँदा मत्स्यनारायणसम्बन्धी महत्त्वपूर्ण विवरण प्रकाश हुने सम्भावना प्रशस्तै छ ।

नेपालसंवत् ७८९ माघशुक्लत्रयोदशीको मिति भएको प्रताप मल्लको **श्रीतीर्थजात्रा** ठ्यासफूमा **विभीषणसिद्धितीर्थ**का ४६ तीर्थका नाममा [...] **मच्छकुन्दे (मत्स्यकुण्ड)** उल्लेखित छ ।[३२] तीर्थका नाउँसहित ६४ लिङ्गका नाउँअन्तर्गत गोलोकेश्वर लिङ्गक्षेत्रमा [...] **नलिक्वाठतीर्थ** (मत्स्यनारायण) र **मातातीर्थ** पनि समाविष्ट छन् । **श्रीतीर्थजात्रामा** पनि हिमवत्खण्डमा राखिएका तिथि चैत्रकृष्णसप्तमी, आषाढकृष्णद्वादशी, माघकृष्णद्वादशी र कार्तिककृष्णद्वादशी स्नानदिन राखिएको छ ।[३३] मातातीर्थको नजीक र स्नानतिथिको आधारमा पनि नलिक्वाथतीर्थ र मीनतीर्थ एकै तीर्थका नाम हुन् भन्ने कुरामा सन्देह रहँदैन । पाइएका मध्यकालका अभिलेख र प्रताप मल्लको तीर्थजात्रा ठ्यासफूमा मत्स्यनारायणसँगै उत्कीर्ण **पुरी**, **देश**, **तीर्थ** आदि शब्दबाट मच्छेगाउँले मध्यकालमा काठमाडौँउपत्यकाको एक प्रसिद्ध स्थानको रूपमा महत्त्व पाएको देखिन्छ ।

नरहरिपुर र **नौक्वाथ** स्थानीय चलनचल्तीका पुराना नाम पनि छन् । नरहरिपुरको अर्थको यकिन ज्ञान हुन नसके पनि मध्यकालिक नाम नौक्वाथ/नलिक्वाठ/नेतुक्वाठ नामकरणको सन्दर्भमा पहिले एक जातिको मात्र बस्ती भएको यस ठाउँमा काठमाडौँ उपत्यकाका विभिन्न ठाउँका नौ बस्तीका मानिसलाई स्थानान्तरण गरिएको जनश्रुति छ ।[३४]

मच्छेगाउँको मत्स्यनारायण काठमाडौँ उपत्यकाको एक मात्र विष्णुको मत्स्यावतार रूप हो भन्ने एक थरी मत छ । काठमाडौँ महानगरपालिका वडा नं. १२, त्युयूमतटोलको ध्रुवदेव र जिष्णुगुप्तको अभिलेख रहेको नजीकैको मन्दिर (आजभोलि ओन्देनारायण भनिन्छ) लाई श्रीभगवान्लाल इन्द्रजी एवं श्रीगेओर्ग ब्यूलर,[३५] श्रीरेनिइरो नोली,[३६] श्रीधनवज्र वज्राचार्य,[३७] र श्रीहरिरामले जोशी[३८]ले **मीननारायण** भनेका छन् । यी अभिलेख-अन्वेषकका आधारले मच्छेगाउँको मत्स्यनारायण काठमाडौँउपत्यकाको एकमात्र विष्णुको मत्स्यावतार रूप हो भन्ने मतलाई खण्डन गरिदिएको छ । तर प्रस्तुत अध्ययनको सन्दर्भ मच्छेगाउँको मत्स्यनाराणको अभिलेखसँग मात्र सम्बद्ध भएको हुँदा यस मन्दिरबारे धेरै लेख्नु विषयसङ्गत ठहरिँदैन ।

मत्स्यनाराणको इतिहास जनश्रुति तथा किंवदन्तीमा आधारित छ । धेरैजसो धार्मिक, ऐतिहासिक र सांस्कृतिक वृत्तान्त गुमनाम नै रहेको अवस्थामा पनि बेलाबेलामा प्राप्त हुने वस्तुहरूबाट यहाँको केहीनकेही रहस्योद्घाटन भइरहेकै छ । यहाँ प्रस्तुत गरिएका **लिच्छविकालिक शिलापत्र, हिमवत्खण्ड, नेपालमाहात्म्य, मध्यकालका अभिलेख** र **श्रीतीर्थजात्रा** आदि विविध स्रोतहरूले मत्स्यनारायणको प्राचीनतालाई प्रतिविम्बित गरेका छन् ।

---

३२ महेशराज पन्त, २०६९ = ४० । हाल भक्तपुर राष्ट्रिय कलासङ्ग्रहालयमा रहेको, आफ्ना दिवंगत छोरा चक्रवर्तेन्द्र मल्लको नाउँमा रानीपोखरी खनाउने क्रममा प्रताप मल्लद्वारा तयार गराइएको श्रीतीर्थजात्रा ठ्यासफू **प्रताप मल्लको तीर्थजात्रा** ठ्यासफूको मूलको १८ पृष्ठ ।

३३ महेशराज पन्त, २०६९ = ४३ **प्रताप मल्लको तीर्थजात्रा** ठ्यासफूको मूलपाठ ।

३४ मत्स्यनारायणको अध्ययनका क्रममा स्थानीय देवकुमार देसारसँग विसं. २०७० मङ्सीरमा गरिएको कुराकानीका आधारमा ।

३५ भगवान्लाल इन्द्रजी एवं गेओर्ग ब्यूलर, ईसं. १८८०, १० संख्या = १७३ ।

३६ रेनिइरो नोलीको ईसं. १९५६, ५२ संख्या = ६८ ।

३७ धनवज्र वज्राचार्य, २०५३ : १०७ संख्या, मीननारायणनिरको ध्रुवदेव+ जिष्णुगुप्तको अभिलेख = ४०७ ।

३८ हरिराम जोशी २०३० : १०४ संख्या, काठमाडौँ मीननारायणस्थानको अभिलेख = ३७६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. उपसंहार

मत्स्यनारायणमा प्राप्त भएको यस शिलापत्रले लिच्छविकालिक इतिहासको अध्ययनमार्गलाई अझ फराकिलो बनाइदिएको छ । परन्तु यस शिलापत्रमा बाँचेका अक्षरको पूर्णपाठ आउनुपर्ने खाँचो छँदैछ । यस शिलापत्रको पूर्णपाठले मच्छेगाउँको ऐतिहासिकतालाई मात्र उजागर गर्नेछैन, सूक्ष्मरूपमा भए पनि लिच्छविकालका महत्त्वपूर्ण सूचनाको सञ्चार पनि गर्ने नै छ । अन्त्यमा शिलापत्रमा बाँचेका अक्षरहरूको पूर्णपाठ गर्ने जिम्मा विद्वान् अन्वेषकहरूलाई नै ।

परिशिष्ट अ

भूयोऽगमद्विरूपाक्षो मुनिना तेन वै समम् ।
मीनतीर्थं च यत्रासीन्मीनरूपैः सुरैः सह ।।१।।
चैत्रकृष्णस्य सप्तम्यां सस्नौ भक्त्या यथाविधि ।
संकल्प्य विधिवत्तीर्थे कुशहस्तो विरूपदृक् ।।२।।
श्रृणु विप्र प्रवक्ष्यामि मीनतीर्थप्रशंसनम् ।
सिद्धर्षिभिः सुरैर्दैत्यैः सेवितं सततं मुदा ।।५।।
विष्णुर्दधार पूर्वस्मिन्मीनरूपं यथा विभुः ।
ततः प्रभृति चात्राऽसौ मीनरूपः समासते ।।६।।
आषाढ्यां चैत्रकृष्णायां द्वादश्यां च महातिथौ ।
अवततार विष्णुर्वै मीनाङ्गेन सुरैः[३९] सह ।।७।।
क्षेत्रे पाशुपते पुण्ये ज्ञात्वासीवाद्धरिः सदा ।
मीनरूपेण देवैश्च सार्द्ध च मीनविग्रहैः ।।८।।
तत्र स्नात्वा दिवं याति सर्वपापैर्विवर्जितः ।
आषाढ्यां वा मधौ माघे कार्तिके च विशेषतः ।।९।।
द्वादश्यां च विशेषेण पक्षयोरुभयोरपि ।
मोक्षदा कृष्णपक्षस्य भूतिदा स्यात्सितस्य च ।।१०।।
(हिमवत्खण्ड,१३९ अध्याय,२०१३:२६६ मूलपाठ)

नेपालीमा उल्था

फेरि ती विरूपाक्ष ती मुनि (नेमुनि)का साथ माछारूप लिएर रहेका देवताहरूका साथ विद्यमान मीनतीर्थमा जाँदा भए ।१।। तब ती विरूपाक्षले चैत्रकृष्णसप्तमीको दिन, हातमा कुश लिएर विधिपूर्वक संकल्प गरेर भक्तिपूर्वक स्नान गरे ।।२।। हे ब्राह्मण सिद्ध र ऋषि, देवता र दैत्यहरूले प्रसन्नतापूर्वक सदा सेवा गरिएको त्यस मीनतीर्थको माहात्म्य म (नेमुनि) भन्दछु, सुन ।।५।। पूर्व कालमा यसै ठाउँमा विष्णु भगवान्‌ले माछाको रूप धारण गरे । त्यहीदेखि यस तीर्थमा मीनरूप रहिआएका छन् ।।६।। आषाढको पूर्णिमामा र चैत्रकृष्णद्वादशीको महातिथिमा विष्णु माछाको स्वरूप लिएर देवताहरूका साथ यहाँ अवतीर्ण भए ।।७।। पशुपतिको पुण्यस्थल हो भनेर भगवान् विष्णु माछाको रूपले माछाकै स्वरूप भएका देवताहरूको साथ रहँदा भए ।।८।। आषाढको पूर्णिमामा अथवा खास गरी चैत्र, माघ र कार्तिकको कृष्णपक्षको द्वादशीमा स्नान गर्नाले मोक्ष दिने र तिनै महीनाको शुक्लपक्षको द्वादशीमा स्नान गर्नाले ऐश्वर्य दिने हुन्छ ।।९-१०।।[४०]

(**हिमवत्खण्ड**, १३९ अध्याय, २०१३ : २७५)

सन्दर्भग्रन्थावली

धनवज्र वज्राचार्य
= वि.सं. २०३०, **मध्यकालका अभिलेख**,
काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय ।

नरहरिनाथ एवं अरू (सम्पादक र अनुवादक)
= वि.सं. २०१३, **हिमवत्खण्डः** (हिमालयको पौराणिक कथा), काशी : योगप्रचारिणी ।

मुरलीधर झा (सम्पादक)
= वि.सं. १९५७, **श्रीस्कन्दपुराणान्तर्गत नेपालमाहात्म्यम्**,

---

३९ मूलपाठमा **मीनाङ्गेनासुरैः** छापिए पनि अर्थसङ्गति मिलाउन **मीनाङ्गेन सुरैः** भनी पाठ संशोधन गरिएको छ । -डा. महेशराज पन्त ।

४० प्रकाशित उल्थामा अत्यावश्यक ठाउँमा सच्याइएको छ । -डा. महेशराज पन्त ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनारस : प्राभाकरी कम्पनी ।
नयनाथ पौडेल (सम्पादक)
= २०२०, **भाषा वंशावली**, (१ भाग), काठमाडौँ : पुरातत्त्व विभाग नेपाल राष्ट्रिय पुस्तकालय ।
महेशराज पन्त
= विसं. २०६९, "प्रताप मल्लको तीर्थजात्रा", **पूर्णिमा** (३५ वर्ष, १ अङ्क , १३७ पूर्णाङ्क), काठमाडौँ : संशोधन-मण्डल ।
भगवान्लाल इन्द्रजी र गेओर्ग ब्यूलर
= ईसं. १८८० "इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्", **द इण्डियन एण्टिक्वेरी**, (९ ठेली) बम्बई ।
रेनिइरो नोली
= ईसं. १९५६, **नेपालिज् इन्स्क्रिप्शन्ज् इन् गुप्त क्यार्अक्ट्र्ज्** (१ भाग), रोम : इज. एम. इ. ओ. ।
हरिराम जोशी (सम्पादक)
= विसं. २०३०, **नेपालको प्राचीन अभिलेख**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

[१ चित्रसंख्या]

मत्स्यगाउँको लिच्छविकालिक शिलापत्र



[२ चित्रसंख्या]

मत्स्यगाउँको लिच्छविकालिक शिलापत्रमा बाँचेको लिपि अंश



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रिय अभिलेखालयमा रहेका "मणि काबुम्" को छोटो परिचय

- कल्पना पराजुली*

विषय प्रवेशः

राष्ट्रिय अभिलेखालयमा हस्त लिखित तथा मुद्रिक गरी आठ हजार भन्दा बढी संख्यामा तिब्बती भाषामा लेखिएका ग्रन्थहरू रहेका छन् । १०२३ नं पोकामा रहेका धेरै जसो ग्रन्थहरूको माइक्रो फिल्म पनि उपलब्ध छन् । यिनीहरूलाई AT १ देखि १७२ सम्ममा हेर्न सकिने व्वस्था मिलाइएको छ। त्यस्तै केही ग्रन्थहरूको माइक्रो फिल्म रिल ब (६३५-८३६) र द्य (५४३-६८२) मा पनि अवलोकन गर्न सकिन्छ जसको सूची चाहिँ उपलब्ध छैन । यिनै ग्रन्थहरू मध्येको"मणि काबुम" ग्रन्थ मालाको विषय वस्तुलाई संक्षेपमा यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

"मणि काबुम" को परिचय :

सम्पूर्ण बुद्धहरूका करुणाका प्रतिरूप बोधिसत्त्व अवलोकितेश्वरको मन्त्र"ओ मणि पद्मे हुँ" भएको कुरा त सर्वविदितै छ । भोट भाषाको काबुम शब्दमा दुई पदहरू रहेका छन् । बुद्ध तथा गुरुहरूका वचनलाई तिब्बती भाषामा 'का' (व क अ) भन्ने गरिन्छ भने धेरै जनाउन वा लाखौं भन्ने शब्द बुझाउनलाई बुम (अ वुम) शब्दको प्रयोग गरेको पाइन्छ ।"ओँ मणि पद्मे हुँ" लाई छोटकरीमा 'मणि' मात्रले पनि बुझाउने गरिन्छ । तसर्थः 'मणि' वा"ओँ मणि पद्मे हुँ" को उत्पत्ति, व्याख्या, प्रयोग र इतिहास सम्बन्धी धेरै कुराहरूको एकै ठाउँमा संकलन गरिएको ग्रन्थलाई नै 'मणि काबुम' भनिन्छ । तेस्तै यो मन्त्रले संकेत गरेका अवलोकितेश्वर सम्बन्धी उपदेशहरूको संग्रहलाई 'मणि' विषयक उपदेश भन्ने गरिन्छ । अवलोकितेश्वरसँग सम्बन्धित बुद्ध र बौद्ध आचार्यहरूको सातौँ शताब्दिमा तिब्बती भाषामा भएका अनुवादहरूको संग्रहलाई राजा स्रोङ्चेन गाम्पोको जीवनी तथा उपदेशको साथमा गरिएको संकलन नै 'मणि' काबुम हो । तसर्थः 'मणि काबुम' भोट सम्राट स्रोङ्चेन गाम्पोको बौद्ध धर्मसँग सम्बन्धित क्रियाकलापहरूलाई प्रमुख विषय वस्तु बनाइएको पाइन्छ । यसको अलवा उनका मन्त्रि थोन्मि संमोटले अवलोकितेश्वर विषयमा संस्कृत भाषामा लेखिएका ग्रन्थको तिब्बती भाषामा गरेका अनुवादहरूको संकलन पनि यस ग्रन्थमा राखिएको पाइन्छ । सातौं शताब्दिमा हिम देश तिब्बतीमा भएका ऐतिहासिक घटना क्रम नेपाल तथा चीनसँगको वैवाहिक सम्बन्ध र अवलोकितेश्वरको तिब्बतमा भएको प्रभावको वर्णन गरिएको ग्रन्थ नै 'मणि काबुम' हो ।

* तिब्बती भाषा सहायक, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मणि काबुमको ऐतिहासिकताः

तिब्बतमा सातौँ शताब्दिमा भएका घटना क्रमको वयान भएता पनि यो ग्रन्थको पहिलो प्रकाशन बाह्रौँ शताब्दिका भोट निधि प्रकाशक (तेर्तोन) डुब्थोब् ङोड्डुबले गरेका छन्। तसर्थः यो ग्रन्थ निधिहरू आधारित देखिन्छ । तेह्रौँ शताब्दि पछि यो ग्रन्थको दुई ओटा पोथीहरूको रूपमा लेखेर वितरण गर्न थालेको पाइन्छ। पछि पन्धौँ शताब्दिमा यसका छापिएका प्रतिहरू पनि उपलब्ध छन् । जसको राष्ट्रिय अभिलेखालयमा पनि दुई प्रति उपलब्ध छन्। यहाँको तिब्बती शाखाको पोका संख्या ९५९ र ९६० मा माङ्युल गुन्थाङमा मुद्रित भनी छापिएको छ त्यस्तै पोका संख्या ६६९ र ६७० मा पनि एक सेट मणि काबुम् छापिएको ग्रन्थको रूपमा पाइन्छ।

केही अंश ग्रन्थहरू पोका संख्या ९७१ मा पनि पाइन्छन्।

मणि काबुम विषयमा पूर्व अध्ययन :

भुटानबाट धेरै पल्ट प्रकाशित तिब्बती भाषाको संस्करणको आधारमा वेलायती विद्धान माइकल एरीसले भुटानको पुरानो इतिहास लेख्ने क्रममा १६ पृष्ठ लामो पणि काबुम्को विश्लेषण गरेका छन् । अर्का विद्धान म्याथ्थ्यु भ्यास्टेनले एउटा पूरै लेख मणि काबुम ग्रन्थको विषय वस्तुमा केन्द्रीत रही छापेका छन्। फान्ज कार्ल एर्हार्डले त नेपालको राष्ट्रिय अभिलेखालयमा सुरक्षित मणि काबुम्को केही अंशको अंग्रेजी अनुवाद पनि गरेका छन् । मीन बहादुर शाक्यले नेपाली राजकुमारी भृकुटीको विषयमा अनुसन्धान गर्दा पनि भुटानबाट प्रकाशित पुनाखा संस्करणको केही अंश उद्धृत गरेका छन् । अर्का नेपाली विद्धान निरञ्जन भट्टराईले पनि नेपाल र चीनको सम्बन्धको चर्चा गर्ने क्रममा स्रोङचेन गाम्पो र उनका रानीहरूको प्रसङ्गमा अप्रत्यक्ष रूपमा मणि काबुमका विषयहरू लेखेका छन्।

मणि काबुम्को विषयवस्तु :

दुई वटा ग्रन्थहरूमा रहेको मणि काबुम भित्र पहिलोमा अवलोकितेश्वरसंग सम्बन्धित सूत्र, धारणी तथा स्रोङ्चेन गाम्पो राजाको विस्तृत जीवनी पाइन्छ। दोस्रो ग्रन्थमा भने राजा स्रोङ्चेन गाम्पो विरचित साधना र पूजा विधिहरू छन् । पहिलो ग्रन्थको सूत्र खण्ड (दोकार) मा सहस्र बुद्ध कारुणिकहरूको वयान गरिएको पाइन्छ। संस्कृत भाषामा पनि उपलब्ध गुण करण्ड व्युह सूत्र (दोदे सामावोग) का चार अध्या पनि यो ग्रन्थमा समेटिएको छ। हिमाली क्षेत्रमा व्यापक अभ्यास गरिने सहस्र भूज लोकेश्वर (च्थेन्टेर्सिग वाङ्छुग छयाग्तोङ) को वयान पनि यो ग्रन्थमा विस्तारमा गरिएको पाइन्छ।

पहिलो ग्रन्थमा भएका विषयवस्तुहरू मध्ये सबै भन्दा महत्त्वपूर्ण अध्याय सम्राट स्रोङ्चेन गाम्पोको विस्तृत जीवनी हो। यो अध्यायमा पनि धेरै महत्त्वपूर्ण विषयवस्तु समावेश गरिएका छन् । भोट क्षेत्रमा मानवहरूको उत्पत्ति तिब्बतमा बौद्ध धर्मको प्रवेशको बयान गरिसके पछि मात्र स्रोङ्चेन गाम्पोको जीवनी दिइएको छ। राजाको जन्म तिब्बतमा लेखन पद्धतिको सुरुवात बौद्ध धर्मको तिब्बती भाषामा अनुवाद, तिब्बतमा धार्मिक कानूनको निर्माण, काय, वाक, तथा चित्रको प्रतीकको तिब्बत प्रवेश जस्ता कुराहरूको वयान गरिसके पछि नेपाली राजकुमारी भृकुटी (ठिचुन र चिनीया राजकुमारी कोङ्जोको विवाहालाई प्रमुख रूपमा दर्शाइएको छ । ती राजकुमारीहरूको आफ्ना माइती देशहरूबाट ल्याएका बौद्ध मूर्तिहरूको स्थापना गर्न बनाइएका मन्दिरहरूको निर्माण सम्बन्धी कुरालाई पनि यो अध्यायमा वताइएको छ । दोस्रो ग्रन्थमा चाहिँ इतिहासका कुरा भन्दा पनि अवलोकितेश्बरको अभ्याससँग सम्बन्धित उपदेशहरू छन्।

मणि काबुमको गुरु परम्परा

राष्ट्रिय अभिलेखालयमा रहेको पोका संख्या ९५९ र रील नम्बर AT १६७।४ मा 'का' अक्षर अंकित छ। यसमा ३२७ पन्नाहरू छन्। यसमा जम्मा १८ ओटा चित्रहरू पनि छापिएका छन्। माङ्युल गुन्थाङ नामक दक्षिण पश्चिम तिब्बती प्रान्तका प्रसिद्ध गुरुहरूको नाम हरेक चित्र सँगै मुद्रित गरिएको छ। २२० औँ पन्ना अग्र भागमा मणि काबुम ग्रन्थको निधि तिमी लाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशित गर्ने लोव्पोन डुव्थोव् ङोडुव र ङादाग् न्याङ राल्पा धेन (११२४-१२०४) हरूको चित्र दायाँ र बायाँ दिइएको छ। अन्य गुरुहरूमा लामा मिक्यो दोर्जे, जेचुन शाक्य साङ्पो, लामा ल्हाजे गेवा वुम् पाम्मो येशे छोग्, छोजे साङपो ग्याल्छेन र खेडुव पाल्देन साङ्गेका चित्रहरू पनि छन्। यी गुरुहरूको बारेमा बाह्रौँ पन्ना यो परम्पराका गुरुहरूको नामावली भनी यसरी दिइएको छ। धर्मकाय अमिताभ, संभोगकाय अवलोकितेश्वर, निर्माण काय स्रोङ्चेन गाम्पो, आचार्य पद्म संभव, ठिसोङ देचेन, डुव्थोव ङोडुव ङादाग न्याङ, लातोपा मिक्यो दोर्जे, जेचुन शाक्य साङ्पो हुदैँ कुन्गा नाम्वयाल दे सम्म आई पुग्यो। भुटानबाट बारम्बार छापिएको मणि काबुमको आधार ग्रन्थ पनि यही माग्ङ्युल गुन्थाङमा मुद्रित ग्रन्थ हुन सक्ने आधारहरू भेटिन्छन्। तिब्बतबाट छापिएर आएका मणि काबुमहरू गुरु परम्परा अलग रूपमा दिइएको पाइन्छ।

उपसंहार

नेपालको प्राचीन इतिहाससँग सम्बन्धित महत्त्वपूर्ण कुराहरू मणि काबुम् ग्रन्थमा पाइन्छन्। नेपालको धार्मिक तथा सामाजिक अवस्था तिब्बती सम्राट स्रोङ्चेन गाम्पोको बौद्ध धर्मप्रतिको लगाव र तत्कालिन अवस्थामा अबलोकितेश्वरसँग सम्बन्धित अभ्यास पद्धति यो ग्रन्थमा विस्तृत रूपमा वयान गरिएको छ। नेपाली विद्धानहरूका लागि अपरिहार्य यो ग्रन्थको शाब्दिक अनुवाद हुन सकेमा नेपाली इतिहासमा नयाँ कुराहरू उजागर हुने छन्। नेपालको हिमाली तथा पहाडी क्षेत्रका अधिकांश कहायानी साधकहरू नियमित रूपमा अभ्यास तथा जप गर्ने 'ॐ मणि पद्मे हूँ मंत्र युक्त अवलोकितेश्वरको विषयमा विस्तृत रूपमा जानकारी हुने ग्रन्थ महायान बौद्ध धर्मको महत्त्वपूर्ण ग्रन्थ हो। यसको विषयवस्तुलाई भविष्यमा उजागर गर्न राष्ट्रिय अभिलेखालय महत्त्वपूर्ण स्थान हो जहाँ विद्धानहरू आएर यो ग्रन्थहरूको माइको फिल्म संस्करण अध्ययन गर्न सक्ने छन्।

पाद टिप्पणिहरू :

१. पुण्यप्रसाद पराजुली - राष्ट्रिय अभिलेखालयको भोट वाङ्मय एक विश्लेषण पृण्ठ ३२

२. Michael Aris - Bhutan, The Early History of Himalayan Kingdom PP. 8-24

३. Matthew Kapstein - Remarks on the Mani bka bum and the cutt of Avalokitesvar in Tibet PP. 79-93

४. Franz - karl Ehrhard - The Transmission of dmar Khrid Tshsem - bulugs and the Mani bka" bum

५. Min Bahadur Shakya - Princess Bhrikuti Devi PP.7

६. निरञ्जन भट्टराई नेपाल-चीन सम्बन्ध पृष्ठ ९

सन्दर्भ सामग्री :

Aris Michael, 1980 : Bhutan, The Early History of Himalayan Kingdom Kikas Publishing House Pvt Ltd, India.

Ehrhard, Franz - Karl: The Trans mission of the dmarkhnd Tshembu lvgs and the mani bka" bum.

Kapstein, Matthew. 1992: Resmarks on the Mani bka" bum and the cult of Avalokitesvara in Tibet in Tibitan Buddhism : Reason and Revelation, New Yoek PP.79-93-163-169

Rinpoche, trizin Tsering, 2007: Mani Kabum (2 Volumes) n.p.d.

Shakya, Min Bahadur 1997, The life and contribution of Nepalease Princess Bhrikuti Devi to Tibetan History, Book faith india Delhi

पराजुली पुण्यप्रसाद २०६३ राष्ट्रिय अभिलेखालयमा संरक्षित तिब्बती वाङ्मय विवरण अभिलेख २३ राष्ट्रिय अभिलेखालय नेपाल

पराजुली पुण्यप्रसाद २०६८ राष्ट्रिय अभिलेखालयको भोट वाङ्मय एक विश्लेषण, अभिलेखा २९ राष्ट्रिय अभिलेखालय नेपाल

भट्टराई निरन्जन, २०५८ नेपाल-चीन सम्बन्ध, साझा प्रकाशन, ललितपुर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

The Transliteration of the Gtsang khrims yig chen mo–A Tibetan legal code kept at the National Archives of Nepal

Dr. Christoph Cüppers, Lumbini*

In Abhilekh 30 (V.S. 2069), pp. 87-106, I published a facsimile edition of this important legal document, which is a unique version of the Tibetan legal codes. In the present issue I would like to provide a transliteration of this in the *tshugs-thung* script written document. I use the transliteration system of Turrel Wylie with the following additions: Z stands for any honorific sign or chapter marker; the numbering of the lines is in square brackets, from [1] to [405]; abbreviations or contractions of Tibetan words are marked by round brackets, such as (brgya), (lam), (rnams), etc.; deleted text is marked as {_} or by; subscribed corrections are marked as subscribed letters, such as $_{m}$chu, rtug$_{s}$, or na$_{g}$.

TRANSLITERATION

Z gtsang pa'i khrims yig che mo /

[1] Z gtsang pa'i khrims yig chen mo / skar ma bstan skyong dbang po'i ljags las bsgrigs pa /

bskal pa bzang po'i legs byas mchog tu dar zhing yangs pa bsod (nams) [2] kun gyi gzhir gyur pa /

bkra shis dge ba'i gter gyur yang dag bden pa gsung mdzad lha mi'i ston pa (brgya) phrag bcu /

rim par byon las mchog gi bla ma zas gtsang [3] sras po shâkya'i tog gi nor bu cher /

gus pas rtag par 'dud de deng 'dir srid zhi'i dpal dang yon tan kun gyi phun tshogs rtsol /

srid zhi'i phun tshogs 'chi med (lam) yangs po /
[4] tshogs gnyis ngo mtshar snang bas yongs 'gengs pa /
'dren pa'i gtso bo mnyam med zas gtsang sras /
chos dang dge 'dun bcas pas dge legs rtsol /
e ma sgron [5] bskal gnyis pa bzhin /
gsar du shar ba'i dus bzang por /
mchod yon nyi zla zung gcig gis /
bka' khrims stobs kyi 'khor los bsgyur /
mnga' 'bangs dus bde'i [6] dpal la spyod /
skyid pa'i nyi ma gung nas shar /
'di 'dra'i bskal bzang mthong (rnams) skyid /
sngon bsags bsod nams mthu las 'ongs /

zhes brjod nas / 'dir mchod [7] yon gong ma'i dus la (rnams) yar gdong dpe ser bas bsgrigs pa'i zhal lce bcu gnyis pa nas / dgos don rnams la dbri bsnan med par sor bzhag dang / de phyin bsngags brjod kyi [8] gleng bzhi'i lung 'dra de / mgo brjod kyi 'bul rtsom

* Director of Lumbini International Research Institute, Lumbini

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

tshigs bcad (rnams) dor nas / yang tig dgos don go bder bkod pa la / [Seal]

Chapter one, Law of Complaint and Interrogation

thog mar zhu zhes bden brdzun gyi zhal che ni / dang [9] por smra ba'i spang blangs dang ldan pas / thog ma mi dod (mnyam) nges bsher ba dang / dod mi (mnyam) na gdong bsher mi byed par / lkog sbyangs gtong ba sogs blo kha rdzogs thabs su 'gro [10] ba spyir gyi yang byed dgos shing / lhag par skye bo dmangs kyi rang 'dod kyi rang skyon ma mthong / khrims kyi go don ma lon / rang snang gi 'dod pas khrims sar nye (rgyud) ring (rgyud) chad pa [11] chad len zhu res kyi gyod kha rang gis myong ba zhig 'dug na'ang / de rigs kyi chad pa zhus mi (rnams) la thal cha mi byed / bsher 'bod thog bden brdzun brtags pas chad pa thob nges [12] na de thog tu gtong ba gzhir bcas shing / g.yo zhus yin na zhu khan thog chad pa de kha slog yang ham res byung na chad pa de kha sbus su bzhag pa'i dkru dag gi [13] yo gal byed / gnyis kas dag mthon na / chad pa re re'am phyed khyer nag che chung la dpags pa 'gel / kha chu khrims sar thal nas sla nang zlum byed na nyes par dpags [14] pa'i khrims 'degs kyi phyed dang zhu 'gog 'os babs khrims sar phul nas bzlos pa nang chags su 'dum 'jug / [Seal]

Chapter two, Law of Arrest and Execution

Z gnyis pa bzung 'khyig khrims ra'i zhal che ni / pho [15] brang 'og tu khu 'bod mdzes mtshon bor ba byas na bzungs 'khyig / gri 'don (rgya) 'dre byas na bzung 'khyig / rtogs hral rkun ma byas na bzung 'khyig / ar jag khrog [16] brdungs byas na bzung 'khyig / mgo mir rang bshed byas na bzung 'khyig / 'os tshod gros tshang grus na bzung 'khyig / 'bangs kyi dpon la 'dzings nas bzung 'khyig / mi (mnyams) [17] kha lan slog na bzung 'khyig (sogs) skabs dang sbyor dgos pa yin te / nyes pa che ba la sdig 'khyig dam phrug gis mnan nas an rtos lci bas gnon / de khar dpags pa la drag [18] zhan gyi srog rin bzhes pa / rku ngo gtong ba / chad go gcod pa sogs ji ltar skabs dang bstun pa byed / [Seal]

Chapter three, Law of Corporal Punishment

Z (gsum) pa nag chen khrag sbyor gyi zhal che ni mtshams med [19] pa lnga'i las byas pa / bla ma slob dpon dkrongs pa / dge 'dun gyi rdzas dang (rgyal) po'i dkor mdzod la 'bags pa / dpon khungs su zhabs 'dren 'tshab chen byas pa / dug sbyor [20] gtong / gtad phung zor / dme bsad snol sbyor / g.yo 'phrul sbyor dngos rjes (gsum) gyi sgo nas mi bsad rta khyer ba / dus bde sa 'jam khrims zhod 'jags skabs ar jag 'phrog [21] bcoms brkus bsad / go gyon mtshon thogs kyi mi dpung gra bsdebs / mi (mnyam) par slog pa / 'bangs gyen ldog / mdor na mig ltos la gnod pa'i khrims 'gal gyi bya ba [22] byas par lus steng nas mig 'don bsgyis 'dreg lce gcod lag 'breg g.yang dang chu la skyur ba / dmar gsod sogs byed par dpags pa'i lus steng nas gcod gras 'gel lugs [23] phyis 'doms che ba / brkus bsad 'drar ma song ba'i khrims rnga brdung ba dang / dung chen 'bud pa khroms gsog pa / bsgyur sbyangs khrims yig sgrog pa sogs / brngams gzigs [24] gang che'i sgo nas ngan pa je 'phel du ma song ba dgos pa yin / mi mnyam pa'i lag pa slog pa la 'gre'o chu la dgyur ba'o zer ba yang 'dug go / [Seal]

Chapter four, Law of Heavy Fines as Punishment

Z bzhi pa dran 'dzin chad [25] las kyi zhal che ni / lus steng du rtsad gcod mi thob pa'i rigs 'khrims dang 'gal ba (rnams) la / slar 'doms kyi dran 'dzin gtong dgos te nyes pa ces / chad par ming btags [26] pa'i khrims sar (rgyu) nor gyi sgrub blangs dgos pa yin pas de la spyir gyi nyes pa che chung la dpags pa'i gser bsil ma'i srang grangs su byed pa dang / mar zho'i srang grangs su byed pa [27] dang / mar gser phyed ma'i srang grangs su byed pa dang / smar zho'i srang grangs su byed pa 'dug pa / nyes che ba'i mi dpung gra bsdebs kyi bsad pa dang / sde dpon 'khrug 'dzing 'khon 'dzings [28] ltas len gyi jag byas pa / ngan gra sgrigs

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

sogs khrims sar dgong phog che ba (rnams) la gser bsil ma srang grangs bcu [1] nas bco lnga'i [1] bar nyes pa che chung dang bstun nas gtong / [29] de las nyes pa chung ba'i byur chags thug pa'i mi bsad ltogs hral gyis brkus jag byas pa (sogs) rigs de mtshungs (rnams) la mar gser phyed ma'i srang lnga [2] nas (gsum) [2] gyi bar ji ltar (skabs) [30] dang mtshungs pa byed / yang phran bu'i byed pa 'dzol ba'i dran bsten la nas zho'am[3] / yul zho [3] gang nas (gsum) gyi bar ji ltar 'os pa gtong dgos shing / de yang zho grangs nas srang [31] gi bar byed dgos pa la / khrims zho[4] dang nas (zho'am) / yul zho gnyis su byas pa'i khrims zho ni nyes byas babs chi ba la / gser bsil gyi zho / mgur zho se ba nyi shu rtsa [32] bzhi / de (brgyad) la gser gyi srang gang / de las nyes byas chung ba la deng sang mar gser phyed ma zer / 'di'i zho thag mar zho la khrims bre mkhar ru tshad ma la cha bzhag [33] pa'i nas khal (brgyad) la mar zho gang / gser la de 'dab 'phar gyi khal bcu drug byed pa dang mar zho bzhi dang / gser zho bzhi la mar ser phyed ma'i srang gang byed pa [34] yin / de las nyes pa chung ba la yul zho ('am) / khrag zho'i tha snyad du byas nas / bre mkhar ru tshad ma la cha bzhag yul zho'am khrag zho khal drug / stong [35] dang 'jal sprod kyi rigs snying gnon sogs kyi smar zho'am nas zho la bre gong gi khal bcu gnyis / zong zho khal (gsum) / khrims zho mkhar ru'i khal bcu [36] drug la zang zho gang / smar zho'am / nas zho khal bcu gnyis la 'bring zho / yul zho'am / khrag zho khal drug la ngan zho'i dbang du byas shing / deng sang smar khrag [37] zong (gsum) zer na'ang / khrim$_s$ yig rnying pa (rnams) na smar khrag zong (gsum) zhes / smar man zong man gyi khra ma'i go don yin 'dug / gang ltar yul so so'i bre che [38] chung la dpags pa'i zho thag mtho dma' byed cing / dbus kyi gser bre'i bzhi zho dang / gzhis ka rtse'i bre tshad kyi (brgyad) zho dang / mkhar ru'i drug zho (lam) (tsam) [39] 'bring zho la babs 'dug pas tshad par shes zho (rnams) skabs thob / khrims pa'i chad 'gros (rnams) bzang zho dang / ngan zho / 'bring zho (gsum) / nyes byas che chung gi babs 'brel dang mtshungs [40] par dmod ma dgos / phan tshun mnyam pa'i sprod 'jal skabs / stong gi snying gnon srang chen 'di sprod zer ba khra ma rnams su yong ba la srang chen zer ba'i go don / smar zho'i khal [41] bcu gnyis ma (brgyad) ma srang chen gang $_{\text{nas khal 96}}$ byed pa yin / stong gi skabs srang zho 'beb kyang / smar khrag zong (gsum) yas bsdus mas bsnan gyi khra zho khal drug ma'i thog 'beb pa dang / gong [42] gi khrims kyi srang grangs zho grangs rnams / chad pa gtong skabs 'gos nas nyes byas la bskal zin nas / chad pa len skabs gser bsil ma gser rkyang du sprad na dmod ma dgos [43] thang rgan char chen la gser mgur zho gang la nas kyi se khal byas pa'i nas khal nyi shu rtsa bzhi / mar gser phyed ma la g.yag grus pho re la gser zho gang / ja snga hang spob$_s$ rtse [44] la phyed ma'i srang gang / lug pho sha ldan rab la khrag zho'am / yul zho re gcod dgos pa sogs / de ga'i 'gros rtsis dgos pa dang / yang tshong 'dus (rnams) na rin thang gang 'dug [45] pa'i tshad ma (gsum) gyis / dngos po (rnams) la (gsum) tshad 'bring du phab pa'i gcod (rgya) byed pa ma gtogs (rgyal) po'i dpon po'i lung gis sne mor bkod pa'i khrims gtong mkhan (rnams) kyis rin (rgyag) [46] gcod (rgya) la dbang yod gtso bor bton nas / mtho med tshad med kyi rin yug gcig ma byas na / khrims med dpon pos byas na 'bod pa su la (rgyag) zer ba'i mi ser gyi sdug skad 'chor [47] pa zhig 'di na yod pas / tshad ma zhig ma byas na / khrims sa dpon khungs dngos po la spyan thag nye ba'i zhabs 'dren yong bas / mi ser dang dpon g.yog gi bar la / nyis thus kyi drang [48] po zhig byed dgos / spus cha len lugs / gser bsil ma dang / dngul ngo bo byung na zho tshad kyi sgyer kha tshad dang ldan pa byed / de ma 'byor na nas chang (rgyu) / g.yu mu tig sku (rgyan) [49] pher ba / ja bzang ja / gos dar (rgyan) 'pher / (snam) phrug na bza' nyan pa / rta dre'u na gzhon spus gtsang dgos shing / rin yul thang gang yod gcod / mar gser phyed ma'i skabs [50] gong gi spus cha (rnams) la zi khungs 'dab 'phar gcod / de ma 'byor na ja snga hang / 'u si / (snam) bu khrom (snam) / nas gshor btub len btub / ras cha'i rigs / mad dor / (rgya) dar [51] sha mar / rta dre'u mdzo g.yag bong bu (rnams) bkol 'pher / kom (phyugs) / ra lug sha pher (sogs)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

dngos po'i rigs grub btub tsam gang byung len dgos pa dang / yul so so'i zho thag [52] 'cha' lugs / rin gong (rgyag) lugs (sogs) shes ldan (rnams) kyi gcod dgos / [Seal]

Chapter five, Law of Subsistant Allowance for Authorised Government Officials when Travelling

Z lnga pa hor 'dra za rkang gi zhal phye ni / nyes chad che ba (rnams) la hor 'dra sgo gnon gtong dgos te / hor [53] 'dra zer ba 'di bod hor dus kyi khrims $rtug_{s}$ pa'i skabs / bod khri skor bcu (gsum) du phye ba'i dus / (rgya) nag gi sne mo mi sna (rnams) khas drag che ba'i hor 'dra zer ba dang / de skabs hor bre dang / hor [54] son / hor mtho zhes / (rgya) nag hor dus kyi mi sna dang 'dra zer ba'i go don gyis / deng sang gi mi sna la hor 'dra zer ba 'dug cing / spyir gyi babs 'brel dang mthun pa'i sne mor 'gro mi dang [55] gzhung gi bskul 'ded la btang ba (rnams) kyis / sngon gyi khrims yig rnying pa (rnams) la chad pa srang grangs su ma long na / gdan ston chas kyi bsnyad mi byed / srang du long na gdan ston / za [56] (rgyab) rkang gla sogs chad pa'i bzhi zur rim 'gros su byas pa zhig 'dug kyang / da sgos gser bsil ma'i chad pa che ba rnams la / mi sna dpon g.yog gi rta dre'u sogs brjid gnon du [57] btang na za ma gzugs 'brel (rgyab) chas rkang gla sogs ming du rtags nas / chad pa ma 'phrod bar mi sna'i za ma la / mi ngos mar dus (gsum) la chung zug re dang che zug re / g.yog [58] du yod la dus (gsum) la chung zug phyed dang che zug phyed / ja sbyor lnga / chang ngo bor tshod re / rta drel (rnams) la chag bre do ma / ngos ma'i za (rgyab) zho re la gser bsil gyi 'ded la khrims zho [59] mkhar ru'i khal (brgyad) / bsdus shog nam byung bar brtsis ba dang / zhal 'byed rkang gla sogs spom bu rtsi bar / chad pa gang phul gyi chad shul las spros pa mi len / mar gser gyi srang [60] gang la mi sna nyis sbrel sogs gang 'os btang bas chad pa ma 'phrod bar za ma gzugs (rgyab) sprod dgos par dus gnyis su chung zug re / ja chang ngom tshod / rta yod na de kha'i bzan chag [61] 'os 'gab / za (rgyab) khrag zho'i khal drug bsdus shog ma byung bar sgrig dgos shing / khrims yig rnying pa (rnams) la gdan ston chas zer ming so sor 'dug kyang / lag yod zhal 'byed / rkang [62] gla / chad shul (bsdoms) par chad pa gang phul gyi chad shul las spros pa mi len / za ma za (rgyab) dang bcas pa 'di chad pa'i rting bskul yin pas / bsdus shog ma byung bar za rtsis (rgyag) dgos / [63] chad pa zho grangs (rnams) la mi sna 'os 'gab re gtong zhing / chad pa ma phul bar za ma zug phyed gong gi rigs mtshungs sgrub dgos pa dang / zhal 'byed za (rgyab) mi len / rkang gla chad pa'i bzhi [64] zur las spros pa'i bsnyas mi byed / jag pa'i bsher sprod len skabs la / nor bdag nas nor du yod la bcu kha len pa dang / jag pa'i lag nas chad pa gang 'os kyi chad shul len / za [65] ma dus bab las spros pa'i za rtsis mi byed // bcu kha dang mi'i gtong ma gtogs gtong len 'gangs che ba la tshang mar 'jug pa zhig 'dug kyang / ji ltar 'os pa skabs dang bstun / bzlos pa che [66] ba'i bsher 'bod la khrag zho re / sde srid gzhung don gyi mna' la mna' gos mi dgos shing / yul bzlos pa'i mna' gos la srang rkyang do re / rang rang bzlos pa'i mna' mi drag pa'i mna' (rgyab) [67] la srang gang sogs yul srol dang bstun cing / 'bring smad lag 'ju yod pa la gser zho re / rdo la lha gsol / lha rten [b]krab slang / bkrab sder (bskam) pa (sogs) rdo chas bsgrigs pa dang / rdo [68] khungs gzhung sger gang gi khongs su $_{\text{khog na}}$ yod kyang sa bdag la lnga tshan bdun tshan / dgu tshan (sogs) gang 'os / rdo (rgyab) gom pa re re'i sar thon (gsum) gyi srang re / (snum) la snum snod sla nga gang rung / snum (rgyab) [69] pa la srang rkyang re rnams 'os 'gab dang bstun / brkus pa'i 'ju can gyi mna' la mar zho do / rang mna' la mar zho gang / dbus la yul bre'i khal bcu gnyis dang bre bcu gnyis / rang mna' [70] la khal drug len pa zhig 'dug kyang / Z nang tshang 'du 'bral (lam) zog thul bgo sha' byed par / 'dum byas pa'i phan tshun rang bshed kyis ma nyan na / dbus lugs kyi bgos [71] phud (gsum) zur dkyus 'dra babs la phan tshun gyi thog nas bcu kha len pa dang / bgos thog nas phan tshun phyogs phyogs nas bcu kha len pa sogs ji ltar 'os pa rang bshed che chung gi babs 'brel [72] dang mtshungs pa byed / nag chen bzung skyigs byas pa la kho rang gi lus

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

